परीक्षणका लागि

# आधारभूत शिक्षा पाठ्यक्रम
# २०७६

## कक्षा ४ –५

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# आधारभूत शिक्षा (कक्षा४-५) पाठ्यक्रम, २०७६

(परीक्षणका लागि)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार : पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०७६

मुद्रण :

# प्राक्कथन

पाठ्यक्रम सिकाइ शिक्षणको मूल आधार हो । पाठ्यक्रममा समावेश हुने विषयवस्तु र तिनको अभ्यासको स्तरले शिक्षाको समग्र गुणस्तरलाई प्रभाव पार्दछ । पाठ्यक्रमले प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराई व्यक्तित्व विकास गर्न सक्नुपर्छ । यसै गरी राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, स्वाभिमानी, नैतिकवान्, जिम्मेवार, श्रमलाई सम्मान गर्ने, उद्यमशील र सिपयुक्त नागरिक विकासमा पाठ्यक्रमले सहयोग गर्नुपर्दछ । पाठ्यक्रम कार्यान्वयनपछि उत्पादित जनशक्तिले सामाजिकीकरणमा सहयोग गर्नुका साथै राष्ट्रिय एकता सुदृढ गर्दै राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण गर्न सक्नुपर्छ । यस पाठ्यक्रमबाट विद्यार्थीमा शान्ति, समानता तथा सामाजिक न्यायप्रति प्रतिबद्ध भई सहिष्णुता तथा सदाचार जस्ता आचरण विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसबाट सूचना प्रविधिको प्रयोग, वैज्ञानिक अवधारणाको आत्मसात्, खोज तथा अनुसन्धान क्षमताको विकास र जीवनोपयोगी सिप प्राप्तिका माध्यमले प्रतिस्पर्धात्मक क्षमतायुक्त जनशक्ति तयार गर्नुका साथै आफ्नो भाषा, संस्कृति, कलाप्रतिको अनुरागसहितको पहिचानमा गौरवको अनुभूति गर्ने नागरिक विकासमा योगदान हुने अपेक्षा गरिएको छ । यी पक्षहरूलाई दृष्टिगत गर्दै राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशअनुसार राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७६/१०/२ को निर्णयअनुसार **कक्षा ४ र ५ मा परीक्षण प्रयोजनका लागि** यो पाठ्यक्रम स्वीकृत गरिएको हो ।

पाठ्यक्रम विकास प्रक्रियामा सम्बद्ध विभिन्न सरोकारवालाहरूको सहभागिता जुटाई कक्षा ४ र ५ का विद्यार्थीको क्षमतालाई दृष्टिगत गरी विकास गरिएको भए पनि यसमा अझै सुधारका क्षेत्रहरू बाँकी रहेका हुन सक्छन् । पाठ्यक्रममा विद्यार्थीका सक्षमता, अपेक्षित सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र तथा क्रम, सिकाइ सहजीकरण प्रक्रिया र सिकाइ उपलब्धि आकलन प्रक्रिया समावेश गरिएको छ र यसमा पनि परिमार्जनको आवश्यकता देखिन सक्छ । यस पक्षलाई दृष्टिगत गरी केन्द्रले परीक्षणपश्चात् यसमा थप सुधार गरेर मात्र देशभर लागु गर्ने योजना बनाएको छ । यस कार्यमा पाठ्यक्रम मस्यौदा कार्यदल तथा सम्बन्धित विषय समितिका सदस्यहरूलगायत उल्लिखित सरोकारवालाहरू तथा पाठ्यक्रम विकास केन्द्रका सम्बन्धित कर्मचारीको योगदान रहेको छ  पाठ्यक्रम विकास केन्द्र पाठ्यक्रम विकासमा योगदान गर्ने सबैप्रति कृतज्ञता प्रकट गर्दछ ।

यो पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षको योगदान अपेक्षित छ । पाठ्यक्रम सुधारको कार्य निरन्तर चल्ने प्रक्रिया भएकाले भविष्यमा यसलाई अझ प्रभावकारी बनाउन शिक्षक, अभिभावक तथा समस्त बुद्धिजीवीहरूलगायत सम्बद्ध सबैबाट पाठ्यक्रम विकास केन्द्र रचनात्मक सुझावको अपेक्षा गर्दछ ।

वि.सं. २०७६

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विषयसूची


| विषयवस्तु | पृष्ठ सं. |
|---|---|
| **खण्ड (क) पाठ्यक्रमको परिचय तथा संरचना** | **१** |
| १. परिचय | १ |
| २. पाठ्यक्रम परिमार्जनको सन्दर्भ र औचित्य | १ |
| ३. पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया | २ |
| ४. पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू | ३ |
| ५. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ३ |
| ६. विद्यालय शिक्षाको तहगत संरचना | ३ |
| ७. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना | ४ |
| ८. आधारभूत शिक्षाका तहगत सक्षमता | ७ |
| ९. विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ८ |
| **खण्ड (ख) विषयगत पाठ्यक्रमकहरू** | **१०** |
| नेपाली | ११ |
| English | ५५ |
| गणित | ८४ |
| विज्ञान तथा प्रविधि | ११५ |
| सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | १७५ |
| स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | २२८ |

# खण्ड (क) पाठ्यक्रमको परिचय तथा संरचना

## १. परिचय

राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्गनिर्देश गरेको शिक्षाको लक्ष्य तथा प्रक्रियाअनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रूपमा पाठ्यक्रम रहेको हुन्छ । विद्यालय शिक्षाको पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्दछ । पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चिततालाई मार्गदर्शन गर्दछ ।

यस पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तुलगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्त्वहरू समावेश गरिएको छ । यसमा विद्यार्थीका पूर्व सिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृत्तिसहितका सक्षमताहरू समेटिएको छ । त्यसै गरी यसमा पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी समसामयिक सुधार तथा परिमार्जनका लागि मार्गनिर्देश गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा आधारलाई विचार गरी आधारभूत तहअन्तर्गत कक्षा ४-५ को यो पाठ्यक्रम तयार गरिएको छ । यो पाठ्यक्रम शैक्षिक वर्ष २०७८ मा कक्षा ४ मा परीक्षण गरी परीक्षणबाट पृष्ठपोषणका आधारमा आवश्यक परिमार्जनसहित शैक्षिक वर्ष २०७९ देखि देशभर कार्यान्वयन गर्ने गरी पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले मिति २०७६ माघ २ मा स्वीकृत गरेको हो । आधारभूत तह (कक्षा ४-५) को पाठ्यक्रम, २०७६ को यस दस्तावेजमा पाठ्यक्रम परिमार्जनको सन्दर्भ तथा औचित्य, पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया, पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू तथा एकीकृत ढाँचाको पाठ्यक्रम निर्माण प्रक्रिया उल्लेख गरिएको छ । त्यसै गरी यस पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, विद्यालय शिक्षाको पाठ्यक्रम संरचना, आधारभूत शिक्षाका तहगत सक्षमता (कक्षा ४-५) समावेश गरिएको छ । यसमा सिकाइ सहजीकरण विधि तथा प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, माध्यम भाषाको छनोट, पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधारको प्रक्रिया पनि समावेश गरिएको छ ।

## २. पाठ्यक्रम परिमार्जनको सन्दर्भ र औचित्य

पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रक्रिया हो । अध्ययन अनुसन्धानका नतिजाहरू, विद्यार्थी, शिक्षक तथा अभिभावकहरू, विभिन्न सङ्घसंस्था र पेसासँग आबद्ध सङ्घ सङ्गठन, राजनीतिकर्मी, सूचना तथा सञ्चार माध्यम र नागरिक समाजबाट पाठ्यक्रमलाई सान्दर्भिक बनाउन सकारात्मक सल्लाह तथा सुझाव प्राप्त हुँदै आएका छन् । त्यसै गरी ज्ञानको विस्तार तथा सिर्जना, प्रविधिमा आएको परिवर्तन, राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन, विद्यार्थीहरूमा विकसित हुनुपर्ने सिपहरूलगायत आजको प्रतिस्पर्धात्मक विश्वको आवश्यकतालाई विचार गरेर पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नु आवश्यक छ । यही आवश्यकतालाई दृष्टिगत गरी विद्यालय तहका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपले सिकाइलाई जीवनोपयोगी र समयसापेक्ष बनाउन पाठ्यक्रम परिमार्जनको आवश्यकता औँल्याएको सन्दर्भमा आधारभूत तहअन्तर्गत कक्षा ४-५ का लागि यो पाठ्यक्रम तयार गरिएको छ । नेपालमा विद्यालय तहको पाठ्यक्रम परिमार्जन यसरूपमा गर्नुका औचित्य निम्नअनुसार छन् :

(क) लामो समयदेखि सामान्य अद्यावधिक गर्नेबाहेक पाठ्यक्रमका सिद्धान्त, मान्यता, स्वरूपलगायत शिक्षाका उद्देश्यसमेतलाई पुनरवलोकन गरी पाठ्यक्रम परिमार्जन नभएको सन्दर्भमा सामयिक विषयवस्तु समावेश गर्न

(ख) नेपालको लोकतान्त्रिक सङ्घीय गणतन्त्रले लक्षित गरेको विकास, समता, स्वतन्त्रता र स्वाभिमानको अभिवृद्धिमा सहयोग पुऱ्याई जिम्मेवार र सदाचारी नागरिक तयार गर्न

(ग) ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास र विस्तारले सिर्जना गरेका अवसर तथा चुनौतीहरूसापेक्ष विश्वव्यापीकरणको माग र स्थानीय सन्दर्भको सन्तुलनसहित स्थानीय आवश्यकताको सम्बोधन गर्न

(घ) व्यवहारकुशल सिपहरूलाई सिकाइ प्रक्रियामा एकीकृत गरी पाठ्यक्रममा ती सिपहरूसँग सम्बन्धित सक्षमताहरू उल्लेख गरी सिकाइलाई जीवनसापेक्ष बनाउन

(ङ) सिकाइका नवीनतम सिद्धान्त, विधि तथा प्रक्रियाहरू प्रयोग गरी सिकाइलाई बालकेन्द्रित बनाई बालबालिकाको रचनात्मक क्षमता विकास गर्न

(च) विद्यार्थी मूल्याङ्कनलाई सिकाइ सहजीकरण प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गरी प्रत्येक विद्यार्थीको न्यूनतम सिकाइ सुनिश्चित हुने गरी सिकाइस्तर वृद्धिका लागि सहयोग पुऱ्याउन

## ३. पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया

विभिन्न अध्ययन अनुसन्धानहरूका सम्बद्ध सुझाव, ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिर्वतन र समाजको आवश्यकता तथा अपेक्षाको विश्लेषणसमेतका आधारमा यस पाठ्यक्रमको विकास प्रारम्भ गरिएको थियो । यस क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका मान्यता तथा सिद्धान्तहरूलाई आत्मसात गरिएको छ । आधारभूत तह (कक्षा ४-५) को यो पाठ्यक्रम विकासमा निम्नलिखित प्रक्रिया अवलम्बन गरिएको थियो :

(क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय तहको पाठ्यक्रम परिमार्जनको आवश्यकता देखाएको सन्दर्भमा उक्त प्रारूपले प्रस्तुत गरेको पाठ्यक्रमको संरचना तथा आधारभूत सिद्धान्तमा आधारित भई पाठ्यक्रम विकास गरिएको छ ।

(ख) पाठ्यक्रम विकास केन्द्रका सम्बन्धित विषय समिति तथा विषयगत शाखाहरूले प्राप्त सुझाव तथा आफ्नो अध्ययन तथा अनुभवमा आधारित भई पाठ्यक्रम सुधारका लागि पहिचान गरेका पक्ष तथा क्षेत्रहरूलाई समेत आधार मानिएको थियो ।

(ग) स्थलगत अध्ययन, शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवालाहरूबाट प्राप्त र अन्य विभिन्न माध्यमबाट पाठ्यक्रम विकास केन्द्रलाई प्राप्त भएका रायसुझावलाई समेत विश्लेषण गरिएको थियो ।

(घ) सम्बन्धित विषय समिति, शिक्षक तथा विशेषज्ञहरूको संलग्नतामा विभिन्न विषयक्षेत्रमा विद्यार्थीले हासिल गर्नुपर्ने तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो ।

(ङ) तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको प्रारम्भिक मस्यौदालाई शिक्षक, विषय विज्ञ तथा विभिन्न विज्ञहरू सम्मिलित कार्यशालामा प्रस्तुत गरी नेपाल तथा केही अन्य मुलुकको अभ्यासको समीक्षा र समाजका अपेक्षा तथा विद्यार्थीका आवश्यकताहरूको विश्लेषणसमेतका आधारमा तहगत सक्षमता र विषयगत सिकाइ उपलब्धिमा आवश्यक परिमार्जनसहित तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको परिमार्जित मस्यौदा तयार गरिएको थियो ।

(च) शिक्षक, विषयविज्ञ तथा विशेषज्ञहरूको कार्यशालाले विषयगत सक्षमता, सिकाइ उपलब्धि तथा विषयवस्तुको मस्यौदा तयार गरेको थियो ।

(छ) पाठ्यक्रमको विषयगत मस्यौदा शिक्षक कार्यशालाबाट प्राप्त सुझावलाई समेत समावेश गरी विषय समितिहरूका छुट्टाछुट्टै बैठकबाट अन्तिम रूप दिइएको थियो ।

(ज) विषय समितिले सिफारिस गरेको पाठ्यक्रमको मस्यौदालाई क्षेत्र र क्रमलगायतका पक्षहरू पुनरवलोकन गरी समन्वय तथा सम्पादन समितिले स्वीकृतिका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेस गर्न गरेको सिफारिसका आधारमा पाठ्यक्रम विकास केन्द्रले स्वीकृतिका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेस गरेको थियो ।

(झ) यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७५/१०/०२ को निर्णयअनुसार परीक्षणका लागि स्वीकृत भई शैक्षिक सत्र २०७८ मा कक्षा ४ मा परीक्षण गरिने छ ।

(ञ) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का सिद्धान्त तथा आधारलाई विचार गरेर परीक्षणका क्रममा प्राप्त पृष्ठपोषणसमेतका आधारमा शिक्षक तथा विज्ञहरूको कार्यशाला आयोजना गरी परीक्षणका लागि तयार गरिएको पाठ्यक्रममा आवश्यक परिमार्जन गरी परिमार्जित पाठ्यक्रम  शैक्षिक सत्र २०७९ बाट नेपालभर कार्यान्वयन गरिने छ ।

## ४. पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू

सर्वाङ्गीण बालविकासको अवधारणालाई विचार गरी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई विकास गरिएको यो पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासका सिद्धान्तका रूपमा लिएको छ । पाठ्यक्रमको संरचना तयार गरिएको छ भने जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरूसमेत एकीकृत गरिएको छ । यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, सांस्कृतिक तथा भाषिकलगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ । यस पाठ्यक्रममा नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानको प्रतिनिधित्वका साथै विद्यार्थीको सहभागिता, कार्य तथा खोजलाई जोड दिइएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन कक्षा ४-५ का तहगत तथा विषयगत सक्षमताहरू पहिचान गरिएको छ ।

## ५. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार  विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ६. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुईतहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय

शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ :

**तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना**

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ७. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

### ७.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

**तालिका २ : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना**

| क्र.सं. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| जम्मा | | | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुनसक्ने छ ।)

## ७.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

**तालिका ३ : आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना**

| क्र.स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | आफ्नो सेरोफेरोसम्बन्धी ज्ञान, सिप तथा अभिवृत्ति (सामाजिक अध्ययन, तथा सिर्जनात्मक कला, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप) | ८ | २५६ |
| ५. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको २६ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।)

**उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण तथा गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :**

१. भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिइने छ । गणितीय सिपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक गणितीय सिपको विकास र प्रयोगमा ध्यान दिइने छ ।

२. विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिने छ ।

३. सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवनोपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिने छ ।

४. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

५. संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदर्सा, किरात मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गर्न सकिने छ ।

६. संस्कृत तथा परम्परागत शिक्षातर्फको कक्षा १-३ लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

७. विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषयक्षेत्रमा समावेश गरी समग्रमा गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा र हाम्रो सेरोफेरो विषयक्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम विकास गरिने छ । त्यसै गरी कक्षा १-३ का विद्यार्थीका लागि आवश्यक हुने व्यवहारकुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिने छ ।

## ७.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

**तालिका ४ : आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना**

| क्र. स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक विषयअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । गणितअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ । विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ । सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत नेपालको भौगोलिक, सामाजिक तथा ऐतिहासिक पक्ष, सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि विषयवस्तुहरू समावेश गरिने छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ ।

२. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

३. संस्कृत तथा परम्परागत शिक्षाआतर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षासरहको शिक्षा प्रदान गरिने छ । यसअन्तर्गत सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका

आधारमा अनुकूलन गरिने छ । मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

४. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने छ । मदर्सा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

## ७.४ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

**तालिका ५ : आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना**

| | विषय | | | | |
|---|---|---|---|---|---|
| **क्र.स.** | **साधारण** | **संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा** | **गोन्पा तथा विहार/मदर्सा शिक्षा** | **पाठ्यघण्टा** | **वार्षिक कार्यघण्टा** |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य तथा शारीरिक शिक्षा | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| जम्मा | | | | ३२ | १०२४ |

# ८. आधारभूत शिक्षाका तहगत सक्षमता

## ८.१ आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान

गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्नबमोजिम हुने छन् :

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन

२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

३. सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता

७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग

८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास

९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग

१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार

१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## ८.२ आधारभूत शिक्षा (कक्षा ४-५) का तहगत सक्षमता

आधारभूत शिक्षा (कक्षा ४- ५) का सक्षमताहरू निम्नानुसार हुने छन् :

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग

२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

३. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास

४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास

५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life skils) तथा व्यवहारकुशल

६. सिप (Soft Skills) को विकासकला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास

७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

## ९. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ ।

**(क) निर्माणात्मक मूल्याङ्कन** : निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा,

मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

**(ख) निर्णयात्मक मूल्याङ्कन :** आधारभूत तह (कक्षा ४ र ५)मा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ :

(अ) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

(आ) निर्णयात्मक मूल्याङ्कनका अन्य आधार विषयगत पाठ्यक्रममा तोकिएअनुसार हुने छन् ।

(इ) परीक्षामा अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

### १०. शिक्षाको माध्यम

आधारभूत तह (कक्षा ४ र ५) मा शिक्षणको माध्यम भाषा सामान्यतया मातृभाषा, बहुभाषा वा नेपाली भाषा हुने छ । तर देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुने छ :

(क) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुने छ ।

(ख) गणित र विज्ञान तथा प्रविधि विषयको पठनपाठनको माध्यम भाषा अङ्ग्रेजी पनि हुनसक्ने छ ।

(घ) गैरनेपाली नागरिकले नेपालका विद्यालयमा अध्ययन गर्दा नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने र अन्य विषयको हकमा विषय अङ्ग्रेजी वा रोजेको माध्यममा पठनपाठन गर्ने व्यवस्था मिलाउन सकिने छ ।

### ११. पाठ्यक्रम मूल्याङ्कन

पाठ्यक्रमको मूल्याङ्कनका आधार निम्नानुसार हुने छन् :

(क) विद्यार्थीको उपलब्धि स्तर

(ख) शिक्षकको कार्य सम्पादन स्तर

(ग) पठन पाठनमा उपयोग गरिएको समय

(घ) विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव

(ङ) अभिभावक तथा समाजको सिकाइप्रतिको अपेक्षा र प्रतिक्रिया

(च) सरोकारवालाको विद्यालयप्रतिको धारणा

उपर्युक्त पक्षमा समेतका आधारमा प्रत्येक पाँच वर्षमा पाठ्यक्रमको मूल्याङ्कन गरिने छ । यसो गर्दा व्यक्ति, परिवार र समाजमा परेको प्रभाव समेतलाई हेरिने छ ।

### १२. पाठ्यक्रम कार्यान्वयन योजना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का सिद्धान्त तथा मार्गदर्शनमा आधारित भई विकास गरिएको पाठ्यक्रम निम्नअनुसार परीक्षण तथा कार्यान्वयन हुनेछ :

पाठ्यक्रम परीक्षण तथा कार्यान्वयन  योजना

| कक्षा | शैक्षिक वर्ष २०७६ | शैक्षिक वर्ष २०७७ | शैक्षिक वर्ष २०७८ | शैक्षिक वर्ष २०७९ | शैक्षिक वर्ष २०८० |
|---|---|---|---|---|---|
| १ | परीक्षण | कार्यान्वयन | | | |
| २ | | परीक्षण | कार्यान्वयन | | |
| ३ | | परीक्षण | कार्यान्वयन | | |
| ४ | | | परीक्षण | कार्यान्वयन | |
| ५ | | | | परीक्षण | कार्यान्वयन |
| ६ | | परीक्षण | कार्यान्वयन | | |
| ७ | | | परीक्षण | कार्यान्वयन | |
| ८ | | | | | कार्यान्वयन |
| ९ | | | परीक्षण | कार्यान्वयन | |
| १० | | | | | कार्यान्वयन |
| ११ | | कार्यान्वयन | | | |
| १२ | | | कार्यान्वयन | | |

## खण्ड (ख) विषयगत पाठ्यक्रमकहरू

# नेपाली

## १. परिचय

विद्यालय शिक्षामा नेपाली भाषाको महत्त्वपूर्ण स्थान छ । प्रारम्भिक कक्षादेखि अनिवार्य विषयका रूपमा पठनपाठन हुने नेपाली विषयका विषयवस्तु भाषिक सिप, प्रकार्य र अभिव्यक्तिमा आधारित छन् । प्रकार्य र अभिव्यक्तिमा आधारित भई परिवर्तित सन्दर्भ, सामाजिक मूल्यमान्यता तथा भाषिक सिपका कार्यमूलक प्रयोगलाई समेत समेटी यो पाठ्यक्रम निर्माण गरिएको छ । यसमा बालबालिकालाई सिकाइप्रति उत्प्रेरित गराउन आवश्यक पर्ने ज्ञान, सिप र अभिवृत्तिगत सक्षमता, सिकाइ उपलब्धि, सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन प्रक्रियालाई विस्तारित रूपमा प्रस्तुत गरिएको छ ।

यो पाठ्यक्रम विकास गर्दा दैनिक जीवनमा भाषा प्रयोगलाई सजिलो पार्ने र माथिल्लो तहको शिक्षा आर्जन गर्न आवश्यक पर्ने भाषिक क्षमता विकास गर्ने पक्षलाई जोड दिइएको छ । यसमा विद्यार्थीको रुचि र आवश्यकतामा आधारित सक्षमता र सिकाइ उपलब्धि निर्धारण तथा पाठ्यवस्तुको छनोट एवम् स्तरणमा सचेततापूर्वक सीमाङ्कन गरिएको छ । विषयवस्तुको क्षेत्र र क्रमलाई लम्बीय सन्तुलन कायम हुने गरी तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । भाषिक सिप विकासका लागि पूरक रूपमा कार्यमूलक व्याकरण र शब्दभण्डारलाई समावेश गरिएको छ । सिकाइ उपलब्धिलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका आधारमा विस्तृतीकरण गरी भाषिक सिपगत पाठ्यभार, सिकाइ सजीकरणका सम्भावित कार्यकलाप र विद्यार्थी मूल्याङ्कनका प्रक्रिया निर्देश गर्दै व्यवहार कुशल सिपलाई समेत समायोजन गरिएको छ ।

नेपाली विषय शिक्षणको मुख्य प्रयोजन विभिन्न विधाका रचनाबाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु हो । सुनाइ र बोलाइ सिप विकासका लागि यसमा मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ र अभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासँगको सम्बन्ध एवम् दृष्टि निर्माणमा जोड दिइएको छ । यसमा पठन र बोध, लेखन अभ्यास, शब्दभण्डारको ज्ञान तथा प्रयोग र कार्यमूलक व्याकरणको पहिचान र प्रयोगलाई समेत भाषा सिकाइका अङ्गका रूपमा समावेश गरिएको छ । यसले भाषिक सिपको विकास, भाषाको शुद्ध प्रयोग, स्तरीय अभिव्यक्ति, शिल्प र व्यवहारकुशल सिप विकासमा जोड दिएको छ । यस विषयको पाठ्यक्रम विकास गर्दा सम्बद्ध सरोकारवाला, विषयविज्ञ, अभिभावक र विद्यार्थीका रायसुझावलाई आत्मसात् गरिएको छ । विषयवस्तुको समायोजन गर्दा नेपाली भाषाका मूलभूत मूल्यमान्यतालाई ध्यान दिई पाठ्यक्रमलाई सरल, प्रायोगिक, समयसापेक्ष र स्तरीय बनाइएको छ । यस पाठ्यक्रममा ५० प्रतिशत भाषिक सिपगत निर्माणात्मक सिकाइ र ५० प्रतिशत भाषिक सिपगत निर्णयात्मक सिकाइ हुने गरी विषयवस्तुलाई व्यवस्थित गरिएको छ । यसबाट विद्यार्थीमा सञ्चार र अभिव्यक्तिका क्रममा भाषाको शुद्ध प्रयोग गर्ने सिप, बोध एवम् सिर्जनात्मक क्षमताको विकास हुने अपेक्षा गरिएको छ ।

## २. तहगत सक्षमता (कक्षा ४ र ५)

आधारभूत तह (४-५) को अध्ययनपश्चात् विद्यार्थीमा नेपाली भाषाका निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. शब्दको अक्षर संरचनागत ध्वनि सचेततासहितको उच्चारण

२. विविध विषयवस्तुमा आधारित मौखिक तथा लिखित सञ्चार

३. पाठको प्रवाहपूर्ण पठन गरी विषयवस्तुको बोध र सन्दर्भपरक अभिव्यक्ति

४. विभिन्न पाठ्यसामग्रीबाट तथ्य, मूल्य एवम् विचार ग्रहण गरी भाषिक कार्यसम्पादन

५. चित्र, वस्तु, घटना, परिवेश र पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र तार्किक अभिव्यक्ति

६. सामाजिक र सांस्कृतिक मूल्यप्रति सचेततासहित भाषाको शिष्ट प्रयोग

७. भाषिक प्रकार्यका आधारमा सन्दर्भगत भाषाको प्रयोग

८. दैनिक व्यवहारका लागि आवश्यक मानक भाषाको प्रयोग

९. सिर्जनात्मक तथा समालोचनात्मक सिपको उपयोग गरी भाषिक सञ्चार र समस्या समाधान

३. कक्षागत सिकाइ उपलब्धि

| | कक्षा -४ | | कक्षा -५ | |
|---|---|---|---|---|
| भाषिक सिपगत क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
| सुनाइ र बोलाइ | १.सामान्य विषयमा सोधपुछ, कुराकानी र छलफल गर्न | १.१ अरुका कुरा ध्यानपूर्वक सुन्न<br>१.२ सामान्य विषयमा सोधपुछ र कुराकानी गर्न<br>१.३ सामान्य विषयमा छलफल गर्न | १. सामान्य विषयमा सोधपुछ, कुराकानी र अन्तरक्रिया गर्न | १.१ सामान्य विषयमा सोधपुछ, कुराकानी र अन्तरक्रिया गर्न<br>१.२ सोधपुछ र कुराकानीका आधारमा प्रश्न निर्माण गरी उत्तर खोजी गर्न<br>१.३ शिष्टाचारका शब्द प्रयोग गरी कुराकानी र अन्तरक्रिया गर्न |
| | २. शिष्टाचारका शब्द प्रयोग गरी सिलसिला मिलाएर आफ्ना विचार व्यक्त गर्न | २.१ आफ्ना विचार सिलसिला मिलाई व्यक्त गर्न<br>२.२ शिष्टाचारका शब्द प्रयोग गरी बोल्न | २. वस्तु, व्यक्ति, चित्र, अनुभव, स्थान र घटनाको वर्णन गर्न | २.१ आफूले देखेका वस्तु, चित्र वा अनुभवको सिलसिलाबद्ध वर्णन गर्न<br>२.२ स्थान र घटनाको वर्णन गर्न<br>२.३ परिचित व्यक्तिको व्यक्तिवृत्त वर्णन गर्न<br>२.४ अनुभव र कल्पनाका आधारमा छलफल र विषय वर्णन गर्न<br>२.५ चित्र हेरी मौखिक वर्णन गर्न<br>२.६ घर परिवार र समाजका बारेमा आफ्ना विचार व्यक्त गर्न |
| | ३ं अरुले भनेका कुरा ध्यानपूर्वक सुनी सोही अनुसारको प्रतिक्रिया दिन | ३.१ सुनेका कुराको आशयसहित वर्णन गर्न<br>३.२ रेडियो टेलिभिजनमा प्रसारण भएका बाल उपयोगी कार्यक्रम सुनेर | ३. निर्देशन पालना तथा अनुरोध गर्न | ३.१ निर्देशन सुनेर क्रमिक रूपमा पालना गर्न<br>३.२ साधारण सूचना सुनेर बताउन<br>३.३ कामका लागि अनुरोध गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिक्रिया दिन<br>३.३ अरुका कुरा सुनी भूमिका निर्वाहसहित विचार प्रस्तुत गर्न | | |
| | ४. ध्वनि सचेततासहित शब्दको उच्चारण गर्न | ४.१ अरुले भनेका शब्द सुनी ध्वनि पहिचान गर्न<br>४.२ शब्दमा रहेका वर्णको ख्याल गरी शब्द उच्चारण गर्न | ४. विषयवस्तु सुनी प्रतिक्रिया दिन | ४.१ अरुले भनेका कुरा ध्यानपूर्वक सुन्न<br>४.२ सुनेका आधारमा प्रतिक्रिया दिन<br>४.३ अरुले भनेका कुरा आशयसहित वर्णन गर्न<br>४.४ विषयवस्तु सुनी धारणा निर्माण गरी प्रस्तुत गर्न |
| | ५. शब्दमा प्रयुक्त उच्चार्य ध्वनि तथा वर्ण सुनी भिन्नता पहिचान गर्न | ५.१ नेपाली भाषाका ध्वनि पहिचान गरी उच्चारण गर्न<br>५.२ नेपाली भाषाका वर्ण पहिचान गरी बोल्न<br>५.३ अक्षर संरचना पहिचान गरी शब्द उच्चारण गर्न | ५. आफूले देखेका, सुनेका र अनुभव गरेका विषयवस्तु आफ्नै शैलीमा व्यक्त गर्न | ५.१ देखेका, सुनेका र अनुभव गरेका विषयवस्तु संवेगात्मक सचेततासहित प्रस्तुत गर्न<br>५.२ देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुको सिलसिलाबद्ध तरिकाले वर्णन गर्न<br>५.३ पदसङ्गति मिलाई आफ्ना विचार व्यक्त गर्न |
| | ६. विधागत रचना सुनेर प्रतिक्रिया व्यक्त गर्न | ६.१ कविता र गीत सुनेर गति, यति र लय मिलाई हाउभाउसहित गाउन<br>६.२ गद्य विधाका विभिन्न पाठ सुनेर प्रतिक्रिया दिन | ६. कुराकानी, प्रश्नोत्तर र संवादमा सक्रियतापूर्वक भाग लिन | ६.१ शिष्ट भाषाको प्रयोग गरी कुराकानी गर्न<br>६.२ विषयवस्तुमा आधारित भएर प्रश्नोत्तर गर्न<br>६.३ भाषिक शुद्धताका साथ हाउभाउसहित आफ्ना विचार व्यक्त गर्न |

| | | | | |
|---|---|---|---|---|
| | ७. आफ्नो परिवेशमा मनाइने चाडपर्वका विषयमा जानकारी लिन र दिन | ७.१ आफूले मनाउने चाडपर्वको वर्णन गर्न<br>७.२ आफ्नो समुदायमा मनाइने चाडपर्वबारे जानकारी लिन<br>७.३ आफ्ना परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर धारणा प्रस्तुत गर्न | ७. पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र तार्किक अभिव्यक्ति दिन | ७.१ पाठगत विषयवस्तुको बोध गर्न<br>७.२ कुराकानी, प्रश्नोत्तर, संवाद आदिमा प्रभावकारी ढङ्गले भाग लिन<br>७.३ पाठगत सन्दर्भमा आधारित भई तार्किक अभिव्यक्ति दिन |
| | ८. सामाजिक र सांस्कृतिक मूल्यप्रति सचेत भई भाषाको शिष्ट प्रयोग गर्न | ८.१ उचित शब्दभण्डारको प्रयोग गरी अन्य भाषीसँग भाषिक सञ्चार गर्न<br>८.२ मानक भाषाको प्रयोग गरी विचार आदानप्रदान गर्न<br>८.३ परिवार, छिमेक र विद्यालयमा आदर र शिष्टताको ख्याल गरी कुराकानी गर्न | ८. आफ्नो परिवेशमा मनाइने चाडपर्वका विषयमा जानकारी लिन र दिन | ८.१ आफूले मनाउने चाडपर्वको वर्णन गर्न<br>८.२ आफ्नो समुदायमा मनाइने चाडपर्वबारे जानकारी लिन<br>८.३ आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिक्रिया दिन |
| **पढाइ** | १. लिखित सामग्रीलाई गति, यति, लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न | १.१ पद्य पाठलाई गति, यति, लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न<br>१.२ गद्य पाठलाई गति, यति, हाउभाउसहित शुद्ध र स्पष्टसँग वाचन गर्न | १. लिखित सामग्रीलाई गति, यति, लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न | १.१ पद्य पाठलाई गति, यति, लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न<br>१.२ गद्य पाठलाई गति, यति, हाउभाउसहित शुद्ध र स्पष्टसँग वाचन गर्न<br>१.३ विभिन्न विधाका पाठ आशयअनुसार चिह्नको ख्याल गरी पढ्न<br>१.४ विभिन्न विधाका पाठ पूर्वानुमान र |

| | | | | |
|---|---|---|---|---|
| | | | | पश्चानुमान गर्न सक्ने गरी पढ्न |
| | २. मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न | २.१ मुद्रित तथा विद्युतीय सामग्री पढेर बोध गरी मुख्य मुख्य विषयवस्तु बताउन<br>२.२ भित्तेपात्रो पढी सूचना वर्णन गर्न<br>२.३ चिठी, पत्रपत्रिका, विज्ञापन, निमन्त्रणा आदि पढेर बोध गर्न<br>२.४ चिठीको ढाँचा बोध गर्न | २. अरुलाई बताउन सक्ने गरी विषयवस्तु पढ्न | २.१ आफूले पढेका विषयवस्तु व्यक्त गर्न<br>२.२ पाठमा प्रयुक्त पात्रको परिचय बताउन<br>२.३ पढेका विषयवस्तुको सार बताउन |
| | ३. पढेका विषयवस्तुसँग सम्बन्धित प्रश्नको मौखिक उत्तर दिन | ३.१ निर्धारित पाठ पढी मौखिक अभिव्यक्ति दिन<br>३.१ निर्धारित पाठ वा अंश पढी सन्दर्भ र परिवेशमा आधारित प्रश्नोत्तर गर्न<br>३.३ पाठगत, शैलीगत र अनुमानात्मक प्रश्नको उत्तर दिन<br>३.४ पढेका विषयवस्तुका बारेमा प्रश्न निर्माण गर्न | ३. पाठमा पढेका विषयवस्तुको मौखिक उत्तर दिन | ३.१ निर्धारित पाठ पढी मौखिक अभिव्यक्ति दिन<br>३.२ निर्धारित पाठ वा अंश पढी सन्दर्भ र परिवेशमा आधारित प्रश्नोत्तर गर्न<br>३.३ पाठगत, शैलीगत र अनुमानात्मक प्रश्नको उत्तर दिन<br>३.४ पढेका विषयवस्तुका बारेमा प्रश्न निर्माण गर्न |
| | ४. पढेका सामग्रीका | ४.१ चित्र हेरेर शब्द भन्न र | ४. पाठका प्रयुक्त नयाँ शब्दहरू | ४.१ पाठमा प्रयुक्त नयाँ शब्द पहिचान गर्न |

| | | | | |
|---|---|---|---|---|
| | आधारमा शब्दभण्डार वृद्धि गर्न | लेख्न<br>४.२ शब्दअनुसार चित्र बनाउन<br>४.३ पाठका प्रयुक्त शब्दको अर्थ बताउन<br>४.४ पाठका प्रयुक्त शब्दलाई वाक्यमा प्रयोग गर्न | अर्थ बुझ्ने गरी पढ्न | ४.२ पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बोध गर्ने गरी पढ्न<br>४.३ शब्दभण्डार वृद्धि गर्ने गरी विभिन्न पाठ पढ्न<br>४.४ पाठगत संरचना बोध गर्ने गरी पढ्न |
| | ५. आशय र सन्दर्भ बुझी पढ्न | ६.१ विषयवस्तुको सस्वर र मौन पठन गर्न<br>६.२ विषयवस्तु पढेर खण्डनमण्डन गर्न<br>६.३ पाठ पढी घटनाक्रम पहिचान गर्न<br>६.४ घटनाक्रमको चित्रात्मक प्रस्तुति गर्न | ५. मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न | ५.१ मुद्रित तथा विद्युतीय सामग्री पढेर विषयवस्तु बोध गरी आशय बताउन<br>५.२ भित्तेपात्रो पढी सूचना वर्णन गर्न<br>५.३ बाल सामग्रीहरू रुचिपूर्वक पढ्न<br>५.४ चिठी, पत्रपत्रिका, विज्ञापन र निमन्त्रणा पढेर विषयवस्तु बोध गर्न<br>५.५ चिठी र निमन्त्रणा पत्रको ढाँचा बोध गर्न |
| **लेखाइ** | १. अनुच्छेदको श्रुतिलेखन र अनुलेखन गर्न | १.१ निर्धारित अनुच्छेदको श्रुतिलेखन गर्न<br>१.२ निर्धारित अनुच्छेदको अनुलेखन गर्न | १.विषयवस्तुको लिखित वर्णन गर्न | १.१ दिइएका विषयमा लिखित वर्णन गर्न<br>१.२ आफूलाई मन पर्ने विषयमा स्वतन्त्र लेखन गर्न<br>१.३ निर्दिष्ट विषयमा अनुच्छेद लेखन गर्न |
| | २. निर्धारित विषयको लिखित वर्णन गर्न | २.१ निर्धारित विषयमा लिखित वर्णन गर्न<br>२.२ निर्धारित विषयमा चिठी लेख्न<br>२.३ निर्धारित विषयमा | २.हिज्जे मिलाई शुद्धसँग अनुलेखन र श्रुतिलेखन गर्न | २.१ लेख्य चिह्न र वर्णविन्यास मिलाई अनुच्छेदको अनुलेखन गर्न<br>२.२ लेख्य चिह्न र वर्णविन्यास मिलाई अनुच्छेदको श्रुतिलेखन गर्न<br>२.३ दिइएका बुँदाका आधारमा निर्देशित |

| | | | | |
|---|---|---|---|---|
| | | अनुच्छेद लेख्न<br>२.४ पढेका विषयवस्तुको भाव लेख्न<br>२.५ पढेका विषयवस्तुको सारांश लेख्न | | लेखन गर्न<br>२.४ पूर्णविराम, प्रश्नवाचक, योजक, अल्पविराम, उद्धरण र विस्मयादिबोधक चिह्न प्रयोग गरी वाक्य वा अनुच्छेद लेख्न |
| | ३. निर्धारित शब्दवर्ग र लेख्य चिह्नको पहिचान र प्रयोग गर्न | ३.१ अनुच्छेदमा प्रयुक्त नाम, सर्वनाम, विशेषण र क्रिया पहिचान गर्न<br>३.२ नाम, सर्वनाम, विशेषण र क्रिया प्रयोग गरी वाक्य वा अनुच्छेद रचना गर्न<br>३.३ पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, योजक र विस्मयादिबोधक चिह्न पहिचान गर्न<br>३.४ लेख्य चिह्नको प्रयोग गरी वाक्य वा अनुच्छेद लेख्न | ३. आफूले सुनेका, देखेका र अनुभव गरेका घटनाको लिखित वर्णन गर्न | ३.१ आफूले सुनेका, देखेका र अनुभव गरेका घटना र विषयवस्तुको लिखित वर्णन गर्न<br>३.२ वाक्य गठन र सङ्गति मिलाई विषयवस्तुको वर्णन गर्न<br>३.३ पढेका विषयवस्तुबाट नयाँ शब्द सङ्कलन गरी वाक्यमा प्रयोग गर्न |
| | ४. आफूले सुनेका, देखेका, अनुभव गरेका घटना र विषयवस्तुको लिखित वर्णन गर्न | ४.१ आफूले सुनेका, देखेका र अनुभव गरेका घटना, विषयवस्तुको लिखित वर्णन गर्न<br>४.२ वाक्य गठन र सङ्गति मिलाई विषयवस्तुको लिखित वर्णन गर्न<br>४.३ पढेका विषयवस्तुबाट | ४. संरचना बोध गरी व्यावहारिक रचना तयार गर्न | ४.१ घरायसी चिठी, निमन्त्रणा र निवेदनको ढाँचा अनुकरण गर्न<br>४.२ घरायसी चिठी र निवेदन लेख्न |

| | | | | |
|---|---|---|---|---|
| | | नयाँ शब्द सङ्कलन गरी शब्दभण्डार वृद्धि गर्न | | |
| | ५. शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न | ५.१ पाठमा प्रयुक्त शब्द पहिचान गरी अर्थ लेख्न<br>५.२ पाठमा प्रयुक्त शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | ५. पदसङ्गति मिलाई वाक्य र अनुच्छेद लेख्न | ५.१ लिङ्ग, वचन, पुरुष र आदर मिले नमिलेका वाक्य पहिचान गर्न<br>५.२ लिङ्ग, वचन, पुरुष र आदर प्रयोग गरी वाक्य लेख्न<br>५.३ लिङ्ग, वचन, पुरुष र आदर प्रयोग गरी अनुच्छेद लेख्न<br>५.४ वाक्यमा लिङ्ग, वचन, पुरुष र आदर परिवर्तन गर्न |
| | ६. हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न | ६.१ लेख्य चिह्न र वर्णविन्यास मिलाई अनुच्छेदको श्रुतिलेखन गर्न<br>६.२ लेख्य चिह्न र वर्णविन्यास मिलाई अनुच्छेद लेख्न | ६. शब्दवर्ग पहिचान र प्रयोग गर्न | ६.१ अनुच्छेदमा प्रयुक्त नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात पहिचान गर्न<br>६.२ नाम, सर्वनाम, विशेषण र क्रिया, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात प्रयोग गरी वाक्य वा अनुच्छेद रचना गर्न |
| | ७.कुनै विषयमा निर्देशित, अनुकरणात्मक र स्वतन्त्र लेखन गर्न | ७.१ कुनै विषयमा निर्देशित लेखन (गद्य र पद्य) गर्न<br>७.२ कुनै विषयमा अनुकरणात्मक लेखन गर्न<br>७.३ कुनै विषयमा स्वतन्त्र लेखन (अनुच्छेद, कथा, जीवनी, व्यक्तिवृत्त) गर्न | ७. सिर्जनात्मक र समालोचनात्मक सिपको उपयोग गरी भाषिक सञ्चार र समस्या समाधान गर्न | ७.१ पढेका पद्यांश गद्यमा रूपान्तरण गर्न<br>७.२ निर्धारित घटना, विषयवस्तु र सन्दर्भका आधारमा समस्या, कारण र निष्कर्ष टिपोट गर्न<br>७.३ मौखिक तथा लिखित अभिव्यक्तिमा निहित त्रुटि पहिचान गरी सच्याएर लेख्न |

### ४. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण

(क) कक्षा ४

| क्र.स. | भाषिक सिप | | | भाषिक पुनरुत्पादन | | | क्षेत्र | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|---|
| | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | विधा तथा विषयवस्तु | |
| १. | **१. मौखिक अन्तरक्रिया**<br>१.१ विषयवस्तुको सुनाइ र पहिचान<br>१.२ छलफल तथा अन्तरक्रिया<br>१.३ प्रश्नोत्तर<br>१.४ पाठमा आधारित भई, अनुमान, कल्पना एवम् धारणाको प्रस्तुति<br>१.५ श्रुतिकथन | **१. पठन र बोध**<br>१.१. लयबद्ध पठन<br>१.२ सन्दर्भ बोध<br>१.३ पाठको विषयबोध<br>१.४ प्रश्नोत्तर | **१. लेखन अभ्यास**<br>१.१ प्रश्नोत्तर<br>१.२ भाव लेखन<br>१.३ गद्यमा रूपान्तरण<br>१.४ अनुलेखन<br>१.५तालिकाका आधारमा वाक्य निर्माण र लेखन<br>१.६ पाठको विषयवस्तुगत प्रतिक्रिया<br>१.७ नाम र सर्वनाम शब्दको तालिका निर्माण<br>(अलग अलग) | **१. शब्दवर्ग**<br>१.१ नामपदको पहिचान र प्रयोग<br>१.२ सर्वनाम पदको पहिचान र प्रयोग | **१. शब्दस्रोत**<br>१.१ प्रचलित मौलिक शब्दको पहिचान, उच्चारण अर्थबोध र प्रयोग<br>१.२ प्रचलित आगन्तुक शब्दको पहिचान, उच्चारण, अर्थबोध र प्रयोग | स्वपरिचय प्रस्तुति | लयबद्ध पाठ<br>(बाल परिवेश र सन्दर्भ) | ११ |
| २. | **२. धारणा निर्माण र प्रस्तुति**<br>२.१ सामूहिक सुनाइ र | **२. पठन र बोध**<br>२.१ समयको ख्याल गरी सस्वर पठन | **२. लेखन अभ्यास**<br>२.१ घटनाक्रम मिलान | **२. शब्दवर्ग**<br>२.१ विशेषण शब्दको पहिचान र | **२. शब्दार्थ**<br>२.१ पर्यायवाची शब्द पहिचान र | भूमिका अभिनय<br>(घरायसी वातावरणमा | आख्यानात्मक पाठ | ११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिक्रिया<br>२.२ विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति<br>२.३ प्रश्नोत्तर तथा छलफल<br>२.४ अनुमान, कल्पना र निष्कर्ष प्रस्तुति<br>२.५ चित्रकथा वर्णन र चित्रात्मक प्रस्तुतिबाट अवधारणा विकास<br>२.६ भूमिका निर्वाह | र गति वृद्धि<br>२.२ मौन पठन<br>२.३ संरचना, पात्र र घटना पहिचान<br>२.४ पाठको विषयबोध<br>२.५ प्रश्न निर्माण | २.२ सारांश लेखन<br>२.३ पात्र परिचय लेखन<br>२.४ प्रश्नोत्तर<br>२.५ विशेषण शब्दको सूची निर्माण<br>२.६ निर्देशित कथा लेखन | प्रयोग | प्रयोग<br>२.२विपरीतार्थी शब्द पहिचान र प्रयोग | आदरमा आधारित) | | |
| ३. | **३. सुनाइ र प्रतिक्रिया**<br>३.१ सुनाइ र संरचना पहिचान<br>३.२ युगल पढाइ र प्रतिक्रिया<br>३.३ विषयवस्तुको सार प्रस्तुति<br>३.४ प्रश्नोत्तर तथा | **३. पठन र बोध**<br>३.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>३.२ मौन पठन<br>३.३ संरचना पहिचान<br>३.४ घटनाक्रम पहिचान | **३. लेखन अभ्यास**<br>३.१ वर्ण वा शब्द थपी वा झिकी शब्द तथा वाक्य निर्माण<br>३.२ मुख्य विषय टिपोट<br>३.३ प्रश्नोत्तर<br>३.४ प्रश्न निर्माण<br>३.५ सार लेखन | **३. शब्दवर्ग**<br>१.क्रियापदको पहिचान र प्रयोग | **३. शब्दार्थ**<br>अनेकार्थी शब्द पहिचान र प्रयोग | स्वागत<br>(सन्दर्भ र परिवेश) | प्रबन्धात्मक पाठ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छलफल<br>३.५ अनुमान एवम् कल्पना<br>३.६ श्रव्य सामग्रीको सुनाइ र प्रतिक्रिया | ३.५पाठको विषयबोध | ३.६निर्देशित अनुच्छेद लेखन | | | | | |
| ४. | **४. अनुकरण र श्रुतिबोध**<br>४.१ सुनाइ र अनुकरण<br>४.२ शब्द पहिचान र अर्थकथन<br>४.३ विषयवस्तुमा आधारित प्रश्नोत्तर<br>४.४ छलफल र अन्तरक्रिया<br>४.५ स्थानीय ज्ञान र सन्दर्भका आधारमा आशय प्रस्तुति<br>४.६ कुनै विषयको धारणा तथा कल्पनाको अभिव्यक्ति<br>४.७ स्थानीय | **४. पठन र बोध**<br>४.१ लयबद्ध पठन<br>(समूह, युगल र एकल)<br>४.२ सन्दर्भ बोध<br>४.३ पाठको विषयबोध र चित्रात्मक प्रस्तुति | **४. लेखन अभ्यास**<br>४.१ प्रश्नोत्तर<br>४.२ भाव प्रस्तुति<br>४.३ गद्यमा रूपान्तरण<br>४.४ शब्दभरण<br>४.५स्थानीय/लोकगीत सङ्कलन र लेखन | **४. शब्दवर्ग**<br>४.१ निपात, संयोजक र विस्मयादिबोधको पहिचान<br>४.२ शब्दवर्ग<br>(नाम, सर्वनाम, विशेषण र क्रिया) को पुनरावृत्ति ) | **४. शब्द निर्माण**<br>लयात्मक शब्दमा ध्वनि परिवर्तन गरी शब्द निर्माण | शुभकामना आदानप्रदान<br>(सन्दर्भ र परिवेश) | लयबद्ध पाठ /गीति पाठ | ११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लोकगीतको सुनाइ र गायन | | | | | | | |
| ५. | **५. सूचना ग्रहण र प्रस्तुति**<br>५.१. सुनाइ र संरचना पहिचान<br>५.२ विषयवस्तुको सार सुनाइ र प्रस्तुति<br>५.३ मौखिक प्रश्न निर्माण<br>५.४ मौखिक प्रश्नोत्तर तथा छलफल<br>५.५ अनुमान<br>५.६ सूचना सङ्कलन र प्रस्तुतीकरण<br>५.७ सार प्रस्तुति | **५. पठन र बोध**<br>५.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>५.२ मौन पठन<br>५.३ द्रुत पठन<br>५.४ संरचना पहिचान<br>५.५ घटनाक्रम पहिचान<br>५.६ सूचना बोध<br>५.७ भित्तेपात्रो अध्ययन र विषयवस्तुको वर्णन | **५. लेखन अभ्यास**<br>५.१ चित्र वर्णन<br>५.२ प्रश्नोत्तर<br>५.३ प्रश्न निर्माण<br>५.४ सूचना लेखन (निर्देशात्मक)<br>५.५ पोस्टर र समाचार लेखन | **५. शब्दवर्ग**<br>५.१ नामयोगी पहिचान<br>५.२ क्रियायोगी पहिचान | **५. शब्दकोटि**<br>शब्दको वर्गीकरण र प्रयोग<br>(वर्गीकरणका क्षेत्र : पेसा, नाता र गहना, बाजा) | प्रयोजनपरक भाषिक सञ्चार<br>(समुदाय, विद्यालय र पसल) | सूचनामूलक पाठ | १० |
| ६. | **६. सुनाइ र अभिव्यक्ति**<br>६.१ सुनाइ र अनुमान<br>६.२ सुनाइ र पद तथा पदावली | **६. पठन र बोध**<br>६.१ गति र यतिसहित समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि | **६. लेखन अभ्यास**<br>६.१ पात्र परिचय लेखन<br>६.२ घटनाक्रम मिलान<br>६.३ सार निर्माण | **६. लेख्य चिह्न**<br>६.१ पूर्णविराम<br>६.२ अल्पविराम<br>६.३ प्रश्नवाचक | **६. शब्दबोध**<br>लिङ्गबोधक शब्द पहिचान र प्रयोग | प्रयोजनपरक भाषिक सञ्चार<br>(हाट बजारसम्बन्धी ) | संवादात्मक पाठ | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पहिचान<br>६.३ संवेगात्मक सचेततासहितको सुनाइ र प्रस्तुति<br>६.४ प्रश्नोत्तर तथा छलफल<br>६.५ विषयवस्तुको सार प्रस्तुति | ६.२अङ्गचेष्टासहितको सस्वर पठन र गति वृद्धि<br>६.३ आशय, सन्दर्भ र विषयवस्तुका आधारमा पठन<br>६.४ तर्क समर्थन र खण्डनमण्डन<br>६.५ विषयबोध र प्रश्नोत्तर | ६.४ प्रश्नोत्तर<br>६.५ संवाद पूरण<br>६.६ संवाद लेखन<br>६.७अवधारणाको चित्रात्मक प्रस्तुति<br>(तालिका) | | | | | |
| ७. | **७. सुनाइ र तथ्य वर्णन**<br>७.१. सामूहिक सुनाइ र प्रतिक्रिया<br>७.२ तथ्यहरू पहिचान र प्रस्तुति<br>७.३ व्यक्तित्व वर्णन<br>७.४ धारणा निर्माण र प्रस्तुति<br>७.५ खुला प्रश्नका आधारमा | **७. पठन र बोध**<br>७.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>७.२ मौन पठन<br>७.३ द्रुत पठन<br>७.४ संरचना पहिचान<br>७.५घटनाक्रम पहिचान<br>७.६ पाठको विषयबोध | **७. लेखन अभ्यास**<br>७.१ पात्र परिचय लेखन<br>७.२ घटनाक्रम मिलान<br>७.३ व्यक्तिगत विवरण लेखन<br>७.४ सार लेखन<br>७.५ प्रश्नोत्तर<br>७.६ प्रश्न निर्माण<br>७.७ निर्देशित जीवनी लेखन | **७. काल**<br>भूतकालको पहिचान र प्रयोग | **७. शब्दबोध**<br>पुरुषबोधक सर्वनाम शब्द पहिचान र प्रयोग | अनुमति र निर्देशन<br>(सन्दर्भ र परिवेश) | जीवनीपरक पाठ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रश्नोत्तर तथा छलफल<br>७.६ अनुमान र घटना विस्तार<br>७.७ कल्पनामा आधारित वर्णन | ७.७ सन्देश ग्रहण | | | | | | |
| ८. | **८. सुनाइ र प्रतिक्रिया**<br>८.१ सुनाइ र शब्द गणना<br>८.२ सुनाइ र प्रश्न निर्माण<br>८.३ सुनाइ र मुख्य विषय टिपोट<br>८.४ विषयवस्तुको सार प्रस्तुति<br>८.५ प्रश्नोत्तर तथा छलफल<br>८.६ कल्पनाका आधारमा विषय वर्णन | **८. पठन र बोध**<br>८.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>८.२ मौन पठन<br>८.३ द्रुत पठन<br>८.४ संरचना पहिचान<br>८.५घटनाक्रम पहिचान<br>८.६पाठको विषयबोध<br>८.७ सन्देश ग्रहण | **८. लेखन अभ्यास**<br>८.१ घटना वर्णन<br>८.२ मुख्य मुख्य बुँदा टिपोट<br>८.३ सारांश लेखन<br>८.४ शब्दार्थ र वाक्य लेखन<br>८.५ प्रश्नोत्तर<br>८.६ अनुच्छेद लेखन | **८. काल**<br>वर्तमान कालको पहिचान र प्रयोग | **८. शब्दबोध**<br>करण र अकरणबोधक नाम शब्द पहिचान र प्रयोग | प्रयोजनपरक भाषिक सञ्चार ( कृषिसम्बन्धी) | निबन्धात्मक पाठ | ११ |
| ९. | **९. सुनाइ र सञ्चार**<br>९.१ सुनाइ र ढाँचाबोध<br>९.२ सुनाइ र प्रश्न | **९. पठन र बोध**<br>९.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि | **९. लेखन अभ्यास**<br>९.१ लेखन ढाँचा र शैली अनुकरण<br>९.२ प्रश्न निर्माण | **९. काल**<br>भविष्यत्कालको पहिचान र प्रयोग | **९. शब्दबोध**<br>शिष्टाचार र सम्बोधनबोधक शब्द पहिचान र | अनुरोध (परिवेश र सन्दर्भमा आधारित) | सन्देशमूलक पाठ (समाचार टेलिफोन, घरायसी | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निर्माण<br>९.३ सूचना ग्रहण र सन्देश प्रवाह<br>९.४ हर्ष र उमङ्गसहितको प्रतिक्रिया<br>९.५ प्रश्नोत्तर तथा छलफल | ९.२ मौन पठन<br>९.३ संरचना पहिचान<br>९.४पाठको विषयबोध<br>९.५ सन्देश ग्रहण<br>९.६ प्रश्नोत्तर | ९.३ प्रश्नोत्तर<br>९.४ प्रत्युत्तर लेखन<br>९.५ सन्दर्भ, परिवेश, आवश्यकता र औचित्यका आधारमा सन्देशमूलक पाठ रचना | | प्रयोग | | चिठी) | |
| १०. | **१०. सुनाइ र संस्कृति वर्णन**<br>१०.१ सामाजिक सांस्कृतिक विषयवस्तुको सक्रिय सुनाइ र पहिचान<br>१०.२ समाजिक र सांस्कृतिक मूल्यमान्यता पहिचान<br>१०.३ सुनाइ र अनुमान<br>१०.४ प्रश्नका आधारमा स्वसंस्कृति वर्णन<br>१०.५ स्वअनुभवमा आधारित विवरणात्मक | **१०. पठन र बोध**<br>१०.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>१०.२ मौन पठन<br>१०.३ द्रुत पठन<br>१०.४ पाठको विषयबोध<br>१०.५सांस्कृतिक मूल्यमान्यता बोध | **१०. लेखन अभ्यास**<br>१०.१ प्रश्नोत्तर<br>१०.२ बुँदाका आधारमा स्वसंस्कृतिको वर्णन<br>१०.३ विषयवस्तुको विस्तार<br>१०.४ सारांश लेखन<br>१०.५ निर्देशित लेखन<br>१०.६ वर्णविन्यास<br>(ह्रस्वदीर्घ) | **१०.कालका पक्ष**<br>कालका अपूर्ण र पूर्ण पक्षको पहिचान | **१०.शब्दबोध**<br>सामाजिक परिवेशका शब्द पहिचान र प्रयोग | संवाद<br>(सामाजिक वा<br>सांस्कृतिक ) | आख्यानात्मक पाठ | ११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रस्तुति<br>१०.६ छलफल तथा विषयवस्तुको सारांश कथन | | | | | | | |
| ११. | **११. श्रुतिबोध र अभिव्यक्ति**<br>११.१ विषयवस्तुमा आधारित सुनाइ र प्रतिक्रिया<br>११.२ सूचनाको बोध र प्रस्तुति<br>११.३ प्रश्नोत्तर तथा छलफल<br>११.४ विषय अनुमान र मौखिक वर्णन<br>११.५ रेडियो र टेलिभिजनबाट प्रसारित बालकार्यक्रमबाट विषयवस्तु टिपोट र मौलिक अभिव्यक्ति | **११. पठन र बोध**<br>११.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>११.२ मौन पठन<br>११.३ द्रुत पठन<br>११.४संरचना पहिचान<br>११.५ घटनाक्रम पहिचान<br>११.६ मुद्रित सामग्रीबाट विषयबोध | **११. लेखन अभ्यास**<br>११.१ प्रश्नोत्तर<br>११.२ प्रश्न निर्माण<br>११.३ अनुच्छेद पूरण<br>११.४ सार लेखन<br>११.५ कल्पनामा आधारित वर्णन<br>११.६ शीर्षक वा बुँदाका आधारमा अनुच्छेद लेखन<br>११.७ वर्णनका आधारमा चित्र निर्माण र तुलना | **११. विभक्ति**<br>ले, लाई, बाट, को, मा) विभक्तिको पहिचान र प्रयोग | **११.शब्दबोध**<br>प्राविधिक तथा पारिभाषिक शब्द पहिचान र प्रयोग | अभिनय र साङ्केतिक सञ्चार | सूचनामूलक पाठ | १० |
| १२. | **१२. सुनाइ र अनुभूति वर्णन** | **१२. पठन र बोध**<br>१२.१ समयको | **१२. लेखन अभ्यास**<br>१२.१. प्रश्नोत्तर | **१२. सङ्गति**<br>लिङ्गसङ्गति | **१२.शब्दबोध**<br>परम्परागत | प्रयोजनपरक भाषिक | नियात्रामूल | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १२.१. सुनाइ र पद तथा पदावली पहिचान<br>१२.२ सुनाइ र सिलसिलेवार वर्णन<br>१२.३ विषयवस्तुको स्वाभाविक वर्णन<br>१२.४ बोलाइका क्रममा जिज्ञासा र उत्प्रेरणामूलक शिष्ट भाषाको प्रयोग<br>१२.५ विषयवस्तुका आधारमा अनुमान, कल्पना र धारणा प्रस्तुति | ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>१२.२ मौन पठन<br>१२.३ द्रुत पठन<br>१२.४ प्रश्ननिर्माण र उत्तर पहिचान<br>१२.५ सन्दर्भ अनुकूलको वर्णन | १२.२ आफूले गरेको भ्रमणको सिलसिलाबद्ध प्रस्तुति<br>१२.३ शब्द, शब्दावली वा शीर्षकका आधारमा विषय वर्णन<br>१२.४ चित्र वर्णन<br>१२.५ वर्णविन्यास (हस्वदीर्घ)<br>१२.६ स्वअनुभव मिलान गरी स्वतन्त्र सिर्जना | पहिचान र प्रयोग | अभ्याससँग सम्बन्धित नापतौल तथा मुद्रासम्बन्धी शब्द पहिचान र प्रयोग | सञ्चार<br>(भौगोलिक वर्णन) | क पाठ | |
| १३. | **१३. सुनाइ र घटना वर्णन**<br>१३.१ सुनाइ र पूर्वानुमान तथा अनुमान<br>१३.२ पाठ्यांश वा पाठ सुनी सार ग्रहण र | **१३. पठन र बोध**<br>१३.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>१३.२ मौन पठन<br>१३.३ संरचना, पात्र र | **१३. लेखन अभ्यास**<br>१३.१ पात्र परिचय लेखन<br>१३.२ पाठमा आधारित विषयवस्तुको लेखाजोखा १३.३ घटनाक्रम | **१३. सङ्गति**<br>१३.१वचनसङ्गति पहिचान र प्रयोग<br>१३.२ पदक्रम मिलान | **१३.शब्दबोध**<br>समूहवाचक शब्द पहिचान र प्रयोग | सन्दर्भपरक अनुनय विनयमा आधारित प्रश्नोत्तर | आख्यानात्मक पाठ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिक्रिया<br>१३.३ तथ्य, विषयवस्तु र सन्दर्भबोध<br>१३.४ शब्दोच्चारण, अर्थ पहिचान र वाक्यमा प्रयोग<br>१३.५ कथा वा घटना विस्तार<br>१३.६. विशेष घटना, विशेष दिनका आधारमा अनुभव वा कल्पनाको अभिव्यक्ति<br>१३.७ वाक्यमा पदक्रम एवम् सङ्गति पहिचान | घटना पहिचान<br>१३.४ पाठको विषयबोध<br>१३.५ प्रश्नोत्तर<br>१३.६ चुट्किला र उखानको सन्दर्भगत प्रयोग | मिलान<br>१३.४ सारांश लेखन<br>१३.५ प्रश्नोत्तर<br>१३.६ निर्देशित वा अनुकरणात्मक कथा लेखन | | | | | |
| १४ | **१४. सुनाइ र कल्पना**<br>१४.१ सुनाइ र अनुकरण<br>१४.२ सुनेका र पढेका कुराको मौखिक अभिव्यक्ति | **१४. पठन र बोध**<br>४.१ लयबद्ध पठन (समूह, युगल र एकल)<br>१४.२ सन्दर्भ बोध<br>१४.३ पाठको | **१४. लेखन अभ्यास**<br>१४.१ प्रश्नोत्तर<br>१४.२ भाव प्रस्तुति<br>१४.३गद्यमा रूपान्तरण<br>१४.४ शब्द लेखन<br>(घर, कृषि, जनावर, | **१४. सङ्गति**<br>पुरुष सङ्गति पहिचान र प्रयोग | **१४.शब्दबोध**<br>स्थानीय प्रविधि तथा औजारसँग सम्बन्धित शब्दको पहिचान, उच्चारण अर्थबोध र | कुराकानी<br>(उत्सव वा पर्वमा आधारित) | लयबद्ध पाठ | ११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १४.३ विषयवस्तुमा आधारित प्रश्नोत्तर<br>१४.४ छलफल र अन्तरक्रिया<br>१४.५ घटना तथा विषयवस्तुको सिलसिलाबद्ध प्रस्तुति<br>१४.६ धारणा तथा कल्पनाको अभिव्यक्ति<br>१४.७ स्थानीय लोकलयको सुनाइ र गायन | विषयबोध र चित्रात्मक प्रस्तुति<br>१४.४ ढाँचा, शैली पहिचान र लयबोध<br>१४.५ चित्र, शीर्षक र विषयवस्तुको आधारमा अनुमान<br>(पूर्व, तत्काल र पश्च) | पर्यटनसँग सम्बन्धित )<br>१४.५ निर्देशित पद्य रचना<br>१४.६ अनुच्छेद पूरण तथा लेखन | | प्रयोग | | | |
| १५.. | **१५. सुनाइ र दृष्टि निर्माण**<br>१५.१ सुनाइ तथा अनुमान र वर्णन<br>१५.२ पाठ्यांश वा पाठ सुनी सार ग्रहण र प्रतिक्रिया<br>१५.३ तथ्य पहिचान र विषयवस्तुको सन्दर्भबोध | **१५. पठन र बोध**<br>१५.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>१५.२ मौन पठन<br>१५.३ संरचना, पात्र र घटना पहिचान<br>१५.४ पाठको विषयबोध | **१५. लेखन अभ्यास**<br>१५.१ पात्र परिचय लेखन<br>१५.२ पाठका विषयवस्तुमा आधारित वर्णन र पात्र तुलना<br>१५.३ घटनाक्रम मिलान<br>१५.४ सारांश लेखन<br>१५.५ प्रश्नोत्तर<br>१५.६ निर्देशित वा | **१५. सङ्गति**<br>आदरसङ्गति पहिचान र प्रयोग | **१५.शब्दबोध**<br>समावेशी र समावेश्य शब्द पहिचान र प्रयोग | प्रयोजनपरक भाषिक सञ्चार<br>(परिमाणमा आधारित ) | आख्यानात्मक पाठ | ११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १५.४ शब्दोच्चारण, अर्थ पहिचान र वाक्यमा प्रयोग<br>१५.५ सुनाइ र निर्धारित विषयवस्तु, पात्र, घटना तथा सन्दर्भका बारेमा स्वविचार प्रस्तुति<br>१५.६. पात्र परिवर्तन गरी पुनर्कथन<br>(नाम वा सर्वनामको प्रयोग) | १५.५ प्रश्नोत्तर<br>१५.६ विषयवस्तुको तथ्य वा कारण खोज तथा पहिचान | अनुकरणात्मक कथा लेखन<br>१५.७ वाक्य शृङ्खला लेखन | | | | | |

**(ख) कक्षा ५**

| क्र.स. | भाषिक सिप | | | भाषिक पुनरुत्पादन | | | क्षेत्र | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|---|
| | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | विधा तथा विषयवस्तु | |
| १. | **१. मौखिक अन्तरक्रिया** | **१. पठन र बोध**<br>१.१. लयबद्ध | **१. लेखन अभ्यास**<br>१.१ प्रश्नोत्तर | **१. शब्दवर्ग**<br>व्यक्तिवाचक नाम | **१. शब्दस्रोत**<br>१.१ मौलिक र | खोज तथा | पद्यात्मक पाठ | ११ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १.१ सुनाइ र विषयवस्तुको प्रतिक्रिया<br>१.२ सुनाइ र स्वविचार कथन<br>१.३ छलफल, अन्तरक्रिया र प्रस्तुति<br>१.४ प्रश्नोत्तर<br>१.५ विषयवस्तुको अनुमान कल्पना एवम् सान्दर्भिक प्रस्तुति<br>१.६ श्रुतिवर्णन | पठन<br>१.२ सन्दर्भ र परिवेश बोध<br>१.३ पाठको विषयबोध<br>१.४ प्रश्नोत्तर | १.२ आशय लेखन<br>१.३ गद्यमा रूपान्तरण<br>१.४ पाठका आधारमा पद्यपूरण<br>१.५ विषयवस्तुको भाव वर्णन<br>१.६ अनुलेखन<br>१.७ लययुक्त शब्दका आधारमा स्वतन्त्र पद्य रचना | पदको पहिचान र प्रयोग | आगन्तुक शब्दको पहिचान, उच्चारण अर्थबोध र प्रयोग | प्रस्तुति<br>(पारिवारिक परिवेश) | | |
| २. | **२. धारणा निर्माण र प्रस्तुति**<br>२.१ अन्तरक्रियात्मक सुनाइ र प्रतिक्रिया<br>२.२ विषयवस्तुको सन्दर्भ तथा परिवेशका आधारमा धारणा | **२. पठन र बोध**<br>२.१ नमुना, समूह र स्वतन्त्र पठन<br>२.२ पूर्वानुमान<br>२.३ संरचना पहिचान<br>२.४ प्रश्न निर्माण<br>२.५ प्रश्नोत्तर<br>२.६ घटना वर्णन | **२. लेखन अभ्यास**<br>२.१ प्रश्नोत्तर<br>२.२ सन्देश लेखन<br>२.३ आफूले देखे, सुने तथा अनुभव गरेका विषयमा चित्र निर्माण र त्यसको लिखित वर्णन<br>२.४ समानान्तर कथा लेखन | **२. शब्दवर्ग**<br>जतिवाचक र समूहवाचक नाम पदको पहिचान र प्रयोग | **२. शब्दार्थ**<br>२.१पर्यायवाची र विपरीतार्थी शब्द पहिचान र प्रयोग | समय पालना<br>(हिजो, आज र भोलि) | आख्यानात्मक पाठ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निर्माण र तुलना<br>२.३ अन्तर्वार्ता तथा उद्घोषण सुनी धारणा निर्माण र प्रस्तुति<br>२.४ प्रश्नोत्तर तथा छलफल<br>२.५ अनुमान, कल्पना र निष्कर्षसहित विषयवस्तुको वर्णन<br>२.६. चित्रात्मक प्रस्तुतिबाट अवधारणा विकास<br>२.७ चित्रकथा वर्णन | २.७ सारांश निर्माण | २.५ श्रुति लेखन | | | | | |
| ३. | **३. सुनाइ र प्रतिक्रिया**<br>३.१ सुनाइ र विषयमा आधारित छलफल | **३. पठन र बोध**<br>३.१ सस्वर तथा द्रुत पठन<br>३.२ मौन पठन<br>३.३ संरचना | **३. लेखन अभ्यास**<br>३.१ वाक्य निर्माण<br>३.२ विषय वा घटनाको सिलसिलाबद्ध लेखन | **३. शब्दवर्ग**<br>द्रव्यवाचक र भाववाचक नाम पदको पहिचान र प्रयोग | **३. शब्द प्रयोग**<br>निपात वा अव्यय शब्द पहिचान र प्रयोग | उत्साह र कृतज्ञतामा आधारित सञ्चार | प्रबन्धात्मक पाठ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३.२ छलफलका क्रममा आएका नयाँ शब्द पहिचान<br>३.३ श्रव्य सामग्रीको सुनाइ र प्रतिक्रिया<br>३.४ नयाँ शब्दको उच्चारण र अर्थ कथन<br>३.५ प्रश्नोत्तर र सार कथन<br>३.६ अनुच्छेद वा घटना सुनाई युगल तथा समूहमा अन्तरक्रिया | पहिचान<br>३.४ घटनाक्रम पहिचान ३.५ पाठको विषयबोध<br>३.६ कुनै दुई स्थान वा दृश्यवस्तुका मिल्दा वा नमिल्दा कुराका बारेमा वर्णन | ३.३ पाठगत विषयवस्तुका आधारमा स्वविचार प्रस्तुति<br>३.४ प्रश्नोत्तर<br>३.५ सारांश लेखन<br>३.६ पढेका वा सुनेका घटनामा आधारित अनुच्छेद लेखन | | | | | |
| ४. | **४. अनुकरण र श्रुतिबोध**<br>४.१ सुनाइ र अनुकरण<br>४.२ लयबद्ध शब्द पहिचान, अर्थविभेद र तुलना<br>४.३ विषयवस्तुमा आधारित प्रश्नोत्तर<br>४.४ छलफल र अन्तरक्रिया | **४. पठन र बोध**<br>४.१ लयबद्ध पठन (समूह, युगल र एकल)<br>४.२ सन्दर्भ बोध<br>४.३ पाठको विषयबोध र चित्रात्मक प्रस्तुति | **४. लेखन अभ्यास**<br>४.१ अनुलेखन तथा श्रुतिलेखन<br>४.२ प्रश्नोत्तर<br>४.३ गद्यमा रूपान्तरण<br>४.४ शब्दभरण<br>४.५विषयवस्तुका आधारमा प्रतिक्रिया<br>४.६ निर्देशित र | **४. शब्दवर्ग**<br>सर्वनाम र विशेषण | **४. शब्द निर्माण**<br>सर्गको प्रयोग गरी शब्द निर्माण | प्रयोजनपरक भाषिक सञ्चार<br>(रुचि र बानी ) | पद्यात्मक पाठ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४.५ स्थानीय ज्ञान र सन्दर्भका आधारमा आशय प्रस्तुति<br>४.६ धारणा तथा कल्पनाको अभिव्यक्ति<br>४.७ स्थानीय लोकगीतको सुनाइ र गायन | | स्वतन्त्र पद्य रचना | | | | | |
| ५. | **५. सूचना ग्रहण र प्रस्तुति**<br>५.१. सुनाइ र विषय पहिचान<br>५.२ विषयवस्तुको सन्दर्भ र परिवेश प्रस्तुति<br>५.३ विषयवस्तुमा आधारित प्रश्न निर्माण र प्रस्तुति<br>५.४ प्रश्नोत्तर तथा छलफल<br>५.५ अनुमान<br>५.६ सूचना सङ्कलन र प्रस्तुतीकरण | **५. पठन र बोध**<br>५.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>५.२ मौन पठन<br>५.३ द्रुत पठन<br>५.४ संरचना पहिचान<br>५.५ घटनाक्रम पहिचान<br>५.६ सूचना बोध<br>५.७ भित्तेपात्रो अध्ययन र विषयवस्तु वर्णन | **५. लेखन अभ्यास**<br>५.१ चित्र वा नक्साको लिखित वर्णन<br>५.२ प्रश्नोत्तर<br>५.३ प्रश्न निर्माण<br>५.४ विषयवस्तु वा बुँदामा आधारित मौलिक लेखन<br>५.५ तार्किक लेखन | **५. शब्दवर्ग**<br>नामयोगी र क्रियाविशेषण | **५. शब्दकोटि**<br>शब्दको वर्गीकरण र प्रयोग<br>(खेलकुद, फर्निचर र सवारी साधन) | दिशा वा स्थान निर्देशन | सूचनामूलक पाठ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ५.७ सुनाइको सार प्रस्तुति | | | | | | | |
| ६. | **६. सुनाइ र अभिव्यक्ति**<br>६.१ सुनाइ तथा विषयवस्तु बोध<br>६.२ सुनाइ र अनुमान<br>६.३ सुनाइ र पद तथा पदावली पहिचान<br>६.४ संवेगात्मक सचेततासहितको सुनाइ र प्रस्तुति<br>६.५ प्रश्नोत्तर तथा छलफल<br>६.६ विषयवस्तुको सार प्रस्तुति | **६. पठन र बोध**<br>६.१ गति, यति र समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>६.२ अङ्ग चेष्टासहितको सस्वर पठन<br>६.३ आशय, सन्दर्भ र विषयवस्तुका आधारमा पठन<br>६.४ तर्क समर्थन र खण्डनमण्डन<br>६.५ विषयबोध र प्रश्नोत्तर | **६. लेखन अभ्यास**<br>६.१ अनुलेखन<br>६.२ वाक्य निर्माण<br>६.३ वर्णविन्यास<br>६.४ प्रश्नोत्तर<br>६.५ संवाद पूरण<br>६.६ संवाद लेखन<br>६.७ अवधारणाको चित्रात्मक प्रस्तुति<br>(बारग्राफ वा वृक्षारेख) | **६. शब्दवर्ग**<br>पदवर्गको पुनरावृत्ति | **६. शब्दबोध**<br>वचनबोधक शब्द पहिचान र प्रयोग | प्रयोजनपरक भाषिक सञ्चार<br>(तथ्य र कारणबारे प्रश्नोत्तर ) | संवादात्मक पाठ | ९ |
| ७. | **७. सुनाइ र तथ्य वर्णन**<br>७.१. प्रतिक्रियाका लागि सामूहिक सुनाइ<br>७.२ तथ्य पहिचान तथा प्रस्तुति<br>७.३ शिक्षकबाट नमुना सुनी | **७. पठन र बोध**<br>७.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>७.२ मौन पठन<br>७.३ द्रुत पठन<br>७.४ संरचना | **७. लेखन अभ्यास**<br>७.१ वर्णविन्यास ( ह्रस्वदीर्घ)<br>७.२ वाक्य लेखन<br>७.३ व्यक्तिगत विवरण लेखन<br>७.४ शब्द र अर्थको जोडा मिलान | **७. शब्दवर्ग**<br>७.३ निपात<br>७.४ संयोजक<br>७.५विस्मयादि बोधक | **७. शब्दबोध**<br>आदरबोधक शब्द पहिचान र प्रयोग | प्रयोजनपरक भाषिक सञ्चारः<br>(भविष्यको योजनाबारे कुराकानी ) | जीवनीपरक पाठ | १३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | साथीको व्यक्ति वृतान्त वर्णन<br>७.४ विषयवस्तुको आधारमा धारणा निर्माण र प्रस्तुति<br>७.५ खुला प्रश्नका आधारमा प्रश्नोत्तर तथा छलफल<br>७.६ अनुमान, घटना विस्तार र प्रस्तुति<br>७.७ कल्पनामा आधारित वर्णन | पहिचान<br>७.५ घटनाक्रम पहिचान<br>७.६ पाठको विषयबोध<br>७.७ सन्देश ग्रहण | ७.५ पाठबाट बुँदा टिपोट<br>७.६ खाली ठाउँ भर्ने<br>७.७ प्रश्नोत्तर<br>७.८ परिचित व्यक्तिको जीवनी लेखन | | | | | |
| ८. | **८. सुनाइ र प्रतिक्रिया**<br>८.१ सुनाइ र संरचना पहिचान<br>८.२ सुनाइ र प्रश्न निर्माण<br>८.३ सुनाइ र मुख्य विषय टिपोट<br>८.४ विषयवस्तुको सार प्रस्तुति<br>८.५ प्रश्नोत्तर तथा छलफल<br>८.६ कल्पनाका आधारमा विषय | **८. पठन र बोध**<br>८.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>८.२ मौन पठन<br>८.३ द्रुत पठन<br>८.४ संरचना पहिचान<br>८.५ घटनाक्रम पहिचान<br>८.६ पाठको विषयबोध<br>८.७ सन्देश | **८. लेखन अभ्यास**<br>८.१ सम्बन्धित विषयका शब्दसूची तयारी र लेखन<br>८.२ मुख्य मुख्य विवरण टिपोट<br>८.३ वर्णविन्यास( पदयोग)<br>८.४ शब्दार्थ र वाक्य लेखन<br>८.५ प्रश्नोत्तर<br>८.६ अनुच्छेद लेखन | **८.लेख्य चिह्न**<br>८.१ पूर्णविराम<br>८.२अल्पविराम<br>८.३प्रश्नवाचक<br>८.४विस्मयसूचक<br>८.५उद्धरण चिह्न | **८. शब्दबोध**<br>करण र अकरण शब्द पहिचान र प्रयोग | प्रयोजनपरक भाषिक सञ्चार<br>(मूल्य, समय, दिन र प्रकारका बारेमा छलफल ) | विवरणात्मक पाठ | ११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वर्णन<br>८.७ सुनाइ र प्राप्त सूचनाको पुनर्कथन | ग्रहण | | | | | | |
| ९. | **९. सुनाइ र सञ्चार**<br>९.१ सुनाइ र ढाँचा तथा शैली बोध<br>९.२ सुनाइ र वर्ण तथा शब्दको ध्वनि विभेदीकरण<br>९.३ सुनाइ र प्रश्न निर्माण<br>९.४ सूचना ग्रहण र सन्देश प्रवाह<br>९.५ उत्साह, चिन्ता र विस्मात्सहितको प्रतिक्रिया र प्रस्तुति<br>९.६ प्रश्नोत्तर तथा छलफल | **९. पठन र बोध**<br>९.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>९.२ मौन पठन<br>९.३ संरचना पहिचान ९.४ पाठको विषयबोध<br>९.५ सन्देश ग्रहण<br>९.६ प्रश्नोत्तर | **९. लेखन अभ्यास**<br>९.१लेखन ढाँचा र शैली अनुकरण<br>९.२ प्रश्न निर्माण<br>९.३ प्रश्नोत्तर<br>९.४ पात्र, सन्दर्भ र घटना परिवर्तन गरी पुनः लेखन<br>९.५ सन्देशमूलक स्वतन्त्र रचना | **९. काल**<br>वर्तमान कालको पहिचान र प्रयोग | **९.शब्दबोध**<br>भाषाको क्षेत्रगत समानार्थी शब्द पहिचान र प्रयोग | प्रयोजनपरक भाषिक सञ्चार<br>(मानिस, स्थान र वस्तुको वर्णन) | सन्देशमूलक पाठ | ८ |
| १०. | **१०. सुनाइ र संस्कृति वर्णन**<br>१०.१ सामाजिक | **१०. पठन र बोध**<br>१०.१ समयको ख्याल गरी सस्वर | **१०. लेखन अभ्यास**<br>१०.१ प्रश्नोत्तर<br>१०.२ बुँदाका | **१०. काल**<br>भविष्यत् कालको पहिचान र प्रयोग | **१०. शब्दबोध**<br>पारिभाषिक (प्राकृतिक र | प्रयोजनपरक भाषिक सञ्चार | आख्यानात्मक पाठ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सांस्कृतिक विषयवस्तुको सुनाइ र प्रतिक्रिया<br>१०.२ सामाजिक र सांस्कृतिक मूल्यमान्यता पहिचान र कथन<br>१०.३ सुनाइ र बोध<br>१०.४ प्रश्नका आधारमा स्वसंस्कृति वर्णन<br>१०.५ स्वअनुभवमा आधारित तार्किक प्रस्तुति<br>१०.६ छलफल तथा विषयवस्तुको सारांश कथन | पठन र गति वृद्धि<br>१०.२ मौन पठन<br>१०.३ द्रुत पठन<br>१०.४ पाठको विषयबोध<br>१०.५ सांस्कृतिक मूल्यमान्यता बोध | आधारमा स्थानीय भौगोलिक वातावरणको वर्णन<br>१०.३ विषयवस्तुको विस्तार र तुलना<br>१०.४ पाठको पुनर्लेखन र सारांश निर्माण<br>१०.५ निर्देशित तथा स्वतन्त्र लेखन<br>१०.६ वर्णविन्यास ( श,ष,स को प्रयोग) | | भौगोलिक) शब्द पहिचान र प्रयोग | ( सुनिश्चितताका लागि कुराकानी ) | | |
| ११. | **११. श्रुतिबोध र अभिव्यक्ति**<br>११.१विषयवस्तुमा आधारित सुनाइ र प्रतिक्रिया | **११. पठन र बोध**<br>११.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>११.२ मौन पठन | **११. लेखन अभ्यास**<br>११.१ प्रश्नोत्तर<br>११.२ प्रश्न निर्माण<br>११.३ अनुच्छेद पूरण<br>११.४ सार लेखन | **११. काल**<br>भूतकालको पहिचान र प्रयोग | **११. शब्दबोध**<br>पाठमा आधारित प्राविधिक तथा पारिभाषिक शब्द पहिचान र प्रयोग | समस्या समाधान<br>(पारिवारिक, सामाजिक र प्राकृतिक) | सूचनात्मक पाठ<br>(सञ्चार र प्रविधिमा आधारित) | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ११.२ सूचनाको बोध र प्रस्तुति<br>११.३ प्रश्नोत्तर तथा छलफल<br>११.४ विषय अनुमान र मौखिक वर्णन<br>११.५ विभिन्न सञ्चार माध्यमबाट प्रसारित बाल कार्यक्रमबाट विषयवस्तु टिपोट र मौलिक अभिव्यक्ति<br>११.६ दैनिक व्यवहारमा आइपर्ने समस्या सुनी समाधानका उपायको प्रस्तुतीकरण | ११.३ द्रुत पठन<br>११.४ संरचना पहिचान<br>११.५ घटनाक्रम पहिचान<br>११.६ मुद्रित सामग्रीबाट विषयबोध | ११.५ समस्या र समाधानमा आधारित वर्णन<br>११.६ शीर्षक वा बुँदाका आधारमा अनुच्छेद लेखन<br>११.७ परिकल्पनात्मक सोचका आधारमा अनुच्चेद लेखन | | | | | |
| १२. | **१२. सुनाइ र अनुभूति वर्णन**<br>१२.१. सुनाइ र पद | **१२. पठन र बोध**<br>१२.१ समयको ख्याल गरी सस्वर | **१२. लेखन अभ्यास**<br>१२.१. प्रश्नोत्तर | **१२. विभक्ति**<br>विभक्ति (ले, लाई, को, मा, देखि, द्वारा) | **१२. शब्दबोध**<br>लघुतावाची र सिङ्गो शब्द | प्रयोजनपरक भाषिक सञ्चार ( | दैनिकी | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा पदावली पहिचान<br>१२.२ सुनाइ र सिलसिलेवार वर्णन<br>१२.३ दैनिक घटनाको वर्णन<br>१२.४ भाषिक सञ्चारका क्रममा सान्दर्भिक भाषाको प्रयोग<br>१२.५ विषयवस्तुका आधारमा अनुमान, कल्पना तथा वर्गीकरण<br>१२.६ पहिचान गरिएका विषयवस्तुका बारेमा वर्णन | पठन र गति वृद्धि<br>१२.२ मौन पठन<br>१२.३ द्रुत पठन<br>१२.४ प्रश्न निर्माण र उत्तर पहिचान<br>१२.५ सन्दर्भ अनुकूलको विषय विशेषको वर्णन | १२.२ आफूले सोचेको वा अनुभव गरेको कुराको सिलसिलाबद्ध प्रस्तुति<br>१२.३ शब्द, शब्दावली वा शीर्षकका आधारमा विषय वर्णन<br>१२.४ चित्र वर्णन<br>१२.५ वर्णविन्यास (ब र व) | को पहिचान र प्रयोग | पहिचान र प्रयोग | दैनिक घटनामा आधारित वर्णन) | | |
| १३. | **१३. सुनाइ र घटना वर्णन**<br>१३.१ विषयवस्तुमा आधारित सुनाइ र प्रतिक्रिया<br>१३.२ पाठ्यांश वा पाठको सुनाइ र वर्णनात्मक | **१३. पठन र बोध**<br>१३.१ समयको ख्याल गरी सस्वर पठन र गति वृद्धि<br>१३.२ मौन पठन<br>१३.३ संरचना, पात्र र घटना पहिचान | **१३. लेखन अभ्यास**<br>१३.१ पात्र परिचय लेखन<br>१३.२ पाठका विषयवस्तुमा आधारित समीक्षात्मक लेखन<br>१३.३ घटनाक्रम लेखन १३.४ देखेका, सुनेका, पढेका, | **१३. कालका पक्ष**<br>कालका अपूर्ण र पूर्ण पक्षको पहिचान र प्रयोग | **१३. शब्द निर्माण**<br>कोठेपद र शब्दजालबाट शब्द पहिचान र प्रयोग | प्रयोजनपरक भाषिक सञ्चार<br>(मन पर्ने र नपर्ने खाना, वस्तु र बानीमा आधारित) | आख्यानात्मक पाठ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अभिव्यक्ति<br>१३.३ तथ्य, विषयवस्तु र सन्दर्भबोध<br>१३.४ शब्दोच्चारण, अर्थ पहिचान र वाक्यमा प्रयोग<br>१३.५ कथा वा घटना विस्तार<br>१३.६. विशेष घटना, विशेष दिनका आधारमा अनुभव वा कल्पनाको अभिव्यक्ति<br>१३.७ विशेष घटना वा विषयका आधारमा समस्या पहिचान र अभिव्यक्ति | १३.४ पाठको विषयबोध<br>१३.५ प्रश्नोत्तर<br>१३.६चुट्किला र उखानको सन्दर्भगत प्रयोग | स्वअनुभका आधारमा धारणा निर्माण र लेखन<br>१३.५ प्रश्नोत्तर लेखन<br>१३.६ निर्देशित वा अनुकरणात्मक कथा लेखन | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | **१४. सुनाइ र कल्पना**<br>१४.१ सुनाइ र अनुकरण<br>१४.२ स्थानीय तहमा प्रचलित पद्यको सुनाइ र गायन अभ्यास<br>१४.३ विषयवस्तुमा आधारित प्रश्नोत्तर<br>१४.४ छलफल र अन्तरक्रिया<br>१४.५ पद्य रचना सुनी लयात्मक शब्द पहिचान र उच्चारण<br>१४.६ धारणा तथा कल्पनाको अभिव्यक्ति | **१४. पठन र बोध**<br>४.१ लयबद्ध पठन<br>(समूह, युगल र एकल)<br>१४.२ सन्दर्भ बोध<br>१४.३ पाठको विषयबोध र चित्रात्मक प्रस्तुति<br>१४.४ ढाँचा, शैली पहिचान र लयबोध<br>१४.५ चित्र, शीर्षक र विषयवस्तुको आधारमा अनुमान (पूर्व, तत्काल र पश्च)<br>१४.६ पाठको सन्दर्भ, सन्दर्भ र विषयवस्तुको पूर्वानुमान | **१४. लेखन अभ्यास**<br>१४.१ प्रश्नोत्तर<br>१४.२ भाव लेखन<br>१४.३ गद्यमा रूपान्तरण<br>१४.४ शब्द वा पदावली पूरण<br>१४.५ निर्देशित पद्य रचना<br>१४.६ श्रुतिरचना | **१४. सङ्गति**<br>लिङ्ग र वचन सङ्गति पहिचान र प्रयोग | **१४. शब्दबोध**<br>स्थानीय परिवेशमा प्रचलित शब्दको पहिचान, उच्चारण अर्थबोध र प्रयोग | प्रयोजनपरक भाषिक सञ्चार<br>(स्वज्ञानको प्रयोग) | पद्यात्मक पाठ | १० |
| १५.. | **१५. सुनाइ र दृष्टि निर्माण**<br>१५.१ धार्मिक तथा सांस्कृतिक स्थलका | **१५. पठन र बोध**<br>१५.१ समयको ख्याल गरी सस्वर पठन र गति | **१५. लेखन अभ्यास**<br>१५.१ पात्र परिचय लेखन<br>१५.२ घटनाक्रम | **१५. सङ्गति**<br>पुरुष र आदरसङ्गति पहिचान र प्रयोग | **१५. शब्दबोध**<br>समावेशी समावेश्य शब्द पहिचान र प्रयोग | प्रयोजनपरक भाषिक सञ्चार<br>(गणना गर्न | आख्यानात्मक पाठ | ११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बारेमा छलफल<br>१५.२ जात्रा, मेला वा पर्वसँग सम्बन्धित श्रव्य तथा श्रव्यदृश्य सामग्रीको सुनाइ र प्रतिक्रिया<br>१५.३ तथ्य पहिचान र विषयवस्तुको सन्दर्भबोध<br>१५.४ शब्दोच्चारण, अर्थ पहिचान र वाक्यमा प्रयोग<br>१५.५ जिम्मेवारी र कर्तव्यसम्बन्धी विषयवस्तुको सुनाइ र धारणा प्रस्तुति<br>१५.६.बालापनका बारेमा मौखिक वर्णन सुनी आफ्नो बालापनसँग तुलना | वृद्धि<br>१५.२ मौन पठन<br>१५.३ संरचना, पात्र र घटना पहिचान<br>१५.४ पाठको विषयबोध<br>१५.५ प्रश्नोत्तर<br>१५.६ विषयवस्तुको तथ्य वा कारण पहिचान | मिलान<br>१५.३ प्रश्नोत्तर<br>१५.४ सारांश लेखन<br>१५.५ विषयवस्तुमा आधारित भाव लेखन<br>१५.६ निर्देशित वा अनुकरणात्मक कथा लेखन<br>१५.७ पर्यायवाची शब्द शृङ्खला निर्माण | | | सकिने र नसकिने वस्तुमा आधारित प्रश्नोत्तर) | | |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

आधारभूत तह (कक्षा ४-५) का लागि निर्धारित सक्षमता र कक्षागत सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षक र विद्यार्थीले विषयवस्तुमा आधारित भई गर्ने क्रियाकलाप सिकाइ सहजीकरण हो । भाषिक सिप र तिनमा आधारित प्रकार्यहरू भाषा सिकाइका मुख्य आधार हुन् । भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षण गरिन्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, व्यक्तिगत र सामूहिक अभ्यासमा आधारित, तथा सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । शिक्षकले विद्यार्थीलाई प्रर्याप्त सिकाइ अवसर उपलब्ध गराई आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गरी सिकाइमा सहजीकरण गर्नुपर्छ ।

सिकाइ सहजीकरण प्रक्रिया सिकाइ र मनोविज्ञानका निश्चित प्रक्रिया अनुसरण गर्ने एक प्रकारको कला हो । कक्षालाई सिकाइमुखी बनाउन र विद्यार्थीलाई भाषिक सिप सिकाइमा क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ । भाषाको सिकाइ प्रक्रियाको प्रभावकारिता सिकाइ सहजीकरण प्रक्रियामा निर्धारित हुन्छ । सिकाइ सहजीकरण प्रक्रिया छनोट गर्दा सक्षमता तथा सिकाइ उपलब्धिहरू, विषयवस्तुको स्वरूप, मनोविज्ञान, स्रोत साधनको उपलब्धता, विद्यालय वातावरण र सिकाइ सहजीकरण परिस्थिति, समय र विद्यार्थी सङ्ख्या, क्षमता र रुचि जस्ता पक्षमा ध्यान दिनुपर्छ । यसका लागि देहायबमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नुपर्छ :

- सुनाइ र बोलाइ सिप विकासका लागि यसमा मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ र अभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासँगको सम्बन्ध एवम् दृष्टि निर्माणसम्वद्ध क्रियाकलापमा जोड दिने
- पठन र बोध, लेखन अभ्यास, शब्दभण्डारको ज्ञान तथा प्रयोग र कार्यमूलक व्याकरणको पहिचान र प्रयोगलाई भाषिक क्रियाकलापमा समावेश गर्ने
- विद्यार्थीको व्यक्तिगत भिन्नता र सिकाइ क्षमताका आधारमा सिकाइलाई प्रोत्साहन गर्ने
- विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड गर्ने
- विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्ने
- प्रयोगात्मक पक्षमा जोड दिई सिक्ने अवसर प्रदान गर्ने
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्ने
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्ने
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्ने
- सिकाइ सहजीकरण गर्दा आवश्यकतानुसार द्विभाषिक र बहुभाषिक सिकाइ सहजीकरणका क्रियाकलाप अवलम्बन गर्ने ।

भाषिक सिप, संरचना तथा शब्दभण्डारसम्बद्ध सिकाइ सहजीकरणका सन्दर्भमा विकासका लागि निम्नानुसारका क्रियाकलाप सञ्चालन गर्नुपर्दछ :

(क) **भाषिक सिप**

(अ) **सुनाइ र बोलाइ सिप** : यसअन्तर्गत वर्ण र वाक्य विभेदीकरण, लयबोध, श्रुतिरचना, श्रुतिबोध, सन्दर्भबोध, पाठको सुनाइका आधारमा प्रश्ननिर्माण, अनुमान, वस्तु वा घटना वर्णन, श्रुतिकथन, चित्रकथा वर्णन, विषयवस्तुको सार प्रस्तुति, सूचना ग्रहण र सन्देश प्रवाह, वादविवाद, नाटकीकरण जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(आ) **पढाइ सिप :** यसअन्तर्गत सस्वर र मौन पठन, पठन गतिको मापन, शब्दार्थ बोध तथा पठन बोधअन्तर्गत प्रश्नोत्तर, अनुमान, संरचना वर्णन, प्रश्नहरूको उत्पादन, घटना वर्णन र मिलान जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(इ) **लेखाइ सिप :** यसअन्तर्गत अनुलेखन, श्रुतिलेखन, श्रुतिवर्णन, श्रुतिरचना, वस्तु तथा घटनाको वर्णन, यात्रा वर्णन, अनुभव वर्णन, पाठगत प्रश्नोत्तर लेखन, भावविस्तार, अनुच्छेद लेखन, सिर्जनात्मक तथा स्वतन्त्र लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

**(ख) भाषिक संरचना र शब्दभण्डार**

यसअन्तर्गत शब्द तथा भाषिक संरचना पहिचान, शब्द उच्चारण, अर्थबोध र प्रयोगसँग सान्दर्भिक क्रियाकलाप गराउनुपर्छ । यससँग सम्बन्धित क्रियाकलाप गराउँदा पर्यायवाची र विपरीतार्थी शब्दबोध र प्रयोग, करण तथा अकरण शब्द निर्माण तथा प्रयोग, पदसङ्गतिका आधारमा शब्द निर्माण तथा प्रयोग, चिह्न, काल र विभक्तिको पहिचान र प्रयोगसँग सम्बन्धित क्रियाकलाप गराउनुपर्छ ।

उपयुक्त सिकाइ सहजीकरण गर्दा पहिलो तथा दोस्रोभाषी विद्यार्थीको सिकाइ गति, स्तर र भाषिक अभ्यासमा सहजताका लागि विभिन्न सान्दर्भिक विधिको छनोट तथा उपयोग गर्नुपर्छ । शिक्षकले आफ्नो शिक्षण कौशल प्रदर्शन गर्न, विद्यार्थीमा अपेक्षित सिप विकास गर्न र पाठ्यक्रमको सही कार्यान्वयन गर्न निम्नानुसारका सहजीकरण प्रक्रियाहरू पनि उपयोग गर्न सक्छन् :

(अ) **उदाहरण र प्रयोग** : यसअन्तर्गत पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । यसमा मानक भाषाको प्रयोगमा आधारित भई नमुना प्रस्तुति, विद्यार्थीद्वारा सहअभ्यास, भाषाको स्वतन्त्र तथा सिर्जनशील प्रयोग जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि यसको प्रयोग गर्नुपर्छ । चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।

(आ) **भाषिक सम्प्रेषण र प्रकार्यको उपयोग** : यस सहजीकरण प्रक्रियालाई भाषिक सम्प्रेषण र प्रकार्य शिक्षणका लागि उपयोग गर्नुपर्छ । घरपरिवार, भ्रमण, खेलकुद, यातायात, चालचलन, अपरिचित परिवेश आदिमा भाषा प्रयोगको क्षमता विकास गर्न यसको प्रयोग गर्नुपर्छ ।

(इ) **प्रदर्शनसहितको शिक्षण :** यस सहजीकरण प्रक्रियामा विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन, उच्चारणगत शैली अनुकरण, नयाँ शब्दको पहिचान र प्रयोग, विभिन्न सन्दर्भ र परिवेशमा आधारित भई विचार आदानप्रदान तथा प्रस्तुति, विषयवस्तुको वर्णन जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ ।

(ई) **सोधपुछ तथा प्रश्नोत्तर** : यस सहजीकरण प्रक्रियामा शीर्षक तथा सन्दर्भका आधारमा पूर्वानुमान, कथ्य भाषाको उपयोग, श्रव्यदृश्य सामग्रीको प्रयोग, कुराकानी, छलफल र निष्कर्ष जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यस विधिलाई सुनाइ तथा बोलाइ सिप सिकाइमा प्रयोग गर्नुपर्छ । यसमा नमुना प्रदर्शन र सहअभ्यास, तथ्य, तथ्याङ्क, पात्र, घटना, सन्दर्भ, परिवेश, अनुमानलगायतका विषयक्षेत्रमा आधारित प्रश्न र उत्तर निर्माण तथा प्रयोग, व्यक्तिगत तथा सामूहिक धारणा वा निष्कर्ष निर्माण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(उ) **अभिनय तथा नाटकीकरण** : यस सहजीकरण प्रक्रियामा योजना निर्माण (उद्घोषण, भूमिका अभिनय वा नाटकीकरण), विषयक्षेत्र, शीर्षक, नाटक, पात्र, घटनाको छनोट, व्यक्तिगत वा सामूहिक प्रस्तुति, भाषाशैलीको छनोट तथा उपयोग, छलफल, मूल्याङ्कन र पृष्ठपोषण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(ऊ) **स्वाध्ययन र छलफल :** यसअन्तर्गत सामग्री छनोट, अध्ययन, धारणा वा विचार निर्माण, सन्दर्भगत उपयोग जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई पढाइ, लेखाइ, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । यसलाई स्वपठन, युगल पठन र समूह पठन गरी छलफल गर्नुपर्छ । यसका क्रममा कथा सुन्ने, भन्ने तथा लयात्मक शब्दबोध, पात्र, घटना, कार्यको बोध, सार निर्माण, पुनर्कथन, पात्र परिवर्तनबाट नयाँ

पाठ निर्माणको अभ्यास गर्ने जस्ता भाषिक क्रियाकलाप गनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(ऋ) **खोज, परियोजना तथा समस्या समाधान** : यसअन्तर्गत भाषिक तथा सञ्चारगत समस्या वा प्रश्नको प्रस्तुति, खोजकार्य वा तरिकाबारे छलफल, निर्देशित वा स्वतन्त्र रूपमा विद्यार्थीद्वारा खोज, स्थलगत अवलोकन र प्रस्तुति, छलफल र पृष्ठपोषण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(ए) **श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण** : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण, जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

भाषा शिक्षणको मूल अभिप्राय भाषिक व्यवहार सिकाउनु हो । सिकाइ क्रियाकलापमा शिक्षक सिकारु अन्तरक्रिया, समूह सिकाइ, सिकाइ मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक समुदाय सहकार्य जस्ता प्रक्रियामा जोड दिनुपर्छ । भाषिक संरचनालाई पाठसँग जोडेर सहजीकरण क्रियाकलाप गराउनुपर्दछ । व्याकरण, शब्दभण्डार, वर्णविन्यास, लेख्य चिह्न प्रयोगको सिकाइ सहजीकरणलाई रचना र प्रयोगका माध्यमबाट शिक्षण गर्नु उपयुक्त हुन्छ ।

६. **विद्यार्थी मूल्याङ्कन**

सिकाइका क्रममा प्राप्त गरेका ज्ञान, सिप र अभिवृद्धिको लेखाजोखा गर्ने नियमित र निरन्तर प्रक्रिया नै विद्यार्थी मूल्याङ्कन हो । विद्यार्थी मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक दुवै उद्देश्यले गरिन्छ । विद्यार्थीको भाषिक क्षमतास्तर आकलन र भाषा सिकाइको प्रभावकारिता पहिल्याउन प्रयोग गरिने मुख्य साधन नै मूल्याङ्कन हो । शिक्षण सिकाइमा सुधार ल्याउने र कक्षोन्नति गर्ने उद्देश्यले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गरिन्छ । निर्माणात्मक मूल्याङ्कन सुधारात्मक वा रचनात्मक हुन्छ । यसको मुख्य उद्देश्य विद्यार्थीका कमीकमजोरी समयमै पत्ता लगाई सिकाइमा सुधार ल्याउनु हो । त्यसैले आधारभूत तह (कक्षा ४ र ५) मा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइ सुनिश्चित गरिन्छ ।

निर्माणात्मक मूल्याङ्कनमा कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, व्यावहारिक परिवर्तनको अवलोकन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता र सक्रियता, लिखित तथा मौखिक प्रश्नोत्तर, विद्यार्थीका कार्यको प्रदर्शन, घटनावृत्त अभिलेख, आत्ममूल्याङ्कन, हाजिरीजवाफ, उपलब्धि परीक्षा, सहपाठी मूल्याङ्कन, अभिभावक सम्पर्क, पोर्टफोलियो, अध्ययन भ्रमण, विद्युतीय सञ्चार माध्यममा प्राप्त सान्दर्भिक सामग्रीको खोजी र प्रस्तुति जस्ता साधनहरूको प्रयोग गर्न सकिन्छ । मूल्याङ्कनका क्रममा उद्देश्यमा उल्लिखित सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सिप तथा भाषिक संरचना, शब्दभण्डार र अभिव्यक्ति पक्षको परीक्षण गर्नुपर्दछ । निर्माणात्मक मूल्याङ्कनमा प्रयोग गरिने साधनहरूबाट प्राप्त सूचनाहरूलाई अभिलेखीकरण गर्नुपर्दछ । कक्षा ४ र ५ मा निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजालाई आन्तरिक मूल्याङ्कनका रूपमा निर्णयात्मक प्रयोजनमा प्रयोग गरिने छ । यी कक्षाहरूमा आन्तरिक मूल्याङ्कनको भार ५० प्रतिशत कायम गरी बाँकी ५० प्रतिशत भारको परीक्षा सञ्चालन गरिने छ । परीक्षामा सोधिने प्रश्नहरूले सबै विषयक्षेत्रको प्रतिनिधित्व हुने गरी सिकाइ उपलब्धिका आधारमा विभिन्न तहका सिकाइ क्षमता परीक्षण गर्नसक्नु पर्छ । प्रयोगात्मक पक्षको मूल्याङ्कन निर्माणात्मक तरिकाले सञ्चालन गरी आन्तरिक मूल्याङ्कनको अङ्गका रूपमा समावेश गरिने छ । मूल्याङ्कन प्रक्रियाको विस्तृत ढाँचा निम्नानुसार रहने छ :

**६.१ आन्तरिक मूल्याङ्कन**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका ( Portfolio) व्यवस्थित गरी राख्नु पर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| क्रमसङ्ख्या | मूल्याङ्कनका क्षेत्र | भार |
|---|---|---|
| १. | सहभागिता | ४ |
| २. | सुनाइ तथा बोलाइ | १६ |
| ३. | पढाइ | १० |
| ४. | लेखाइ | १० |
| ५. | त्रैमासिक परीक्षा | १० |

उल्लिखित तालिकाका नं. १ देखि ४ सम्मका क्षेत्रगत क्रियाकलाप नियमित सिकाइ सहजीकरणकै क्रममा गराउनुपर्छ । उक्त क्रियाकलापलाई निर्माणात्मक मूल्याङ्कनसँग अन्तरसम्बन्धित गरी त्यसको अभिलेख पनि राख्नुपर्ने छ । उक्त अभिलेखलाई नं ५ को क्रियाकलापसँगै निर्णयात्मक मूल्याङ्कनमा समेत उपयोग गर्नुपर्ने छ ।

| उपलब्धिस्तर | मापन स्केल | व्याख्या |
|---|---|---|
| कमजोर | १ | **१. सहभागिता**<br>(क) ७५ प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न व्यक्तिगत तथा सामूहिक रूपमा समेत प्रयास नगरेमा<br>**२. सुनाइ र बोलाइ**<br>दिइएका क्रियाकलाप सुनेको तर प्रतिक्रिया नजनाएमा<br>**३. पढाइ**<br>पठनबोधसम्बद्ध केही क्रियाकलापमा मात्र सहभागिता जनाएमा<br>**४. लेखाइ**<br>दिइएका केही क्रियाकलापमा मात्र सहभागिता जनाएमा |
| सामान्य | २ | **१. सहभागिता**<br>(क) ७५ प्रतिशतदेखि बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न व्यक्तिगत तथा समूह कार्यमा न्यून सहभागिता जनाएमा<br>**२. सुनाइ र बोलाइ**<br>दिइएका क्रियाकलाप सुनेर त्यसका बारेमा सीमित प्रतिक्रिया व्यक्त गरेमा<br>**३. पढाइ**<br>पठनबोधसम्बद्ध चालिसदेखि पचासप्रतिशत क्रियाकलापमा सहभागिता जनाएमा<br>**४. लेखाइ**<br>दिइएका लेखाइसम्बद्ध चालिसदेखि पचासप्रतिशत क्रियाकलापमा सहभागिता जनाएमा |

| | | |
|---|---|---|
| राम्रो | ३ | **१. सहभागिता**<br>(क) ८० प्रतिशतदेखि बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न समूह कार्यमा सक्रिय सहभागिता<br>**२. सुनाइ र बोलाइ**<br>दिइएका क्रियाकलाप सुनेर त्यसका बारेमा सन्तोषजनक रूपमा प्रतिक्रिया<br>व्यक्त गरेमा<br>**३. पढाइ**<br>पठनबोधसम्बद्ध पचासदेखि सत्तरी प्रतिशतसम्म क्रियाकलाप सम्पन्न गरेमा<br>**४. लेखाइ**<br>दिइएका लेखाइसम्बद्ध पचासदेखि सत्तरी प्रतिशतसम्म क्रियाकलाप सम्पन्न गरेमा |
| उच्च | ४ | **१. सहभागिता**<br>(क) ८५ प्रतिशतदेखि बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न सामूहिक कार्यको नेतृत्व गरेमा<br>**२. सुनाइ र बोलाइ**<br>दिइएका क्रियाकलाप सुनेर त्यसका बारेमा आशय र भावसहित प्रतिक्रिया<br>व्यक्त गरेमा<br>**३. पढाइ**<br>पठनबोधसम्बद्ध सत्तरीदेखि नब्बे प्रतिशतसम्म क्रियाकलाप सम्पन्न गरेमा<br>**४. लेखाइ**<br>दिइएका लेखाइसम्बद्ध सत्तरीदेखि नब्बे प्रतिशतसम्म क्रियाकलाप सम्पन्न<br>गरेमा |
| उत्कृष्ट | ५ | **१. सहभागिता**<br>(क) ९० प्रतिशतभन्दा बढी उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न सक्रियतासहित सामूहिक नेतृत्व र जिम्मेवारीपूर्वक कार्यसम्पादन गरेमा<br>**२. सुनाइ र बोलाइ**<br>दिइएका क्रियाकलाप सुनेर त्यसका बारेमा विषय विस्तारसहित प्रतिक्रिया व्यक्त गरेमा<br>**३. पढाइ**<br>पठनबोधसम्बद्ध सबै क्रियाकलाप सफलतापूर्वक समयमा नै सम्पन्न गरेमा<br>**४. लेखाइ**<br>दिइएका लेखाइसम्बद्ध सबै क्रियाकलाप सफलतापूर्वक समयमा नै सम्पन्न गरेमा |

उल्लिखित कार्य गर्दा शिक्षकले निम्नानुसारका कार्य र तिनको विस्तृतीकरणलाई उपयोग गर्न सक्नुहुने छ :

| | | | |
|---|---|---|---|
| **१. सुनाइ, बोलाइ र लेखाइ** | | | |
| (क) | सुनाइ/लेखाइ | श्रुतिबोध/ लेखन | (क) ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, ऋ/रि, छ/क्ष प्रयोग भएका पाठ्यपुस्तकभित्रका २० ओटा शब्दका आधारमा श्रुतिबोध/लेखन |
| | | | (ख) ५० शब्दसम्मको कुनै एक अनुच्छेद (दृष्टांश) का आधारमा श्रुतिबोध/लेखन |
| (ख) | बोलाइ | मौखिक प्रतिक्रिया तथा वर्णन | कुनै सान्दर्भिक विषयवस्तु वा चित्र दिई मौखिक प्रतिक्रिया तथा वर्णन |
| २. **पढाइ** | | | |
| (क) | पठन अभ्यास | शब्दोच्चारण | (पाठमा प्रयुक्त नयाँ २४ ओटा शब्दको उच्चारण |
| | | सस्वरवाचन | पाठभित्रका ६० शब्दसम्मका गद्यांश वा लयबद्ध पाठका दुई श्लोक गति, यति मिलाई भावअनुसार सस्वर पठन |
| | | प्रवाह | तोकिएको समयमा गति, यति र हाउभाउसहित पाठ पठन |
| (ख) | पठनबोध | अनुमान | कुनै सान्दर्भिक विषयवस्तु वा चित्र दिई पूर्व, अनुमान र पश्च अनुमान |
| | | सूचना प्रयोग | तथ्य, तथ्याङ्क, मिति, पात्रलगायतका विषयवस्तुको उपयोग |
| | | छलफल तथा प्रश्नोत्तर | विषयवस्तुको बोध तथा अभिव्यक्तिका लागि प्रयोग |
| | | वर्णन | निर्धारित विषयवस्तुका आधारमा अभिव्यक्ति |
| | | सार निर्माण | विषयवस्तुको संश्लेषण |
| | | तुलना र परीक्षण | विषयवस्तुलाई स्वअनुभव तथा सिकाइका आधारमा मिले नमिलेको दाँज्न |
| | | विषय विस्तार | विषयवस्तुको विश्लेषण |
| ३. | **लेखाइ** | | |
| (क) | लेखन अभ्यास | अनुलेखन | मुद्रित तथा लिखित विषयवस्तु बान्की र हिज्जे मिलाई विषयवस्तुको पुनः लेखन |
| | | श्रुतिलेखन | विभिन्न माध्यमबाट विषयवस्तु सुनी बान्की र हिज्जे मिलाई विषयवस्तुको लेखन |
| | | निर्देशित लेखन | प्रश्न, बुँदा र निर्देशनमा आधारित क्रियाकलाप |
| | | स्वतन्त्र लेखन | स्वतन्त्र अभ्यास वा रचना |
| **जम्मा** | | | |

द्रष्टव्य : शब्दभण्डार र कार्यमूलक व्याकरणलाई चारैओटा भाषिक सिपसम्बद्ध क्रियाकलापसँग अन्तसम्बन्धित गराउनुपर्ने छ ।

### (क) मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर

मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजुसुची, श्रेणी मापन लगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइ पश्चात गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि

परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नु पर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ ।

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी सहभागिताको स्तर, मुख्य प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिको स्तर तथा प्रयोगात्मक/परियोजना कार्यको कार्यसम्पादन स्तरलाई निम्नअनुसार मापन गर्नु पर्दछ :

| **उपलब्धिस्तर** | **मापन स्केल** | **उपलब्धिस्तरको सामान्य व्याख्या** |
|---|---|---|
| **कमजोर** | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक |
| **सामान्य** | २ | केही मुख्य सिकाइ उपलब्धि हासिल गरेको, सुधारात्मक सिकाइ आवश्यक |
| **राम्रो** | ३ | अधिकांश मुख्य सिकाइ उपलब्धि हासिल गरेको, केही पक्षमा सुधारात्मक सिकाइ आवश्यक |
| **उच्च** | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| **उत्कृष्ट** | ५ | मुख्य सिकाइ उपलब्धिमा माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

उल्लिखित मापनका आधारमा विषयवस्तुको क्षेत्रअनुसारको उपलब्धिको अङ्कलाई देहायबमोजिम तालिकीकरण गर्नुपर्दछ ।

कक्षा ४ र ५

| क्र स | विद्यार्थीको नाम | मूल्याङ्कन १ | | | | मूल्याङ्कन २ | | | | मूल्याङ्कन ३ | | | | मूल्याङ्कन ४ | | | | मूल्याङ्कन ५ | | | | औसत | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स | सुबो | प | ले | स | सुबो | प | ले | स | सुबो | प | ले | स | सुबो | प | ले | स | सुबो | प | ले | स | सुबो | प | ले | स | सुबो | प | ले |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

द्रष्टव्य : हरेक तीनओटा पाठको सिकाइ सहजीकरण गरेपछि निर्धारित पाँचओटा मूल्याङ्कन गरी हरेक कोठामा १ देखि ५ सम्ममा मापन स्केलको उपयोग गर्दै अङ्कन गर्नुहोस् ।

स सहभागिता

सुबो सनाइ तथा बोलाइ

प पढाइ

ले लेखाइ

औसत सहभागिता = जम्मा प्राप्ताङ्क/५ औसत सुनाइ तथा बोलाइ = जम्मा प्राप्ताङ्क/५

औसत पढाइ = जम्मा प्राप्ताङ्क/५ औसत लेखाइ = जम्मा प्राप्ताङ्क/५

जम्मा सहभागिता = औसत सहभागिता x ०.८ जम्मा सुनाइ तथा बोलाइ = औसत सुनाइ बोलाइ x ३.२

जम्मा पढाइ = औसत पढाइ x २ जम्मा लेखाइ = औसत पढाइ x २

**(ख) विद्यार्थीको कार्यसम्पादन तथा सिकाइस्तरको अङ्क**

उल्लिखित मापदण्डअनुसार विद्यार्थीको मूल्याङ्कन गरेपछि औसत सिकाइ वा कार्यसम्पादन स्तर निकालेर निम्नलिखित तालिकाअनुसार भारअनुसारको प्रत्येक विद्यार्थीको प्राप्ताङ्क निकाल्नु पर्छ ।

| **सि. नं.** | **मूल्याङ्कनका पक्ष** | **औसत सिकाइ वा कार्यसम्पादन स्तर** | **भार** | **प्राताङ्क (सिकाइ स्तर/५ × भार)** |
|---|---|---|---|---|
| १ | सहभागिता | | ४ | |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | | ३६ | |
| जम्मा | | | ४० | |

**(ग) त्रैमासिक परीक्षाहरूको प्राप्ताङ्क**

विद्यार्थीको त्रैमासिक परीक्षाका आधारमा प्राप्त प्राप्ताङ्क पाँच पाँच हुने गरी जम्मा दश पूर्णाङ्क हुने छ । यसलाई निम्नानुसार प्रस्तुत गर्नुपर्ने छ :

| क्र.स. | विद्यार्थीको नाम | सहभागिता (४) | सुनाइ तथा बोलाइ (१६) | पढाइ (१०) | लेखाइ (१०) | त्रैमासिक परीक्षा | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो (५) | दोस्रो (५) | जम्मा (१०) | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

**६.२ अन्तिम परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप,

अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तया गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

**(क) भाषिक सिप (पढाइ र लेखाइ) मूल्याङ्कन**

| क.सं. | क्षेत्र (पढाइ र लेखाइ) | परीक्षण गर्ने पक्ष | अङ्कभार |
|---|---|---|---|
| १. | शब्दभण्डार | शब्दार्थ र शब्द पहिचान | ४ |
| | | शब्दहरूको वाक्यमा प्रयोग | २ |
| २. | वर्णविन्यास | शुद्धीकरण | ३ |
| ३. | भाषिक संरचना | शब्दवर्ग पहिचान | २ |
| | | विभक्ति पहिचान | २ |
| | | पदसङ्गति | २ |
| | | काल र पक्ष पहिचान | ३ |
| ४. | बोध (दृष्टांश) | विभिन्न विधाका गद्य सामग्री | ४ |
| ५. | निर्देशित रचना | बुँदाका आधारमा कथा/जीवनी लेखन | ४ |
| ६. | व्यावहारिक लेखन | घरायसी चिठी/निवेदन | ४ |
| ७. | पाठगत प्रश्नोत्तर | वस्तुगत प्रश्नोत्तर (खाली ठाउँ भर्ने/ठिक बेठिक छुट्याउने) | २ |
| | | अति सङ्क्षिप्त प्रश्नोत्तर | ५ |
| ८. | भावविस्तार | कविता, कथा, जीवनी, प्रबन्ध/निबन्ध | ४ |
| ९. | पाठगत बोध | सन्दर्भमा आधारित सङ्क्षिप्त उत्तरात्मक | ४ |
| १० | स्वतन्त्र लेखन | निबन्ध, संवाद, अनुच्छेद रचना | ५ |
| जम्मा | | | ५० |

**(ख) अन्तिम परीक्षाको प्राप्ताङ्क**

विद्यार्थीको अन्तिम परीक्षाका आधारमा प्राप्त प्राप्ताङ्कलाई निम्नानुसार प्रस्तुत गर्नुपर्ने छ :

| क्र.स. | विद्यार्थीको नाम | प्राप्ताङ्क | | जम्मा |
|---|---|---|---|---|
| | | आन्तरिक मूल्याङ्कन (५०) | बाह्य मूल्याङ्कन (५०) | |
| १ | | | | |
| २ | | | | |

उल्लिखित समग्र उपलब्धि प्रतिशतलाई निम्नअनुसारको अक्षरात्मक स्तरमा विद्यार्थीको समग्र उपलब्धिको प्रतिवेदन तयार गर्नुपर्छ ।

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| २० भन्दा कम | E | ज्यादै कमजोर |
| २० देखि ४० भन्दा कम | D | कमजोर |
| ४० देखि ६० भन्दा कम | C | सामान्य |
| ६० देखि ७५ भन्दा कम | B | राम्रो |
| ७५ देखि ९० भन्दा कम | A | उच्च |
| ९० देखि माथि | A* | उत्कृष्ट |

# English

## 1. Introduction

English is a language of international communication. It is widely used in education, mass media, information and communication technology (ICT), business, tourism, science and medicine. English is also a popular language in Nepal particularly in the fields of education, science and technology, media, travel and tourism, and so on. It is taught as a compulsory subject right from grade one.

This curriculum has been prepared to address the socio-political and structural changes. It has incorporated the recent trends and contemporary developments in language learning. In particular, this curriculum has been developed to cater the essential linguistic needs of children learning English. The aim of teaching English at these grades is to enable the learners to communicate with some level of confidence.

The curriculum has envisioned the development of competency at minimum level in the English language whereby the learners are expected to communicate using simple everyday English in written and spoken form. They will also be able to read short and simple texts for pleasure and information. Children's learning of English in these grades will pave the way to establish the base for upper grades. The major focus of this curriculum is on language skills viz. listening, speaking, reading and writing so that the children will be able to use English effectively in real life situations.

## 2. Competencies

By the end of grade five, the students are expected to achieve the following competencies:

a. Listen and understand everyday English
b. Extract essential information from short spoken and recorded English dealing with everyday matters
c. Communicate using simple everyday English
d. Perform and respond to basic language functions
e. Understand and extract essential information from short and simple reading text
f. Understand main ideas and supporting details of the text
g. Read short and simple literary texts for pleasure
h. Show good control over basic vocabulary

i. Write using simple English to express feelings, opinions and experiences

j. Convey information and ideas orally and in written form

k. Use simple common expressions for socialization.

### 3. Grade-wise Learning Outcomes

#### (a) Listening Skill

| Grade Four | Grade Five |
|---|---|
| 1. Understand slow and carefully articulated spoken English.<br>2. Understand phrases and expressions of everyday English.<br>3. Follow short simple instructions.<br>4. Pick out main points from short, clear and simple message.<br>5. Understand and extract specific information from | 1. Understand slow and carefully articulated spoken English.<br>2. Understand phrases and expressions of everyday English.<br>3. Understand and follow instructions and simple directions.<br>4. Pick out main points from short, clear and simple message and announcement.<br>5. Understand and extract specific information from short spoken English dealing with everyday matters.<br>6. Understand and extract specific |

#### (b) Speaking Skill

| Grade 4 | Grade 5 |
| | | ३.२. मुद्रा<br>रुपियाँ तथा पैसासम्बन्धी गुणन र भाग | ▪ निर्णय तथा समस्या समाधान सिप<br>▪ सहकार्य सिप<br>▪ सञ्चार सिप | ▪ रुपियाँ र पैसा सम्मिलित वस्तुहरूको मूल्य सूची समूहमा दिई प्रत्येकलाई आफूलाई मन पर्ने वस्तु छनोट गर्न लगाउने र एउटै वस्तु मन पराउने विद्यार्थीको सङ्ख्याले वस्तुको मुल्यलाई गुणन गर्न लगाउने ।<br>▪ एउटा वस्तुको मूल्यले उस्तै केही वस्तुको जम्मा मूल्यलाई भाग गर्न लगाई जम्मा वस्तुको सङ्ख्या पत्ता लगाउने तथा कुनै सङ्ख्याले त्यति नै सङ्ख्याको कुनै वस्तुको जम्मा मूल्यलाई भाग गर्न लगाई एउटा वस्तुको मूल्य पत्ता लगाउने जस्ता क्रियाकलाप गरी रुपियाँ तथा पैसासम्बन्धी भाग गर्न लगाउने | ▪ कक्षाकार्य वा छलफलमा विद्यार्थी सहभागिताको अवलोकन<br>▪ रुपियाँ र पैसाको गुणन र भागसम्बन्धी कक्षाकार्य<br>▪ रुपियाँ र पैसा समावेश भएका गुणन र भागसम्बन्धी समस्याहरूको हल | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३.३. दुरी<br>■ दुरीका एकाइहरूलाई एकअर्कामा रूपान्तरण<br>– सेन्टिमिटर र मिलिमिटर,<br>– मिटर र सेन्टिमिटर<br>– किलोमिटर र मिटर<br>■ सेन्टिमिटर र मिटर, मिटर र किलोमिटरसम्बन्धी जोड र घटाउ | ■ निर्णय तथा समस्या समाधान सिप<br>■ सहकार्य सिप<br>■ सञ्चार सिप | ■ मेजरिङ टेप, स्केलबाट आफ्नो कापी, कलम, कक्षाकोठाका कुना वा विद्यालयको फुटबल खेल्ने चउर वा अन्य यस्तै स्थानका दुरी मिटर, सेन्टिमिटरमा नाप्ने, सम्बन्ध पत्ता लगाउने र एक अर्कामा रूपान्तर गर्ने जस्ता कार्य समूहमा गर्न लगाई दुरीका एकाइहरूको रूपान्तर गर्न लगाउने<br>■ परियोजना कार्य विधिको प्रयोगबाट जोड, घटाउ गरी विद्यालय, घर, नजिकैको, पाटी पौवा, धार्मिक स्थल आदि जस्ता स्थानहरूको दुरी निकाल्न लगाउने | ■ रुजूसूचीको प्रयोग गरी समूहमा विद्यार्थी सहभागिताको अवलोकन<br>■ दुरीका एकाइहरूको रूपाान्तरणसम्बन्धी कक्षाकार्य गर्ने<br>■ प्रत्येक विद्यार्थीको विद्यालय र घरसम्मको दुरी पत्ता लगाई जोड घटाउबाट विद्यार्थीको एकअर्काको घरको दुरी निकाल्ने जस्ता परियोजना कार्य गर्ने<br>■ दुरीका एकाइ सम्मिलित जोड घटाउसम्बन्धी समस्या समाधान गर्ने | |
| | | ३.४. क्षमता<br>■ लिटर र मिलिमिटरलाई एकआपसमा रूपान्तर<br>■ लिटर र मिलिमिटरको जोड र घटाउ | ■ सहकार्य सिप<br>■ निर्णय तथा समस्या समाधान सिप | ■ लिटर र मिलिलिटरको सम्बन्ध र रूपान्तरणको सम्बन्धमा छलफल गराई रूपान्तर गर्न लगाउने<br>■ विभिन्न क्षमताका भाँडाहरूको प्रयोग गरी लिटर र मिलिलिटरको जोड र घटाउको धारणा प्रस्ट पार्ने र जोड तथा घटाउ गर्ने तरिकाको सम्बन्धमा छलफल गराई अभ्यास गराउने | ■ कक्षाकार्यमा सहभागिता र कार्यको स्तर अवलोकन<br>■ लिटर र मिलिलिटरलाई एकआपसमा रूपान्तर गर्ने<br>■ लिटर र मिलिलिटरको जोड र घटाउसम्बन्धी समस्या समाधान गर्न लगाउने | ४ |
| | | ३.५. तौल<br>■ किलोग्राम र ग्रामलाई एकआपसमा रूपान्तर | ■ सहकार्य सिप<br>■ निर्णय तथा समस्या समाधान सिप | ■ किलोग्राम र ग्रामको सम्बन्ध र रूपान्तरणको सम्बन्धमा छलफल गराई | ■ रुजुसूची वा रुब्रिक्सको प्रयोग गरी विद्यार्थीको कार्यसम्पादन स्तरको मूल्याङ्कन गर्ने | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ग्राम र किलोग्राम को जोड तथा घटाउ | | रूपान्तर गर्न लगाउने<br>▪ तराजुको प्रयोग गरी किलोग्राम र ग्रामसम्बन्धी जोड र घटाउको धारणा प्रष्ट पार्ने र जोड तथा घटाउ गर्ने तरिकाको सम्बन्धमा छलफल गराई अभ्यास गराउने | ▪ किलोग्राम र ग्रामलाई एकआपसमा रूपान्तर गर्ने<br>▪ किलोग्राम र ग्रामसम्बन्धी जोड र घटाउसम्बन्धी समस्या समाधान गर्ने | |
| | | ३.६. परिमिति, क्षेत्रफल र आयतन<br>▪ वर्गाकार कोठाहरू प्रयोग गरेर आयतकार सतहको क्षेत्रफल र परिमिति | ▪ सहकार्य सिप<br>▪ निर्णय तथा समस्या समाधान सिप | ▪ वर्गाकार कोठाहरू गनेर आयताकार सतहको क्षेत्रफल निकाल्ने सम्बन्धमा छलफल गराई प्रशस्त क्रियाकलाप गराउने<br>▪ आयताकार सतहका लम्बाइ र चौडाइतिरका वर्गाकार कोठाहरू गनेर आयताकार सतहको परिमिति निकाल्ने सम्बन्धमा छलफल गराई तत्सम्बन्धी क्रियाकलापहरू गराउने | ▪ समूह छलफल तथा कार्यको अवलोकन ।<br>▪ आयताकार सतहलाई वर्गाकार कोठाहरू बनाई क्षेत्रफल निकाल्ने ।<br>▪ वर्गाकार कोठाहरूमा विभाजन गरिएको आयताकार सतहको चित्रबाट आयतको परिमिति निकाल्ने। | ४ |
| ४ | समूह | ▪ गुणका आधारमा वस्तुहरूको वर्गीकरण<br>▪ वस्तुहरूको सङ्कलन र समूह निर्माण | ▪ निर्णय तथा समस्या समाधान सिप<br>▪ सहकार्य सिप | ▪ नमिल्ने छुट्याउने (odd one out) खेलको प्रयोग गरी दिइएका धेरै वस्तुहरूको समूहबाट समान गुणहरूको आधारमा वस्तु चिनेर छुट्याउन लगाउने, समान गुण भएका समूहका सदस्यको नाम भन्न लगाउने ।<br>▪ वस्तुहरूको सङ्कलन गरी समान गुणको आधारमा समूहको सूची बनाउने जस्ता समूह कार्य गर्न | ▪ धेरै वस्तुहरूको समूह दिई समान गुणका आधारमा वस्तु छुट्याउने ।<br>▪ समूहहरू दिएर समूहका सदस्य हो होइन भनी प्रश्नोत्तर<br>▪ वस्तुहरूको सङ्कलन गरी समान गुणको आधारमा समूह निर्माण गर्ने जस्ता परियोजना कार्य | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | लगाई सङ्कलित वस्तुको समान गुणका आधारमा समूहका सदस्यको सूची निर्माण गर्न लगाउने | | |
| ५ | तथ्याङ्कशास्त्र | ५.१. बिल र बजेट<br>▪ बिल हेरी सूचना लिन र दिन | ▪ निर्णय तथा समस्या समाधान सिप<br>▪ सञ्चार सिप | ▪ बजारमा पाइने बिलहरूको नमुना देखाएर सामानको नाम, मूल्य र सङ्ख्याको सूचना लिन र दिन लगाउने | ▪ सम्वाद विधिबाट बजारमा पाइने बिलहरूको मूल्य र सङ्ख्याहरू भन्ने | ५ |
| | | ५.२. तथ्याङ्क<br>▪ दिइएको स्तम्भचित्रबाट जानकारी | ▪ निर्णय तथा समस्या समाधान सिप<br>▪ सञ्चार सिप | ▪ कक्षाकोठामा साधारण तथा बहु स्तम्भचित्र देखाएर सामानको नाम र सङ्ख्याको जानकारी लिन र दिन लगाउने | ▪ प्रश्नोत्तर विधिबाट स्तम्भचित्र देखाई समानको नाम र सङ्ख्याको सूचना भन्ने | १० |
| ६ | बीजगणित | ६.१. अभिव्यञ्जक<br>▪ कोठा सङ्केत प्रयोग गरी जोड, घटाउ, गुणन र भाग<br>▪ चल र अचल राशि | ▪ सिकाइ तथा समस्या समाधान सिप<br>▪ प्रयोग सिप | ▪ अवलोकन विधि र बारम्बार अभ्यास विधि (Hit and Trail Method) बाट कोठा सङ्केत प्रयोग भएका जोड र घटाउ, गुणन र भाग क्रिया सम्मिलित समस्याहरूमा छलफल गराउने<br>▪ क्यालेन्डरको प्रयोग गरी वर्षका महिनामा हुने दिनको सङ्ख्या तथा यस्तै फरक फरक मान हुने समस्यामा छलफल गराएर चल राशिको पहिचान सम्बन्धमा छलफल गराउने | ▪ कोठा सङ्केतबाट जोड, घटाउ, गुणन र भाग प्रयोग भएका समस्या हल गर्ने<br>▪ उदाहरण दिएर चल र अचल राशि चिन्ने | २५ |

**कक्षा ५**

| क्र.स | विषयवस्तुको क्षेत्र | विषवस्तुको विस्तृतीकरण | सम्भावित व्यवहारकुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | ज्यामिति | १.१. रेखा र कोणहरू<br>■ ०°- १८०° का कोणहरू ( ५° ५° को फरकमा कोणहरू)<br>■ दिइएका त्रिभुज र चतुर्भुजका कोणहरू ( कोणको नाप ० र ५ मा अन्त्य हुने कोण)<br>■ समकोण अधिक कोण र न्यूनकोण | ■ रचनात्मक सोचाइ सिप<br>■ सहकार्य सिप | ■ चाँदको प्रयोग गरेर कोणहरू खिच्न र नाप्न लगाउने (५° डिग्रीको फरकमा)<br>■ चाँदको प्रयोग गरेर त्रिभुज र चतुर्भुजका भित्री कोणहरू नाप्न लगाउने<br>■ समूहमा फरक फरक कोणहरू दिई चाँद र सेट स्क्वायरको प्रयोग गरेर कोणहरू नापेर ९०° भन्दा ठुलो वा सानो छुट्याउन लगाउने | ■ चाँदको प्रयोग गरी कोणहरू खिच्न र नाप्ने<br>■ दिइएका त्रिभुज र चतुर्भुजका भित्री कोणहरू नाप्ने<br>■ कोणहरू नापेर तिनीहरूको वर्गीकरण गर्ने<br>■ चाँदको प्रयोगबाट समकोण, अधिक कोण र न्यूनकोण खिच्ने | १९ |
| | | १.२. ठोस वस्तुका आकारहरू<br>■ ठोस वस्तुहरूका शीर्षबिन्दु, किनारा र सतहको गणना | ■ सहकार्य सिप<br>■ निर्णय तथा समस्या समाधान सिप | ■ कक्षामा विद्यार्थीहरूलाई समूहमा विभाजन गरी एक एकओटा ठोस आकृति वा खोका नमुना उपलब्ध गराई त्यसमा भएका विभिन्न भागहरू गणना गरी लेख्न लगाउने | ■ कक्षा क्रियाकलापको अवलोकन<br>■ ठोस आकृतिहरू वा खोका नमुनाहरूका विभिन्न भागहरू गणना गर्ने | ६ |
| २ | अङ्कगणित | २.१. सङ्ख्याको ज्ञान<br>■ आठ अङ्कसम्मका सङ्ख्याहरूको हिन्दुअरेबिक सङ्ख्याङ्कन पद्धति ( सङ्ख्याङ्क र अक्षरमा )<br>■ अन्तर्राष्ट्रिय पद्धतिअनुसार सात अङ्कसम्मका सङ्ख्याहरू | ■ सिकाइ सिप,<br>■ प्रयोग सिप<br>■ सहकार्य सिप | ■ सङ्ख्याचार्ट वा गोजी तालिकाको प्रयोग गरी राष्ट्रिय वा अन्तर्राष्ट्रिय पद्धतिअनुसार विभिन्न सङ्ख्याहरूको स्थान र स्थानमान पहिचान गरी पढ्न लगाउने र लेख्न लगाउने<br>■ जोडीमा सङ्ख्यापत्ती र अक्षरपत्ती दिई सङ्ख्यालाई अक्षरमा र अक्षरलाई सङ्ख्यामा पढ्न र लेख्न लगाउने<br>■ आगमन विधिको प्रयोग गरी करोडभन्दा माथिका सङ्ख्याहरूको ढाँचालाई अध्ययन गरी लेख्न र पढ्न लगाउने | ■ कक्षाकार्यको अवलोकन<br>■ सङ्ख्याहरू दिएर स्थानमान तालिकामा प्रस्तुत गर्न लगाई पढ्ने र लेख्ने<br>■ अङ्कलाई अक्षरमा र अक्षरलाई अङ्कमा लेख्ने | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ▪ 1000 देखि 99000 सम्मका सङ्ख्यालाई नजिकको सय र हजारमा शून्यान्त | ▪ सिकाइ सिप र प्रयोग सिप | ▪ सङ्ख्या रेखाको माध्यमबाट विभिन्न सङ्ख्याहरूलाई नजिकको सय र हजारको स्थानमा शून्यान्त गर्न लगाउने | ▪ कक्षाकार्यको अवलोकन<br>▪ शून्यान्तसम्बन्धी रिले खेल जस्ता खेल खेल्ने<br>▪ सङ्ख्याको शून्यान्तसम्बन्धी समस्या समाधान गर्ने | |
| | | ▪ १ देखि १०० सम्मका रूढ र संयुक्त सङ्ख्या<br>दुई अङ्कसम्मका सङ्ख्याको रूढ गुणनखण्ड | ▪ सिकाइ सिप र प्रयोग सिप | ▪ इराटोस्थेनीको चाल्नो (Seive of Erathosthene's) तथा factor table को प्रयोगबाट रूढ तथा संयुक्त सङ्ख्या छुट्याउन लगाउने<br>▪ लगातार भाग विधि र वृक्षचित्र विधिबाट दुई अङ्कसम्मका सङ्ख्याहरूको रूढ गुणनखण्ड निकाल्न लगाउने | ▪ कक्षाकार्यको अवलोकन<br>▪ Prime up जस्ता खेलबाट रूढ तथा संयुक्त सङ्ख्या छुट्याउने ।<br>▪ सङ्ख्याहरूको रूढ गुणनखण्ड निकाल्ने | |
| | | २.२. गणितका आधारभूत क्रियाहरू | | | | ५ |
| | | (क) सरलीकरण<br>जोड, घटाउ, गुणन र भाग प्रयोग भएका साङ्ख्यिक तथा व्यावहारिक समस्या | ▪ प्रयोग सिप | ▪ जोड, घटाउ, गुणन र भाग क्रिया प्रयोग भएका सरल व्यावहारिक समस्यालाई छलफल र अभ्यासद्वारा गणितीय वाक्यमा लेख्न लगाई सरल गर्न लगाउने | ▪ शिक्षण सिकाइका क्रममा कक्षाकार्यको अबलोकन<br>▪ जोड, घटाउ, गुणन र भाग प्रयोग भएका समस्याहरू दिएर सरल गर्ने | |
| | | २.३. भिन्न<br>▪ उपयुक्त, अनुपयुक्त र मिश्रित भिन्न<br>▪ तीनओटा सम्मको मिश्रित भिन्नको जोड घटाउ | ▪ सिकाइ सिप, प्रयोग सिप र समालोचनात्मक सोचाइ सिप | ▪ उपयुक्त, अनुपयुक्त र मिश्रित भिन्नका उदाहरणहरू दिएर समूहमा छलफल गराई उपयुक्त, अनुपयुक्त र मिश्रित भिन्नको परिचय दिने र छुट्याउन लगाउने<br>▪ ट्रान्सपरेन्सी सिटको प्रयोग गरी जोड र घटाउसम्बन्धी समस्या हल गर्न लगाउने | ▪ कक्षाकार्यको अवलोकन<br>▪ विभिन्न प्रकारका भिन्नहरू दिएर त्यसबाट उपयुक्त, अनुपयुक्त र मिश्रित भिन्न छुट्याउने<br>▪ भिन्नको जोड र घटाउसम्बन्धी व्यवहारिक समस्यालाई समाधान गर्ने | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २.४. दशमलव<br>■ दशमलव र भिन्नको रूपान्तरण<br>■ तीन स्थानसम्म स्थान आउने गरी दशमलव सङ्ख्याको जोड र घटाऊ | ■ सिकाइ सिप र प्रयोग सिप | ■ केही भागमा छाया पारेको चित्रहरू प्रदर्शन गरी समूह छलफलबाट दशमलव र भिन्नलाई एकआपसमा रूपान्तर गर्न लगाउने<br>■ व्यावहारिक समस्याहरूको छलफलबाट दशमलव सङ्ख्याको जोड र घटाउसम्बन्धी समस्यालाई समाधान गर्न लगाउने | ■ विद्यार्थीहरूले समूहमा गरेको छलफल तथा कक्षाकार्यको अवलोकन<br>■ दशमलव र भिन्नलाई एक अर्कामा रूपान्तरण गर्ने<br>■ दशमलव सङ्ख्याको जोड र घटाउसम्बन्धी समस्याहरू समाधान गर्ने | ८ |
| | | २.५. प्रतिशत<br>■ भिन्न र प्रतिशतको रूपाान्तरण | ■ प्रयोग सिप<br>■ सिकाइ तथा समस्या समाधान सिप | ■ भिन्न र प्रतिशतसम्बन्धी नमूना, चित्र वा चार्टहरू देखाएर भिन्न र प्रतिशतलाई एकआपसमा रूपान्तरण गर्न लगाउने | ■ भिन्नलाई प्रतिशतमा र प्रतिशतलाई भिन्नमा रूपान्तर गर्ने | ५ |
| ३ | नाप | ३.१. समय<br>■ समयका एकाइहरूको गुणन र भाग<br>– वर्ष र महिना<br>– दिन र घण्टा<br>– घण्टा र मिनेट<br>– हप्ता र दिन | ■ निर्णय तथा समस्या समाधान सिप<br>■ सहकार्य सिप | ■ दैनिक जीवनका समस्याहरूको खोजी गरी छलफल विधि र समस्या समाधान विधिबाट समयका एकाइहरूको गुणन र भाग गर्न लगाउने | ■ समयका एकाइहरूको गुणन र भाग गर्नेसम्बन्धी कक्षाकार्य वा गृहकार्य | ५ |
| | | ३.२. दुरी<br>■ मिलिमिटर र सेन्टिमिटर, सेन्टिमिटर र मिटर, मिटर र किलोमिटरसम्बन्धी सरल गुणन र भाग | ■ निर्णय वा समस्या समाधान सिप<br>■ सहकार्य सिप<br>■ सञ्चार सिप | ■ विद्यार्थीहरूलाई आफ्ना वरपरका वस्तुहरूको लम्बाइ पत्ता लगाएर मिमि, सेमि, मि वा किमिमा लेख्न लगाई दुई स्थानका दुरीहरूलाई गुणन र भाग गर्न लगाउने<br>■ दुरीका एकाइहरू प्रयोग भएका सरल समस्याहरूको गुणन र भाग गर्ने सम्बन्धमा छलफल गरी समस्या हल गर्न लगाउने | ■ कक्षाकार्य वा छलफलमा सहभागिताको अवलोकन<br>■ सम्बद्ध विषयवस्तुमा प्रश्नोत्तर<br>■ कक्षाकार्य<br>■ दुरीका एकाइहरू समावेश भएका गुणन र भाग सम्बन्धी समस्याहरूको हल | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३.३. क्षमता<br>▪ मिलिलिटर र लिटरको गुणन र भाग | ▪ सहकार्य सिप<br>▪ निर्णय तथा समस्या समाधान सिप | ▪ विभिन्न क्षमताका भाँडाहरूको प्रयोग गरी लिटर र मिलिलिटरको गुणन र भागको धारणा प्रस्ट पार्ने र गुणन तथा भाग गर्ने तरिकाको बारेमा छलफल गराई अभ्यास गराउने | ▪ कक्षाकार्यका आधारमा मूल्याङ्कन गर्ने<br>▪ लिटर र मिलिलिटरको गुणन र भागसम्बन्धी समस्या समाधान गर्ने । | ५ |
| | | ३.४. तौल<br>▪ ग्राम र किलोग्राम को गुणन र भाग गर्न<br>▪ किलोग्राम र क्विन्टलको सम्बन्ध | ▪ सहकार्य सिप<br>▪ निर्णय तथा समस्या समाधान सिप | ▪ तराजुको प्रयोग गरी किलोग्राम र ग्रामसम्बन्धी गुणन र भागको धारणा प्रष्ट पार्ने र गुणन तथा भाग गर्ने तरिकाको बारेमा छलफल गराई अभ्यास गराउने<br>▪ किलोग्राम र क्विन्टलको सम्बन्ध र रूपान्तरणको बारेमा छलफल गराई रूपान्तर गर्न लगाउने | ▪ समूह छलफल तथा कार्यमा सहभागिता र कार्यको स्तर अवलोकन<br>▪ किलोग्राम र ग्रामसम्बन्धी गुणन र भागका समस्या समाधान गर्ने<br>▪ किलोग्राम र क्विन्टललाई एकआपसमा रूपान्तर गर्ने | ६ |
| | | ३.५. परिमिति, क्षेत्रफल र आयतन<br>▪ लम्बाइ र चौडाइको आधारमा आयताकार सतहको, क्षेत्रफल र परिमिति<br>▪ षड्मुखा (Cuboids) को लम्बाइ, चौडाइ र उचाइतिरको एकाइ घनहरूको सङ्ख्याको गणनाको आधारमा आयतन | ▪ सहकार्य सिप<br>▪ निर्णय तथा समस्या समाधान सिप | ▪ दिइएको आयताकार सतहको क्षेत्रफलबाट लम्बाइ र चौडाइतिरका वर्गाकार कोठा गनेर लम्बाइ वा चौडाइ पत्ता लगाई आयताकार सतहको क्षेत्रफल पत्ता लगाउने सम्बन्धमा छलफल गराउने र क्षेत्रफल निकाल्न लगाउने<br>▪ चित्र बनाई तथा वस्तु लिई परिमिति निकाल्नेबारे छलफल गराउने र परिमिति निकाल्न लगउने<br>▪ दिइएको लम्बाइ र चौडाइबाट क्षेत्रफल निकाल्नेबारे छलफल गर्ने र निकाल्न लगाउने ।<br>▪ एकाइ घनहरूको प्रयोग गरेर षड्मुखाहरू बनाउन लगाई तथा आलु, साबुन आदि वस्तुहरूबाट षड्मुखाकार वस्तुहरू बनाई एकाइ | ▪ रुजुसूची वा रुब्रिक्सको प्रयोग गरी विद्यार्थीको कार्यसम्पादन स्तरको मूल्याङ्कन गर्ने ।<br>▪ लम्बाइ र चौडाइका आधारमा आयताकार सतहको क्षेत्रफल तथा परिमिति पत्ता लगाउने समस्या समाधान गर्ने<br>▪ एकाइ घनहरूको प्रयोग गरेर बनाइएको षडमुखाको लम्बाइ, चौडाइ र उचाइतिरको एकाइ घनहरूको सङ्ख्याको गणना गरेर ती सङ्ख्याहरूको गुणनफल निकाली आयतन पत्ता लगाउने समस्या समाधान गर्ने | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | घनहरूमा विभाजन गरेर षड्मुखाको लम्बाइ, चौडाइ र उचाइतिरको एकाइ घनहरूको सङ्ख्याको गणना गरेर ती सङ्ख्याहरूको गुणनफल निकाली आयतन पत्ता लगाउने क्रियाकलापहरू गराउने | | |
| ४ | समूह | ▪ समूहको सङ्केतीकरण<br>▪ समूह जनाउने तरिकाहरू (व्याख्यान विधि र सूचीकरण विधि) | ▪ निर्णय तथा समस्या समाधान सिप<br>▪ सहकार्य सिप | ▪ विद्यार्थीलाई हप्ताका बारहरू, वर्षका महिनाहरू, परिवारका सदस्यहरू आदि जस्ता समूहका सदस्यहरूको सूची तयार गरी समूह सङ्केतमा लेख्ने जस्ता समूह कार्य दिने समूहलाई सङ्केतीकरण गर्न लगाउने<br>▪ वस्तुका समूहहरू निर्माण गरी समूहलाई व्याख्यान विधि वा सूचीकरण विधिमा लेख्न लगाउने | ▪ समूह कार्यको अवलोकन<br>▪ विषयवस्तु सम्बद्ध प्रश्नोत्तर<br>▪ समूहलाई समूह सङ्केतमा लेख्नेसम्बन्धी कक्षाकार्य वा गृहकार्य<br>▪ वस्तुको समूहहरूको सङ्कलन गरी त्यसलाई व्याख्यान विधि र सूचीकरण विधिमा लेख्ने जस्ता समूह कार्य | १० |
| ५ | तथ्याङ्कशास्त्र | ५.१. बिल र बजेट<br>▪ बिल<br>साधारण बजेट हेरी सूचना | ▪ निर्णय तथा समस्या समाधान सिप<br>▪ सञ्चार सिप | ▪ चलन चल्तिमा पाइने सामानका बिल देखाएर जानकारीको छलफल गर्ने र घरायसी खर्चको बिल तयार गर्न लगाउने<br>▪ साधारण बजेट देखाएर बजेट शीर्षक, मूल्य र यससम्बन्धी जानकारीको छलफल गर्ने | ▪ चलन चल्तिमा पाइने सामानका बिल तयार गर्ने<br>▪ साधारण बजेट देखाएर बजेट शीर्षक र मूल्यसम्बन्धी जानकारी भन्न र लेख्ने | ५ |
| | | ५.२. तथ्याङ्क<br>▪ दिइएको वा सङ्कलन गरिएको तथ्याङ्कको तालिका<br>▪ वर्गाङ्कत कागजको प्रयोग गरी स्तम्भचित्र | ▪ निर्णय तथा समस्या समाधान सिप<br>▪ सिर्जनात्मक सोचाइ सिप | ▪ सामाजिक जीवनका वस्तु र मूल्य प्रयोग हुने तथ्याङ्क सङ्कलन गर्न लगाई तालिका बनाउने र यससम्बन्धी छलफल गर्ने ।<br>▪ वर्गाङ्कित कागजको प्रयोग गरी कक्षाकेठामा वस्तुसङ्ख्या र मूल्य प्रयोग हुने स्तम्भचित्र बनाउने र यस सम्बन्धमा छलफल गर्ने | ▪ सामाजिक जीवनका वस्तु र मुल्य प्रयोग हुने तथ्याङ्क संकलन गरी तालिका बनाउने जस्ता परियोजना कार्य<br>▪ वर्गाङ्कित कागजको प्रयोग गरी वस्तुसङ्ख्या र मूल्य प्रयोग हुने स्तम्भचित्र बनाउने जस्ता परियोजना कार्य | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | बीजगणित | ६.१. अभिव्यञ्जक<br>▪ बीजीय पद र बीजीय अभिव्यञ्जकको परिचय<br>▪ सजातीय तथा विजातीय पदहरू<br>▪ तीन पदसम्मका सजातीय पदहरूको जोड र घटाउ | ▪ सिकाइ तथा समस्या समाधान सिप<br>▪ प्रयोग सिप | ▪ सिक्का, थैली, झोला किताब, पद र अभिव्यञ्जक लेखिएका पत्ती प्रयोग गरी छलफल र प्रश्नोत्तर विधिबाट बीजीय पद र अभिव्यञ्जक पहिचान गर्न लगाउने<br>▪ उही अक्षरहरू लेखिएका कार्डहरू र फरक अक्षर भएका कार्डहरूको समूह बनाई सजातीय पदहरू तथा विजातीय पदहरू छुट्याउन लगाउने<br>▪ एकै किसिमका सामग्रीहरू (जस्तै: कापीलाई कापीसँग)लाई जोड्न र घटाउन लगाएर सजातीय पदहरूको जोड र घटाउसम्बन्धी समस्या छलफल गराउने | ▪ बीजीय पद र अभिव्यञ्जक पहिचान गर्ने<br>▪ हो कि होइन खेलको माध्यमबाट सजातीय र विजातीय पद छुट्याउन<br>▪ समान किसिमका सामान प्रयोग गरी सजातीय पदहरूको जोड र घटाउ गर्ने कक्षाकार्य | १५ |
| | | ६.२. समीकरण, असमानता र ग्राफ<br>▪ बराबरी तथ्य<br>▪ जोड, घटाउ, गुणन भागमध्ये एउटा क्रिया मात्र समावेश भएका एक चलयुक्त समीकरण | ▪ सिकाइ तथा समस्या समाधान सिप<br>▪ प्रयोग सिप | ▪ ग्रुभी पत्ती वा सन्तुलित डन्डीको प्रयोग गरी बराबरी तथ्य छलफल गराउने<br>▪ तराजुको प्रयोग गरी छलफल र प्रदर्शन विधिबाट समीकरणको हल गराउने | ▪ बराबरी तथ्य प्रयोग गरी समीकरण हल गर्ने | १० |

## ५. प्रयोगात्मक/परियोजना कार्यका लागि सम्भावित क्रियाकलापहरू

**कक्षा ४**

<table>
<tr><th>क्र. सं.</th><th>विषय क्षेत्र</th><th>सम्भावित परियोजना कार्य</th></tr>
<tr><td>१</td><td>ज्यामिति</td><td>१. आफ्नो वरपर तथा समाजमा पाइने ठोसवस्तुहरू (जस्तैः घन र षड्मुखा) सङ्कलन गरी तिनीहरूको भागको नाम सम्बन्धमा साथीहरूसँग छलफल गर्नुहोस् र तिनीहरूको चित्र पनि कोर्नुहोस् ।<br>२. स्थानीय स्तरमा पाइने सामानहरूको प्रयोग (जस्तैः काठ, प्लाइउड, बाँस आदि)बाट चाँदको मोडेल बनाउनुहोस् र कोणहरू कसरी बढ्दो क्रममा राखिन्छन् भनी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>३. स्थानीय स्तरमा पाइने सामानको प्रयोग गरी स्केल निर्माण गरी मापाङ्कन गर्नुहोस् ।</td></tr>
<tr><td>२</td><td>अङ्कगणित</td><td>४. सङ्ख्या पत्ती र त्यससँग सम्बन्धित अक्षरपत्ती बनाई कार्डबोर्ड पेपरमा दुई कोलममा एकापट्टि सङ्ख्या पत्ती र अर्को पट्टि अक्षर पत्ती टाँसेर कक्षाकोठामा सबैले देख्ने स्थानमा टाँस्नुहोस् ।<br>५. भिन्नका चित्रात्मक मोडेलहरू निर्माण गर्नुहोस् ।<br>६. ट्रान्सपरेन्ट सिटको प्रयोग गरी दुईओटा समान हर भएका भिन्नको जोड र घटाउ गरेर चित्रबाट देखाउनुहोस् ।<br>७. १ देखि १० सम्मको गुणन तालिका बनाई कुनै १० ओटा समतुल्य भिन्नहरू लेखेर कक्षाकोठामा प्रस्तुत गर्नुहोस् :
<table>
<tr><td>चित्र नं.</td><td>भिन्न</td><td>दशमलव</td><td>प्रतिशत</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
८. वर्गाङ्कित ग्रिडमा दशांश र सयांशसम्बन्धी चित्रहरू बनाई भिन्न, दशमलव र प्रतिशतमा लेखिएको चार्ट बनाउनुहोस् ।</td></tr>
<tr><td>३</td><td>नाप</td><td>९. तपाईंको दैनिक क्रियाकलाप (जस्तैः सुत्ने, खाने, पढ्ने, खेल्ने आदि)मा लाग्ने समयको तालिका निर्माण गर्नुहोस् ।<br>१०. ठुलो कोठाहरू भएको ग्राफ पेपरमा एउटा आयत र एउटा वर्ग खिच्नुहोस् र कोठा गनेर क्षेत्रफल पत्ता लगाउनुहोस् र चार्टमा टाँसी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>११. मेजरिङ् टेपबाट विद्यालयको फुटबल खेल्ने चउर मिटरमा नाप्नुहोस् र यसलाई सेन्टिमिटर र किलोमिटरमा रूपान्तर गर्नुहोस् र साथीहरूसँग छलफल गर्नुहोस् ।</td></tr>
<tr><td>४</td><td>समूह</td><td>१२. वस्तुहरूको सङ्कलन गरी समान गुणका आधारमा समूहका सदस्यहरू स्पष्ट हुने गरी समूह बनाउनुहोस् र आफूले बनाएको समूहलाई कार्डबोर्ड पेपरमा लेखी साथीहरूसँग छलफल गर्नुहोस् ।</td></tr>
<tr><td>५</td><td>तथ्याङ्कशास्त्र</td><td>१३. आफ्नो वरपर रहेका पसल, संस्थाहरूमा गई बिलहरू सङ्कलन गर्नुहोस् र यसबाट लिन सकिने सूचनाको सूची बनाउनुहोस् ।<br>१४. तिम्रो विद्यालय वरपर वा पुस्तकालय अध्ययन गरी तीनओटा स्तम्भ चित्रहरूहरूको फोटो लिई कार्डबोर्ड पेपरमा टाँस गर्नुहोस् र त्यसबाट प्राप्त जानकारीहरू टिपोट गरी कक्षामा साथीहरूसँग छलफल गर्नुहोस् ।</td></tr>
<tr><td>६</td><td>बीजगणित</td><td>१५. चल र अचल राशिको सूची बनाउनुहोस् ।</td></tr>
</table>

**कक्षा ५**

<table>
<tr><th>क्र. सं.</th><th>विषय क्षेत्र</th><th>सम्भावित परियोजना कार्य</th></tr>
<tr><td>१</td><td>ज्यामिति</td><td>१. आफ्नो वरपर र समाजमा पाइने ठोसवस्तुहरू (जस्तैः घन र षड्मुखा) जम्मा पारी तिनीहरूको भाग लेखी शीर्षविन्दु, सतह र किनाराको सङ्ख्यासमेत लेख्नुहोस् :
<table>
<tr><td>क्र. सं.</td><td>वस्तुको नाम</td><td>किनारा</td><td>शीर्षबिन्दुहरूको</td><td>सतहहरूको</td></tr>
</table></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td><table><tr><td></td><td></td><td>सङ्ख्या</td><td>सङ्ख्या</td><td>सङ्ख्या</td></tr><tr><td></td><td></td><td></td><td></td><td></td></tr></table>२. चार्ट पेपरमा एउटा चतुर्भुजको चित्र बनाई त्यसका कोणहरूको नाप पत्ता लगाई प्रस्तुत गर्नुहोस् ।</td></tr>
<tr><td>२</td><td>अङ्कगणित</td><td>३. इराटोस्थिनीको चाल्नो तयार गरी १ देखि १०० सम्मका रूढ सङ्ख्याहरू र संयुक्त सङ्ख्याहरू पत्ता लगाउनुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।<br>४. आफ्नो कक्षाका साथीहरूको नाम र रोलनम्बरको सूची तयार गरी रूढ रोल नम्बर र संयुक्त रोल नम्बरका आधारमा साथीहरूलाई दुई कोलोममा विभाजन गरी कार्डबोर्ड पेपरमा सूची तयार गर्नुहोस् ।<br>५. ट्रान्सपरेन्ट सिटको प्रयोग गरी दुई दुईओटा समान हर भएका  र असमान हर भएका भिन्नको जोड र घटाउ गरेर चित्रबाट देखाउनुहोस् ।</td></tr>
<tr><td>३</td><td>नाप</td><td>६. प्रयोगमा आएका विभिन्न नोटहरूको नमुना सङ्कलन गर्नुहोस् र त्यसलाई कार्डबोर्ड पेपरमा टाँसी प्रस्तुत गर्नुहोस् । जम्मा कति रुपियाँ भयो साथीसँग छलफल गर्नुहोस् ।<br>७. तपाइँको कक्षाकोठाको लम्बाइ, चौडाइ र उचाइ मेजरिङ टेपले नाप्नुहोस् र कापीमा टिपोट गर्नुहोस् । त्यसपछि सो कोठाको क्षेत्रफल र आयतन निकाली कक्षाकोठामा प्रस्तुत गर्नुहोस् :<table><tr><td>लम्बाइ</td><td>चौडाइ</td><td>उचाइ</td><td>क्षेत्रफल</td><td>आयतन</td></tr><tr><td></td><td></td><td></td><td></td><td></td></tr></table>८. आफनो किताबको लम्बाइ र चौडाइ नापेर क्षेत्रफल र परिमिति पत्ता लगाउनुहोस् ।<br>९. कार्टुन बक्स सङ्कलन गरी तिनीहरूको लम्बाइ, चौडाइ र उचाइ मेजरिङ टेप प्रयोग गरेर नाप्नुहोस् र आयतन निकाल्नुहोस् ।</td></tr>
<tr><td>४</td><td>समूह</td><td>१०. पाँचओटा समूह निर्माण गरी व्याख्या बिधि र सूचीकरण विधिबाट प्रस्तुत गर्नुहोस् ।</td></tr>
<tr><td>५</td><td>तथ्याङ्कशास्त्र</td><td>११. आफ्नो घरमा किनेर ल्याएको  खाद्यवस्तुहरूको बिल तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् र यसको आधारमा लिन सकिने सूचनाको बारेमा साथीसँग छलफल गर्नुहोस् ।<br>१२. तिम्रो घरमा भएका महिला र पुरुषको सङ्ख्यालाई टिपोट गरी वर्गाङ्कित कागजमा स्तम्भचित्र बनाउनुहोस् ।</td></tr>
<tr><td>६</td><td>बीजगणित</td><td>१३. विभिन्न बीजीय पदहरू लेख्नुहोस् वा पाठ्यपुस्तकबाट  सङ्कलन गर्नुहोस् । कार्डबोर्ड पेपरमा तालिका बनाई सजातीय पदहरू र बिजातीय पदहरू छुट्टयाई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् :<table><tr><td>सजातीय पदहरू</td><td>बिजातीय पदहरू</td></tr><tr><td></td><td></td></tr></table>१४.  पाँचओटा समीकरण बनाउनुहोस र हल गरी चार्टपेपरमा  प्रस्तुत गर्नुहोस् ।</td></tr>
</table>

परियोजना/प्रयोगात्मक कार्य विषयवस्तुको प्रकृति, स्रोत साधनको उपलब्धता र उपयुक्तताको आधारमा व्यक्तिगत वा सामूहिक रूपमा गर्न सकिने छ । यी कार्यहरू सम्पादनपश्चात् कक्षाकोठामा प्रस्तुतीकरण गर्नुपर्ने छ । प्रस्तुतीकरणमा मौखिक, लिखित वा कम्प्युटर प्रविधिको प्रयोग गर्न सकिने छ । यहाँ दिइएका परियोजना कार्यहरू नमुना मात्र हुन् । शिक्षकले विषयवस्तुको प्रकृतिअनुसार विद्यार्थीहरूलाई अन्य परियोजना कार्यहरू गराउनुपर्ने छ ।

## ६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

यस पाठ्यक्रमले विद्यार्थीहरूमा गणितीय विषयवस्तुहरूको धारणा विकास गरी गणितीय सिपका साथै व्यवहारकुशल सिप विकासका लागि सहयोगात्मक, रचनात्मक, अन्वेषणात्मकलगायतका विधिहरूको माध्यमद्वारा सरलबाट जटिल तथा मूर्तबाट अमूर्तको क्रममा प्रस्तुत गर्दै क्रियाकलापमुखी सिकाइमा जोड दिनुपर्छ । कक्षा ४–५ मा क्रियाकलापमुखी सिकाइ क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

| क्र. सं. | विधि | विधि प्रक्रिया | गणितमा प्रयोग हुने सम्भावित पाठ |
|---|---|---|---|
| १ | आगमन विधि | ▪ सूचनाहरूको सङ्कलन, अवलोकन र निष्कर्ष<br>▪ अनुमान, विश्लेषण, पुष्टि र निष्कर्ष | ▪ गुणन र भाग<br>▪ बीजगणित<br>▪ भिन्न र प्रतिशत<br>▪ नापमा रूपान्तरणसम्बन्धी धारणा विकास<br>▪ क्षेत्रफल, परिमिति र आयतनसम्बन्धी सूत्रहरू |
| २ | भूमिका निर्वाह | ▪ सन्दर्भ र भूमिकाको बारेमा छलफल<br>▪ भूमिका बहन<br>▪ छलफल र निष्कर्ष | ▪ मुद्रा<br>▪ समय र नापको धारणा र प्रयोग<br>▪ भिन्न र दशमलवको धारणा विकास र शिक्षण |
| ३ | निर्माणात्मक कक्षा | ▪ मष्तिस्क मन्थन (Brain storming)<br>▪ पाठसम्बन्धी पूर्वज्ञानको पहिचान<br>▪ अन्तरक्रियात्मक कार्य ( वैयक्तिक चिन्तन, समूह कार्य, प्रश्नोत्तर)<br>▪ आवश्यकताअनुसार टेवा प्रदान<br>▪ विचार आदान प्रदान<br>▪ निष्कर्ष | ▪ रेखार कोणहरू<br>▪ बहुभुजहरू<br>▪ ठोस वस्तुहरू<br>▪ गणितीय आधारभूत क्रियाहरू<br>▪ बीजीय धारणा<br>▪ गुणन र भागका समस्याहरू समाधान<br>▪ प्रत्येक पाठको पुनरवलोकन |
| ४ | सहयोगात्मक कक्षा | ▪ समूह विभाजन<br>▪ समस्या र विषयवस्तु प्रस्तुति<br>▪ समूहमा छलफल<br>▪ ABC ढाँचा<br>(A= Anticipation, B = Building Knowledge, C = Consolidation ) | ▪ यसमा समूह कार्यको प्रस्तुति, विचार आदान प्रदान र निष्कर्ष निकाल्ने कार्य समावेश गर्न सकिन्छ (Think-Pair-Share, Jigsaw, Learning cafe, Reciprocal Teaching etc) । जस्तै : ठोस वस्तुका सतह, किनारा तथा शिर्षबिन्दुहरूको पहिचान<br>▪ गणितीय धारणा विकासका लागि सबै पाठमा उपयोग गर्न सकिन्छ । |
| ५ | छलफल र प्रश्नोत्तर | ▪ शिक्षक–विद्यार्थी, विद्यार्थी–शिक्षक, विद्यार्थी–विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । जस्तैः “यदि यस्तो भए ...“ जस्ता अवस्थाजन्य प्रश्नहरू गर्न सकिन्छ ।<br>(APPLE Technique अपनाउन सकिन्छ :<br>A: Ask question in | ▪ विद्यार्थीहरूमा कुनै पनि गणितीय धारणा निर्माण गर्नका लागि पूर्वज्ञान पहिचान, सिकाइको मूल्याङ्कन तथा सही धारणा निर्माणमा प्रयोग गर्न सकिन्छ ।<br>▪ गणितीय आधारभूत क्रियाहरू शिक्षण गर्न, ज्यामितीय धारणा (भुजा तथा कोणहरूको) विकास |

| | | | |
|---|---|---|---|
| | | whole class<br>P: Pause for a while<br>P: Pick a student<br>L: Listen answer carefully<br>E: Evaluate) | |
| ६ | अन्वेषण, अनुसन्धान तथा खोज | ▪ समस्या वा प्रश्नको प्रस्तुति<br>▪ गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल ग<br>▪ विद्यार्थीहरूद्वारा खोजी गरी<br>▪ निष्कर्ष निकाली प्रस्तुति र<br>▪ पृष्ठपोषण | ▪ कुनै पनि गणितीय विषयवस्तुलाई खोजी गर्नुपर्ने खालका प्रश्नहरू दिएर विद्यार्थीहरूलाई खोजी गर्न लगाई आवश्यक ज्ञान निर्माण । जस्तैः ठोस वस्तुका समतलीय सतहहरू पहिचान, प्रकृतिमा रहेका वस्तुहरू तथा अवस्थाहरूमा भिन्नको खोजी<br>▪ समतलीय आकृतिहरूका भागहरू |
| ७ | प्रविधियुक्त कक्षा | ▪ मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन (Visualize)<br>जस्तै : Mobile Apps को प्रयोग | ▪ ज्यामितीय आकृतिहरूलाई प्रविधिको माध्यमबाट दृश्याङ्कन गरी आकृतिहरूको विशेषताहरूका बारेमा छलफल<br>▪ गणितीय अन्तरक्रियात्मक प्रयोगहरूको प्रयोग गरी ज्यामितीय र बीजीय विषयवस्तुहरू शिक्षण |
| ८ | कथाकथन एवम् गीत | ▪ विषयवस्तुलाई कथाको रूपमा प्रस्तुत तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्ने | ▪ कुनै पनि गणितीय धारणाहरू सिकाउन सुरु गर्दा कथाकथन एवम् गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ । जस्तै : भिन्नको अवधारणा बसाउन, जोड र गुणनको सम्बन्ध स्पष्ट पार्न ।<br>▪ गणितीय प्रायः सबै बिषयवस्तुहरू शिक्षणमा प्रयोग गर्न सकिन्छ । |
| ९ | सिर्जनात्मक कार्य | ▪ चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरू | ▪ चित्रात्मक प्रस्तुतिद्वारा गणितीय धारणालाई व्यावहारिक रूपमा प्रदर्शन गर्ने । जस्तै : ज्यामितीय आकृतिहरूमा रङ भर्ने, रचना गर्ने, भिन्नको अवधारणा, भिन्नको जोड, घटाउ, दशमलव तथा प्रतिशतको अवधारणा सिकाउन |
| १० | समस्या समाधान विधि | ▪ समस्यालाई बुझ्ने<br>▪ योजना निर्माण<br>▪ योजना कार्यान्वयन<br>▪ अघिल्ला कार्यको पुनरवलोकन गर्ने र परिणामलाई जाँच्ने | ▪ दैनिक जीवनका सामान्य समस्याहरू पहिचान गरेर गणितीय ज्ञान र सिपको प्रयोग गरी छलफलमार्फत समाधान गर्न । जस्तै : गणितीय क्रियाहरू; जोड र घटाउ, गुणन, तथा भागमा आधारित समस्या<br>▪ समय र नापसम्बन्धी सबै समस्याहरू समाधान गर्न |
| ११ | खेल विधि | ▪ विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास | ▪ विभिन्न खेलहरूको माध्यमबाट गणितीय धारणाहरूसँग परिचित गराउन । जस्तैः<br>– स्किपिङबाट गन्ती (विद्यार्थीहरूलाई जोडीमा स्किपिङ खेल्न लगाएर पालैपालो एकले अर्कोको गन्ती गरी खेल्ने) जोर बिजोर, रूढ तथा संयुक्त सङ्ख्या सिकाउन सकिने<br>– स्थानमानमा आधारित खोपि खेल (तीनओटा घेरा |

| | | | |
|---|---|---|---|
| | | | बनाई शुन्य देखि ९ सम्मका अङ्कहरू लेखिएका गोटीहरू पालैपालो फाल्ने । त्यसपछि प्रत्येकको गोटीहरू परेको स्थानमान तालिकाबाट सङ्ख्या पत्ता लगाइ ठुलो सङ्ख्या आउनेलाई विजयी घोषित गर्ने) खेलाएर सङ्ख्यालाई स्थानमान तालिकामा लेख्ने, पढ्ने अभ्यास गराउन सकिने<br>– नजिक र टाढाको खेल (सङ्ख्या रेखामा बिद्यार्थीहरूलाइ उभिन लगाएर म्युजिक बजाई रोकिँदा नजिकको १०, २०, ... मा मात्र उभिने गरी म्युजिकल चेयर जस्तै गरी खेल खेलाउने) बाट शून्यान्तको धारणा दिन सकिने<br>– नमिल्ने छुट्याउने (odd one out), yes or no खेल (समूहमा विद्यार्थीहरूलाई मिल्ने र नमिल्ने वा हो कि होइन भनी सदस्यहरू वा सङ्ख्याहरू सोधेर हात उठाउने वा नउठाउने जस्ता खेलहरू खेलाउनेको प्रयोग गरी समूहको सदस्यता पहिचान, सजातीय बिजातीय पद पहिचान, जोर बिजोर, रूढ र संयुक्त सङ्ख्या आदि सिकाउन सकिने<br>– Prime up or cube up (prime up भनेपछि जब prime number आउँछ वा cube up भनेपछि cube number आउँछ अनि मात्र हात उठाउने) जस्ता खेलबाट रूढ तथा संयुक्त, घनमूल सङ्ख्या छुट्याउने लगाउन सकिन्छ ।<br>▪ समीकरण, असमानता र ग्राफ, बहुभुजहरूको पहिचान शिक्षण गर्न |
| १२ | प्रयोगात्मक विधि | ▪ कक्षाकोठाभित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट | ▪ प्रयोगात्मक कार्यका माध्यमबाट कुनै पनि गणितीय धारणाहरू निर्माण गराउन । जस्तै : गन्ती, जोड, घटाउ, गुणन, भाग, नाप, कोण, भुजा, बहुभुजहरू, रचना तथा समीकरणको हल आदि |

**विषय क्षेत्रका आधारमा केही शैक्षणिक सामग्रीहरूको सूची**

गणित एक व्यावहारिक र प्रयोगात्मक विषय हो । यस विषयलाई प्रयोगात्मक रूपमा सिकाइ क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरूमा गणितीय ज्ञान, सिप सिकाउन सामग्रीको प्रयोग अपरिहार्य छ । आधारभूत तह (कक्षा ४–५) मा गणित सिकाइका लागि उपयोगी केही नमुना सामग्रीहरूलाई क्षेत्रगत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

| क.स. | क्षेत्र | एकाइ | शैक्षणिक सामग्रीहरू |
|---|---|---|---|
| १ | ज्यामिति | रेखा र कोणहरू | ▪ धागो, जुस पाइप, सिन्काहरू, गहुँको छ्वाली, बाँसको सिन्का, जुस पाइप, वृत्तबोर्ड, मेकानो स्ट्रिप, तारबाट बनाउन सकिने विभिन्न कोणहरूको नमुना आदि<br>▪ तारहरू, जियोबोर्ड, ट्यानग्राम, विभिन्न स्थानीय ठोस वस्तुहरू<br>▪ धागो, चुरा, पाइपहरू, कचौरा, गिलासका पिँध वा आधार र घेरा, वृत्तबोर्ड, घर, परिवार वावातावरणमा पाइने वृत्ताकार नमुनाहरू आदि । |
| | | ठोस वस्तुहरू | ▪ भाँडावर्तन, बल, काठका टुक्राहरू, साबुन, ढुङ्गाहरू (विभिन्न स्थानीय ठोस वस्तुहरू) आदि |

| | | | |
|---|---|---|---|
| २ | अङ्कगणित | सङ्ख्याको ज्ञान ( पूर्ण सङ्ख्या) | ▪ सिन्काहरू, तारहरू, ढुङ्गाहरू आदि<br>▪ अङ्कचार्ट, गुणनचार्ट, एबाकस, गोजी तालिका, विभिन्न गणना गर्न मिल्ने वस्तुहरू भएका चार्टहरू आदि |
| | | सङ्ख्याको ज्ञान ( भिन्न, दशमलव र प्रतिशत) | ▪ काटेर टुक्रा पार्न सकिने वस्तुहरू, छाया पार्न प्रयोग गर्न सक्ने पारदर्शक कागजहरू, ग्राफ पेपरहरू, वृत्तबोर्ड, जियोबोर्ड आदि<br>▪ दशआधार ठोसहरू (Base ten blocks) आदि |
| | | गणितका आधारभूत क्रियाहरू र सरलीकरण | ▪ गहुँको छ्वाली, बाँसको सिन्का, काठका टुक्राहरू, गोजी तालिका, नेपिएर बोन, एबाकस आदि ।<br>▪ गुणन चार्ट<br>▪ दशआधार ठोसहरू (Base ten blocks) |
| ३ | नाप | समय, मुद्रा, दुरी, तौल र क्षमता | ▪ घडी, सिक्का र नोटहरू, रुलर, फित्ता, लठ्ठी, तराजु, ग्राफ पेपरहरू, जियोबोर्ड, घनाकार वस्तु, षड्मुखा, विभिन्न क्षमताका भाँडाहरू आदि |
| ४ | क्षेत्रमिति | परिमिति, क्षेत्रफल र आयतन | ▪ तार, धागो, सिन्काहरू, जियोबोर्ड, विभिन्न स्थानीय ठोस वस्तुहरू (नमुनाहरू) आदि |
| ५ | तथ्याङ्कशास्त्र | बिल र बजेट | ▪ बिल र बजेटका नमुनाहरू |
| | | स्तम्भ चित्र | ▪ बिलहरू, लब्धाङ्क पत्रहरू, तालिकाहरू स्तम्भ चित्रका नमुनाहरू आदि |
| ६ | समूह | समूह | ▪ विभिन्न स्थानीय सामग्रीहरू, ज्यामिति बक्स आदि |
| ७ | बीजगणित | बीजीय अभिव्यञ्जकहरू | ▪ पेपर कटिङहरू, विभिन्न दुई वा तीन आयामिक मोडेलहरू, बीजगणितीय नमुनाहरू, टायल, दश आधार ब्लकहरू आदि |
| | | समीकरण, असमानता र ग्राफ | ▪ तराजु, ग्राफपेपर, सन्तुलित डन्डी, नियम चार्ट आदि |

उल्लिखित विधि तथा सामग्रीहरू उदाहरणका रूपमा वा सामान्य पथप्रदर्शनका रूपमा मात्र प्रस्तुत गरिएको हो । परिस्थितिअनुसार उपयुक्त उपायहरू अपनाई शिक्षण सिकाइ क्रियाकलापलाई अझ प्रभावकारी बनाउनु आवश्यक हुन्छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची तथा श्रेणी मापन लगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग

हुन सक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नु पर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ ।

**निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग**

| क्र.स. | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स वा श्रेणी मापन | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य वा परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स वा श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ । |
| २ | व्यवहार अवलोकन फारम | गणितका प्रक्रियागत सिपहरूको मूल्याङ्कन, पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने सिप तथा तिनको प्रयोग र व्यवहारकुशल सिपको मापन गर्न रुजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ । |
| ३ | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तरका, प्रदर्शित व्यवहारकुशल सिपहरू पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्नुपर्ने छ । |
| ४ | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षा |
| ५ | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसअन्तर्गत पर्दछन् । यसको नतिजा अभिलेखीत गर्नुपर्ने भएमा शिक्षकको अभिलेखमा उल्लेख गर्नुपर्ने छ । |

विद्यार्थीको निर्णयात्मक मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त निश्चित अङ्कलाई आन्तरिक मूल्याङ्कनका रूपमा ५० प्रतिशत भार निर्धारित गरी बाँकी ५० प्रतिशत भारको अन्तिम परीक्षा सञ्चालन गरिने छ ।

**आन्तरिक मूल्याङ्कन**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलिखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. नं. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र कक्षाकार्यमा सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० |
| ३ | प्रयोगात्मक/परियोजना | १६ |
| ४ | त्रैमासिक परीक्षाहरू | १० |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी सहभागिताको स्तर, प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिको स्तर तथा प्रयोगात्मक/परियोजना कार्यको कार्यसम्पादन स्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ :

| क्र.स. | रेटिङ / आधार | उपलब्धिस्तरको सामान्य व्याख्या | | | | | स्तर |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट (Advanced) | उच्च (Proficient) | राम्रो (Above basic) | सामान्य (Basic) | कमजोर (Below basic) | |
| | | ५ | ४ | ३ | २ | १ | |
| १. | सहभागिता | कक्षामा सधैँ उपस्थित भएको र पूरा समय सिकाइमा सक्रिय सहभागी भएको | कक्षामा अधिकांश दिन उपस्थित भएको र सिकाइमा धेरै जसो सक्रिय सहभागी भएको | कक्षामा औसत दिन उपस्थित भएको र सिकाइमा धेरै जसो सक्रिय सहभागी भएको | कक्षामा औसत भन्दा कम दिन उपस्थित भएको र सिकाइमा सामान्य सहभागी भएको | कक्षामा थोरै दिन उपस्थित भएको र सिकाइमा सामान्य रूपमा सहभागी भएको | |
| २. | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | गणितीय सोचका साथ विषयवस्तुसम्बन्धी ज्ञान, सिपलाई दैनिक जीवनका समस्या समाधानमा प्रयोग गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान, सिपलाई विश्लेषणसहित दिइएका समस्या समाधानमा प्रयोग गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान, सिपलाई दिइएका समस्या समाधानमा प्रयोग गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान तथा अवधारणागत रूपमा स्पष्ट भएमा | विषयवस्तुसम्बन्धी सामान्य जानकारी भएको तर अवधारणागत रूपमा स्पष्ट नभएमा | |
| ३. | प्रयोगात्मक/ परियोजना कार्य | चरणबद्धरूपमा तोकिएकै समयमा कार्य सम्पन्न गरेको, समावेश गर्नु पर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | चरणबद्धरूपमा तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | चरणबद्धरूपमा तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरेको तर तथ्याङ्क व्यवस्थित नगरेको र समूहमा आफ्नो जिम्मेवारी धेरैजसो पूरा गरेको | चरणबद्धरूपमा कार्य गर्न केही कठिनाइ भएको, तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने कुराहरू व्यवस्थित रूपमा समावेश गर्न शिक्षकको आंशिक सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी कहिलेकाहीँ मात्र पूरा गरेको | चरणबद्धरूपमा कार्य सम्पन्न गर्न र समावेश गर्नुपर्ने सबै कुरा समावेश गर्न कठिनाइ भएको, कार्य सम्पन्न गर्नका लागि शिक्षकको पूर्ण सहयोग आवश्यक भएको र समूहमा पनि आफ्नो जिम्मेवारी पूरा नगरेको | |

**मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि मापनका आधार (नमुना)**

मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि पाँचओटा सूचक निर्धारण गरिएको हुनाले पुरा गरेका सूचक सङ्ख्याअनुसार नै अङ्क प्रदान गर्ने गरी रेटिङ गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्दा माथि ७.१ मा उल्लिखित निर्माणात्मक मूल्याङ्कनका साधनहरू प्रयोग गर्नुपर्ने छ ।

अन्य क्षेत्रको मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि मापनका आधार शिक्षकले आफैँ तयार गरी अङ्क प्रदान गर्नुपर्ने छ ।

**कक्षा : ५**

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | अङ्क |
|---|---|---|---|
| ज्यामिति | चाँदको प्रयोग गरी ०° देखि १८०° का ५ ले नि:शेष भाग जाने कोणहरू खिच्न र नाप्न | कोण बनेको बिन्दुमा ठिक्क मिल्ने गरी सिधा रेखारूखिचेर रचना गर्नुपर्ने आवश्यक नापको सफा र उपयुक्त नाप (size) को कोण रचना गरी नाप र नाम उल्लेख गर्न सकेमा तथा दिइएको कोणहरू र विभिन्न वस्तुहरूमा बनेका कोणहरूको सही नाप लिन सकेमा (५) | |
| | | कोण बनेको बिन्दुमा ठिक्क मिल्ने गरी सिधा रेखाहरू खिचेर रचना गर्नुपर्ने आवश्यक नापको सफा र उपयुक्त नाप (size) को कोण रचना गरी नाप र नाम उल्लेख गर्न सकेमा तथा दिइएको कोणहरूको सही नाप लिन सकेमा (४) | |
| | | कोण बनेको बिन्दुमा ठिक्क मिल्ने गरी सिधा रेखाहरू खिचेर रचना गर्नुपर्ने आवश्यक नापको उपयुक्त नाप (size) मा कोण रचना गरेको तर नाप र नाम उल्लेख नगरेको र चित्र केही फोहोर भएको तथा दिइएको कोणहरूको सही नाप लिन सकेमा (३) | |
| | | रचना गर्नुपर्ने आवश्यक नापको कोण भन्दा ५ डिग्रीसम्मको फरकमा रचना गरेको, नाप र नाम उल्लेख नगरेको, धेरै ठुलो वा धेरै सानो भएको र चित्र फोहोर भएको तथा दिइएको कोणहरूको नाप ५ डिग्री सम्मको फरकमा लिन सकेमा (२) | |
| | | कोण रचना गर्ने र नाप लिने तरिका मात्र बताउन सकेमा (१) | |
| | दिइएका त्रिभुज र चतुर्भुजका भित्री कोणहरू नाप्न | चाँदको प्रयोग गरी वरपरको त्रिभुजाकार र चतुर्भुजाकार वस्तुमा बनेका कोणहरू, आफैँ रचना गरेका तथा दिइएका त्रिभुज र चतुर्भुजका भित्री कोणहरू नाप्न सकेमा (५) | |
| | | चाँदको प्रयोग गरी दिइएका त्रिभुज र चतुर्भुजका भित्री कोणहरू नाप्न सकेमा (४) | |

| | | | |
|---|---|---|---|
| | | चाँदको प्रयोग गरी दिइएका त्रिभुज र चतुर्भुजका भित्री कोणहरूको नाप वास्तविक भन्दा दुईतीन डिग्रीसम्म फरक पारी नाप्न सकेमा (३) | |
| | | चाँदको प्रयोग गरी दिइएका त्रिभुज र चतुर्भुजका भित्री कोणहरूको नाप वास्तविकभन्दा ५ डिग्री फरकसम्म पारी नाप्न सकेमा (२) | |
| | | चाँदको प्रयोग गरी दिइएका त्रिभुज र चतुर्भुजका भित्री कोणहरू नाप्ने तरिका मात्र बताउन सकेमा (१) | |
| | समकोण, अधिक कोण र न्यूनकोण छुट्याउन । | सेट स्क्वायर र चाँदको प्रयोग गरी वरपरका वस्तुमा बनेका, आफैं रचना गरेका तथा दिइएका कोणहरू नापेर समकोण, अधिक कोण र न्यूनकोण छुट्याउन सकेमा (५) | |
| | | सेट स्क्वायर र चाँदको प्रयोग गरी दिइएका कोणहरू नापेर समकोण, अधिक कोण र न्यूनकोण छुट्याउन सकेमा (४) | |
| | | सेट स्क्वायर वा चाँदको प्रयोग गरी दिइएका कोणहरू नापेर समकोण, अधिक कोण र न्यूनकोण छुट्याउन सकेमा (३) | |
| | | सेट स्क्वायर वा चाँदको प्रयोग गरी दिइएका कोणहरू नाप्न सक्ने तर समकोण, अधिक कोण र न्यूनकोण छुट्याउन नसकेमा (२) | |
| | | सेट स्क्वायर र चाँदको प्रयोग गरी दिइएका कोणहरूको नाप लिने तरिका बताउन सकेमा (१) | |
| | घन तथा षड्मुखाको शीर्षबिन्दु, किनारा र सतहको गणना गर्न | वरपरका घनाकार तथा षडमुखाकार वस्तु, आफैंले घन तथा षड्मुखाको आकृति तथा खोक्रा नमुना निर्माण गरी तिनीहरूका शीर्षबिन्दु, किनारा र सतहको गणना गर्न सकेमा (५) | |
| | | आफैं दिइएका घन तथा षड्मुखाको आकृति तथा खोक्रा नमुनाको अवलोकन गरी तिनीहरूका शीर्षबिन्दु, किनारा र सतहको गणना गर्न सकेमा (४) | |
| | | साथीको सहयोगमा दिइएका घन तथा षड्मुखाको आकृति तथा खोक्रा नमुनाको अवलोकन गरी तिनीहरूका शीर्षबिन्दु, किनारा र सतहको गणना गर्न सकेमा (३) | |

| | | | |
|---|---|---|---|
| | | शिक्षकको पूर्ण सहयोगमा दिइएका घन तथा षड्मुखाको आकृति तथा खोक्रा नमुनाको अवलोकन गरी तिनीहरूका शीर्षबिन्दु, किनारा र सतहको गणना गर्न सकेमा (३) | |
| | | शिक्षकको आंशिक सहयोगमा दिइएका घन तथा षड्मुखाको आकृति तथा खोक्रा नमुनाको अवलोकन गरी तिनीहरूका शीर्षबिन्दु, किनारा र सतहको गणना गर्न सकेमा (१) | |

प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीहरूको कार्य सम्पादन तथा सिकाइस्तरअनुसार शिक्षकले विद्यार्थीहरूलाई थप सहयोग गर्नका लागि देहायका कार्य गर्नुपर्ने छ :

**विद्यार्थी कार्यसम्पादन तथा सिकाइ स्तरअनुसार विद्यार्थीलाई थप सहयोगका लागि गर्नुपर्ने कार्य**

| उत्कृष्ट (Advanced) | उच्च (Proficient) | राम्रो (Above basic) | सामान्य (Basic) | कमजोर (Below basic) |
|---|---|---|---|---|
| ५ | ४ | ३ | २ | १ |
| सहयोगात्मक सिकाइका लागि साथीहरूलाई सिकाउन मदत गर्ने एवम् स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिने | स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिने | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले आंशिक रूपमा सहयोग गर्ने तथा साथी समूहमा छलफल गर्न लगाउने | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्णरूपमा सहयोग गर्ने | अन्य विधि तथा सामग्री प्रयोग गरी थप क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्णरूपमा सहयोग गर्ने |

**मूल्याङ्कन अभिलेख**

उल्लिखित रेटिङका आधारमा विषयवस्तुको क्षेत्रअनुसारको उपलब्धिको अङ्कलाई देहायबमोजिम तालिकीकरण गर्नुपर्दछ :

(क) **मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर**

| क्र.सं. | विषयवस्तुको क्षेत्र | कक्षा ४/५ | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सिकाइ उपलब्धि सङ्ख्या | उपलब्धि स्तर (प्राप्ताङ्क = $\frac{\text{मुख्य सिकाइ उपलब्धिमा प्राप्त जम्मा अङ्क}}{\text{५} \times \text{मुख्य सिकाइ उपलब्धि सङ्ख्या}} \times$ भार) | | सिकाइ उपलब्धि सङ्ख्या | |
| | | | सहभागिता | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | | |
| १ | ज्यामिति | | | | | |
| २ | अङ्कगणित | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | नाप | | | | | |
| ४ | समूह | | | | | |
| ५ | तथ्याङ्कशास्त्र | | | | | |
| ६ | बीजगणित | | | | | |
| औसत उपलब्धि स्तर | | | | | | |

**(ख) प्रयोगात्मक/परियोजना कार्यको मूल्याङ्कन**

यस पाठ्यक्रमको खण्ड ५ मा उल्लिखित प्रयोगात्मक तथा परियोजना कार्यको कार्यसम्पादन स्तर मूल्याङ्कन गरी दिइएको तालिकामा उपलब्धिस्तरको अङ्क भर्नुपर्दछ।

| क्र.स. | विषयवस्तुको क्षेत्र | कक्षा ४ | | कक्षा ५ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्य | उपलब्धि स्तर $\left(\frac{\text{परियोजना कार्यमा प्राप्त जम्मा अङ्क}}{\text{५} \times \text{परियोजना कार्य सङ्ख्या}} \times \text{भार}\right)$ | कार्य | उपलब्धि स्तर $\left(\frac{\text{परियोजना कार्यमा प्राप्त जम्मा अङ्क}}{\text{५} \times \text{परियोजना कार्य सङ्ख्या}} \times \text{भार}\right)$ | |
| १ | ज्यामिति | | | | | |
| २ | अङ्कगणित | | | | | |
| ३ | नाप | | | | | |
| ४ | समूह | | | | | |
| ५ | तथ्याङ्कशास्त्र | | | | | |
| ६ | बीजगणित | | | | | |
| औसत उपलब्धि स्तर | | | | | | |

**(ग) त्रैमासिक परीक्षाहरूको प्राप्ताङ्क**

| क्र.स. | त्रैमासिक परीक्षा | प्राप्ताङ्क | भार | भारअनुसारको प्राप्ताङ्क (प्राप्ताङ्क/पूर्णाङ्क × भार) | कैफियत |
|---|---|---|---|---|---|
| १ | पहिलो | | ५ | | |
| २ | दोस्रो | | ५ | | |
| | जम्मा | | १० | | |

**अन्तिम परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरेनगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तया गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

**विद्यार्थीको समग्र सिकाइस्तर ( Student's Overall Performence)**

| सि. नं. | मूल्याङ्कनको स्वरूप | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कन | ५० | |
| २ | अन्तिम परीक्षा | ५० | |
| जम्मा | | १०० | |

उल्लिखित समग्र उपलब्धि प्रतिशतलाई निम्नअनुसारको अक्षरात्मक स्तरमा विद्यार्थीको समग्र उपलब्धिको प्रतिवेदन तयार गर्नुपर्छ :

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| २० भन्दा कम | E | ज्यादै कमजोर (Far below basic) |
| २० देखि ४० भन्दा कम | D | कमजोर (Below basic) |
| ४० देखि ६० भन्दा कम | C | सामान्य (Basic) |
| ६० देखि ७५ भन्दा कम | B | राम्रो (Above basic) |
| ७५ देखि ९० भन्दा कम | A | उच्च (Proficient) |
| ९० देखि माथि | A* | उत्कृष्ट (Advanced) |

# विज्ञान तथा प्रविधि

## १. परिचय

वातावरणमा भएका सजीव र निर्जीव वस्तु एवम् विविध किसिमका परिवर्तन तथा तथ्यहरूको सुव्यवस्थित र क्रमिक अध्ययन गर्ने विधा विज्ञान हो । विज्ञान र प्रविधिसम्बन्धी ज्ञान तथा सिपको विकासले अत्याधुनिक प्रविधियुक्त समाजको निर्माण हुन पुगेको छ । यसबाट एकातिर थुप्रै सकारात्मक अवसरहरू सिर्जना भएका छन् भने अर्कातर्फ यी परिवर्तनले वातावरणीय प्रदूषणलगायत केही नकारात्मक प्रभावहरू पनि बढ्दै गएका छन् । विज्ञान र प्रविधिको विकासले सिर्जना गरेका अवसरहरूलाई आत्मसात् गर्दै वातावरण संरक्षण र दिगो विकासप्रति सचेत हुन वैज्ञानिक सुझबुझ भएका जनशक्ति विकास गर्नु आजको आवश्यकता रहेको छ ।

व्यक्ति, समाज र राष्ट्रका लागि असल एवम् दक्ष नागरिक तयार गर्न बालबालिकाहरूमा सानै उमेरदेखि विज्ञान, प्रविधि र वातावरणसँग परिचित गराई उनीहरूमा वैज्ञानिक सोच, चिन्तन र अभिवृत्तिप्रति सकारात्मक भावनाको विकास गर्न विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि नै विज्ञान तथा वातावरणको पठनपाठन हुँदै आएको छ । विश्वमा आएको परिवर्तनसँगै सामाजिक रूपान्तरणअनुसारको चाहना र आवश्यकतासमेतका आधारमा समयसापेक्ष तथा व्यावहारिक बनाउन र विज्ञान तथा प्रविधिमा भएको विकासअनुकूल समायोजन गर्दै अगाडि बढ्न आवश्यक देखिएकाले यो पाठ्यक्रम परिमार्जन गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले प्रारम्भिक बालशिक्षादेखि कक्षा ३ सम्म विषयगत पहिचान हुने गरी एकीकृत सिद्धान्तका आधारमा पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने नीति अवलम्बन गरेको छ । कक्षा ४ र ५ मा विषयगत रूपमा विज्ञान तथा प्रविधिको छुट्टै विषयका रूपमा व्यवस्था गरिएको छ । नेपालको विद्यमान शैक्षिक नीति, विभिन्न समयमा गठित शिक्षा आयोगहरूका सुझावहरू र नवीनतम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशले सूचना प्रविधिलाई विद्यालय शिक्षामा विषय र माध्यमका रूपमा व्यवस्थित गर्न सुझाएका छन् । यसका साथै शिक्षालाई स्थानीय आवश्यकता तथा मूल्य र मान्यतामा आधारित बनाउन पनि उत्तिकै खाँचो छ । साथै प्रत्येक नागरिकलाई अत्यावश्यक व्यवहारकुशल सिपहरू विकास गर्ने गरी पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउनेलगायतका परिवर्तनको टड्कारो आवश्यकता देखिएको छ । यसै सिलसिलामा कक्षा ४ र ५ मा विज्ञान तथा वातावरण विषयको पाठ्यक्रमलाई परिवर्तन गरी प्रारूपले निर्धारण गरेअनुरूपको संरचनाबमोजिम विज्ञान तथा प्रविधि बनाइएको छ ।

प्रारम्भिक तहदेखि नै बालबालिकामा विज्ञानका आधारभूत ज्ञान, प्रक्रियागत सिप, वैज्ञानिक कारण, समस्या समाधान, वैज्ञानिक अनुसन्धान सिप तथा वैज्ञानिक अभिवृत्तिसहित वैज्ञानिक सुझबुझ भएका नागरिक उत्पादन गर्न यस पाठ्यक्रमले जोड दिएको छ । यसका लागि सूचना र प्रविधिसम्बन्धी साक्षरता विकास, प्राकृतिक वातावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्ने उपायहरू खोजी गर्ने बानीको विकास, प्राकृतिक प्रकोपबाट बच्ने उपायको खोजी गर्ने तथा जीवन र वातावरणबिचको अन्तरसम्बन्ध बोध गराउने उद्देश्यले यस विषयमा विषयवस्तुलाई वैज्ञानिक सिकाइ प्रक्रिया, सूचना तथा सञ्चार प्रविधि, जीव र वातावरण, जीवहरूको वर्गीकरण, जीवन प्रक्रिया, पदार्थ, दैनिक जीवनमा शक्ति तथा पृथ्वी र अन्तरिक्ष गरी आठओटा सिकाइ क्षेत्रहरूमा समेटिएको छ । विज्ञान तथा प्रविधि विषय आफैँमा प्रयोगात्मक विषय भएकाले पाठ्यक्रममा संलग्न धेरैजसो विषयवस्तु प्रयोगात्मक प्रकृतिका रहेका छन् भने प्रयोगात्मक कार्यका लागि आवश्यक पर्ने आधारभूत ज्ञानसम्बन्धी विषयवस्तु सैद्धान्तिक रूपमा रहेका छन् । पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुलाई यथाशक्य दैनिक जीवनसँग सम्बन्ध स्थापित गराई सिकाइ सहजीकरण गर्नुपर्ने कुरालाई पाठ्यक्रमले जोड दिएको छ ।

### २. तहगत सक्षमता

**कक्षा ४–५ को विज्ञान तथा प्रविधि विषयको अध्ययनपश्चात् विद्यार्थीहरूमा निम्नलिखित सक्षमता हासिल हुने छन् :**

१. वैज्ञानिक सिकाइ प्रक्रियाको बोध तथा विज्ञान प्रक्रियागत सिपको प्रयोग
२. दैनिक जीवनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, उपयोग र सावधानीका उपायहरू अवलम्बन
३. जीवको वर्गीकरण तथा जीवन प्रक्रियासम्बन्धी आधारभूत पक्ष पहिचान र प्रस्तुति
४. जीव र उसको सेरोफेरोबिचको अन्तरसम्बन्ध एवम् सन्तुलनको महत्त्व बोध
५. मौसम र प्राकृतिक विपद्को आधारभूत जानकारी तथा सोअनुसारका अनुकूलनका उपायहरू अवलम्बन
६. पदार्थ र शक्तिका आधारभूत विशेषताहरूको जानकारी लिई दैनिक जीवनमा प्रयोग
७. पृथ्वीको बनोट तथा आकाशीय पिण्डसँगको अन्तरसम्बन्धको बोध र प्रस्तुति

## ३. कक्षागत सिकाइ उपलब्धि

| क्र.स. | विषय क्षेत्र | सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १. | वैज्ञानिक सिकाइ | १. विज्ञानको अध्ययनमा सोध, अवलोकन तथा प्रयोगको महत्त्व बताउन र व्यवहारमा उतार्न<br>२. वैज्ञानिक प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी बताउन र पालना गर्न<br>३. लामो/ छोटो, धेरै/थोरै वा बराबर छुट्याउनका लागि नाप्नुपर्ने तथ्य बताउन<br>४. कुनै निश्चित मात्रासँग तुलना गर्नु नै नाप्नु हो भन्ने तथ्य प्रदर्शन गर्न<br>५. कुनै भाँडाले नापेर पदार्थको मात्रा धेरै वा थोरै छुट्याउन<br>६. वैज्ञानिक उपकरणहरूको स्कम्याटिक (Schematic) चित्र बनाउन | १. लम्बाइ, पिण्ड र समयलाई क्रमशः मिटर स्केल, तराजु र स्टपवाचले मापन गर्न<br>२. तरल पदार्थको आयतन नाप्न र नाप्ने विधि बताउन<br>३. मेजरिङ सिलिन्डरका सहयोगले ठोस वस्तुको आयतन नाप्न र नाप्ने विधि बताउन<br>४. वैज्ञानिक उपकरणहरूका स्कम्याटिक (Schematic) चित्र बनाउन |
| २. | सूचना तथा सञ्चार प्रविधि | ५. पत्रपत्रिका, चिठी, टिभी, रेडियो, टेलिफोन, मोबाइल फोनलाई सूचना तथा सञ्चारका स्रोतका रूपमा पहिचान गर्न<br>६. कम्प्युटरको सामान्य परिचय दिन<br>७. पेन्ट सफ्टवेयर (paint software) र टाइपिङ सफ्टवेयर (typing software) चलाउन<br>८. कम्प्युटर प्रयोग गर्दा व्यक्तिगत सुरक्षा अपनाउन<br>९. कम्प्युटर सुरक्षाका उपायहरू अवलम्बन गर्न<br>१०. इन्टरनेटबाट सूचना तथा जानकारीहरू खोज्न | ५. सूचनाका स्रोतहरूको उदाहरण दिन<br>६. कम्प्युटर र मानवबिच समानता र भिन्नता छुट्याउन<br>७. वर्ड प्रोसेसर (word processor) को प्रयोग गरी सरल डकुमेन्ट तयार गर्न<br>८. ग्राफिक अर्गनाइजर (Graphic organizer) अन्तर्गत MS paint र TuxPaint को अभ्यास गर्न |
| ३. | जीव र वातावरण | ११. जीवहरूलाई असर पार्ने तत्त्वहरू (प्रकाश, हावा, पानी, माटो र अन्य जीवहरू) र तिनीहरूसँगको सम्बन्ध वर्णन गर्न | ९. जीवहरूलाई ताप र प्रकाश शक्ति आवश्यक पर्छ भन्ने तथ्यलाई तर्कसहित प्रस्तुत गर्न |

| | | | |
|---|---|---|---|
| | | १२. जीवहरूले बाँच्नका लागि आवश्यक तत्त्वहरू वातावरणबाट प्राप्त गर्छन् भन्ने तथ्य पुष्टि गर्न<br>१३. जीवको जनसङ्ख्या वृद्धिले वातावरणमा पार्ने असर बताउन | १०. ऊर्जाको अत्यधिक र अनावश्यक प्रयोगले वातावरणमा पार्ने असरहरू बताउन<br>११. ऊर्जाको अधिक प्रयोगले वातावरणमा पार्ने असर रोकथामका साधारण उपायहरू बताउन र व्यवहारमा उतार्न |
| ४ | जीवहरूको वर्गीकरण | १४. मेरुदण्ड अवलोकन गरी ढाड भएका र नभएका जनावरहरूको पहिचान गर्न<br>१५. ढाड भएका र नभएका जीवहरूबिच भिन्नता छुट्याउन<br>१६. वरपरका जीवहरूलाई फुल पार्ने र बच्चा जन्माउने जनावरका रूपमा पहिचान गर्न<br>१७. फुल पार्ने र बच्चा जन्माउने जनावरहरूबिच सन्तान उत्पादनका आधारमा भिन्नता छुट्याउन<br>१८. आफ्नो वरपर जमिनमा बस्ने जनावरहरूको उदाहरण दिन<br>१९. जमिनमा बस्ने जनावरहरूका साझा लक्षणहरू वर्णन गर्न<br>२०. पानीमा बस्ने जनावरहरूको उदाहरण दिन<br>२१. पानीमा बस्ने जनावरहरूका साझा लक्षणहरू वर्णन गर्न<br>२२. पानीमा बस्ने र जमिनमा बस्ने जनावरहरूबिच भिन्नता छुट्याउन<br>२३. वरपर पाइने बिरुवाहरूलाई झार, बुट्यान र रुखमा वर्गीकरण गर्न<br>२४. वयस्क बिरुवाका विभिन्न भागहरू चिन्न तथा बिरुवाको चित्र कोरी विभिन्न भागहरूको नामाङ्कन गर्न<br>२५. जमिनमा पाइने बिरुवाहरूका विशेषताहरू वर्णन गर्न<br>२६. पानीमा पाइने बिरुवाहरू पहिचान गर्न<br>२७. पानीमा पाइने बिरुवाहरूको अवलोकन गरी तिनीहरूका विशेषताहरू वर्णन गर्न<br>२८. जमिनमा पाइने र पानीमा पाइने बिरुवाहरूको लक्षणहरूको | १२. ढाड भएका जनावरहरूका विभिन्न समूहका लक्षण र उदाहरणहरू बताउन<br>१३. एकदलीय र दुईदलीय बिरुवा चिन्न<br>१४. एकदलीय र दुईदलीय बिरुवाका पात, डाँठ, जरा र फलको विशेषता बताउन<br>१५. बिरुवाका विभिन्न भागहरू (जरा, पात, काण्ड, फूल र फल) र तिनीहरूका कार्य प्रस्तुत गर्न |

| | | | |
|---|---|---|---|
| | | भिन्नता छुट्याउन | |
| ५. | जीवन प्रक्रिया | २९. जनावरका विकासका चरणहरू बताउन<br>३०. बिरुवाका विकासका चरणहरूको वर्णन गर्न<br>३१. पुतलीको जीवनचक्रका विभिन्न अवस्थाहरू अवलोकन गरी पहिचान गर्न र ती अवस्थाहरूको वर्णन गर्न | १६. जीवन प्रक्रियाको सामान्य परिचय दिन<br>१७. जीवन प्रक्रियाका आधारमा जनावर र बिरुवाहरूबिच भिन्नता छुट्याउन |
| ६ | पदार्थ | ३२. पानीका गुणहरू पहिचान गर्न<br>३३. पानीका तीन स्वरूप चिन्न र पानीको स्वरूप परिवर्तन प्रक्रियामा तापको भूमिका उल्लेख गर्न<br>३४. वाष्पीकरण, द्रवीकरण, जम्ने र पग्लने प्रक्रियाको परिभाषा दिन<br>३५. जलचक्रसम्बन्धी नमुना क्रियाकलाप प्रदर्शन गर्न<br>३६. वरपरको पानीको भौतिक गुणमा हुने अनिच्छित (undesirable) परिवर्तनलाई जल प्रदूषणका रूपमा व्याख्या गर्न<br>३७. आफ्नो क्षेत्रमा पानी प्रदूषणका कारण र प्रदूषण कम गर्न अपनाइएका वा अपनाउन सकिने उपायहरू पहिचान गर्न<br>३८. प्रविधिमा पानीको प्रयोग (पानीघट्ट र जलविद्युत्सहित) बताउन<br>३९. पानीका स्रोतको संरक्षण गर्ने उपाय बताउन<br>४०. हावालाई विभिन्न ग्याँसहरू, पानीको वाष्प तथा धुलाका कणसहितको मिश्रणका रूपमा परिभाषित गर्न<br>४१. हावाका भौतिक गुणहरू पहिचान गर्न<br>४२. उदाहरणसहित हावाको उपयोग व्याख्या गर्न<br>४३. वरपरको हावाको गुणमा हुने अनिच्छित (undesirable) परिवर्तनलाई वायु प्रदूषणका रूपमा परिभाषित गर्न<br>४४. स्थानीय स्तरमा वायु प्रदूषणका कारण, असर र न्यूनीकरण | १८. पिण्ड हुने र ठाउँ ओगट्ने वस्तुलाई पदार्थका रूपमा परिभाषित गर्न<br>१९. पदार्थका भौतिक गुणहरूको परीक्षण गर्न<br>२०. भौतिक गुणका आधारमा पदार्थहरूलाई ठोस, तरल र ग्याँसमा वर्गीकरण गर्न<br>२१. ठोस, तरल र ग्याँसका भौतिक गुणहरूको तुलनात्मक अध्ययन गर्न<br>२२. तापले पदार्थमा पार्ने असरहरूको व्याख्या गर्न<br>२३. पदार्थमा तापका असरको दैनिक जीवनमा उपयोग तथा नकारात्मक असरहरू बताउन<br>२४. पदार्थहरूलाई शुद्ध र अशुद्ध पदार्थमा वर्गीकरण गर्न<br>२५. मिश्रणको परिभाषा दिन<br>२६. विभिन्न पदार्थहरू मिसाई मिश्रण बनाउन<br>२७. समान र असमान मिश्रण चिन्न<br>२८. स्वरूपअनुसार मिश्रणको वर्गीकरण गरी प्रत्येकको उदाहरण दिन<br>२९. मिश्रण छुट्याउने विधिहरूको प्रयोग गर्न र व्याख्या गर्न |

| | | | |
|---|---|---|---|
| | | गर्ने उपायहरू प्रस्तुत गर्न<br>४५. चट्टानका भौतिक गुणहरू बताउन<br>४६. चट्टान पहिचान गर्न तथा कडा र नरम चट्टानमा वर्गीकरण गर्न<br>४७. चट्टानका साधारण उपयोग बताउन | |
| ७ | दैनिक जीवनमा शक्ति | ४८. शक्तिलाई काम गर्न सक्ने क्षमताका रूपमा परिभाषित गर्न<br>४९. मानिस, जनावर तथा इन्जिनलाई आवश्यक पर्ने शक्तिका स्रोतहरू पहिचान गर्न<br>५०. विद्युत्को दैनिक उपयोगका सरल उदाहरण दिन<br>५१. विद्युत्का स्रोतहरू बताउन र चिन्न<br>५२. चुम्बकको सहायताले चुम्बकीय र अचुम्बकीय वस्तुहरू छुट्याउन<br>५३. विभिन्न चुम्बकको चुम्बकीय क्षमता तुलना गर्न<br>५४. दैनिक जीवनमा चुम्बकको प्रयोगका क्षेत्र बताउन | ३०. प्रकाशका विभिन्न स्रोतहरू बताउन<br>३१. दिप्त र अदिप्त वस्तुको परिभाषा दिन र त्यस्ता वस्तुहरू चिन्न<br>३२. पारदर्शी, अर्धपारदर्शी र अपारदर्शी वस्तु चिन्न तथा उपयोगिता बताउन<br>३३. प्रकाशमा सात रङहरू हुन्छन् भन्ने तथ्य प्रदर्शन गर्न<br>३४. ध्वनिलाई वस्तुको कम्पनबाट उत्पन्न हुने शक्ति भनी परिभाषित गर्न<br>३५. कम्पनमा रहेको वस्तुनै ध्वनिको स्रोत हो भन्ने बोध गरी दैनिक जीवनमा देखिने ध्वनिका स्रोतहरूको उदाहरण दिन<br>३६. सानो वा ठुलो आवाज, धोद्रो र तीक्ष्ण ध्वनि छुट्याउन<br>३७. कम्पनमा रहेका वस्तुको प्रकृतिमा पार्ने प्रभाव प्रदर्शन गर्न<br>३८. अनावश्यक र अत्यधिक चर्को आवाजका नकारात्मक असरहरू बताउन तथा ध्वनि प्रयोगसम्बन्धी असल आचरण अवलम्बन गर्न<br>३९. चुम्बकमा दुई विपरीत ध्रुव हुन्छन् भनी देखाउन र ध्रुवहरू चिन्न<br>४०. चुम्बकका गुणहरू प्रदर्शन गर्न<br>४१. चुम्बकको उपयोगिता उल्लेख गर्न<br>४२. विद्युत् वहनमा बन्द परिपथको आवश्यकता हुने तथ्यको बुझाइ प्रदर्शन<br>४३. स्विचको काम बताउन<br>४४. ड्राइ सेल, स्विच र टर्चको चिम वा LED प्रयोग गरी बत्ती बाल्न<br>४५. चालक र अचालक वस्तु छुट्ट्याउन |

| | | | |
|---|---|---|---|
| | | | ४६. विद्युत्को प्रयोगमा सुरक्षा नियमहरू बताउन |
| ८ | पृथ्वी र अन्तरिक्ष | ५५. पृथ्वीको स्वरूप र आकारको वर्णन गर्न<br>५६. पृथ्वीको सतहको वर्णन गर्न<br>५७. वायुमण्डलको परिचय दिन<br>५८. विभिन्न प्रकारका मौसमको परिचय दिन तथा उक्त मौसममा मानिसका गतिविधिको वर्णन गर्न<br>५९. निश्चित अवधिमा परिवर्तन भएको मौसम अवलोकन गरी बताउन<br>६०. विभिन्न स्रोतहरूबाट सूचना सङ्कलन गरी निकट भविष्यको मौसमसम्बन्धी गरिएको अनुमान बताउन<br>६१. बादलको अवस्था हेरी मौसमको साधारण अनुमान गर्न<br>६२. मौसम चार्ट बनाउन<br>६३. प्राकृतिक विपद्को परिचय दिन<br>६४. प्राकृतिक विपद्का वातावरणीय असरहरू बताउन<br>६५. प्राकृतिक विपद्बाट बच्ने उपायहरू बताउन | ४७. आकाशमा सूर्य, तारा, चन्द्रमा र ग्रहहरू रहेको तथ्य बताउन<br>४८. पृथ्वी आफ्नो अक्षमा निरन्तर घुमिरहने प्रक्रिया प्रदर्शन गर्न<br>४९. पृथ्वीले आफ्नो अक्षमा घुम्ने कारणले गर्दा दिन र रात हुने कुरा क्रियाकलापद्वारा देखाउन<br>५०. पृथ्वीमा उज्यालो र अँधेरो (दिन र रात) हुनाको कारण बताउन<br>५१. पृथ्वीले सूर्यको परिक्रमा गर्ने प्रक्रिया उपयुक्त नमुनाद्वारा प्रदर्शन गर्न<br>५२. चन्द्रमाले पृथ्वीलाई परिक्रमा गर्न लाग्ने अवधि बताउन<br>५३. चन्द्रमाको प्रत्येक दिन अवलोकन गरी यसका दैनिक आकारहरूको चित्र लेखेर चन्द्रकलाको दैनिक गतिविधिको अभिलेख तयार गर्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम तथा तिनको विस्तृतीकरण

**कक्षा ४**

| क्र.स | विषय क्षेत्र/ एकाइ | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | वैज्ञानिक सिकाइ | १.१ विज्ञानको अध्ययनमा सोध, अवलोकन र प्रयोगको महत्त्व (सि.उ १) | सिकाइ सिप | • विज्ञानको अध्ययन गर्दा अपनाउनुपर्ने मुख्य प्रक्रियाबारे छलफल गराउने । जेम्सवाट, थोमस अल्फा एडिसन, सर आइज्याक न्युटन, चार्ल्स डार्बिन, जोन डाल्टन जस्ता केही वैज्ञानिकका बारेमा | • प्रश्न सोध्न, अवलोकन गर्न र सरल निष्कर्ष निकाल्न सके नसकेको अवलोकन गरेर<br>• क्रियाकलाप गर्दा सक्रियता, प्रश्नोत्तरलगायतका क्रियाकलापका सञ्चालन गरी त्यसका आधारमा | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | छोटो परिचय दिँदै विज्ञानको अध्ययनमा सोध, अवलोकन र प्रयोगको महत्त्व स्पष्ट पार्ने<br>• यस्तो बानी अवलम्बन गर्न प्रेरित पनि गर्ने | लेखाजोखा गरेर | |
| | | १.२ प्रयोगात्मक कार्य गर्दा अपनाउनुपर्ने सावधानीहरू ( सि.उ २) | स्वव्यवस्थापन सिप | • प्रयोगात्मक कार्य गर्दा शिक्षकले दिएका निर्देशन पालना गर्न, हतार नगरी होसियारीपूर्वक काम गर्न, साथीसँग मिलेर पालैपालो काम गर्न, प्रयोगशालामा नदौडन, ध्यान दिएर अवलोकन गर्न, नौला विषयवस्तु टिपोट गर्न, प्रयोगात्मक कार्य गर्न ल्याइएका कुनै पनि कुरा शिक्षकको निर्देशनबिना नचाख्न⁄नखान वा प्रत्यक्ष नसुँघ्न, तातो वस्तु तथा रसायनलाई सिधै नछुन, आदि क्रियाकलाप सिकाउने तथा उनीहरूको व्यवहारमा उतार्न सहयोग गर्ने<br>• उल्लिखित सावधानीलाई पालना गर्न लगाउने | • वैज्ञानिक प्रयोग गर्दा सावधान भए नभएको व्यवहार अवलोकन गरेर<br>• प्रयोगशालामा अपनाउन पर्ने आचरण अपनाए नअपनाएको अवलोकन गरेर | |
| | | १.३ नापको महत्त्व<br>(सि.उ ३, ४ र ५) | प्रयोग सिप,<br>सिकाइ सिप, सिर्जनात्मक सोच सिप | • झन्डै बराबर देखिने वस्तुहरू देखाएर कुन लामो/छोटो, कुनमा धेरै/थोरै वा बराबरका छन् अनुमान गर्न लगाउने, नापेर देखाउने, नाप्न लगाउने<br>• विभिन्न दृष्टि भ्रम (optical illusions) देखाएर हाम्रा ज्ञानेन्द्रिय पनि झुक्किन सक्छन् भन्ने देखाउँदै नापको महत्त्व बुझाउने | • विद्यार्थीका दैनिक जीवनमा प्रयोग हुने नापको महत्त्वसम्बन्धी प्रश्न सोधेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • एउटा स्केलले बोर्डको लम्बाइ नाप गरी स्केलको लम्बाइभन्दा बोर्डको लम्बाइ कति गुणाले लामो छ भनी विद्यार्थीसँग छलफल गर्ने र नाप्नु भनेको कुनै निश्चित मात्रा भएको वस्तुसँग तुलना गर्नु हो भन्ने कुरा बोध गराउने<br>• आफ्नो घरमा नाप्नुपर्ने वस्तुहरू र नाप्नका लागि प्रयोग गरिने उपकरण चर्चा गर्न लगाउने | • नाप्नुको अर्थ बताउन लागाएर वा उदाहरण दिन लगाएर | |
| | | | | • सानो बोतल वा कपले नापेर पानीको मात्रा तुलना गर्न सिकाउने र माना पाथीको प्रयोगसँग जोड्ने | • आयतन नापेर पदार्थको मात्रा धेरै थोरै छुट्याउन लगाएर | |
| | | १.४ वैज्ञानिक उपकरण (बिकर, टेस्ट ट्युब, सोली, बन्सेन बर्नर, रुलर र घडी) को चित्र लेखन (सि.उ. ६) | • प्रयोग सिप, सिकाइ सिप, सिर्जनात्मक सोच सिप | • प्रयोगशालामा प्रयोग हुने उपकरणहरू (बिकर, टेस्ट ट्युब, सोली, बन्सेन बर्नर, रुलर र घडी) चिनाएर तिनीहरूका स्कम्याटिक (Schematic) चित्र बनाउन सिकाउने, अभ्यास गराउने | • वैज्ञानिक उपकरणहरूको चित्र बनाएको अवलोकन गरेर<br>• प्रयोगशालाका सामान्य उपकरणहरू चिन्न लगाएर | |
| २ | सूचना तथा सञ्चार प्रविधि | २.१ सूचना तथा सञ्चार प्रवाहका चलनचल्तीका मुख्य साधनहरूको उदाहरण (पत्रपत्रिका, चिठी, रेडियो, टिभी, मोबाइल फोन, कम्प्युटर | • सिकाइ सिप | • पत्रपत्रिका, चिठी, टिभी, रेडियो, टेलिफोन, मोबाइल फोनहरू देखाउँदै तिनीहरूलाई सूचना तथा सञ्चारका साधनका रूपमा चिनाउने<br>• सोच्ने, जोडी बनाउने र अनुभव आदानप्रदान गर्ने तरिकाको प्रयोग गरी उल्लिखित स्रोतहरूको प्रयोग बताउन लगाउने | • सूचना तथा सञ्चारका स्रोतहरू बताउन लगाएर<br>• दिइएका साधनहरूको सूचीमध्ये सञ्चारका स्रोत कुन कुन हुन् भनी पहिचान गर्न लगाएर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आदि) ( सि.उ. ७) | | | | |
| | | २.२ कम्प्युटरको सामान्य परिचय (सि.उ. ८) | • सिकाइ सिप | • कम्प्युटरले गर्ने विभिन्न कार्यबारे छलफल गराउने<br>• कम्प्युटरका प्रमुख भागहरू (CPU, key board, mouse, monitor, storage) चिनाउने | • कम्प्युटरका कामसम्बन्धी प्रश्न गरेर<br>• कम्प्युटरका भागहरू देखाउँदै चिन्न लगाएर | |
| | | २.३ paint software र typing software (सि.उ. ९) | • प्रयोग सिप | • विद्यार्थीहरूलाई paint software र typing software सम्बन्धी प्रयोगात्मक अभ्यास गराउने | • paint software चलाउन लगाएर र typing software मा सामान्य भाषा type गर्न लगाएर | |
| | | २.४ कम्प्युटर र हाम्रो स्वास्थ्य (सि.उ. १०) | • स्वव्यवस्थापन सिप | • कम्प्युटर प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू बताउने, टिप्न लगाउने, चार्टमा लेखी भित्तामा टाँस्न लगाउने<br>• प्रयोगात्मक कक्षामा कम्प्युटर प्रयोग सम्बन्धी सुरक्षाका उपायहरू अवलम्बन गराउने | • कम्प्युटर प्रयोग गर्दा व्यक्तिगत सुरक्षा अवलम्बन गरे नगरेको अवलोकन गरेर | |
| | | २.५ कम्प्युटरको सुरक्षा, सरसफाइ र सभ्य प्रयोगकर्ता (सि.उ. ११) | • स्वव्यवस्थापन सिप | • कम्प्युटर सुरक्षित राख्ने तरिकाहरू छलफल गर्ने<br>• कम्प्युटर सुरक्षाका उपायहरू अवलम्बन गर्ने तरिकाको प्रयोग गर्न लगाउने | • कम्प्युटर सुरक्षित राख्ने तरिकाहरू सोधेर तथा अवलम्बन गरे नगरेको हेरेर | |
| | | २.६ इन्टरनेटको परिचय ( सि.उ. १२) | • प्रयोग सिप | • इन्टरनेटबाट प्राप्त हुने सूचना तथा जानकारीबारे छलफल र प्रदर्शन गर्ने<br>• इन्टरनेटबाट आवश्यक सूचना तथा | • इन्टरनेटबाट कुनै विषयमा सूचना तथा जानकारीहरू खोज्न लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जानकारीहरू खोज्न लगाई प्रदर्शन गर्न लगाउने | | |
| ३ | जीव र वातावरण | ३.१ जीवलाई असर पार्ने तत्त्वहरू ( प्रकाश, हावा, पानी, माटो र अन्य जीवहरू) ( सि.उ. १३ र १४) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप, रचनात्मक सोच सिप | • विभिन्न जनावरहरू, मानिस, चराचुरुङ्गी, किरा, बोटबिरुवा, घाम, पानी, पहाड, खोला, ताल आदि भएको चित्र देखाएर चित्रमा के के देखिन्छ सूची बनाउन लगाउने<br>• विद्यार्थीहरूलाई विद्यालयको नजिकमा रहेको बगैँचामा लगेर अवलोकन गराई जनावर र बिरुवाहरूले कसरी एकअर्कालाई फाइदा पुऱ्याइरहेका छन् भन्नेबारे छलफल गराउने<br>• वातावरणमा रहेका विभिन्न तत्त्वहरू (सूर्यको प्रकाश, हावा, पानी र माटो) ले बिरुवा र जनावरमा कसरी असर पार्छन् छलफल गराई स्पष्ट पार्ने<br>• एउटा जनावरलाई उसको वरपर पाइने अरू जनावरले के कस्ता असरहरू (सकारात्मक तथा नकारात्मक) पार्छन्, छलफल गराउने, उदाहरणसहित तर्क दिन लगाउने<br>• एउटा बिरुवालाई वरिपरिका अरू बिरुवाले के कसरी असर पार्छन्, छलफल गराउने, उदाहरणसहित तर्क दिन लगाउने र जीवहरूबिच पनि अन्तरसम्बन्ध हुन्छ भन्ने निष्कर्षमा पुऱ्याउने | • जनावर, बिरुवा र वातावरणबिचको अन्तरसम्बन्धबारे प्रश्नोत्तर गरेर<br>• बिरुवा र जनावरलाई असर पार्ने तत्त्वहरू उल्लेख गर्न लगाएर | १० |
| | | | | • जीवहरूलाई बाँच्नका लागि के के चाहिन्छ सूची बनाउन लगाउने<br>• ती सामग्री कहाँबाट प्राप्त हुन्छन्, | • जीव र वातावरणको अन्तरसम्बन्धका बारेमा प्रश्न सोधेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पहिचान गर्न लगाउने र तालिका बनाउन लगाउने<br>• तालिकामा उल्लिखित स्रोतहरूबारे छलफल गराई सबै जीवहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वातावरणबाट प्राप्त हुन्छन् भन्ने निचोडमा पुऱ्याएर जीवहरूलाई वातावरणको महत्त्व स्पष्ट पार्ने<br>• कस्तो वातावरण (शान्त वा झैझगडा भएको, खुला वा सङ्कुचित, हरियाली वा उराठ आदि) मा बाँच्न सजिलो हुन्छ ? जस्ता प्रश्न सोध्ने<br>• 'मलाई मन पर्ने वातावरण' शीर्षकमा निबन्ध लेख्न लगाउने | • निबन्ध मूल्याङ्कन गरेर | |
| | | ३.२ जनसङ्ख्या र वातावरण बिचको अन्तरसम्बन्ध ( सि.उ. १५) | • सिकाइ सिप, तार्किक सिप, समालोचनात्मक सोच सिप | • मानिसको सङ्ख्या अत्यधिक बढ्यो भने के हुन्छ ? यस प्रश्नमा विस्तृत छलफल गराउने, तर्क दिन लगाउने र यसले वातावरणमा नकारात्मक प्रभाव पार्छ भन्ने निचोड निकाल्ने<br>• मानिसको जनसङ्ख्या वृद्धिले वातावरणमा नकरात्मक असर पर्दछ ( जस्तै : प्रदूषण, प्राकृतिक स्रोतको अत्यधिक प्रयोग, अव्यवस्थित सहरीकरण आदि) भन्ने तथ्य चित्र, फोटो वा भिडियो प्रदर्शन गरेर छलफल गराउँदै वातावरण बिग्रियो भने मानिसले दुःख पाउँछन् भनी स्पष्ट पार्ने<br>• मानिसबाहेक अन्य जीवहरूको सङ्ख्या अत्यधिक बढ्यो भने के हुन्छ होला तर्क गर्न लगाउने | • जनसङ्ख्या वृद्धिले वातावरणमा पार्ने असरहरू वर्णन गर्न लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | जीवहरूको वर्गीकरण | ४.१ जनावरको वर्गीकरण<br>४.१.१ ढाड भए नभएका आधारमा : ढाड भएका र नभएका जनावरहरू ( सि.उ. १६ र १७) | • रचनात्मक सोच सिप | • स्थानीय स्तरमा पाइने ढाड भएका ( विद्यार्थी आफैँ, माछा, गाई, कुकुर आदि) ढाड नभएका(गँड्यौला, झिँगा, शङ्खेकिरा लामखुट्टे आदि) सङ्कलन गरी तिनीहरूको अवलोकन गराई शरीरमा मेरुदण्ड भए नभएको अध्ययन, अवलोकन गर्न लगाउने | • दिइएका जनावरहरूको सूचीबाट मेरुदण्ड भएका र नभएका छुट्याउन लगाएर | २५ |
| | | | | • ढाड भएका जनावरहरूका मेरुदण्ड र अस्थिपन्जर, अवलोकन गर्न लगाई ती लक्षणहरूलाई साभा लक्षणहरूका रूपमा पहिचान गर्न लगाउने<br>• ढाड भएका र ढाड नभएका जनावरबिच मूल रूपमा के फरक छ भनी छलफल गर्ने (ढाड तथा हड्डी नभएका जनावरहरूको शरीर नरम हुन्छ भने ढाड तथा हड्डी भएका जनावरहरूको शरीर तुलनात्मक रूपमा कडा हुन्छ आदि)<br>• शरीरलाई निश्चित आकार र आधार दिने काम हड्डीहरूले गरेको हुन्छ भनी निष्कर्ष निकाल्न विद्यार्थीहरूलाई सहयोग गर्ने<br>• ती लक्षणहरूका आधारमा तथा जनावरका चित्र, फोटो, भिडियो वा नमुना देखाएर तिनीहरूलाई ढाड भएका जनावरहरू र ढाड नभएका जनावरमा वर्गीकरण गर्न लगाउने | • ढाड भएका र ढाड नभएका जनावरहरूको लक्षणहरू लेख्न र वर्णन गर्न लगाएर<br>• ढाड भएका र नभएका जनावरहरूको वर्गीकरण वा छुट्याउन लगाएर | |
| | | ४.१.२ सन्तान उत्पादन गर्ने तरिकाका आधारमा : फुल पार्ने र | • रचनात्मक सोच सिप, सिकाइ सिप | • बच्चा जन्माउने र फुल पार्ने जनावरका नाम सोध्ने प्राप्त नामहरूको तालिका बनाउने<br>• कसैले जनावरले बच्चा जन्माएको वा | • दिइएका जनावरहरू फुल पार्ने र बच्चा जन्माउने जनावरका उदाहरण दिन लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बच्चा जन्माउने (सि.उ. १८ र १९) | | फुल पारेको प्रत्यक्ष देखेको भए अनुभव बताउन लगाउने<br>• थप उदाहरण दिने र तालिकामा थप्न लगाउने<br>• विद्यार्थीलाई सम्भव भए बच्चा जन्माउने र फुल पार्ने जनावरका विभिन्न चित्र सङ्कलन गरेर चार्टपेपरमा टाँसेर कोलाज बनाउन लगाउने र कक्षाकोठामा टाँस्न लगाउने | • चार्ट अवलोकन गरेर | |
| | | | | • स्थानिय स्तरमा पाइने फुल पार्ने जनावरहरू (कुखुरा, हाँस, आदि) को अवलोकन गराउने<br>• भर्खर जन्मिएका बच्चासहितका जनावरहरू (मानिस, बाखा, कुकुर, गाई आदि) को अवलोकन गराई तिनीहरूले कसरी बच्चा जन्माउँछन्, छलफल गर्दै फुल पार्ने र बच्चा जन्माउने जनावरहरूबिच सन्तान उत्पादनका आधारमा भिन्नता छुट्याउन लगाउने | • फुल पार्ने र बच्चा जन्माउने जनावरहरूबिच सन्तान उत्पादनका आधारमा भिन्नता बताउन लगाएर<br>• आफ्नो वरपरका जनाजरहरूले कसरी बच्चा जन्माउँछन्, प्रश्नोत्तर गरेर | |
| | | ४.१.३ वासस्थानका आधारमा : जमिनमा बस्ने र पानीमा बस्ने जनावरहरू<br>४.१.३.१ जमिनमा बस्ने जनावरहरू : शरीरको आकार, बाहिरी | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • विद्यार्थीहरूलाई उनीहरूको वरपर पाइने जमिनमा बस्ने जनावरहरूको सूची तयार गर्न लगाउने<br>• चित्र वा कम्प्युटरमा फोटो वा भिडियो देखाएर जमिनमा बस्ने अन्य जनावरहरूको परिचय दिने | • जमिनमा बस्ने जनावरहरूको उदाहरण दिन लगाएर | |
| | | | | • जमिनमा बस्ने जनावर (उदाहरणका रूपमा मानिस, कुकुर, आदि) अवलोकन गर्न लगाउने र | • जमिनमा बस्ने जनावरहरूका साझा लक्षणहरू बताउन लगाएर<br>• लक्षणका आधारमा जमिनमा बस्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आवरण, चालमा सहयोग गर्ने अङ्गहरू, सास फेर्ने अङ्गहरू (सि.उ. २० र २१) | | तिनीहरूका लक्षण (बाहिरी शरीरका लक्षणहरू, ठुलो सानो, कडा वा नरम आवरण, कुन कुन अङ्गको मदतले चालमा आउँछन, सास कुन अङ्गले फेर्छन्, अवलोकन गराएर छलफल गरी साझा लक्षणहरूको सूची तयार गर्न लगाउने | जनावर चिन्न लगाएर | |
| | | ४.१.३.२ पानीमा बस्ने जनावर : शरीरको आकार, बाहिरी आवरण, चालमा सहयोग गर्ने अङ्गहरू, सास फेर्ने अङ्गहरू ( सि.उ. २२ र २३) | • सिकाइ सिप | • चित्र वा कम्प्युटरमा फोटो वा भिडियो अवलोकन गराउने वा नजिकको पानी पोखरी वा खोलामा भ्रमण गराई पानीमा बस्ने जनावरका नामहरू सोध्ने, टिप्न लगाउने, विद्यार्थीले देखेका पानीमा बस्ने अन्य जनावरहरूको नाम भन्न लगाउने | • पानीमा बस्ने जनावरहरूका उदाहरण दिन लगाएर | |
| | | | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • पानीमा बस्ने जनावर (उदाहरणका रूपमा माछाको अवलोकन गर्न लगाउने र तिनीहरूका लक्षण (बाहिरी शारीरिक लक्षणहरू ठुलो सानो, कडा वा नरम आवरण, कुन कुन अङ्गको मदतले चालमा आउँछ, सास कुन अङ्गले फेर्छन्, अवलोकन गराई वा छलफल गरी साझा लक्षणहरूको सूची तयार गर्न लगाउने | • पानीमा बस्ने जनावरहरूका साझा लक्षणहरू बताउन लगाएर<br>• लक्षणहरूका आधारमा पानीमा बस्ने जनावर चिन्न लगाएर | |
| | | ४.२ पानीमा बस्ने र जमिनमा बस्ने जनावरहरूबिच को भिन्नता (सि.उ. २४) | • सिकाइ सिप, रचनात्मक सोच सिप | • जनावरहरूको चित्र (पानीमा बस्ने र जमिनमा बस्ने छ्यासमिस भएको) समूहमा दिई तिनीहरूलाई गुणका आधारमा छुट्याउन लगाउने र चार्ट पेपरमा दुई खण्ड बनाई टाँस्न लगाउने साथै छलफल गरी चित्रको तल तिनीहरूका मुख्य मुख्य गुणहरू पनि लेख्न लगाउने | • पानीमा बस्ने र जमिनमा बस्ने जनावरहरूबिचका भिन्नतासम्बन्धी प्रत्येक समूहले तयार गरेको चार्ट अवलोकन गरेर<br>• पानीमा बस्ने र जमिनमा बस्ने जीवहरूबिच भिन्नता छुट्याउन लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • एउटा समूहले तयार गरेको चार्ट अन्य समूहका विद्यार्थीहरूलाई हेरेर पृष्ठपोषण आदानप्रदान गर्न लगाउने | | |
| | | ४.३ बिरुवाको वर्गीकरण<br>४.३.१ झार (herbs), बुट्यान ( shrubs) र रुख (Trees) (सि.उ. २५) | • समस्या समाधान र निर्णय सिप | • विद्यार्थीहरूलाई विद्यालयको वरपर भ्रमण गराई विभिन्न प्रकारका बिरुवाहरूको अवलोकन गराउने<br>• बाँच्ने समय, बलियोपन, नरमपन आदिका आधारमा अवलोकन गरिएका बिरुवाहरूलाई झार, बुट्याउन र रुखमा वर्गीकरण गर्न लगाई प्रदर्शन गर्न लगाउने | • बिरुवाहरूलाई झार, बुट्यान र रुखमा वर्गीकरण गर्न लगाएर | |
| | | ४.३.२ जमिनमा पाइने र पानीमा पाइने बिरुवाबिच भिन्नता (जरा, डाँठ र पातको आकार र बनावटका आधारमा) (सि.उ.२६, २७, २८, २९ र ३०) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • प्रत्येक विद्यार्थीलाई वयस्क बिरुवाको अवलोकन गराई त्यसका विभिन्न भागहरू जरा, काण्ड, पात, फूल, फल चिनाउने<br>• बिरुवाको चित्र कोरी विभिन्न भागहरूको नामाङ्कन गर्न लगाउने | • बिरुवाका विभिन्न भागहरू चिन्न लगाएर<br>• बिरुवाको चित्र बनाएको अवलोकन गरेर | |
| | | | | • सङ्कलित बिरुवाहरूका जरा, काण्ड, पातको बनावटबारे अवलोकन गरी तिनीहरूका देख्न सकिने विशेषताहरू समेटिएको चार्टमा (खाली चार्ट शिक्षकले प्रस्तुत गर्ने) भर्न लगाउने र जमिनमा पाइने बिरुवाका साझा लक्षणको छलफल गर्न लगाउने | • जमिनमा पाइने बिरुवाहरूका लक्षणहरू बताउन लगाएर<br>• लक्षणहरूका आधारमा जमिनमा पाइने बिरुवा चिन्न लगाएर | |
| | | | | • विद्यार्थीहरूलाई स्थानीय स्तरमा पानीमा (खोला, ताल, पोखरी आदि) पाइने बिरुवाहरूको सङ्कलन गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाउने | • पानीमा पाइने बिरुवाहरू छुट्याउन लगाएर<br>• पानीमा पाइने बिरुवाहरूको उदाहरण भन्न लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • उक्त बिरुवाहरू कुन कुन ठाउँमा पाइन्छ भनी छलफल गराउने<br>• सम्भव भए नजिकको खोला पोखरी, नदी किनार लगेर अवलोकन गराउने | | |
| | | | | • सङ्कलित बिरुवाहरूका जरा, काण्ड, पातको बनावटबारे अवलोकन तथा समूहमा छलफल गरी पानीमा पाइने बिरुवाका साझा विशेषताहरूको सूची तयार गर्न लगाउने | • पानीमा पाइने बिरुवाहरूका लक्षणहरू बताउन लगाएर<br>• लक्षणका आधारमा पानीमा पाइने बिरुवा चिन्न लगाएर | |
| | | | | • पानीमा पाइने र जमिनमा पाइने बिरुवाका गुणहरू लेखिएको चार्ट उपलब्ध गराई समूह छलफलका आधारमा पानीमा पाइने र जमिनमा पाइने बिरुवाहरूबिच भिन्नता छुट्ट्याउन लगाउने | • पानीमा पाइने र जमिनमा पाइने जनावरहरूबिच भिन्नताको चार्ट तयार गर्न लगाएर | |
| ५ | जीवन प्रक्रिया | ५.१ जनावरका जीवनका चरणहरू (जन्म, बालपन, वयस्क, वृद्धवस्था र मृत्यु) (सि.उ. ३१) | सिकाइ सिप, समालोचनात्मक सोच सिप | • चित्रहरूबाट सबै जनावर जन्मन्छन् भन्ने देखाउने र तिनीहरूका बच्चाका नाम भन्न लगाउने<br>• ती बच्चा बढेर वयस्क हुन्छन् र सन्तान उत्पादन गर्छन् भन्ने तथ्य छलफल, चित्र, भिडियो आदि प्रयोग गरी जीवनचक्रको चित्र बनाई बुझाउने । अन्त्यमा सबै जनावर वृद्ध हुन्छन् भनी बुझाउने<br>• प्रत्येक अवस्थाका चित्रहरू क्रमैसँग मिलाउन लगाउने र जीवनचक्र बनाउन लगाउने<br>• विद्यार्थीहरूलाई जीवहरूको जन्म, सन्तान उत्पादन र मृत्युसम्बन्धी विभिन्न अनुभवहरू सुनाउन लगाउने | • जनावरका विकासका चरणहरू उल्लेख गर्न लगाएर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ५.२ बिरुवा विकासका चरणहरू : बिउको अङ्कुरण, बेर्ना, वयस्क ( फुल्ने फल्ने), मृत्यु) (सि.उ. ३२) | सिकाइ सिप,<br>रचनात्मक सोच सिप | • श्रव्यदृश्य सामग्री वा चार्टको प्रदर्शन गरी बिरुवा विकासका चरणहरूको जानकारी दिने<br>• स्थानीय स्तरमा पाइने बिरुवाहरू, जस्तै : चना, केराउ, सिमी आदिको बिउ विद्यालयको करेसाबारी वा गमलामा रोप्न लगाई बिरुवाको विकासका विभिन्न चरणहरू (बिउको अङ्कुरण, बेर्ना, कोपिला/फूल, फल) अवलोकन गर्न लगाई अभिलेख राख्न लगाउने<br>• बिरुवा विकासका प्रत्येक चरणका बारेमा छलफल गराई वर्णन गर्न लगाउने | • बिरुवाका विकासका चरणहरू उल्लेख गर्न लगाएर | |
| | | ५.३ पुतलीको जीवनचक्र ( फुल, लार्भा, प्युपा र वयस्क) (सि.उ. ३३) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • पुतलीका फुलहरू बोतलमा राखी त्यसका विकासका विभिन्न चरणहरू अवलोकन गर्ने क्रियाकलाप गराउने<br>• पुतलीको जीवनचक्रको भिडियो वा चित्र/पोस्टर प्रस्तुत गरी समूहमा छलफल गराउने<br>• पुतलीको जीवनचक्रका विभिन्न अवस्थाहरूको चित्र कोर्न लगाउने | • दिइएको पुतलीको जीवनचक्रको चित्रमा नामाङ्करण गर्न लगाएर<br>• पुतलीको जीवनचक्रको अवस्थाहरू सचित्र वर्णन गर्न लगाएर | |
| ६ | पदार्थ | ६.१. पानी<br>६.१.१ पानीको भौतिक गुणहरू (रङ, गन्ध, स्वाद, आकार, आयतन, बग्न सक्ने क्षमता, | • सिकाइ सिप, प्रयोग सिप | • सफा शुद्ध पिउने पानी र आवश्यक सामग्री दिई पानीको भौतिक गुणहरू (रङ, गन्ध, स्वाद, आकार, आयतन, बग्नसक्ने क्षमता, तौल र घुलाउने क्षमता) पहिचान गर्न लगाउने | पानीका गुणहरू बताउन लगाएर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तौल र घुलाउने क्षमता) ( सि.उ. ३४) | | | | |
| | | ६.१.२ पानीका अवस्थाहरू<br>६.१.३ पानीको अवस्था परिवर्तनमा तापको भूमिका (सि.उ. ३५ र ३६) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • पानी तताउँदा बाफ बनेको, बाफ चिस्याउँदा पानी बनेको, बरफ पग्लेर पानी बनेको तथा पानी जमेर बरफ बनेको क्रियाकलाप प्रदर्शन गर्ने र छलफलबाट पानीका तीन स्वरूप हुन्छन् भनी निष्कर्ष निकाल्न लगाउने<br>• श्रव्यदृश्य सामग्रीको प्रयोग गरी असिना तथा बरफ बन्ने र पग्लने प्रक्रियामा छलफल गराउने<br>• पानीको स्वरूप परिवर्तन प्रक्रियामा तापको घटबढले पार्ने असरलाई तालिका बनाउन लगाउने | • पानीका स्वरूप परिवर्तनमा तापको भूमिका बारे प्रश्न सोधेर तथा प्रदर्शन गर्न लगाएर | |
| | | | | • माथिका क्रियाकलापका आधारमा वाष्पीकरण, द्रवीकरण, पग्लने र जम्ने प्रक्रियाको परिभाषित गर्न विद्यार्थीहरूलाई नै लगाउने | • वाष्पीकरण, द्रवीकरण, जम्ने र पग्लने प्रक्रियाका बोरमा सोधेर | |
| | | ६.१.३ जलचक्र (सि.उ. ३७) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • आकाशबाट पानी कसरी पर्छ, सोध्ने<br>• जलचक्रको सरल भिडियो देखाउने, रेखा चित्र बनाई जलचक्र देखाउने<br>• जलचक्रमा वाष्पीकरण र द्रवीकरण प्रक्रियाको भूमिकाबारे छलफल गराउने<br>• जलचक्रको प्रदर्शन गर्ने र वर्णन गर्न लगाउने | • जलचक्रको सचित्र वर्णन गर्न लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ६.१.४ पानी प्रदूषण : परिभाषा, कारण र न्यूनीकरणका उपायहरू (सि.उ. ३८ र ३९) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप, निर्णय सिप | • पानीमा अनावश्यक वस्तु मिसिएर त्यसको रङ, गन्ध र स्वादमा हुने अनिच्छित परिवर्तनलाई जल (पानीको) प्रदूषणका रूपमा परिभाषित गर्ने र जल प्रदूषणका उदाहरण दिने र दिन लगाउने | • जलप्रदूषणको परिभाषा तथा उदाहरण सोधेर | |
| | | | | • समूह बनाई विद्यार्थीका घर गाउँ र विद्यालय वरपर पानी प्रदूषणको अवस्था अध्ययन गर्न लगाउने र त्यसका कारण तथा प्रदूषण कम गर्न अवलम्बन गर्न सकिने उपायहरू सम्बन्धमा छलफल गरी प्रस्तुतीकरण गर्न लगाउने | • विद्यार्थीको प्रस्तुतीकरण मूल्याङकन गरेर | |
| | | ६.१.५ प्रविधिमा पानीको प्रयोग (पानीघट्ट, जलविद्युत्) (सि.उ.४०) | • सिकाइ सिप | • दैनिक जीवनमा पानीको प्रयोगबारे छलफल गर्न लगाई मुख्य कुराहरूलाई टिपोट गर्न लगाउने<br>• स्थलगत भ्रमण गराई वा भिडियो देखाएर वा चित्र देखाएर पानीघट्ट र जलविद्युत्को कार्य र पानीको उपयोग बारेमा सामान्य वर्णन गर्ने र गर्न लगाउने | • दैनिक जीवनमा पानीको प्रयोगका उदाहरण दिन लगाएर | |
| | | ६.१.६ पानीका स्रोतहरूको संरक्षण (सि.उ ४१) | • सिकाइ सिप | • आफ्नो घरमा वा विद्यालयमा आउने पानीको स्रोत पत्ता लगाउने<br>• पानीको स्रोतहरूको संरक्षण गर्ने उपायबारे छलफल गराउने | • पानीका स्रोतको संरक्षण गर्ने विधिबारे सोधेर | |
| | | ६.२.हावाको परिचय (सि.उ. ४२) | • सिकाइ सिप | • हामीले महसुस गरिहेको हावामा के के हुन्छ होला भनी जिज्ञासा राख्दै हावालाई ग्याँसहरू,पानीको वाष्प तथा धुलाका कणहरूको मिश्रणका रूपमा परिभाषित गर्ने । सम्भव भए | • हावाको बनोटबारे प्रश्न सोधेर<br>• हावामा धुलो हुन्छ भन्ने तथ्य प्रमाणित गर्ने दैनिक अनुभव बताउन लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | इन्टरनेटबाट हावाको बनोटसम्बन्धी सरल भिडियो खोजेर देखाउने | | |
| | | ६.२.१ हावाको भौतिक गुण (सि.उ. ४३) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • विभिन्न क्रियाकलापमार्फत हावाका भौतिक गुणहरू (रङ, तौल, ठाउँ ओगट्ने, स्वाद, गन्ध आदि) पहिचान गर्न लगाउने र टिपोट गराउने | • हावाका भौतिक गुणहरू सोध्न लगाएर | |
| | | ६.२.२ दैनिक जीवनमा हावाको उपयोग (विन्ड मिल र हवाईजहाज उड्नेसहित) (सि.उ. ४४) | • सिकाइ सिप | • चित्र, फोटो वा भिडियो देखाएर तथा छलफल गराएर हावाको उपयोग उदाहरणसहित वायु मिल ( windmill ) चलाउन, हवाईजहाज उडाउनसहित) चर्चा गराउने साथै उपयोगको सूची तयार पार्न लगाउने<br>• कागजको फिरफिरे तथा हवाईजहाज बनाएर खेल्न सिकाउने | • हावाको उपयोगबारे उदाहरण बताउन लगाएर | |
| | | ६.२.५.वायु प्रदूषण : परिभाषा, कारण, असर र न्यूनीकरणका उपायहरू (सि.उ. ४५ र ४६) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप, सञ्चार सिप | • वरपरको हावाको गुणमा हुने अनिच्छित (undesirable) परिवर्तनलाई वायु प्रदूषणका रूपमा परिभाषित गरी वायु प्रदूषणका उदाहरण दिने<br>• आफ्नो वरपर हावाको प्रदूषणका कारणहरू, यसका असरहरू र प्रदूषण कम गर्ने स्थानीय प्रयासहरूको प्रतिवेदन बनाउन लगाउने र छलफल गराउने | • वायु प्रदूषणसम्बन्धी प्रश्न सोधेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • समूह बनाई विद्यार्थीका घर, गाउँ र स्कुल वरपर वायु प्रदूषणको अवस्था अध्ययन गर्न लगाउने र त्यसका कारण तथा प्रदूषण कम गर्न अवलम्बन गर्न सकिने उपायहरू सम्बन्धमा छलफल गरी प्रस्तुतीकरण गर्न लगाउने | • विद्यार्थीहरूको प्रस्तुतीकरणको अवलोकन गरेर | |
| | | ६.३ चट्टान<br>६.३.१ चट्टानको भौतिक गुणहरू (सि.उ. ४७) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • विभिन्न प्रकारका चट्टानका टुक्रा (ढुङ्गा) सङ्कलन गरेर ल्याउने र विद्यार्थीलाई दिने । ती चट्टानका टुक्रा अध्ययन गरी चट्टानका भौतिक गुणहरूबारे छलफल गराउने तथा लेख्न लगाउने | • चट्टानका भौतिक गुणहरू बताउन लगाएर | |
| | | ६.३.२ चट्टानका प्रकार (कडा र नरम) (सि.उ. ४८) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • उपलब्ध चट्टानका टुक्राहरूलाई नङले, चक्कुले कोतर्न तथा गह्रौं वस्तुले हानेर फुटाउन लगाउने र सोका आधारमा तुलानत्मक रूपमा कडा र नरम चट्टान छुट्याउन लगाउने<br>• चक, स्लेट, पत्थर कोइला पनि नरम चट्टानै हुन् भनी चिनाउने | • कडा र नरम चट्टान चिन्न लगाएर | |
| | | ६.३.३ चट्टानको महत्त्व (सि.उ. ४९) | • सिकाइ सिप | • कडा चट्टान र नरम चट्टान के केमा प्रयोग गरिन्छ, छलफल गरी सूची बनाउन लगाउने<br>• चट्टानलाई पर्खाल बनाउन, घर बनाउन, मूर्ति बनाउन, गहना बनाउन, माटो बनाउन प्रयोग गरिने निष्कर्ष दिने<br>• दुई ढुङ्गालाई एकआपसमा रगेट्न लगाउने र के निस्कन्छ अध्ययन गर्न | • कडा र नरम चट्टानका उपयोग बताउन लगाएर<br>• माटो र चट्टानको सम्बन्धबारे सोधेर<br>• प्रदर्शनी अवलोकन गरेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | लगाउने<br>• त्यो धुलामा कुहिएका पातपतिङ्गरको धुलो मिसाउन लगाउने र उक्त मिश्रणलाई माटोसँग तुलना गर्न लगाउने<br>• अनि माटाको उत्पत्तिबारे छलफल गराउने<br>• सम्भव भए चट्टान तथा माटोसम्बन्धी सरल भिडियो देखाउने<br>• विभिन्न प्रकारका चट्टान सङ्कलन गरी विद्यालयमा चट्टान प्रदर्शनी आयोजना गर्न प्रोत्साहन गर्ने | | |
| ७ | दैनिक जीवनमा शक्ति | ७.१ शक्ति<br>७.१.१ शक्तिको परिचय (सि.उ. ५०) | • सिकाइ सिप | • गधा, खच्चर, घोडा, चौँरी, गोरु, राँगा तथा ट्याक्टर, कार र ट्रकमध्ये कुनले बढी सामान बोक्न सक्छ ? किन ? जस्ता प्रश्न सोधेर विद्यार्थीसँग भएको शक्तिसम्बन्धी पूर्वज्ञानबाट शक्ति भनेको काम गर्न सक्ने क्षमता हो भन्ने निष्कर्षमा पुऱ्याउने | • शक्तिको परिभाषा बताउन लगाएर | २० |
| | | ७.१.२ शक्तिको स्रोत र महत्त्व (सि.उ. ५१) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • भोक लागेका बेला किन काम गर्न मन लाग्दैन वा सकिँदैन, खाएपछि किन जाँगर आँउछ ? जस्ता प्रश्नमा छलफल गराउँदै खाना हाम्रो लागि शक्तिको स्रोत हो भन्ने निष्कर्षमा पुऱ्याउने<br>• जनावरले, किराले खाएको चित्र देखाएर किन खाएको होला, सोध्ने । हिँड्डुल गर्न र कुनै कार्य गर्नका लागि शक्ति प्राप्त गर्न खाना | • शक्तिको स्रोतसम्बन्धी उदाहरण दिन लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आवश्यक पर्छ भनी निष्कर्ष निकाल्ने<br>• गाडी गुड्न तथा हवाईजहाजलाई उड्न केले शक्ति दिन्छ ? छलफल गराउने । गाडी तथा हवाईजहाजमा तेल भरेको चित्र देखाउने वा इन्टरनेटमा खोज्न लगाउने र मानिसलाई खानेकुराबाट शक्ति प्राप्त भए जस्तै यातायातको साधनले इन्धन बालेर वा बिजुलीबाट शक्ति प्राप्त गर्छन् भन्ने निश्कर्षमा पुऱ्याउने<br>• मोटरसाइकल, कार र ट्रकमध्ये कुनलाई बढी इन्धन चाहिन्छ छलफल गराउने<br>• काम गरिरहेको ठुलो मान्छे र बालक वा बालिकाको चित्र देखाई साधारणतया कसले बढी खान्छ र कसले बढी काम गर्न सक्छ, तर्क दिन लगाउने र धेरै काम गर्नेलाई शक्तिको ठुलो स्रोत चाहिन्छ भनी निष्कर्षमा पुऱ्याउने<br>• खानेकुरा र इन्धनबाहेक अरू के केबाट शक्ति प्राप्त हुन्छ खोजी गर्ने गृहकार्य वा परियोजना कार्य दिने र छलफल गराउने | | |
| | | ७.२ विद्युत्<br>७.२.१ विद्युत्को उपयोग (सि.उ. ५२) | • सिकाइ सिप | • कुन कुन सामान चलाउन ब्याट्री चाहिन्छ ? कुन कुनलाई बाहिरबाट आउने विद्युत्को मुख्य प्रवाहमा जोड्नुपर्छ ? विद्युत् नभएको बेला कुन कुन सामग्री चलाउन मिल्दैन, सोध्ने छलफलका आधारमा घरमा विद्युत् कुन कुन काममा प्रयोग हुन्छ, सूची बनाउन लगाउने | • विद्युत्बाट चल्ने उपकरणहरूको उदाहरण दिन लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • विद्यालयमा विद्युत् कुन कुन काममा प्रयोग हुन्छ, छलफल गराउने<br>• यीबाहेक अन्य कुन कुन कार्यमा विद्युत्को प्रयोग हुन्छ, भन्न लगाउने | | |
| | | ७.२.२ विद्युत्का स्रोतहरू (सि.उ. ५३) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • अलार्म (alarm) घडी वा भित्ते घडी वा स्टपवाचमध्ये कुनै एक खोलेर ब्याट्री (ड्राइसेल) देखाउने, मोबाइल फोनको ब्याट्री देखाउने<br>• छलफलद्वारा कार ब्याट्री, सोलार ब्याट्री, साइकल डाइनामो, जेनेरेटर आदि विद्युत्का स्रोत हुन् भनी निष्कर्षमा पुऱ्याउने<br>• विद्युत्का स्रोतहरूमध्ये जुन सम्भव छन्, ती देखाउने र अरूको चित्र (किताबमा वा कम्प्युटरमा) देखाउने<br>• आफ्नो घरमा ब्याट्रीबाट चल्ने र मेनलाइनको विद्युत्बाट चल्ने उपकरणहरूको सूची तयार गर्ने गृहकार्य दिने | • हाते घडी वा क्यालकुलेटरको ब्याट्री र ड्राइसेल चिन्न लगाएर र कार ब्याट्री, साइकल डाइनामो, जेनेरेटर आदिको चित्र चिन्न लगाएर ।<br>• विद्युत्का स्रोत र उपकरणहरूको जोडा मिलाउन लगाएर । | |
| | | ७.३ चुम्बक<br>७.३.१ चुम्बकीय र अचुम्बकीय वस्तुहरू (सि.उ. ५४) | • सिकाइ सिप, रचनात्मक सोच सिप | • छड चुम्बकलाई कुनै फलामको वस्तुको छेउमा लैजाने र आकर्षण हुन्छ भनी देखाउने<br>• विद्यार्थीलाई समूहमा पाते चुम्बक दिएर चुम्बकले कुन कुन वस्तुलाई आकर्षण गर्छ पत्ता लगाउन लगाउने र कुनै वस्तु चुम्बकीय हुन्छन् भने कुनै अचुम्बकीय हुन्छन् भन्ने निष्कर्ष | • केही चुम्बकीय र केही अचुम्बकीय वस्तुका नाम लेख्न लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | निकाल्न सघाउने<br>• चुम्बकीय र अचुम्बकीय वस्तुहरू छुट्याएर तालिकामा लेख्न लगाउने<br>• चुम्बकले खसेर हराएको साँचो, सियो वा सिक्का भेट्टाउन सहयोग गर्न सक्छ ? कसरी ? जस्ता प्रश्न सोधी तर्क प्रस्तुत गर्न लगाउने | | |
| | | ७.३.२ चुम्बकीय क्षमताको तुलना (सि.उ. ५५) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • केही आल्पिन वा पेपरक्लिप दिएर कसको चुम्बकले कतिओटा आल्पिन वा पेपर क्लिप झुन्ड्याउन सक्छ प्रतियोगिता गर्न लगाई विभिन्न चुम्बकको चुम्बकीय क्षमता फरक हुन्छ भन्ने प्रदर्शन गर्ने<br>• एउटा शक्तिशाली चुम्बक ल्याएर कक्षाकोठाको माझमा राखियो भने के के हुन्छ होला ? तर्क प्रस्तुत गर्न गाउने | • क्रियाकलापमा विद्यार्थीको सक्रियता अवलोकन गरेर<br>• चुम्बकका आकर्षण र विकर्षण गुण प्रदर्शन गर्न लगाएर | |
| | | ७.३.३.चुम्बकको उपयोग ( सि.उ. ५६) | • सिकाइ सिप | • आफ्नो घरमा चुम्बक के केमा प्रगोग भएको छ अवलोकन गरी पत्ता लगाएर आउन लगाउने र छलफल गराउने<br>• विद्यालयमा चुम्बकको प्रयोग कहाँ कहाँ भएको छ, अवलोकन गरी बताउन लगाउने | • चुम्बकको प्रयोग बताउन लगाएर | |
| ८ | पृथ्वी र अन्तरिक्ष | ८.१ पृथ्वीको स्वरूप र आकार (समुद्र र जमिन, पर्वत, समतल भाग, मरुभूमि, उर्वरभूमि, | • सिकाइ सिप | • विद्यार्थीलाई ग्लोबको अध्ययन गर्न लगाउने, नेपाल तथा उनीहरूलाई इच्छा लागेको (आफूले भ्रमण गरेको वा आफ्ना नातेदार भएको देश पत्ता लगाउन लगाउने, हाम्रा छिमेकी देश चिन्न लगाउने | • पृथ्वीको आकार कुनै वस्तुसँग तुलना गर्न लगाई वर्णन गर्न लगाएर | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | खोलानाला, तालतलैया, जङ्गल, आदि) (सि.उ. ५७) | | • विद्यार्थीलाई ग्लोबको स्वरूप वर्णन गर्न लगाई पृथ्वी गोलो तर दुई ध्रुवमा अलि थेप्चो र बिचमा फुकेको तथा ठाडो नभई अलि ढल्केको तथ्य जानकारी गराउने<br>• भूउपग्रहबाट खिचेको पृथ्वीको भिडियो वा फोटो देखाउने र पृथ्वीको आकार बताउन लगाउने | | |
| | | ८.२ पृथ्वीको सतह (सि.उ. ५८) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • पृथ्वीको सतहमा के के हुन्छन्, छलफल गर्न लगाई सूची तयार पार्न लगाउने<br>• पृथ्वीको धरातलको भिडियो वा चित्र देखाउने र सूचीमा छुटेका कुरा खोज्न लगाउने<br>• ग्लोबको अध्ययन गर्न लगाई पृथ्वीको कति भाग पानीले ढाकेको छ अन्दाज गर्न लगाउने<br>• नेपालको भूधरातलमा कुन कुन प्राकृतिक संरचना छन् ? अरूलाई (शिक्षक, ठुला विद्यार्थी, आमाबुवा वा नातेदार) लाई सोधेर वा इन्टरनेटमा गुगल म्याप जस्ता प्रोग्रामको सहायता लिएर परियोजना कार्य गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने | • पृथ्वीको सतहको वर्णन गर्न लगाएर<br>• नेपालको भूधरातलसम्बन्धी प्रश्न सोधेर | |
| | | ८.३ वायुमण्डलको साधारण परिचय (सि.उ. ५९) | • सिकाइ सिप | • वायुमण्डलको परिचय दिने<br>• पृथ्वीलाई वायुमण्डलले घेरेको कुरा बताउने<br>• वायुमण्डलमा के के हुन्छन् सोध्ने र छलफल गराई हावा, धुलो, पानीको बाफ, बादल आदि भन्ने निष्कर्षमा | • वायुमण्डलको परिभाषा दिन लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पुऱ्याउने | | |
| | | ८.४ मौसम<br>८.४.१ मौसमको परिचय (सि.उ. ६०) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • हिजो र आजको मौसमबारे छलफल गराउने । विभिन्न प्रकारका मौसमसम्बन्धी भिडियो वा चित्र देखाई मौसमका प्रकार (घमाइलो, बादल लागेको, पानी परेको, हावाहुरी चलेको) पहिचान गर्न लगाउने<br>• विद्यार्थीसँगै छलफल गरेर प्रत्येक मौसमका विशेषता र त्यस्ता मौसममा अपनाउनुपर्ने सुरक्षा तथा सावधानी बारेमा चर्चा गर्ने<br>• विभिन्न मौसममा मानिसहरूका गतिविधि तथा वातावरणको अवस्था झल्कने चित्र बनाउन लगाउने<br>• मौसम र वातावरणको अवस्था वा मानिसका गतिविधि वा पहिरनको जोडा मिलाउन लगाउने<br>• अभिनय गरेर मौसम चिन्ने खेल खेलाउने<br>• कुन मौसम सबैभन्दा उत्तम मौसम हो भनी वादविवाद गर्न लगाउने | • सबैभन्दा मन पर्ने/नपर्ने मौसमको नाम र कारण भन्न लगाएर<br>• विभिन्न प्रकारका मौसमको परिचय दिन तथा उक्त मौसममा मानिसका गतिविधिको वर्णन गर्न लगाएर | |
| | | ८.४.२ मौसम परिवर्तन (सि.उ. ६१) | • | • हप्ताभर बिहानदेखि बेलुकासम्म विभिन्न समयमा परिवर्तन हुने मौसम अवलोकन गरी तालिका भर्ने परियोजना कार्य गर्न लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउने | • निश्चित समयमा परिवर्तन भएको मौसमको टिपोट गर्न लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ८.४.३ मौसम अनुमान (सि.उ. ६२) | • सिकाइ सिप, रचनात्मक सोच सिप | • भरे वा भोलिको मौसम कस्तो हुन्छ होला सोध्ने र तर्क गर्न लगाउने<br>• मौसमको भविष्यवाणीको आवश्यकता बताउने<br>• यसको महत्त्व झल्काउने कुनै कथा वा घटना सुनाउने, सुनाउन लगाउने<br>• रेडियो, टिभी, मोबाइल, पत्रपत्रिकाबाट मौसमको जानकारी लिन सकिने कुरा बताउने तथा देखाउने (कुनै समाचारको रेकर्डिङ सुनाउने, पत्रिका देखाउने)<br>• मोबाइलबाट मौसम पत्ता लगाउने विधि सिकाउने | • निकट भविष्यको मौसम अनुमान सूचना स्रोतबाट पत्ता लगाउन लगाएर | |
| | | ८.४.४ बादलको प्रकार र मौसम अनुमान ( सि.उ. ६३) | • रचनात्मक सोच सिप | • आकाशमा भएको बादलको स्वरूप हेरेर पनि मौसमको साधारण भविष्यवाणी गर्न सकिने तथ्य बताउने<br>• बादलका चित्र वा भिडियो देखाउँदै क्युमुलोनिम्बसले छिट्टै वर्षा हुन सक्ने, स्ट्रटसले धुम्म हुने वा हल्का वर्षा हुन सक्ने र सिरसले मौसम सफा रहने जानकारी दिने तथ्य बताउने<br>• उक्त समयमा आकाशमा भएको बादल देखाई बादलको प्रकार पहिचान गर्न लगाउने र मौसम अनुमान गर्न लगाउने<br>• विभिन्न प्रकारका बादलको चित्र कोर्न लगाउने, चित्र वा फोटो हेरी बादलको नाम र सम्भावित मौसम | • बादलका चित्र र त्यसले इङ्गित गर्ने मौसमको जोडा मिलाउन लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बताउन लगाउने | | |
| | | ८.४.५ मौसम चार्ट (सि.उ. ६४) | • प्रयोग सिप | • कम्तीमा तीन दिन (बिहान, दिउँसो र बेलुका) को मौसम अवलोकन गर्न लगाई मौसम चार्ट बनाउन लगाउने | • मौसम चार्टको मूल्याङ्कन गरेर | |
| | | ८.५ प्राकृतिक विपद्<br>८.५.१ प्राकृतिक विपद्को परिचय (सि.उ. ६५) | • सिकाइ सिप, | • प्राकृतिक विपत्का घटना सुनाउने, पढाउने, चित्र वा भिडियो देखाउने, अनुभव सुनाउने वा सुनाउन लगाउने र छलफल गराउने<br>• छलफलबाट बाढी, पहिरो, हुरीबतास, आगलागी र भूकम्पलाई प्राकृतिक विपद्का रूपमा चिनाउने<br>• प्राकृतिक विपत् विषयमा चित्रकला लेखन प्रतियोगिता गराउने | • प्राकृतिक विपत्का उदाहरण दिन लगाएर, वर्णन गर्न लगाएर | |
| | | ८.५.२. बाढी पहिरो, हुरीबतास, आगलागी र भूकम्पका असरहरू ( सि.उ. ६६) | • प्रयोग सिप, सिकाइ सिप | • बाढी, पहिरो, हिम पहिरो र भूकम्पसम्बन्धी भिडियो, चित्र, लेख आदि पुनः देखाएर तिनीहरूको वातावरणीय असरहरू पहिचान गरी सूची बनाउन लगाउने<br>• २०७२ सालको भूकम्प वा हालसालै गएको अन्य भूकम्प वा अन्य प्रकृतिक विपत्का बारेमा सुन्ने र सुनाउने तथा थप जानकारी खोजी गर्न लगाउने | • प्राकृतिक विपत्को वातावरणीय असरहरू बताउन लगाएर | |
| | | ८.५.३. बाढी, पहिरो, हुरीबतास, आगलागी र भूकम्पबाट बच्ने उपायहरू ( | • स्वव्यवस्थापन सिप | • विपत्का कारणबारे साधारण छलफल गराई प्राकृतिक विपत्बाट बच्ने उपायहरू पहिचान गराई टिपोट गर्न लगाउने<br>• Earthquake and fire drill | • प्राकृतिक विपत्बाट बच्ने उपायहरू सोधेर<br>• Earthquake and fire drill अभ्यासमा सक्रियता र सक्षमता | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सि.उ. ६७) | | अभ्यास गराउने<br>• समूहमा कुनै एक विपत्बारे परिचय, असर, कारण र बच्ने उपायबारे प्रतिवेदन बनाई पेस गर्न लगाउने | अवलोकन गरेर | |

**कक्षा ५**

| क्र.स | विषय क्षेत्र /एकाइ | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | वैज्ञानिक सिकाइ | १.१ लम्बाइ, पिण्ड र समयको नाप (सि.उ.१) | • प्रयोग सिप | • लम्बाइ, पिण्ड र समयको सामान्य परिचयलाई छलफल गराउने<br>• विद्यार्थीलाई मिटर स्केलको सहायताले विभिन्न वस्तुको लम्बाइ नापेर मिटर, सेन्टिमिटर र मिलिमिटरमा बताउन तथा लेख्न लगाउने<br>• टपप्यान तराजु वा अन्य त्यस्तै तराजु प्रयोग गरेर विभिन्न वस्तुको पिण्ड नाप्न लगाउने र किलोग्राम र ग्राममा बताउन तथा लेख्न लगाउने<br>• तौल नाप्ने यन्त्रको सहायताले हरेक विद्यार्थीको पिण्ड कति छ नाप्न लगाउने र सबैभन्दा बढी र सबैभन्दा कम पिण्ड भएको व्यक्ति पत्ता लगाउने<br>• स्टपवाच प्रयोग गरेर निश्चित काम गर्न लगाउने र लाग्ने समय नापेर मिनेट र सेकन्डमा टिप्न लगाउने र सबैभन्दा छिटो काम गर्ने साथी पत्ता लाउन लगाउने | • कुनै वस्तुको लम्बाइ, चौडाइ र उचाइ नापेर आयतन हिसाब गर्न लगाएर<br>• निश्चित वस्तुको पिण्ड नाप्न लगाएर<br>• घडी प्रयोग गरेर समय बताउन लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | १.२ आयतनको नाप (सि.उ. २ र ३) | • प्रयोग सिप, सिकाइ | • मेजरिङ सिलिन्डर प्रयोग गरी पानीको आयतन सही तरिकाले नाप्न सिकाउने, नाप्न लगाउने । यसरी नाप्दा ख्याल राख्नुपर्ने कुरा सिकाउने<br>• पानीको आयतनलाई लिटर र मिलिलिटरमा उल्लेख गर्न लगाउने<br>• मिलिलिटर र $cm^3$ को सम्बन्ध बताउने<br>• एउटा भाँडोमा एक लिटर भन्दाबढी पानी लिने र मेजरिङ सिलिन्डरको सहायताले पानी नाप्न लगाई पानीको आयतन पत्ता लगाउने<br>• तरलको आयतन अरू केकेले नाप्न सकिन्छ छलफल गराउने (विकर, कप आदि)<br>• आयतनका एकाइहरूसम्बन्धी छलफल गराउने<br>• बजारमा दुध तथा तेल केले नापिन्छ, छलफल गराउने<br>• चित्रमा विभिन्न भागको नामकरण गर्ने सही तरिका सिकाउने | • मेजरिङ सिलिन्डरले आयतन नाप्दा ध्यान दिनुपर्ने कुरा बताउन लगाएर तथा चित्र हेरेर सही तथा गलत तरीका छुट्याउन लगाएर<br>• कुनै एउटा भाँडोको आयतन नाप्न लगाएर । | |
| | | | • प्रयोग सिप, सिकाइ | • ठोस वस्तुको आयतन नाप्ने तरिकाबारे छलफल गराउने । नियमित वस्तुको आयतन लम्बाइ, चौडाइ र उचाइ नापी गुणन गरी निकाल्न सकिने तथ्य बताई देखाउने<br>• ससाना ठोसको आयतनलाई मेजरिङ सिलिन्डरको सहयोगले नाप्न सिकाउने र लगाउने । नाप्ने विधि लेख्न लगाउने | • कक्षाकोठा, ज्यामिति बाकस, डेस्क जस्ता नियमित आकार भएका वस्तुको आयतन हिसाब गर्न लगाएर ।<br>• अनियमित ठोसको आयतन नाप्ने विधि व्याख्या तथा प्रयोग गरेर देखाउन लगाएर । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • मेजरिङ सिलिन्डरमा नअटाउने ठोस वस्तुको आयतन नाप्ने तरिका प्रदर्शन गर्ने | | |
| | | १.४ वैज्ञानिक उपकरणको चित्र लेखन : बन्सेन बर्नर, ट्राइपड स्टयान्ड, कोनिकल फ्लाक्स, राउन्ड बटम फ्लाक्स, मेजरिङ सिलिन्डर, ढक तराजु, कमानी तराजु र थर्मोमिटर (सि.उ. ४) | • प्रयोग सिप, सिकाइ | • प्रयोगशालामा प्रयोग हुने उपकरणहरू ( बन्सेन बर्नर, ट्राइपड स्टयान्ड, कोनिकल फ्लाक्स, राउन्ड बटम फ्लाक्स, मेजरिङ सिलिन्डर, ढक तराजु, कमानी तराजु र थर्मोमिटर) चिनाएर तिनीहरूका स्कम्याटिक (Schematic) चित्र बनाउन सिकाउने, अभ्यास गराउने | • उपकरणहरूको<br>• चित्र अवलोकन गरेर<br>• प्रयोगशालाका सामान्य उपकरणहरू चिन्न लगाएर | |
| २ | सूचना तथा सञ्चार प्रविधि | २.१ सूचनाका स्रोतहरूका उदाहरण : सन्दर्भ सामग्री, स्थानीय सूचना सङ्कलन, छापा र विद्युतीय सूचना (सि.उ.)<br>२.२ सञ्चारका प्रकारको परिचय : आन्तरिक सञ्चार, | • सञ्चार सिप, प्रयोग सिप | • ईपुस्तक, इन्टरनेट, टेलिफोन, मोबाइल फोन, रेडियो, टेलिभिजन, अनलाइन पत्रिका आदिलाई प्रदर्शन गर्दै सूचनाका स्रोतका रूपमा परिचय दिने<br>• मल्टिमिडिया (अडियो, भिडियो, चित्र र टेक्स्ट) सहितका सामग्रीलाई प्रचलित सूचनाका स्रोतका रूपमा परिचय दिने<br>• कम्प्युटरमा ईपुस्तक खोजी पढ्न लगाउने<br>• मोबाइलबाट कसरी सूचना आदान प्रदान गर्न सकिन्छ, छलफल र अभ्यास गराउने | • सूचनाका स्रोतहरूका नाम लेख्न लगाएर<br>• ईपुस्तकमा पढेको कथा सुनाउन लगाएर<br>• इन्टरनेटमा खोजेका सूचना तथा जानकारी बताउन लगाएर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अन्तरवैयक्तिक सञ्चार, आम सञ्चार (सि.उ. ५) | | • इन्टरनेटमा आवश्यक सूचना तथा जानकारी खोज्न लगाउने | | |
| | | २.३ कम्प्युटर र मानवबिच समानता र भिन्नता (सि.उ. ६) | • रचनात्मक सोच सिप, सञ्चार सिप | • कम्प्युटरका भागहरूलाई मानव अङ्गहरूसँग तुलना गर्ने<br>• कम्प्युटर र मानवले गर्न सक्ने र नसक्ने कार्यहरूको समानता र भिन्नता छलफल गर्ने<br>• "कम्प्युटर शक्तिशाली कि मानव ?" विषयमा वादविवाद प्रतियोगिता गराउने | • कम्प्युटर र मानवबिच समानता र भिन्नता बताउन लगाएर<br>• वादविवादको मूल्याङ्कन गरेर | |
| | | २.४ वर्ड प्रोसेसर (word processor) (सि.उ. ७) | • प्रयोग सिप | • वर्ड प्रोसेसर (word processor) को प्रयोग गरी साधारण डकुमेन्ट तयार गर्न सिकाउने र अभ्यास गर्न लगाउने | • वर्ड प्रोसेसरको निर्माण गरिएका सामग्रीको मूल्याङ्कन गरेर | |
| | | २.५. ग्राफिक अर्गनाइजर (Graphic organizer) (सि.उ. ८) | • प्रयोग सिप | • कम्प्युटरमा MSPaint सम्बन्धी अभ्यास गराउने<br>• कम्प्युटरमा TuxPaint install गरी यससम्बन्धी अभ्यास गराउने | • विद्यार्थीलाई MS paoint र TuxPaint को अभ्यास गराएर | |
| ३ | जीव र वातावरण | ३.१ जीवलाई ऊर्जाको आवश्यकता (सि.उ. ९) | • रचनात्मक सोच सिप | • मानिस तथा जनावरले घाम तापिरहेका चित्र देखाएर तापसम्बन्धी रचनात्मक प्रश्नहरू सोधी जनावरहरूलाई ताप आवश्यक हुन्छ भन्ने निष्कर्ष निकाल्न सघाउने<br>• त्यस्तै जनावरलाई प्रकाश शक्ति आवश्यक हुन्छ भन्ने निष्कर्ष निकाल्न सघाउने | • ताप र प्रकाशका स्रोतहरू पहिचान गर्न लगाएर<br>• जीवहरूलाई ताप र प्रकाश आवश्यक पर्ने कारण भन्न लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • घाम लाग्ने ठाउँ र नलाग्ने ठाउँ कुनमा बोटबिरुवा राम्ररी हुर्कन्छन् ? ठन्डी र गर्मी मौसम कुनमा बढी खेतीपाती लगाइन्छ ? ठन्डी ठाउँ र गर्मी ठाउँ कुनमा ठुला ठुला वनस्पति पाइन्छन् ? जस्ता प्रश्नहरू सोध्ने<br>• हिउँद र वर्षायमका तथा हिमाल र तराईका वनजङ्गलका चित्र वा भिडियो देखाउने र बिरुवालाई पनि प्रकाश र ताप शक्तिको आवश्यकता हुन्छ भन्ने अवधारणा दिने<br>• ताप र प्रकाशका स्रोत पहिचान गर्न लगाएर जीवहरूलाई ऊर्जा वातावरणबाट प्राप्त हुन्छ भन्ने बोध गराउने | | |
| | | ३.२ ऊर्जा प्रयोगको वातावरणीय प्रभाव (हावा, पानी, वनजङ्गल र जीवहरूमा असर) (सि.उ. १०)<br>३.३ ऊर्जाको अत्यधिक र अनावश्यक प्रयोगको वातावरणीय प्रभावको रोकथामका उपाय (सि.उ. ११) | • रचनात्मक सोच सिप | • हामीले ऊर्जाको अनावश्यक प्रयोग गर्‍यौँ भने के हुन्छ, छलफल गराउने, तर्क दिन लगाउने र वातावरणमा नकारात्मक असर पर्छ भन्ने भावनाको सन्देश दिने<br>• ऊर्जाको अनावश्यक प्रयोग कसरी रोक्न सकिन्छ ? प्रश्न सोधेर विद्यार्थीका तर्क प्रस्तुत गर्न लगाउन प्रोत्साहन गर्ने<br>• ऊर्जाको उपयुक्त प्रयोग गर्ने सम्बन्धमा गरिएका राम्रा बानीलाई व्यवहारमा उतार्न प्रोत्साहन गर्ने | ऊर्जाको अनावश्यक प्रयोगले वातावरणमा पार्ने असरहरू र आफूले अपनाउन सकिने राम्रा बानीहरूबारे सोधेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | जीवहरूको वर्गीकरण | ४.१.ढाड भएका जनावरहरूको वर्गीकरण : ( माछा, उभयचर, सरीसृप, चरा र स्तनधारी) ( सि.उ. १२) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • ढाड भएका जनावरहरूलाई माछा, उभयचर, सरीसृप, चरा र स्तनधारी गरी पाँच समूह/वर्गमा विभाजन गरिकएको तथ्य बताउँदै प्रत्येक समूहका जनावरका चित्र वा भिडियो देखाएर तिनीहरूका साझा लक्षणहरू पहिचान गर्न लगाउने<br>• विद्यार्थीलाई पाँच समूहमा विभाजन गरेर हरेकलाई एक समूहका लक्षणहरू चार्टमा लेख्न लगाउने, त्यस समूहमा पर्ने जनावरका केही नाम लेखी चित्र बनाउन वा टाँस्न लगाउने र पाँचैओटा चार्टलाई कक्षाकोठाको भित्तामा टाँस्न लगाउने<br>• वरपर पाइने ढाड भएका जनावरहरू (माछा, भ्यागुता, छेपारो, कुखुरा, गाई, परेवा, खरायो, कुकुर आदि) को शारीरिक लक्षणहरू अवलोकन गराई छलफल गरी लक्षणहरूका आधारमा प्रत्येक जनावर कुन समूहमा पर्दछन्, कारणसहित छुट्याएर तालिका बनाउन लगाउने<br>• विभिन्न जनावरहरूको चित्र र चार्टहरू प्रस्तुत गरी उक्त जनावरहरूलाई कारण दिई विभिन्न समूहमा राख्न लगाउने | • विभिन्न समूहमा पर्ने जनावरहरूको लक्षणहरू बताउन लगाएर<br>• विभिन्न समूहमा पर्ने जनावरहरूका उदाहरण दिन लगाएर<br>• जनावरका चित्र हेरी लक्षणका आधारमा तिनीहरूको समूह पहिचान गर्न लगाएर<br>• जनावर र समूहको जोडा मिलाउन लगाएर | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४.२ एकदलीय र दुईदलीय बिरुवाहरू : बिउको फक्लेटा, जराको किसिम, पातको किसिम (सि.उ. १३ र १४) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • एकदलीय र दुईदलीय बिरुवाहरू भिडियो वा वास्तविक बिरुवा नै प्रदर्शन गरी तीमध्ये कुन कुन एकदलीय वा कुन कुन दुई दलीय बिरुवा होलान् भन्ने सन्दर्भमा सोच्ने, जोडी बनाउने र अनुभव आदानप्रदान गर्ने तरिका प्रयोग गरी छुट्याउन लगाउने<br>• केराउ, चना, सिमी, कोदो, मकै, धान, गहुँ, फापर अदिको बिउ/फललाई केही समय पानीमा भिजाउने र तिनीहरूलाई फुटाएर विद्यार्थीलाई देखाई एकदलीय र दुईदलीय बिउ चिनाउने | • एकदलीय र दुईदलीय बिउ/फल चिन्न लगाएर<br>• एकदलीय र दुईदलीय बिरुवाका उदाहरण दिन लगाएर | |
| | | | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • विद्यार्थीहरूलाई आवश्यक समूहमा विभाजन गर्ने<br>• विद्यालय वरपर पाइने एकदलीय र दुई दलीय बिरुवाहरू सङ्कलन गरेर तिनीहरूका पात, डाँठ, जरा र फलको आकारको अध्ययन गरेर प्रत्येक समूहका साझा लक्षणहरूको सूची तयार गर्न लगाउने | • लक्षणका आधारमा एकदलीय र दुईदलीय बिरुवा चिन्न लगाएर | |
| | | ४.३ बिरुवाका विभिन्न भागहरू (जरा, पात, काण्ड, फूल र फल) र तिनीहरूका कार्य (सि.उ. १५) | • सिकाइ सिप, रचनात्मक सोच सिप | • बिरुवामा पात, डाँठ, जरा, फूल र फलका प्रमुख कार्यबारे छलफल गराउने | • बिरुवाका विभिन्न भागहरूको कार्यहरूसम्बन्धी प्रश्नोत्तर गरेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | जीवन प्रक्रिया | ५.१ जनावर र बिरुवामा हुने जीवन प्रक्रिया : पोषण, निष्कासन, श्वासप्रश्वास, पानी तथा पोषक तत्त्वहरूको परिवहन र प्रजनन (सि.उ. १६) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • जनावरहरू तथा बिरुवाले बाँच्नका लागि निरन्तर रूपमा गर्ने क्रियाहरू बताउन लगाउने<br>• जनावरहरू तथा बिरुवाहरूको जीवनमा निरन्तर चलिरहने प्रक्रियाहरू (पोषण, श्वासप्रश्वास, परिवहन, निष्कासन र प्रजनन) बारे छलफल गर्दै जीवन प्रक्रियाको सरल परिचय दिने<br>• चित्र/पोस्टर र भिडियो देखाएर जनावर तथा बिरुवाहरूमा उक्त प्रक्रियाहरू कसरी हुन्छन्, त्यसको सरल वर्णन गर्ने | • जीवन प्रक्रियाका उदाहरण दिन लगाएर | १५ |
| | | ५.२ जीवन प्रक्रियाका आधारमा जनावर र बिरुवाहरूबिच भिन्नता (सि.उ. १७) | • सिकाइ सिप, रचनात्मक सोच सिप | • यस अघि छलफल भएका विभिन्न जीवन प्रक्रियाका आधारमा बिरुवा र जनावरबिच भिन्नता छलफल गर्न लगाई सूची तयार गर्न लगाउने | • जीवन प्रक्रियाका आधारमा जनावर र बिरुवाहरूबिचको भिन्नता सोधेर | |
| ६ | पदार्थ | ६.१ पदार्थ<br>६.१.१ पदार्थको परिचय (सि.उ. १८) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • अन्य वस्तुहरू र क्रियाकलापद्वारा पदार्थहरू सबैले ठाउँ ओगट्छन् र यिनीहरूको पिण्ड हुन्छ भनी देखाउने<br>• ताप र प्रकाशले ठाउँ नओगट्ने र पिण्ड पनि नहुने कारणले पदार्थ होइनन् भनी तुलनात्मक चर्चा गर्ने<br>• सबै पदार्थहरू वस्तुहरू हुन तथा सबै वस्तुहरू पदार्थ होइनन् भन्ने कुराको निष्कर्ष दिने | • पदार्थको परिभाषा सोधेर | ३० |
| | | ६.१.२ पदार्थका भौतिक गुणहरू (सि.उ. १९) | • सिकाइ सिप, रचनात्मक सोच सिप | • प्रयोगद्वारा विभिन्न पदार्थका भौतिक गुणहरूको परीक्षण गर्न लगाउने<br>• भौतिक गुणका आधारमा पदार्थहरूलाई | • भौतिक गुणहरूको आधारमा पदार्थलाई वर्गीकरण गर्न लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ६.१.३ ठोस, तरल र ग्याँसका भौतिक गुणहरू (सि.उ. २०) | | ठोस, तरल र ग्याँसमा वर्गीकरण गर्न लगाउने<br>• सामूहिक छलफल गराएर ठोस, तरल र ग्याँसका विशेषताहरू लेखेर चार्ट बनाउन लगाउने र भित्तामा टाँस्न लगाउने<br>• विद्यार्थीलाई आफ्नो घरको भान्सामा भएका सामग्रीको ठोस, तरल र ग्याँसमा वर्गीकरण गरी सूची तयार पारेर ल्याउन लगाउने | | |
| | | ६.१.४ ठोस, तरल र ग्याँसका भौतिक गुणहरूको तुलना (सि.उ. २१) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • ठोस, तरल र ग्याँसका भौतिक गुणहरूबारे अघिल्ला कक्षामा पढेका कुरालाई पुनरावृत्ति गराउने<br>• त्यसपछि समान आकार (shape and size) का ठोस पदार्थ दिई तौल लिन लगाउने<br>• समान मात्रामा घिउ, पानी, ग्लिसेरोल, महको तौल लिन लगाई समान आयतन भएको वस्तुबिचमा पदार्थको मात्रा फरक हुन्छ भनी बुझाउने<br>• पानी र ग्लिसेरोलको सहायताले तरलको आयतन बराबर भए पनि तौल, मात्रा र बग्ने गुण फरक हुन्छ भनी देखाउने<br>• अल्कोहल एवम् पानी, पानी तथा तेल मिसाएर देखाउने र तरलहरू एकआपसमा मिसिने गुण फरक हुन्छ भनी तुलनात्मक अध्ययन गर्न लगाउने<br>• ग्याँसलाई खाँद्न सकिन्छ तर ठोस र तरललाई खाँद्न सकिँदैन भनी | • ठोस तरल ग्याँसका भौतिक गुणहरूको तुलना गर्न लगाएर<br>• दिइएका गुणहरूको सूचीबाट ठोस, तरल र ग्याँसका गुणहरू पहिचान गर्न लगाएर<br>• पानीलाई किन तरल भनिन्छ ? हावालाई किन ग्याँस भनिन्छ ? भन्ने जस्ता प्रश्नको उत्तर सोधेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | क्रियाकलापद्वारा प्रमाणित गर्ने | | |
| | | ६.१.३ तापले पदार्थमा पार्ने असरहरू (आयतन र अवस्थामा परिवर्तन) ( सि.उ. २२ र २३) | • सिकाइ सिप, समालोचनात्मक सोच सिप | • RB flask and capillary tube, balloon and bottle, ring and ball जस्ता उपकरण प्रयोग गरी ताप शक्तिले पदार्थको आयतन वृद्धि गर्छ भनी प्रदर्शन गर्ने<br>• कपुर, मैन, पानी, घिउ आदिलाई तताएर तथा चिस्याएर ऊर्ध्वपातन, पग्लने, वाष्पीकरण, द्रवीकरण, जम्ने आदि क्रिया देखाएर तापले वस्तुको अवस्था परिवर्तन गर्छ भन्ने प्रदर्शन गर्ने<br>• प्रत्येक विद्यार्थीलाई आफ्नो घरमा गएर आफ्ना आमाबुबालाई अलिकति ठोस<br>(जमेको) घिउलाई तावा वा कराइमा हालेर तताएर देखाउन अनुरोध गर्न लगाउने । तातेको घिउमाथि के देखिन्छ अवलोकन गर्न लगाउने र त्यो भाँडो सेलाएपछि घिउको अवस्था के हुन्छ हेरी आफूले देखेका सबै कुरा कापीमा लेखेर ल्याउन लगाउने | • तापले पदार्थमा पार्ने असरहरू प्रदर्शन गर्न लगाएर तथा उदाहरण दिन लगाएर | |
| | | | | • पदार्थमा तापका असरको उपयोगहरू ( पगालेर नया आकार दिन, सुकाउन, बिर्को खोल्न, knot and bolt कस्न आदि) र नकारात्मक असरहरू (पाइप फुट्नु, जाडोयाममा काँचका गिलास फुट्नु आदि) बताउने, छलफल गराउने र उनीहरूलाई अन्य उदाहरण थप्न लगाउने<br>• आफूभन्दा अग्रज मान्छेलाई सोधेर | • तापको सकारात्मक र नकारात्मक असर बताउन लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पदार्थमा तापको असरसम्बन्धी सदुपयोग तथा नकारात्मक असरहरू पत्ता लगाउने गृहकार्य दिने | | |
| | | ६.१.४ पदार्थको वर्गीकरण (शुद्ध र अशुद्ध पदार्थहरू) (सि.उ. २४) | • रचनात्मक सोच सिप | • विद्यार्थीहरूलाई समूहमा विभाजन गरी शुद्ध पदार्थ (घिउ, पानी, बालुवा, नुन, चिनी, कपर सल्फेट, आयोडिन आदि) र अशुद्ध पदार्थ (धमिलो पानी, चिनी र नुन मिसाएको, पानीमा बालुवा राखिएको आदि) दिई शुद्ध र अशुद्ध पदार्थ छुट्याउन लगाउने र छलफल गरी शुद्ध र अशुद्ध पदार्थको परिभाषा निकाल्न लगाउने | • शुद्ध र अशुद्ध पदार्थ छुट्याउन लगाएर | |
| | | ६.२ मिश्रण<br>६.२.१ मिश्रणको परिचय (ठोस र ठोस, ठोस र तरल, तरल र तरल, ग्याँस र तरल तथा ग्याँस र ग्याँस) (सि.उ. २५ र २६) | • सिकाइ सिप, प्रयोग सिप | • उदाहरणसहित मिश्रणको परिभाषा दिने थप उदाहरण दिन लगाउने<br>• मिश्रणका अवयवहरू छुट्याउन लगाउने | • मिश्रणको परिभाषा र उदाहरण सोधेर | |
| | | | | • विद्यार्थीलाई थरीथरीका पदार्थहरू दिई विभिन्न किसिमका मिश्रणहरू बनाउन सिकाउने | • विभिन्न पदार्थहरू मिसाई मिश्रण बनाउन लगाएर | |
| | | ६.२.३ मिश्रणका प्रकार (समान र असमान) (सि.उ. २७ र २८) | • सिकाइ सिप, रचनात्मक सोच सिप | • विभिन्न पदार्थहरू दिई समान मिश्रण गर्न लगाउने<br>• (नुनपानी, चिनीपानी, फिटकीरी पानी आदि) र असमान मिश्रण (नुन बालुला, पानी र बालुवा, भुस र काठको धुलो आदि) बनाउन लगाउने र छलफल गर्दै समान र असमान मिश्रणका परिभाषा दिने<br>• परिभाषाको आधारमा समान र | • समान र असमान मिश्रण चिन्न लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | असमान मिश्रणका अन्य उदाहरणहरू बताउन लगाउने र भिन्नता छुट्याउन लगाउने | | |
| | | | | • मिश्रणको स्वरूपहरूको ठोस उदाहरणहरू प्रस्तुत गरी छलफल गराउने<br>- ठोस ठोस मिश्रण (बालुवा र चिनी, चिनी र नुन, बालुवा र चामल आदि)<br>- ठोस तरल मिश्रण (नुन र पानी, चिनी र दुध आदि)<br>- तरल तरल मिश्रण (दुध र पानी, अल्कोहल र पानी आदि)<br>- ग्याँस ठोस मिश्रण (सोडा पानी, ग्याँसयुक्त पेय पदार्थ आदि) | • दिएका मिश्रणलाई स्वरूपका आधारमा वर्गीकरण गर्न लगाएर | |
| | | ६.२.४ मिश्रण छुट्याउने विधिहरू (हातले टिप्ने, थिग्राउने र निथार्ने, निफन्ने, चाल्ने, छान्ने) (सि.उ. २९) | • रचनात्मक सोच सिप, सिकाइ सिप | • विभिन्न प्रकृतिका मिश्रणहरू छुट्याउने विधिको प्रयोगात्मक क्रियाकलाप गराउने र यी विधिहरूबाट के कस्ता प्रकृतिका मिश्रणहरू छुट्याउन सकिन्छ वा सकिँदैन, छलफल गर्ने<br>• उल्लिखित विधिहरूको बारेमा लेख्ने अभ्यास गराउने<br>उदाहरण<br>- हातले टिप्ने (मकै र साना ढुङ्गाको मिश्रण)<br>- थिग्राउने (माटो र पानीको मिश्रण) | • विभिन्न मिश्रण छुट्याउने विधिहरू (हातले टिप्ने, थिग्राउने, निफन्ने, चाल्ने, छान्ने) को प्रयोग र व्याख्या गरेर<br>• निश्चित मिश्रणका उदाहरण दिई कुन विधिबाट छुट्याउन सकिन्छ प्रश्नोत्तर गरेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | - निथार्ने (पानी र कपास)<br>- निफन्ने (चामलबाट भुस)<br>- चाल्ने (मोटो र मसिनो बालुवा छुट्याउने)<br>- छान्ने (चियामा भएको चियापत्ती हटाउने) आदि | | |
| ७ | दैनिक जीवनमा शक्ति | ७.१ प्रकाश<br>७.१.१ प्रकासका स्रोतहरू (सि.उ. ३०) | • सिकाइ सिप | • विद्यार्थीलाई प्रकासका स्रोतहरू बताउन लगाउने<br>• सूर्यलाई प्रमुख स्रोतका रूपमा तर्कसहित व्याख्या गर्न लगाउने | • दिइएका सूचीबाट प्रकाशका स्रोतहरू पहिचान गर्न लगाएर | २५ |
| | | ७.१.२ दिप्त र अदिप्त वस्तुहरू (सि.उ. ३१) | • रचनात्मक सोच सिप, सिकाइ सिप | • दिप्त र अदिप्त वस्तुको परिभाषा दिई त्यस्ता वस्तुहरू चिन्न लगाउने तथा तालिका बनाउन लगाउने<br>• विद्यार्थीहरूलाई पारदर्शी, अर्धपारदर्शी र अपारदर्शी वस्तुहरू आँखाअगाडि राखेर नजिकको वस्तु हेर्न लगाउने<br>• वस्तु स्पष्ट देखिएको, धमिलो देखिएको र नदेखिएको आधारमा पारदर्शी, अर्धपारदर्शी र अपारदर्शी वस्तुहरूको अवधारणा प्रस्ट पार्ने<br>• घर विद्यालयमा प्रयोग भएका पारदर्शी, अर्धपारदर्शी र अपारदर्शी वस्तुहरूका उदाहरण छलफल गर्ने | • दिप्त र अदिप्त वस्तुको परिभाषा दिन र त्यस्ता वस्तुहरू चिन्न लगाएर<br>• दिप्त र अदिप्त वस्तुहरूको उदाहरण दिन लगाएर | |
| | | ७.१.३ पारदर्शी, अपारदर्शी र अर्धपारदर्शी वस्तुहरू (सि.उ. ३२) | • रचनात्मक सोच सिप, प्रयोग सिप | • प्रदर्शन विधिबाट पारदर्शी, अर्धपारदर्शी र अपारदर्शी वस्तुका प्रकृति प्रदर्शन गराउने<br>• सोहीअनुसार वस्तुहरूको वर्गीकरण गराउने | • बत्तीको चिम काँचको सट्टा तामाको भए के हुन्थ्यो ? जस्ता प्रश्न सोधेर<br>• पारदर्शी, अर्धपारदर्शी र अपारदर्शी वस्तुहरूको उदाहरण भन्न लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • पारदर्शी, अपारदर्शी र अर्धपारदर्शी वस्तुका उपयोगिता छलफल गराउने | | |
| | | ७.१.४ प्रकाशका रङहरू (सि.उ. ३३) | • रचनात्मक सोच सिप, प्रयोग सिप | • CD बाट वा पानीको भाँडामा छड्के पारेर राखेको समतल ऐनाबाट घाम परावर्तन गराई इन्द्रेणी बनाएर देखाउने<br>• साबुनको फिँज वा बबलमा पनि प्रकाशका रङहरू अवलोकन गर्न लगाउने<br>• वर्षात्पछि हावामा भएका पानीका मसिना थोपाहरूले सेतो प्रकाशलाई सात रङमा छुट्याइदिँदा इन्देणी देखिने तथ्य पनि बताउने<br>• इन्द्रेणीको चित्र वा फोटो देखाउने | • प्रकाशका सात रङको वर्णपट प्रदर्शन गर्न लगाएर<br>• सूर्यको सेतो किरणलाई विच्छेदन गर्दा के हुन्छ ? भन्न लगाएर | |
| | | ७.२ ध्वनि<br>७.२.१ ध्वनिको परिचय ( सि.उ. ३४) | • रचनात्मक सोच सिप, सिकाइ सिप | • ध्वनि के केले उत्पन्न गर्छन्, सोध्ने<br>• बजिरहेका वस्तुहरू हेर्न वा छोएर अनुभव गर्न लगाई कम्पनमा रहेको वस्तु नै ध्वनिको स्रोत हो भन्ने निष्कर्ष निकाल्न सघाउने<br>• ध्वनिलाई वस्तुको कम्पनबाट उत्पन्न हुने शक्ति भनी परिभाषित गर्ने | • ध्वनिको परिभाषा भन्न लगाएर | |
| | | ७.२.२ ध्वनिका स्रोतहरू ( सि.उ. ३५) | • रचनात्मक सोच सिप, सिकाइ सिप | • चराले कसरी आवाज निकाल्छन् ? लामखुट्टे, मौरी, झिँगा, भ्याउकिरी आदिले कसरी ध्वनि उत्पन्न गर्छन् ? सुसेल्दा हाम्रो शरीरको कुन भाग कम्पन हुन्छ ? ताली बजाउँदा कसरी ध्वनि आउँछ ? जस्ता प्रश्न सोध्ने र विद्यार्थीहरूलाई तार्किक अनुमान गर्न लगाउने | • विभिन्न ध्वनिका स्रोतमा केको कम्पनले ध्वनि उत्पन्न हुन्छ, चिन्न लगाएर । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • चित्र हेरी विभिन्न बाजा वा अन्य वस्तुमा आदिमा के कम्पन गरेर ध्वनि आउँछ, छलफल गराउने<br>• बोलिरहँदा आफ्नो घाँटी छामेर बोली कसरी उत्पन्न हुन्छ, पत्ता लगाउन लगाउने | | |
| | | ७.२.३ ध्वनिको चर्कोपना (loudness) र तीक्ष्णता (sharpness) (सि.उ. ३६) | • रचनात्मक सोच सिप, सिकाइ सिप | • कुनै बाजाको सहायताले ध्वनि सानो वा ठुलो अनि धोद्रो र तीक्ष्ण हुन्छन् भनी प्रदर्शन गर्ने | • मधुरो, चर्को, धोद्रो र तीक्ष्ण ध्वनि प्रदर्शन गर्न लगाएर | |
| | | ७.२.४ कम्पनमा रहेको वस्तुको प्रकृति (लम्बाइ, मोटाइ, साइज र तन्काइ) र कम्पन गराउन प्रयोग गरिने शक्तिको मात्रा र उत्पन्न ध्वनिको प्रकार (चर्को, मधुरो, धोद्रो, तीक्ष्ण) को सम्बन्ध (सि.उ. ३७) | • रचनात्मक सोच सिप, सिकाइ सिप | • मादल/गितार वा अन्य तार वा छालाबाट बनेका स्थानीय बाजा प्रयोग गरी कम्पन गराउन प्रयोग गरिने शक्तिको मात्रा र वस्तुको प्रकृति (लम्बाइ, मोटाइ, साइज र तन्काइ) परिवर्तन गर्दा उत्पन्न आवाजमा के भिन्नता आउँछ, अध्ययन गर्न लगाउने र उचित निष्कर्ष निकालेर टिपोट गर्न लगाउने<br>• बाजा बजाएर, टेबल ठोकेर, सुसेलेर, सिट्ठी बजाएर मधुरो, चर्को, धोद्रो र तीक्ष्ण ध्वनि निकाल्न लगाउने | • विभिन्न बाजा बजाउँदा ध्वनिको प्रकार फेर्ने तरिका सोधेर | |
| | | ७.२.५ अनावश्यक र अत्यधिक चर्को आवाजका नकारात्मक | • रचनात्मक सोच सिप | • धेरै ठुलो आवाज आया भने हामी किन कान थुन्छौँ ? धेरै हल्ला भयो भने के हुन्छ ? सधैँ चर्को आवाज आउने ठाउँ | • ध्वनि प्रदूषण सम्बन्धी सरल प्रश्न सोधेर<br>• वक्तृत्वकला वा निबन्धको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | असरहरू (सि.उ. ३८) | | कुन कुन हुन् र यस्ता ठाउँमा काम गर्न र सुत्न सकिन्छ कि सकिन्न ? किन ? धेरै चर्को आवाजले हाम्रो स्वास्थ्यलाई के कस्तो असर गर्छ ? जस्ता प्रश्नहरू गर्दै छलफल गराउने<br>• यस्तो ध्वनि मानव स्वास्थ्यका लागि हानिकारक हुन्छ भन्ने महसुस गराउने अत्यधिक चर्को आवाजले गर्दा दुःख पाएका घटना, कथा, अनुभव भए सुनाउने र सुनाउन लगाउने<br>• छलफलबाट चर्को गाना बजाउने, अरूको कान नजिकै चिच्याउने, इयरफोनको अत्यधिक प्रयोग गर्ने, गाडी चलाउँदा अनावश्यक हरन बजाउने जस्ता कार्य गर्न हुँदैन भन्ने निष्कर्षमा पुऱ्याउने<br>• उक्त विषयमा वक्तृत्वकला वा निबन्ध लेखन प्रतियोगिता गराउने | मूल्याङ्कन गरेर | |
| | | ७.४ चुम्बक<br>७.४.१ चुम्बकीय ध्रुव (सि.उ. ३९) | • रचनात्मक सोच सिप, सिकाइ सिप | • छड (bar magnet) चुम्बक र आल्पिनहरू वा फलामको धुलो प्रयोग गरी चुम्बकका ध्रुवको परिचय दिने<br>• चित्र बनाउन लगाउने | • छड चुम्बक (bar magnet) का ध्रुव छुट्याउन लगाएर तथा प्रयोगको वर्णन गर्न लगाएर | |
| | | ७.४.२ चुम्बकका गुणहरू (सि.उ. ४०) | • प्रयोग सिप | • छड (bar magnet) चुम्बकहरू प्रयोग गरी चुम्बकका गुणहरू (आकर्षण विकर्षण, स्वतन्त्र रूपले झुन्ड्याउँदा उत्तर दक्षिण दिशा देखाउने) प्रदर्शन गर्ने, प्रयोग गर्न लगाउने र गुणहरू लेख्न लगाउने | • चुम्बकका गुणहरू बताउन लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ७.४.३ चुम्बकका उपयोग (सि.उ. ४१) | • सिकाइ सिप, प्रयोग सिप | • छलफलद्वारा दैनिक जीवनमा चुम्बकको विभिन्न उपयोगको सूची तयार पार्न लगाउने<br>• हवाईजहाज उडाउँदा पाइलटले आकाशमा कसरी बाटो पत्ता लगाउँछन् ? इन्टरनेटबाट पत्ता लगाउन लगाउने<br>• छड चुम्बकको सहायाले कसरी बाटो पत्ता लगाउन सकिन्छ ? बताउन लगाउने | • दैनिक जीवनमा चुम्बकको उपयोगको उदाहरण दिन लगाएर । | |
| | | ७.३ विद्युत्<br>७.३.१ विद्युत् परिपथको परिचय ( सि.उ. ४२) | • सिकाइ सिप | • विद्युत् परिपथ तयार गरी परिपथ बन्द हुँदा चिम बलेको र खुला हुँदा नबलेको तथ्य प्रदर्शन गर्ने | • विद्युत् वहन कस्तो परिपथ चाहिन्छ ? जस्ता प्रश्न सोधेर | |
| | | ७.३.२ स्विचको परिचय ( सि.उ. ४३) | • सिकाइ सिप | • प्रयोग (कोठाको स्विच दबाएर) सहित विद्युत् परिपथमा स्विचको महत्त्व छलफल गराउने<br>• स्विच कता दबाउँदा OFF हुन्छ र कता दबाउँदा ON हुन्छ पत्ता लगाउन सघाउने | • स्विचको काम बताउन लगाएर | |
| | | ७.३.३ सामान्य विद्युत् परिपथ (सि.उ. ४४) | • प्रयोग सिप | • साना साना समूहमा विद्यार्थीलाई ड्राइ सेल, स्विच र टर्चको चिम वा LED प्रयोग गरी बत्ती बाल्न लगाउने | • प्रयोगको मूल्याङ्कन गरेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ७.३.३ चालक र अचालक वस्तु (सि.उ. ४५) | • सिकाइ सिप | • माथिको विद्युत् परिपथमा स्विचको ठाउँमा विभिन्न वस्तुहरू पालैपालो जोड्न लगाउने चालक र अचालक चिनाउने, विभिन्न वस्तु परीक्षण गर्न लगाउने तथा  सूची बनाउन लगाउने<br>• सूची हेरेर प्राय धातुबाट बनेका वस्तु चालक हुन्छन् भन्ने निष्कर्ष निकाल्न मदत गर्ने । पानी पनि चालक हो भनी प्रदर्शन गर्ने । यसका लागि बत्तीको सट्टा ग्याल्भानोमिटर प्रयोग गर्नुपर्छ | • चालक र अचालक वस्तु चिन्न लगाएर | |
| | | ७.३.४ विद्युत्को प्रयोगमा सुरक्षा नियमहरू (सि.उ. ४६) | • सिकाइ सिप | • हाम्रो शरीरमा पानी हुने हुँदा यो पनि चालक हुन्छ । त्यसैले हामीले खाली हातले बिजुलीका नाङ्गो तार छुन हुँदैन, चिसो हातले स्विच पनि छुन हुँदैन, विद्युत्सँग खेल्न हुँदैन, केही अप्ठेरो पर्दा घरमा भएको मुख्य स्विच अफ गर्नुपर्छ, आदि सावधानीका नियमहरू सिकाउने | • विद्युत्को प्रयोगमा सुरक्षा नियमहरूबारे प्रश्न सोधेर | |
| ८ | पृथ्वी र अन्तरिक्ष | ८.१ आकाशीय पिण्डहरू (सि.उ. ४७) | • सिकाइ सिप | • छलफलद्वारा आकाशीय पिण्डहरूबारे विद्यार्थीको पूर्वज्ञान पहिचान गर्ने सोहीअनुसार सूर्य, तारा, चन्द्रमा र ग्रहहरूका बारेमा खोज गरी निर्धारित ढाँचामा भर्न लगाउने र समूहमा छलफल गराउने | • सूर्य, तारा, ग्रह, चन्द्रमा र पृथ्वीको भिन्नता  सोधेर | २० |
| | | ८.२ पृथ्वीको परिक्रमण र त्यसको असर (दिन र रात) (सि.उ. ४८, ४९ र ५०) | • रचनात्मक सोच सिप, सिकाइ सिप | • ग्लोब प्रयोग गरी पृथ्वी कसरी आफ्नै अक्षमा घुमिरहेको छ भनी देखाइदिने<br>• एक फन्को लगाउन २४ घण्टा लाग्ने कुरा प्रस्ट पार्ने<br>• पृथ्वीले आफ्नो अक्षमा निरन्तर घुमिरहने प्रक्रियालाई भिडियोद्वारा प्रदर्शन गर्ने<br>• पृथ्वीले आफ्नो अक्षमा घुम्ने कारणले गर्दा दिन र रात हुने कुरा क्रियाकलापद्वारा देखाउने | • नेपालमा उज्यालो भएको बेला अमेरिकामा के हुन्छ ? जापानमा पहिला उज्यालो हुन्छ कि नेपालमा ? जस्ता प्रश्नको जवाफ बत्ती अगाडिको ग्लोब प्रयोग गरी खोज्न लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | • ग्लोब र बत्तीको सहायताले पृथ्वीमा दिन र रात कसरी हुन्छ प्रदर्शन गरी बुझाउने<br>• उक्त प्रयोग दोहोऱ्याएर प्रत्येक विद्यार्थीलाई मनन गर्ने अवसर दिने | • पृथ्वीमा उज्यालो र अँधेरो (दिन र रात) हुनुको कारण सोधेर | |
| | | ८.३ पृथ्वीको परिभ्रमण र यसको असर (ऋतु)<br>(सि.उ. ५१) | • सिकाइ सिप | • ग्लोबको सहायताले पृथ्वीले कसरी आफ्नो कक्षमा रहेर सूर्यको परिक्रमा गर्छ, प्रदर्शन गर्ने<br>• एक पटक परिक्रमा गर्न ३६५ दिन वा एक वर्ष लाग्ने कुरा बताउने । सम्भव भए सम्बन्धित भिडियो देखाउने<br>• पृथ्वीले आफ्नो कक्षमा घुम्ने कारणले गर्दा ऋतु परिवर्तन हुने कुरा क्रियाकलापद्वारा देखाउने | • पृथ्वीको सूर्य परिक्रमा सम्बन्धी<br>• प्रश्न सोधेर | |
| | | ८.४ चन्द्रमाको परिभ्रमण र चन्द्रकला (सि.उ. ५२ र ५३) | • सिकाइ सिप, सञ्चार सिप | • चन्द्रमाले भने आफ्नो कक्षमा रहेर पृथ्वीलाई परिक्रमा गर्ने र  एक पटक परिक्रमा गर्न करिब ३० दिन लाग्ने कुरा बताउने | • चन्द्रमाले पृथ्वीलाई परिक्रमा गर्न लाग्ने समयबारे सोधेर | |
| | | | | • के चन्द्रमाका रूप (आकार) कस्तो कस्तो देखिन्छ ? छलफल गराउने चन्द्रकलाको चित्र देखाई वर्णन गर्ने<br>• विद्यार्थीलाई सफा मौसम भएको समयमा प्रत्येक दिन साँझमा चन्द्रमाको आकार अवलोकन गरी फारम भर्न लगाउने<br>• चन्द्रमाले आफ्नो कक्षमा घुम्ने कारणले गर्दा औंसी र पूर्णिमा हुने कुरा क्रियाकलापद्वारा देखाउने | • रातीमा चन्द्रमा नदेखिने दिनलाई र पुरै गोलो देखिने दिनलाई के के भनिन्छ ? यी दुईबिचमा कति दिनको अन्तराल हुन्छ ? जस्ता प्रश्न सोधेर<br>• फारमको मूल्याङ्कन गरेर | |

**५. प्रयोगात्मक/परियोजना कार्यका लागि सम्भावित क्रियाकलापहरू**

तलका कक्षागत प्रयोगात्मक तथा परियोजना कार्यहरू छुट्टै सञ्चालन गर्नुपर्दैन । नियमित सिकाइका क्रममा निम्नानुसारका क्रियाकलाप समावेश गर्नुपर्ने छ :

**कक्षा ४**

<table>
<tr><th>क्र.स.</th><th>विषयवस्तुको क्षेत्र</th><th>सम्भावित क्रियाकलापहरू</th></tr>
<tr><td>१</td><td>वैज्ञानिक सिकाइ</td><td>१. फिताको प्रयोग गरी तपाइँको घरको कोठाको लम्बाइ र चौडाइ मापन गर्नुहोस् । चौडाइभन्दा लम्बाइ कति लामो रहेछ, सेन्टिमिटर एकाइमा हिसाब गर्नुहोस् ।<br>२. विज्ञान प्रयोगशालामा भएका उपकरणहरूको अवलोकन गरी स्केम्याटिक (schematic) चित्र कोर्नुहोस् र तलका तालिकाअनुसार प्रस्तुत गर्नुहोस् :
<table>
<tr><th>उपकरणको नाम</th><th>चित्र</th><th>प्रयोग</th></tr>
<tr><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>२</td><td>सूचना तथा सञ्चार प्रविधि</td><td>३. विज्ञान र प्रविधि विषयमा उपयोगी हुने जानकारीहरू इन्टरनेटमा खोज गर्नुहोस् । उक्त जानकारीहरूलाई कक्षाकोठामा आदानप्रदान गर्नुहोस् ।<br>४. Paint softqare प्रयोग गरी आफुलाई मन परेको चित्र बनाउनुहोस् र शिक्षकलाई देखाउनुहोस् । सम्भाव भए print गरी अभिलेख राख्नुहोस् ।</td></tr>
<tr><td>३</td><td>जीव र वातावरण</td><td>५. नजिकको चउरको वातावरणमा भएको सजीव र निर्जीवहरूको अवलोकन गरी तलको तालिकाअनुसारका सम्बन्ध खोज गर्नुहोस् :
<table>
<tr><th>जीव</th><th>सम्बन्ध</th></tr>
<tr><td>गँड्यौला</td><td>माटो बस्छ, माटोबाट खानेकुरा प्राप्त गर्छ र माटोलाई उर्वर बनाउँछ । चराचुरुङ्गी लागि आहार बन्छ ।</td></tr>
<tr><td>पुतली</td><td>बिरुवाबाट खाना प्राप्त गर्छ (फुलको रस चुस्ने र लार्भा अवस्थामा पात खाने), बिरु वासस्थान बनाउँछ ।</td></tr>
<tr><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
<tr><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>४</td><td>जीवहरूको वर्गीकरण</td><td>६. तपाइँको घर वरपर देखिएका ढाड भएका र नभएका जनावरहरू अवलोकन गरी छुट्टाछुटै सूची बनाउनुहोस् । उक्त सूचीबाट ढाड भएका भएका र नभएका एक एक जनावरको चित्र बनाउनुहोस् ।<br>७. पुराना किताब वा पत्रपत्रिकावाट फुल पार्ने र बच्चा जन्माउने जनावरहरूको चित्र सङ्कलन गर्नुहोस् । कार्डबोड पेपरमा दुई खण्डमा विभाजन गरी एउटा खण्डमा फुल पार्ने र अर्को खण्डमा बच्चा जन्माउने जनावरका चित्र टाँसी कक्षाकोठामा सबैले देख्ने स्थानमा टाँस्नुहोस् ।<br>८. आफ्नो वरपरको पोखरी, खोला वा अन्य पानीको स्रोतमा पाइने बिरुवाहरू सङ्कलन गर्नुहोस् र तिनीहरूको अवलोकन गरी विशेषताहरू साथीहरूसँग छलफल गर्नुहोस् ।</td></tr>
</table>

<table>
<tr><td>५</td><td>जीवन प्रक्रिया</td><td>९. चना, केराउ वा सिमीको बिउ विद्यालयको करेसाबारीमा रोप्नुहोस् । उक्त बिउको अङ्कुरण, बेर्ना, कोपिला/फूल, फलको विकास अवलोकन गरी त्यसको जीवनचक्रलाई चित्रमा देखाउनुहोस् ।</td></tr>
<tr><td>६</td><td>पदार्थ</td><td>१०. दैनिक जीवनमा पानी प्रयोगको अवस्था अवलोकन गरी पानीको उचित रूपमा प्रयोग सम्बन्धमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>११. आफ्नो घरको भान्सामा भएका सामग्रीहरूलाई ठोस, तरल र ग्याँसमा वर्गीकरण गरी सूची तयार गर्नहोस् ।<br>१२. फ्रिजबाट निकालिएको धेरै चिसो पानीको बोतललाई केहीबेर हावामा राख्नुहोस् । बोतलको बाहिर सतहमा पानी कहाँबाट आयो, कक्षामा साथीहरूसँग छलफल गर्नुहोस् ।<br>१३. घर वा विद्यालय वरपर भएका पानी वा हावामा प्रदूषण भए नभएको अवलोकन गर्नुहोस् । अवलोकनबाट प्राप्त सूचनालाई निम्नानुसारका तालिकामा भर्नुहोस् र कक्षामा छलफल गर्नुहोस् :
<table>
<tr><th>अवलोकन गरिएको स्थान</th><th>भएको प्रदूषण</th><th>प्रदूषण घटाउने उपाय</th></tr>
<tr><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>७</td><td>दैनिक जीवनमा शक्ति</td><td>१४. आफ्नो घरमा प्रयोग हुने शक्तिका सम्बन्धमा अध्ययन गरी निम्नानुसारको तालिका भर्नुहोस् र साथीहरूसँग छलफल गनुहोस् :
<table>
<tr><th>क्र.स.</th><th>शक्तिको स्रोत</th><th>शक्तिको प्रकार</th><th>उपयोग</th></tr>
<tr><td>१.</td><td></td><td></td><td></td></tr>
<tr><td>२.</td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>८</td><td>पृथ्वी र अन्तरिक्ष</td><td>१५. बिदाको कुनै एक दिन बिहान ७:०० बजे देखि बेलुका ५:०० बजेसम्म हरेक २ घण्टामा मौसम अवलोकन गर्नुहोस् । मौसम परिवर्तनको अवस्था (घाम लागेको, पानी परेको, बादल लागेको, हावा चलेको, हुरी बतास चलेको) नोट गर्नुहोस् । आफुले सङ्कलन गरेको तथ्याङ्क कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।<br>१६. तपाईंको गाँउ/सहर वरपरको जमिनको सतह अवलोकन गरी तलको तालिका पुरा गर्नुहोस् । जमिनको स्वरूपमा भिरालो वा समथर लेख्नुहोस् र ढाकेकोमा खोलानाला, ताल तलैया, वनजङ्गल, बालुवा, पत्थर, मलिलो माटो आदि लेख्नुहोस् ।
<table>
<tr><th>क्र.स.</th><th>ठाउँको नाम</th><th>जमिनको स्वरूप</th><th>केले ढाकेको</th></tr>
<tr><td>१</td><td></td><td></td><td></td></tr>
</table>
१७. विगत एक वर्षमा तपाईंको समुदायमा घटेका प्राकृतिक विपद्का घटनाहरू सम्बन्धमा अभिभावकहरूसँग सोधेर देहायबमोजिमको तालिकामा भर्नुहोस् ।
<table>
<tr><th>क्र.स.</th><th>विपत्को नाम</th><th>आएको मिति</th><th>पारेको मुख्य असरहरू</th><th>आगामी दिनमा असर घ के गर्नुपर्ला ?</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
</table>

| क्र.स. | विषयवस्तुको क्षेत्र | सम्भावित क्रियाकलापहरू |
|---|---|---|
| १ | वैज्ञानिक सिकाइ | १. कक्षाका पाँच जना साथीहरूको पिण्ड र उचाइ मापन गरी पिण्डका लागि छुट्टै र लम्बाइका लागि छुट्टै बारग्राफ तयार गर्नुहोस् ।<br>२. विज्ञान प्रयोगशालामा भएका उपकरणहरूको अवलोकन गरी स्केम्याटिक चित्र कोर्नुहोस् र तलका तालिकाअनुसार प्रस्तुत गर्नुहोस् : |

| उपकरणको नाम | चित्र | प्रयोग |
|---|---|---|
| | | |

| क्र.स. | विषयवस्तुको क्षेत्र | सम्भावित क्रियाकलापहरू |
|---|---|---|
| २ | सूचना तथा सञ्चार प्रविधि | ३. कम्प्युटरमा ग्राफिक अर्गानाइजर (Graphic Organizer) सम्बन्धी डकुमेन्ट तयार गरी कक्षामा आदानप्रदान गर्नुहोस् । |
| ३ | जीव र वातावरण | ४. जीवहरूलाई ताप र प्रकाश शक्ति आवश्यक पर्ने सम्बन्धमा अवलोकन, खोज तथा अनुभवका आधारमा देखाएको तालिका पूरा गरी कक्षाकोठामा प्रस्तुत गनुहोस् : |

| जीवहरू | ताप किन चाहिने | प्रकाश किन चाहिने |
|---|---|---|
| मानिस | शरीर तातो राख्न | |
| वरपरका जनावरहरू | | |
| वरपरका वनस्पतिहरू | | हरिया बिरुवाले खाना बनाउ |

| क्र.स. | विषयवस्तुको क्षेत्र | सम्भावित क्रियाकलापहरू |
|---|---|---|
| ४ | जीवहरूको वर्गीकरण | ५. पुराना पत्रपत्रिका, किताब वा अन्य स्रोतबाट जनावरका चित्रहरू सङ्कलन गर्नुहोस् । तलको तालिकामा देखाइए जस्तै गरी चार्ट पेपर तयार गरी सम्बन्धित कोठामा फोटो टाँस्नुहोस् र लक्षणहरू छलफल गरी लेख्नुहोस् : |

| वर्ग | माछा | उभयचर | सरीसृप | चरा | |
|---|---|---|---|---|---|
| जनावरको नाम | | | | | |
| मुख्य लक्षण | | | | | |

| क्र.स. | विषयवस्तुको क्षेत्र | सम्भावित क्रियाकलापहरू |
|---|---|---|
| ५ | जीवन प्रक्रिया | ६. पुतलीको लार्भालाई मुख फराकिलो भएको पारदर्शक भाँडामा राख्नुहोस् । यसलाई दिनहुँ हरियो पात खान दिनुहोस् । केही दिनपछि यसबाट प्युपा निस्केको र पुतली बनेको अवलोकन गर्नहोस् । लार्भा र प्युपामा आएको परिवर्तन नोट गरी एक प्रतिवेदन तयार गर्नुहोस् । यसको आधारमा पुतलीको जीवन चक्र अध्ययन गर्नुहोस् । |
| ६ | पदार्थ | ७. एक एक गिलास पिठो, बालुवा वा माटो, चामल र चिउराको छुट्टाछुट्टै पिण्ड लिनुहोस् । तलको तालिकाअनुसार वस्तुको पिण्ड तुलाना गर्नुहोस् । गह्रुङ्गोदेखि हलुङ्गोको क्रममा मिलाएर राख्नुहोस् । |

| वस्तु | चामल | पिठो | बालुवा वा माटो | चिउरा |
|---|---|---|---|---|
| आयतन | एक गिलास | एक गिलास | एक गिलास | एक गि |

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>पिण्ड</td><td>.............</td><td>...............</td><td>.............</td><td>.............</td></tr>
<tr><td>निष्कर्ष</td><td colspan="4"></td></tr>
</table>
८. एउटा सानो भाँडामा कपुरको बल र अर्को भाँडामा बरफको डल्लो तताउनुहोस् । यसरी तताउँदा ती पदार्थहरूमा देखिने अवस्था परिवर्तन अवलोकन गरी निचोड निकाल्नुहोस् ।<br>
९. विभिन्न पदार्थहरू, जस्तै : नुन, पानी, चिनी, फिटकीरी, बालुवा, भुस र काठको धुलो एकअर्कामा मिसाएर विभिन्न प्रकारका मिश्रण तयार गर्नुहोस् । तयार भएको मिश्रण समान मिश्रण वा असमान मिश्रण कस्तो बन्यो ? छलफल गर्नुहोस् ।
<table>
<tr><td>क्र.स.</td><td>मिसाइएका पदार्थहरू</td><td>बनेको मिश्रणको प्रकार</td><td>कैफियत</td></tr>
<tr><td>१.</td><td></td><td></td><td></td></tr>
<tr><td>२.</td><td></td><td></td><td></td></tr>
<tr><td>३.</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>७</td>
<td>दैनिक जीवनमा शक्ति</td>
<td>१०. पानीको भाँडामा छड्के पारेर आधा डुबाइएको समतल ऐनाबाट घाम परावर्तन गराएर इन्द्रेणी बनाउनुहोस् । इन्द्रेणीको अवलोकन त्यसमा कुन कुन रङ हुन्छन्, क्रमशः टिप्नुहोस् । कापीमा इन्द्रेणीको चित्र कोरी तपाईंले अवलोकन गरकै क्रमअनुसार रङ भर्नुहोस् र शिक्षकलाई देखाउनुहोस् ।<br>
११. एउटा काँसको थालमा पानी राखी बिस्तारै चम्चाले हिर्काउनुहोस् । यसबाट निस्केको आवाज र पानीमा उत्पन्न भएको कम्पन अवलोकन गर्नुहोस् । एकछिनपछि थाललाई हातले समाउनुहोस् । आवाज के हुन्छ, अनि पानीको कम्पन नि ? अवलोकन गरी उपयुक्त निष्कर्ष लेख्नुहोस् ।<br>
१२. छड चुम्बक र आल्पिनहरू वा फलामको धुलो प्रयोग गरी चुम्बकका ध्रुवहरूको पहिचान गर्नुहोस् ।<br>
१३. सूचालक तार, ड्राइ सेल, स्विच र टर्चको चिम वा LED प्रयोग गरी विद्युत् परिपथ तयार गर्नुहोस् । कुन कुन अवस्थामा खुला परिपथ र बन्द परिपथ बन्छ, अभ्यास गर्नुहोस् ।</td>
</tr>
<tr>
<td>८</td>
<td>पृथ्वी र अन्तरिक्ष</td>
<td>१४. इन्टरनेट पहुँच भएको मोबाइल फोन वा कम्प्युटरमा you tube मा diurnal motion of the earth टाइप गरी दिन र रात हुने प्रक्रिया हेर्नुहोस् । यस प्रक्रियालाई ठोस वस्तु प्रयोग गरी अभ्यास गर्नुहोस् ।<br>
१५. इन्टरनेट पहुँच भएको मोबाइल फोन वा कम्प्युटरमा you tube मा lunnar motion टाइप गरी भिडियो हेर्नुहोस् र प्राप्त गरेका जानकारीहरू कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।</td>
</tr>
</table>

## ६. सिकाइ सहजीकरण क्रियाकलाप र विधि

विज्ञान तथा प्रविधि विषयको प्रकृतिले यसका विषयवस्तु सिकाइका लागि विद्यार्थीले बढीभन्दा बढी गरेर सिक्ने, प्रत्यक्ष अनुभव तथा अवलोकन गर्ने अवसर प्रदान गर्ने, चिन्तन गर्ने, जिज्ञासा राख्ने, तर्क गर्नेलगायतका क्रियाकलापहरूको माग गर्दछ । तसर्थ यस विषय क्षेत्रको शिक्षण गर्दा विषयवस्तुको प्रकृतिअनुसार अवलोकन, प्रयोगात्मक, प्रदर्शन, खोज, क्षेत्र अन्वेषण, प्रश्नोत्तर, छलफल विधिहरूको प्रयोग गर्नुपर्छ । विद्यार्थीका बहुबुद्धिलाई मनन गरी एउटै विषयवस्तुको शिक्षण सिकाइका लागि धेरै किसिमका विधिहरू प्रयोग गर्नुपर्ने छ । कुनै एक विषयवस्तु सिकाइको निश्चित विधि मात्र उपयुक्त हुने भन्ने हुँदैन । विज्ञान तथा प्रविधि शिक्षण सिकाइका लागि

विधि तथा रणनीतिहरू छनोट गर्दा आवश्यकताअनुसार गीत, कविता, खेल, वादविवाद, समूह कार्य, जोडी कार्य, भूमिका अभिनय, प्यानल छलफललगायतका थुप्रै विधि तथा रणनीतिहरूको प्रयोग गरी विषयवस्तु सँगसँगै व्यवहारकुशल सिप, विज्ञान प्रक्रियागत सिपहरू विकासमा पनि जोड दिनुपर्ने छ ।

विज्ञान तथा वातावरण शिक्षाको अध्ययन अध्यापनमा ज्ञानको भण्डार मात्र वृद्धि गर्ने नभई ज्ञानको खोजी गर्ने विधि पनि दिन खोजिएको छ । बालबालिकाले अन्वेषण र समस्या समाधानका सिपहरू प्रयोग गरेर आफ्नै अनुभवद्वारा सिक्छन् । यसका लागि उनीहरूलाई सकेसम्म बढी प्रयोगात्मक क्रियाकलापमा संलग्न गराउनुपर्दछ । प्रभावकारी शिक्षण सिकाइका लागि शैक्षिक सामग्रीको प्रयोगमा जोड दिनुपर्दछ । पाठले दिन खोजेका धारणालाई स्पष्ट पार्न सम्भव भएसम्म मूर्त सामग्री नभए अर्धमूर्त वा अमूर्त प्रभावकारी क्रियाकलाप हुन जरुरी छ ।

विशेष गरी विज्ञानसँग सम्बन्धित विषयवस्तुको अध्यापन गराउँदा कुनै स्थिति वा घटनाबारे सोध्ने, त्यसको नतिजा अथवा प्रभावबारे पूर्वानुमान गर्न प्रोत्साहन दिने, परिकल्पित धारणा परीक्षण गर्न उत्साहित गर्ने, आफैँ निष्कर्षमा पुग्ने अवसर दिने र निष्कर्षको औचित्यबारे पुनः विचार गर्ने मौका दिने जस्ता पक्षमा ध्यान पुऱ्याउनुपर्दछ ।

विज्ञान तथा प्रविधि विषयमा संलग्न सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सहज तरिका सहजीकरणका लागि प्रयोग गर्न सकिने विधि र तरिकाहरू खोज, स्थलगत अध्ययन तथा अन्वेषण विधि, प्रदर्शन विधि, प्रयोगात्मक विधि, परियोजना कार्य तथा समस्या समाधान विधि, अवलोकन विधि, सहयोगात्मक समूह छलफल, अनुभवमा आधारित सिकाइ, व्याख्यान विधि इत्यादि रहेका छन् ।

**विज्ञान शिक्षण सिकाइका प्रक्रियागत सिपहरू**

विज्ञानका विषयक्षेत्रहरू हरेक व्यक्तिको दैनिकिसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएको हुँदा यो विषयको अध्ययनका माध्यमबाट विद्यार्थीहरूमा विज्ञानसँग सम्बन्धित निम्नलिखित वैज्ञानिक प्रक्रियागत सिपहरू अनिवार्य रूपमा हासिल हुने गरी शिक्षण योजना तय गरिनुपर्दछ ।

**(क) आधारभूत विज्ञान प्रक्रियागत सिपहरू**

१. **अवलोकन :** पञ्च ज्ञानेन्द्रियहरू (देख्नु, सुन्नु, छुनु, गन्ध थाहा पाउनु र स्वाद थाहा पाउनु) को प्रयोग गरी विषयवस्तु तथा घटनाहरू, तिनीहरूको विशेषताहरू, गुणहरू, असमानता, समानता, परिवर्तनहरूका बारेमा पत्ता लगाउने कार्य अवलोकनअन्तर्गत पर्दछन् । यसमा अवलोकनहरूलाई अभिलेखन गर्न वा लिखित रूपमा राख्न सकिन्छ । उदाहरणका लागि सुन्तलाको रङ वर्णन गर्ने, स्वाद र गन्धको पहिचान गर्ने, बनावटबारे वर्णन गर्ने आदि ।

२. **वर्गीकरण** : वस्तुहरू अथवा घटनाहरूको गुणमा आधारित भई समानता वा फरकपनको आधारमा समूहीकरण गर्ने र क्रम मिलाउने कार्य नै वर्गीकरण हो । यसअन्तर्गत सूची बनाउने, टेबल बनाउने, चार्ट तयार गर्ने कार्य गरिन्छ, जस्तै : फूल फुल्ने बिरुवाहरूको सूची बनाउने, फूल नफुल्ने बिरुवाहरूको सूची बनाउने, विद्युत्को सुचालक र कुचालक वस्तुहरूको तालिका बनाउने आदि ।

३. **मापन** : उपयुक्त मापनका साधन र प्रविधिहरूको प्रयोग गरी मापन गर्ने, थाहा भएका मापनका साधनहरू (तौल यन्त्र, स्केल, मिटर स्केल, घडी) आदिको प्रयोग गरी थाहा नभएका विभिन्न वस्तुहरूको मापन गर्ने कार्य यस प्रक्रियामा पर्दछ । मापनअन्तर्गत क्रमबद्ध र पद्धतिगत ढाँचामा एकाइसहित अभिलेखको मापन गर्ने, कम्प्युटर सफ्टवेयरको प्रयोग वा चार्ट, ग्राफ, टेबुल निर्माण गर्ने कार्य आदि पर्दछन् । उदाहरणका लागि रुलरको प्रयोग गरी टेबलको लम्बाइ, चौडाइ र उचाइ नाप्ने आदि ।

४. **निष्कर्ष निकाल्ने** : अवलोकन गरिएका वस्तु वा घटनाहरूको व्याख्याबाट निष्कर्ष निकाल्न सकिन्छ । यसरी अवलोकन गर्दा एकभन्दा बढी निष्कर्ष निकाल्न सकिन्छ । उदाहरणका लागि :

- घाँस हरियो छ ।
- घाँस हरियो हुन्छ जब यसलाई सिँचाइ गरिन्छ र उपयुक्त तवरले खेती खेरिन्छ ।

५. **भविष्यवाणी** : वर्तमान ज्ञान, बोध, अवलोकन र निष्कर्षको आधारमा अपेक्षित परिणामको विचार बनाउने गर्ने कार्य नै भविष्यवाणी हो । भविष्यवानी गर्नु अनुमान गर्नु होइन तर विश्वास गर्नु हो । गलत व्याख्या वा सूचनाहरू तथा पहिले थाहा नभएका कुराहरूलाई स्पष्ट पार्नका लागि लिखित अथवा मौखिक रूपमा व्याख्या

गर्ने कार्य भविष्यवाणीअन्तर्गत पर्दछन् । उदाहरणका लागि घाँस खैरो हुने छ । यसको व्याख्या जब घाँसलाई सिँचाइ गरिँदैन र घाँसका लागि आवश्यक वस्तुहरूको व्यवस्थापन गरिँदैन तब यो खैरो हुने छ ।

६. **सञ्चार** : कार्य, प्रदर्शनहरू, चित्र, टेबल, चार्ट आदिका बारेमा अरूलाई विचारहरू, अनुभवहरू, सूचनाहरू, जानकारीहरू दिनका लागि मौखिक र लिखित रूपमा सम्प्रेषण गर्नु सञ्चार हो । उदाहरणका लागि जलचक्रको चार्ट तयार गरी शिक्षक तथा अन्य व्यक्तिहरूलाई त्यसको बारेमा व्याख्या गर्ने आदि ।

७. **प्रयोग** : सिकेको ज्ञान, सिप तथा अनुभवहरूलाई नयाँ परिवेशमा उपयोग गरी आइपरेका समस्या समाधान गर्नु प्रयोग सिप हो । उदाहरणका लागि पानी परेको समयमा छाता बोक्नु ।

### ७. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । मूल्याङ्कनलाई सिकाइ प्रक्रियासँगसँगै सञ्चालन गरी सिकाइ सुधारका लागि प्रयोग गर्नुपर्छ । यसरी मूल्याङ्कनको एउटा प्रमुख उद्देश्य सिकाइ सुधार गर्नु अर्थात् सिकाइका लागि मूल्याङ्कन गरिनु हो । यस्तो सिकाइका लागि गरिने मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा निरन्तर र नियमित रूपमा सञ्चालन गर्नुपर्छ । आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनको तोकिएका शीर्षकमा प्राप्त अङ्कको निश्चित भार विद्यार्थीको समग्र सिकाइस्तर निर्धारण अर्थात् निर्णयात्मक मूल्याङ्कनमा समावेश गरिने छ । विद्यार्थीको समग्र सिकाइस्तर निर्धारण गर्ने निर्णयात्मक मूल्याङ्कनका लागि कक्षा ४ र ५ प्रत्येकमा ५० प्रतिशत भार आन्तरिक मूल्याङ्कनबाट र बाँकी ५० प्रतिशत भारको अन्तिम परीक्षा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

विद्यार्थीको मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नु पर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

### निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग

निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्यको अवलोकन, व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन तथा विधिहरूको प्रयोग गर्न सकिन्छ ।

| क्र.स. | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स/श्रेणी मापन | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स/श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ । |
| २ | व्यवहार अवलोकन | विज्ञान प्रक्रियागत सिपहरूको मूल्याङ्कन, पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने वैज्ञानिक अभिव्यक्ति, व्यवहारकुशल सिपको मापन गर्न रुजूसूची, श्रेणी |

| | | |
|---|---|---|
| | फारम | मापनलगायतका व्यवहार अवलोकन फारम प्रयोग गर्न सकिन्छ । |
| ३ | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तरका, प्रदर्शित व्यवहारकुशल सिपहरू पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको शिक्षक नोटमा व्यक्तिगत रूपमा अभिलेख राख्नुपर्ने छ । |
| ४ | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षाका अभिलेख राख्नुपर्छ । |
| ५ | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसमा समावेश हुन्छन् । यसलाई अभिलेखीकरण गर्नुपर्ने भएमा शिक्षक अभिलेखमा उल्लेख गर्नुपर्ने छ । |

**आन्तरिक मूल्याङ्कन**

उल्लिखित तरिका तथा साधन प्रयोग गरी विद्यार्थीको सिकाइको नियमित मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नु पर्दछ भने यस्तो मूल्याङ्कनको अभिलेख व्यवस्थित गरी विद्यार्थीको सिकाइ स्तर निर्धारणमा पनि यसको नतिजालाई प्रयोग गर्न सकिन्छ । निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो निर्माणात्मक मूल्याङ्कनको नतिजामध्ये तपसिलबमोजिमको अङ्क भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ स्तर निर्धारण गरिन्छ ।

| सि. नं. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : उपस्थिति र नियमित मूल्याङ्कनबाट कक्षा सिकाइ कार्यमा विद्यार्थीको कार्यसम्पादन र सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० |
| ३ | प्रयोगात्मक/परियोजना कार्य | १६ |
| ४ | त्रैमासिक परीक्षाहरू | १० |
| जम्मा | | ५० |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी सहभागिताको स्तर, प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिको स्तर तथा प्रयोगात्मक/परियोजना कार्यको कार्यसम्पादन स्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ :

| आधार | उपलब्धिस्तरको सामान्य व्याख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | **उत्कृष्ट (Advanced)** | **उच्च (Proficient)** | **राम्रो (Above basic)** | **सामान्य (Basic)** | **कमजोर (Below basic)** | स्तर |
| | **५** | **४** | **३** | **२** | **१** | |
| सहभागिता | कक्षामा सधैँ उपस्थित भएको र पूरा समय सिकाइमा सक्रिय सहभागी भएको | कक्षामा अधिकांश दिन उपस्थित भएको र सिकाइमा धेरै जसो सक्रिय सहभागी भएको | कक्षामा औसत दिन उपस्थित भएको र सिकाइमा धेरै जसो सक्रिय सहभागी भएको | कक्षामा औसत भन्दा कम दिन उपस्थित भएको र सिकाइमा सामान्य सहभागी भएको | कक्षामा थोरै दिन उपस्थित भएको र सिकाइमा सामान्य रूपमा सहभागी भएको | |
| मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | • वैज्ञानिक सुझबुझ, मौलिकता, वास्तविक जीवनमा अन्तरसम्बन्ध का बारेमा पुष्टि गर्न सक्ने (चित्र वा अन्य विधिद्वारा) | • अवधारणागत स्पष्टता, तर्क गर्ने, प्रश्न गर्ने, खोजी गर्ने | • अवधारणागत स्पष्टतासहित थप उदाहरणबाट प्रष्ट पार्न सक्ने | • पाठ्य सामग्रीमा भएमा तथ्य स्मरण गरेर बताउन सक्ने तर थप उदाहरण दिन नसक्ने | सामान्य जानकारी भएको तर अवधारणागत रूपमा स्पष्ट नभएको | |
| प्रयोगात्मक/ परियोजना कार्य | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकै समयमा कार्य सम्पन्न गरेको, समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरेको तर तथ्याङ्क व्यवस्थित नगरेको र समूहमा आफ्नो जिम्मेवारी धेरैजसो पूरा | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य गर्न केही कठिनाइ भएको, तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने कुराहरू व्यवस्थित रूपमा | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य सम्पन्न गर्न र समावेश गर्नुपर्ने सबै कुरा समावेश गर्न कठिनाइ भएको, कार्य सम्पन्न गर्नका लागि शिक्षकको पूर्ण सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी पूरा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गरेको | समावेश गर्न शिक्षकको आंशिक सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी कहिलेकाहीँ मात्र पूरा गरेको | नगरेको | |
| | | | | | | |

**मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन**

उल्लिखित रेटिङको बुँदा २ मा उल्लिखित मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर निर्धारणका लागि बोधगम्म बनाउन शिक्षकले प्रत्येक एकाइका लागि रेटिङको विस्तृतीकरण तयार गर्नु पर्छ ।

जस्तै :

**कक्षा ४ एकाइ ३ जीव र वातावरण एकाइका लागि रेटिङको विस्तृतीकरण**

| उत्कृष्ठ ५ | उच्च ४ | राम्रो ३ | सामान्य २ | कमजोर १ |
|---|---|---|---|---|
| • वातावरणमा हुने जैविक तथा अजैविक तत्त्वहरूबिचको अन्तरसम्बन्धको अवधारणा आफ्नो वरपरको वातावरणमा सामान्यीकरण गरी बुझाई प्रस्तुतीकरण गर्ने तथा विभिन्न तरिकाबाट यस्तो अन्तरसम्बन्ध पुष्टि गर्न सकेमा | • वातावरणमा हुने जैविक तथा अजैविक तत्त्वहरूबिचको अन्तरसम्बन्धको स्पष्ट अवधारणा विकास तथा यसलाई आफ्नो वरपरको वातावरणसँग सम्बन्धित गरी तर्क गर्न | • वातावरणमा हुने जैविक तथा अजैविक तत्त्वहरूबिचको अन्तरसम्बन्धको स्पष्ट अवधारणा र उदाहरण प्रस्तुत गर्न सक्ने | • वातावरणमा हुने जैविक तथा अजैविक तत्त्वहरूबिचको अन्तरसम्बन्धको सामान्य अवधारणा बताउन सक्ने | • वातावरणमा हुने जैविक तथा अजैविक तत्त्वहरूबिचको अन्तरसम्बन्धको अवधारणा स्पष्ट नभएको |

उल्लिखित रेटिङका आधारमा विषयवस्तुको क्षेत्रअनुसारको उपलब्धिको अङ्कलाई देहायबमोजिम तालिकीकरण गर्नुपर्दछ :

| **क्र.स.** | **विषयवस्तुको क्षेत्र** | **कक्षा ४** | | **कक्षा ५** | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | **सिकाइ उपलब्धि सङ्ख्या** | **उपलब्धि स्तर** | **सिकाइ उपलब्धि सङ्ख्या** | **उपलब्धि स्तर** | |
| १. | वैज्ञानिक सिकाइ | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | सूचना तथा सञ्चार प्रविधि | | | | | |
| ३. | जीव र वातावरण | | | | | |
| ४. | जीवहरूको वर्गीकरण | | | | | |
| ५. | जीवन प्रक्रिया | | | | | |
| ६. | पदार्थ | | | | | |
| ७ | दैनिक जीवनमा शक्ति | | | | | |
| ८ | पृथ्वी र अन्तरिक्ष | | | | | |
| औसत उपलब्धि स्तर | | | | | | |

**प्रयोगात्मक/परियोजना कार्यको मूल्याङ्कन**

**यस पाठ्यक्रमको खण्ड ५ मा उल्लिखित प्रयोगात्मक तथा परियोजना कार्यको कार्यसम्पादन स्तर मूल्याङ्कन गरी दिइएको तालिकामा उपलब्धिस्तरको अङ्क भर्नुपर्दछ :**

| **क्र.स.** | **विषयवस्तुको क्षेत्र** | **कक्षा ४** | | **कक्षा ५** | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | **कार्य** | **उपलब्धि स्तर** | **कार्य** | **उपलब्धि स्तर** | |
| १ | वैज्ञानिक सिकाइ | | | | | |
| २ | सूचना तथा सञ्चार प्रविधि | | | | | |
| ३ | जीव र वातावरण | | | | | |
| ४ | जीवहरूको वर्गीकरण | | | | | |
| ५ | जीवन प्रक्रिया | | | | | |
| ६ | पदार्थ | | | | | |
| ७ | दैनिक जीवनमा शक्ति | | | | | |
| ८. | पृथ्वी र अन्तरिक्ष | | | | | |
| औसत उपलब्धि स्तर | | | | | | |

**विद्यार्थीको कार्यसम्पादन तथा सिकाइस्तरको अङ्क**

उल्लिखित मापदण्डअनुसार विद्यार्थीको मूल्याङ्कन गरेपछि औसत सिकाइ वा कार्यसम्पादन स्तर निकालेर निम्नलिखित तालिकाअनुसार भारअनुसारको प्रत्येक विद्यार्थीको प्राप्ताङ्क निकाल्नुपर्छ ।

| सि. नं. | मूल्याङ्कनका पक्ष | औसत सिकाइ वा कार्यसम्पादन स्तर | भार | प्राताङ्क (सिकाइ स्तर/५ × भार) |
|---|---|---|---|---|
| १ | सहभागिता | | ४ | |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | | २० | |
| ३ | प्रयोगात्मक/परियोजना कार्य | | १६ | |
| जम्मा | | | ४० | |

**त्रैमासिक परीक्षाहरूको प्राप्ताङ्क**

| | त्रैमासिक परीक्षा | प्राप्ताङ्क | भार | भारअनुसारको प्राप्ताङ्क (प्राप्ताङ्क/पूर्णाङ्क × भार) |
|---|---|---|---|---|
| १ | पहिलो | | ५ | |
| ४ | दोस्रो | | ५ | |
| | जम्मा | | १० | |

**अन्तिम परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तया गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

**विद्यार्थीको समग्र सिकाइस्तर (Overall Grading)**

| सि. नं. | मूल्याङ्कनको स्वरूप | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कन | ५० | |
| २ | अन्तिम परीक्षा | ५० | |
| जम्मा | | १०० | |

उल्लिखित समग्र उपलब्धि प्रतिशतलाई निम्नअनुसारको अक्षरात्मक स्तरमा विद्यार्थीको समग्र उपलब्धिको प्रतिवेदन तयार गर्नुपर्छ ।

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| ० – २० | E | ज्यादै कमजोर (Far below from basic) |
| २० – ४० | D | कमजोर (Below basic) |
| ४० – ६० | C | सामान्य (Basic) |
| ६० – ७५ | B | राम्रो (Above basic) |
| ७५ – ९० | A | उच्च (Proficient) |
| ९० – १०० | A* | उत्कृष्ट (Advanced) |

# सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

## १. परिचय

सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत विभिन्न सामाजिक विज्ञानका अन्तरसम्बन्धित विषयवस्तु समावेश गरिएको छ । विभिन्न सामाजिक विज्ञानका विषयहरू समावेश गरी बदलिँदो विश्व परिवेश, राष्ट्रिय सन्दर्भ, समसामयिक विषयवस्तु र स्थानीय आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी यो पाठ्यक्रम तयार पारिएको छ । यस विषयको अध्ययनबाट विद्यार्थीहरूलाई एक असल नागरिक भई जीवनयापन गर्न मदत पुग्ने छ । यस पाठ्यक्रमले मानवमूल्य शिक्षामार्फत असल आचरण निर्माण, अनुशासन, जिम्मेवारी, सहयोग, सहकार्य, शान्ति, प्रेम, समानुभूति, विश्वास, भाइचारा र विश्वबन्धुत्व जस्ता मानवीय मूल्यलाई व्यावहारिक रूपमा विकास गराउँदै जाने उद्देश्य राखेको छ । त्यसैगरी यस विषयले विविधताको सम्मान, समताको आत्मसातीकरण तथा समावेशिताको अभ्यास गर्ने मूल्यको विकास गराउने लक्ष्य पनि राखेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले मार्गदर्शन गरेअनुरूप एकीकृत रूपमा सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयको पाठ्यक्रम तयार गरिएको छ । यस पाठ्यक्रमबाट विद्यार्थीहरूमा सामुदायिक भावना विकसित हुन सकोस्, विद्यार्थीहरूले आफ्नो मुलुकको विकास अवधारणा बुझ्न सकुन्, आफ्ना सामाजिक मूल्य तथा मान्यतासँग परिचित भई एक लगनशील, कर्तव्यनिष्ठ, इमानदार र असल नागरिक बनुन्, नेपाल र विश्वको भौगोलिक परिवर्तन तथा विगतका ऐतिहासिक घटनाक्रमबाट पाठ सिकी वर्तमान अवस्थामा आफूलाई परिवर्तन गर्न सकुन् र जनसङ्ख्या व्यवस्थापनमा व्यावहारिक सिप प्राप्त होस् भन्ने उद्देश्य राखिएको छ । त्यसैगरी आर्थिक क्रियाकलापसँग परिचित भई श्रमप्रति लगनशील हुन सकुन्, अन्तर्राष्ट्रिय समझदारी बढाउन यसका विषयवस्तुबाट मदत लिन सकुन्, विश्व परिस्थितिका नयाँ परिवर्तनहरूको जानकारी राख्दै स्वतन्त्र, समानता र विश्वबन्धुत्वको भावनाअनुरूप आफूलाई समायोजन गर्न सकुन्, विश्वमा विकसित विज्ञान र प्रविधिबाट मानव समाजमा परेका प्रभावहरूलाई व्यवहारमा ल्याई विद्यार्थीहरूबाट मुलुकको विकासमा टेवा मिलोस् भन्ने उद्देश्य यस पाठ्यक्रमले राखेको छ । यसका विषयक्षेत्रलाई आधारभूत तहदेखि माध्यमिक तहसम्म क्रमबद्ध गर्ने प्रयास गरिएको छ ।

यस पाठ्यक्रममा समावेश गरिएका मुख्य विषयवस्तुमा हामी र हाम्रो समाज, हाम्रो मूल्यमान्यता, सामाजिक समस्या तथा समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत र हाम्रो आर्थिक क्रियाकलाप रहेका छन् । यस पाठ्यक्रममा कक्षा ४–५ को तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको विस्तृतीकरणसहित विषयवस्तुको क्षेत्रअनुसार सिकाइ सहजीकरण क्रियाकलापका लागि सञ्चालन गर्न सकिने नमुना क्रियाकलाप, सम्भावित प्रयोगात्मक तथा परियोजना कार्यका लागि मार्गदर्शन तथा मूल्याङ्कन विधि, प्रक्रिया तथा साधनहरूको सङ्केत गरिएको छ । यस विषयको शिक्षण सिकाइका लागि साप्ताहिक ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० कार्यघण्टा छुट्याइएको छ । यस विषयमा विद्यार्थीको मूल्याङ्कनका लागि ५० प्रतिशत भार आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत भार अन्तिम परीक्षाका लागि छुट्याइएको छ ।

## २. तहगत सक्षमता

कक्षा ४ र ५ को सामाजिक तथा मानवमूल्य शिक्षा विषयको अध्ययन पूरा गरेका विद्यार्थीहरूमा निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. हामी र हाम्रो समाजका विविध पक्षहरूको पहिचान र सम्मान
२. हाम्रा सामाजिक र मानवीय मूल्यमान्यताहरूको परिपालना र संरक्षण
३. राष्ट्र र राष्ट्रियताको सम्मान, राष्ट्रिय सम्पदाहरूको पहिचान र संरक्षण
४. नागरिक अधिकार र कर्तव्यको बोध, प्रस्तुति तथा उपयोग
५. सभ्य समाज निर्माणका आधारहरू पहिचान एवम् बाधाहरूको निराकरण
६. सामाजिक अवसरहरूको पहिचान , बोध, प्रस्तुति
७. नेपालका प्रमुख आर्थिक क्रियाकलापको बोध र प्रस्तुति
८. नेपालको भौगोलिक अवस्थाको पहिचान र नक्सा अध्ययन
९. विपत् व्यवस्थापन र जनसङ्ख्या व्यवस्थापनका उपायहरूको बोध र त्यसप्रतिको सचेतना
१०. सूचना र प्रविधि एवम् व्यवहारकुशल सिपमा आधारित सिकाइको प्रयोग र प्रवर्धन

## ३. कक्षागत सिकाइ उपलब्धि

| विषयवस्तुको क्षेत्र | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | वार्षिक कार्यघण्टा | सिकाइ उपलब्धि | वार्षिक कार्यघण्टा |
| १. हामी र हाम्रो समुदाय | १. निकट छिमेकीहरूको सम्बन्ध पहिचान गरी सहयोगको आदानप्रदान गर्न | २० | १. समुदायको विकासका लागि सञ्चालित सामुदायिक कार्यहरू पहिचान गरी र तिनीहरूको महत्त्व बताउन | २० |
| | २. आफ्ना छिमेकीहरूसँग उचित व्यवहार गर्न | | २. आफ्नो समुदायमा सञ्चालित विभिन्न किसिमका सामुदायिक कार्यहरूप्रति अपनत्वको भावनाको विकास गरी सहयोग गर्न | |
| | ३. आफ्ना छिमेकीहरूको काम र पेसा बताउन | | ३. समाज र सामाजिक सम्बन्धको महत्त्व उल्लेख गर्दै असल सामाजिक सम्बन्ध विकासका लागि आवश्यक उपायहरू बताउन | |
| | ४. विभिन्न पेसा तथा व्यवसायमा प्रयोग हुने सामाग्रीहरूको पहिचान गरी तिनीहरूको सुरक्षा गर्न | | ४. समुदायमा प्रचलित विभिन्न पेसाहरू पहिचान गरी ती पेसाका मुख्य कार्य उल्लेख गर्न | |
| २. हाम्रा मानव मूल्यमान्यता | ५. मान्यजनको सम्मान गरी उनीहरूबाट प्रेरणा प्राप्त गर्न | २८ | ५. स्थानीय परम्परागत सामाजिक मान्यता तथा प्रचलनहरूको पहिचान गर्न | २८ |
| | ६.. असल बानी बसाल्न र व्यवहार गर्न | | ६ स्थानीय भाषा, वेषभूषा, रहनसहन, मेलापर्व र जात्राहरूको परिचय दिई महत्त्व पहिचान गर्न | |
| | ७. आफ्नो समुदायका विभिन्न भाषा, वेषभूषा, रहनसहन र चाडपर्वको पहिचान र सम्मान गर्न | | ७. आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान र योगदानको खोजी | |
| | ८. आफ्नो जन्मस्थानको महत्त्व बोध गरी अपनत्व प्रदर्शन गर्न | | ८. अनुशासन तथा असल आचरण पालना गर्न | |
| ३. नागरिक चेतना, कर्तव्य र | ९. व्यक्तिगत र पारिवारिक सुरक्षाको आवश्यकता तथा महत्त्व बताई सुरक्षाका उपायहरू अपनाउन | २४ | ९. स्थानीय स्तरबाट प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्धनका लागि भएका प्रयासहरू खोजी गरी उल्लेख गर्न | २४ |
| | १०. आफ्नो आधिकारप्रति सजग रही कर्तव्य पूरा गर्न | | १०. परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक नियमहरूको पालना, | |

| | | | | |
|---|---|---|---|---|
| अधिकार | | | संरक्षण र संवर्धनमा सहभागी हुन | |
| | ११. आफ्नो समुदायमा भएका सार्वजनिक सम्पदाहरू (प्राकृतिक र सांस्कृतिक) को पहिचान गरी तिनीहरूको उचित उपयोग र संरक्षणमा सहभागी हुन | | ११. सानातिना विवादको समाधान गरी शान्तिपूर्ण वातावरणमा कार्य सम्पन्न गर्न | |
| | १२. आफ्नो समुदायमा भएका विभिन्न जाति, धर्म, लिङ्ग, वर्ण, अपाङ्गता, भाषा, क्षेत्र र पेसाका मानिसहरूसँग समान व्यवहार गर्न | | १२. सडक सुरक्षा तथा ट्राफिक नियमको पालना गर्न र अरूलाई पनि सचेत<br>गराउन | |
| | १३. स्थानीय स्तरका सेवा प्रदायक निकायले प्रदान गर्ने सेवाहरूको पहिचान र उपयोग गर्न | | १३. व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायहरूको पहिचान गर्न | |
| ४. सामाजिक समस्या र समाधान | १४. असल समाजको परिचय दिन | २० | १४. असल समाजको निर्माणका आधारहरू पहिचान गर्न | २० |
| | १५. सामाजिक विकृति तथा समस्याहरूको पहिचान गर्न | | १५. मादक पदार्थ तथा लागुपदार्थ सेवनबाट हुने असर प्रति सचेत रहन | |
| | १६. सामाजिक कुरीति तथा विकृति हटाउने उपायहरू बताउन | | १६. समाजमा चोरी, डकैती जस्ता घटनाप्रति सजग रहन | |
| | १७. सामाजिक समस्या समाधानमा स्थानीय स्तरमा भएका सङ्घसंस्थाहरूको भूमिका बताउन | | १७.. सामाजिक समस्या र विकृति हटाउन सहयोग गर्ने सामाजिक सङ्घसंस्थाहरूको पहिचान गर्न | |
| ५. हाम्रो विगत | १८. आफ्नो परिवार र छिमेकीको विगत बताउन | २४ | १८. आफ्नो समुदायका परम्परागत मौलिक चालचलन पहिचान गर्न | २४ |
| | १९.आफ्नो समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरू पहिचान गर्न | | १९. आफ्नो समुदायमा भएका ऐतिहासिक वस्तुहरूको खोजी तथा संरक्षण गर्ने उपायहरू खोजी गर्न | |
| | २०. आफ्नो गाउँ ठाउँको नाम र उत्पत्तिको खोजी गर्न | | २०. आफू रहेको समुदायको विगत र वर्तमान बताउन | |
| | २१. आफ्ना पुर्खाको योगदानको पहिचान र सम्मान गर्न | | २१. विगतमा समाज परिचालनको व्यवस्था तथा संरचनाको खोजी गर्न | |
| ६. हाम्रो आर्थिक क्रियाकलाप | २२. आ□नो समुदायका मानिसहरूले गर्ने कामको पहिचान गरी सम्मान गर्न । | २४ | २२. आफ्नो समुदाय तथा प्रदेशका मानिसहरूले गर्ने श्रम/कामको सम्मान र सहयोग गर्न | २४ |
| | २३. आ□नो क्षेत्रमा उत्पादित तथा निर्मित वस्तुहरूको | | २३. स्वदेशमा उत्पादित तथा निर्मित वस्तुहरूको उपयोग गर्न | |

| | | | | |
|---|---|---|---|---|
| | उपयोग गर्न | | | |
| | २४ समुदायमा हुने आर्थिक क्रियाकलापको खोजी र अवलोकन गर्न | | २४. आफ्नो स्थानीय तहभित्रका आर्थिक क्रियाकलापको परिचय दिन | |
| | २५. वस्तुहरूको प्रयोगमा मितव्ययिता अपनाउन | | २५. स्थानीय वस्तुहरूको उत्पादन, सङ्कलन र बिक्री वितरणमा समुदायको भूमिका पहिचान गर्न | |
| | २६. स्थानीय हाटबजारमा हुने आर्थिक क्रियाकलापको पहिचान गरी महत्त्व बताउन | | २६. हाम्रो देशका प्रमुख आर्थिक क्रियाकलाप पहिचान गर्न | |
| ७. हाम्रो पृथ्वी | २७. हाम्रो पृथ्वीको सामान्य परिचय दिन | २० | २७. सौर्यमण्डल, ग्रह र उपग्रहको सामान्य परिचय दिन | २० |
| | २८. हाम्रा आवश्यकता पूरा गर्न पृथ्वीको महत्त्व बताउन | | २८. पृथ्वीको उत्पत्ति र बनोटको परिचय दिन | |
| | २९. आफू बसेको स्थानीय तहको भौगोलिक स्वरूप, जनसङ्ख्या र सामाजिक रहनसहनको परिचय दिन | | २९. नेपालको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवनको विशेषता उल्लेख गर्न | |
| | ३०. आफू रहेको स्थानीय तह र जिल्लाको नक्सा निर्माण गरी सङ्केतमा देखाउन | | ३०. आफू रहेको प्रदेश नक्सा निर्माण गरी सङ्केतमा देखाउन | |
| | ३१. हाम्रो गाउँ/टोल र विद्यालयको भौगोलिक अवस्थिति पहिचान गरी नक्सा कोर्न | | ३१. नेपालको नक्सा हेर्न र पढ्न | |

## ४. विषयवस्तु र तिनको विस्तृतीकरण

कक्षा : ४

| **विषयवस्तुको क्षेत्र** | **विषयवस्तुको विस्तृतीकरण** | **व्यवहारकुशल सिप** | **मुख्य सिकाइ क्रियाकलाप** | **सम्भावित मूल्यमान्यता प्रक्रिया** | **काघ** |
|---|---|---|---|---|---|
| **१. हामी र हाम्रो समुदाय** | **१.१ छिमेकीहरूसँगको सम्बन्ध र सहयोग** | • प्रयोग सिप<br>• सिकाइ सिप | • विद्यार्थीहरूलाई पालैसँग छिमेकीहरूको नाम सोध्ने | १. आफ्ना दश जना छिमेकीहरूको नाम र उनीहरूलाई सम्बोधन गरिने नाता लेख्न लगाउनुहोस् । | १५ |

<table>
<tr>
<td></td>
<td>• आफ्नो टोल छिमेकका व्यक्तिहरूको नाम<br>• टोल छिमेकका व्यक्तिहरूसँग नाता लगाएर गरिने सम्बोधन, जस्तै : आमा, बुबा, दाजुभाइ, दिदी, बहिनी, बाजे, बज्यै, काका काकी, ठुलो बुबा, ठुली आमा आदि<br>• छिमेकीहरूसँग सहयोगको आदान-प्रदान र घुलमिल,<br>- सरसामानहरू आदानप्रदान<br>- बिरामी पर्दा सहयोग<br>- विशेष पर्व, चाड र संस्कारहरू मनाउँदा सहभागिता र घुलमिल</td>
<td>• निर्णय तथा समस्या समाधान सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग र समानुभूति सिप<br>• जिम्मेवारी तथा प्रतिबद्धता</td>
<td>कालोपाटीमा टिप्दै जाने<br>• विद्यार्थीहरूले आफ्ना छिमेकीहरूलाई नाता लगाएर गर्ने सम्बोधनलाई भूमिका अभिनयको माध्यमबाट अभ्यास गराउने<br>• आवश्यक परेका बेलामा टोल छिमेकमा गरिने सहयोगहरूलाई विभिन्न उदाहरणहरू देखाएर छलफल गराउने<br>• एक आपसमा गरिने सहयोग आदानप्रदानको सूची तयार गर्न लगाउने</td>
<td>२. छिमेकीहरूलाई गरिने सहयोगको दुईओटा उदाहरणहरू भन्न लगाउनुहोस् ।<br>३. सहयोग आदान प्रदानको सूची बनाई आफूले गर्ने सहयोगमा ठिक चिन्ह लगाउन लगाउनुहोस् ।
<table>
<tr><td>सहयोग</td><td>गर्ने गरेको</td><td>गर्ने नगरेको</td></tr>
<tr><td>सामान पुऱ्याउन जाने</td><td></td><td></td></tr>
<tr><td>बिरामी हुँदा बोलाउन जाने</td><td></td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td></td>
<td>१.२ छिमेकीहरूप्रति गरिने उचित व्यवहार<br>• आफूभन्दा ठुलालाई आदर र सम्मान तथा सानालाई माया एवम् स्नेह<br>• फरक जात, धर्म, वर्ण, लिङ्ग अपाङ्गता भएका व्यक्तिहरूप्रति सम्मान र समान व्यवहार<br>• समानुभूति र सहयोग</td>
<td>• प्रयोग सिप<br>• सिकाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग र समानुभूति सिप</td>
<td>• विद्यार्थीहरूलाई जोडी जोडीमा छलफल गर्न लगाई उनीहरूले छिमेकीसँग गर्दै आएका कुनै दुईओटा व्यवहारहरू भन्न लगाउने र विद्यार्थीबाट आएका विचारलाई शैक्षणिक पाटीमा टिप्दै जाने र शिक्षकले उनीहरूबाट आएका विचारहरूलाई समेट्दै थप स्पष्ट पार्ने<br>• अरूलाई दुःख परेका बेलामा सहयोग पुऱ्याउन मदत गर्ने किसिमका भूमिका अभिनय, संवाद आदि क्रियाकलापहरू गराउने<br>• कक्षालाई विभिन्न समूहमा विभाजन</td>
<td>१. छिमेकीहरूसँग बोल्दा प्रयोग गरिने आदर र सम्मान जनाउने शब्दहरूको सूची बनाउनुहोस् ।<br>२. छिमेकीहरूसँगको उचित व्यवहारबाट हुने पाँचओटा फाइदाहरू लेख्नुहोस् ।<br>३. विद्यार्थीहरूले आफ्ना छिमेकीहरूसँग गर्ने गरेको व्यवहारको अवलोकनबाट पनि मूल्याङ्कन गर्नुहोस् ।</td>
<td></td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी छिमेकीप्रति गरिने व्यवहारको चित्र वा वाक्यपत्ती हरेक समूहमा वितरण गरी उचित र अनुचित व्यवहार पहिचान गर्न लगाउने | | |
| | **१.३ आफ्ना छिमेकीहरूको काम र पेसा**<br>● कृषि पेसा (खेतीपाती, पशुपालन, कुखुरा पालन आदि)<br>● उद्योग व्यवसाय (अचार बनाउने, मैनबत्ती बनाउने, डोको, डालो, नाम्लो बनाउने आदि)<br>● व्यापार व्यवसाय (विभिन्न किसिमका सामानहरूको खुद्रा तथा थोकव्यापार, होटल व्यवसाय आदि)<br>● नोकरी तथा सेवा (शिक्षक वकिल, डाक्टर, इन्जिनियर, निजामती कर्मचारी, प्रहरी, सेना आदि) | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र समानुभूति सिप | ● विभिन्न पेसामा संलग्न व्यक्तिहरूको काम वा व्यवसाय गरिरहेको चित्र प्रदर्शन गरी छलफल गराउने<br>● विद्यार्थीहरूलाई आफ्ना छिमेकीहरूले अपनाएका मुख्य मुख्य पेसाहरू भन्न लगाई टिपोट गर्ने<br>● विभिन्न पेसामा संलग्न व्यक्तिहरूको भूमिका अभिनय गराउने<br>● छिमेकीले गर्ने काम वा पेसासँग सम्बन्धित गीत, कविता वा कथा तयार गरी प्रस्तुत गर्न लगाउने<br>● छिमेकमा विभिन्न पेसामा संलग्न व्यक्तिहरूसँग भेट गराई वा कक्षामा नै आमन्त्रण गरी उनीहरूको कामका बारेमा छलफल गराउने | १. विभिन्न पेसामा संलग्न व्यक्तिहरूको चित्र पहिचान गरी उनीहरूको पेसा सम्बन्धमा भन्न लगाउनुहोस् ।<br>२. छिमेकमा रहेका विभिन्न पेसामा संलग्न मानिसहरूको सूची बनाउन लगाउनुहोस् ।<br>३. अन्तरक्रियामा विद्यार्थीको सक्रियता र सहभागिताको अवस्थालाई रुजुसूची बनाई मूल्याङ्कन गर्नुहोस् । | |
| | **१.४ पेसागत र व्यवसायिक सामग्रीहरूको पहिचान र सुरक्षा**<br>● पेसागत र व्यावसायिक सामग्रीहरू : हलो, कुटो, कोदालो, चक, डस्टर, डोको, नाम्लो, ढक तराजु, लिटर, हँसिया, खुकुरी, कैची, आरा, सिलाइमेसिन, हथौडा, थर्मोमिटर, स्टेथेस्कोप आदि<br>● उक्त सामाग्रीहरूको हिफाजत | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सहकार्य सिप<br>● सहयोग र समानुभूति सिप | ● विभिन्न पेसा तथा व्यवसायमा प्रयोग हुने सामग्रीहरूको चित्र प्रदर्शन र छलफल गरी पहिचान गराउने<br>● उक्त सामग्रीहरूको सुरक्षाका उपायहरूको सम्बन्धमा प्रश्नोत्तर, चित्र छलफल तथा अनुभव आदानप्रदान गराउने<br>● पेसागत र व्यावसायिक सामग्रीहरूको चित्र सङ्कलन र टाँस | १. विभिन्न पेसा तथा व्यवसायमा प्रयोग हुने सामाग्रीहरूको सूची बनाउन लगाउनुहोस् ।<br>२. कुनै पेसा तथा व्यवसायसँग सम्बन्धित दुईओटा सामग्रीको चित्र बनाउन लगाउनुहोस् ।<br>३. घर तथा समुदायमा पेसागत तथा व्यावसायिक सामग्रीहरूको सुरक्षा कसरी गरिएको छ ? खोजी गरी लेख्न लगाउनुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा सुरक्षा गर्ने तरिकाहरू । | • जिम्मेवारी तथा प्रतिबद्धता<br>• सक्रियतापूर्वक सुन्न | गरी कक्षामा प्रदर्शन गर्न लगाउने | | |
| २. हाम्रा मानव मूल्यमान्यता | **२.१ मान्यजनको सम्मान र प्रेरणा**<br>• मान्यजनको अभिवादन, सम्मान र सहयोग<br>• समुदाय र समाजको गौरव र प्रतिष्ठा बढाउने व्यक्तिबाट प्रेरणा ग्रहण<br>• आफ्नो पारिवारिक, आर्थिक, भौतिक अवस्था पहिचान र सम्मान<br>• क्षमाशील आचरण (गल्ती महसुस) | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप | • तपाईंले मान्यजनलाई कसरी अभिवादन गर्नुहुन्छ ? मान्यजनले भनेका कुरा कतिको मान्नहुन्छ ? जस्ता प्रश्न गरी विद्यार्थीका विचार सङ्कलन गर्ने<br>• मान्यजनका विचारहरू मान्नुका कारणहरूमा छलफल गर्ने<br>• मान्यजनलाई सम्मान र सहयोग गरिएको अवस्था झल्कने चित्र, कथा, फोटो भूमिका अभिनय र भिडियो प्रदर्शनमार्फत छलफल गराउने<br>• समाज र समुदायको गौरव र प्रतिष्ठा बढाउन विद्यार्थीले गर्न सक्ने कामको सूची बनाउन लगाउने<br>• प्रत्येक विद्यार्थीलाई को जस्तो हुन मन लागेको छ भनेर सोध्ने र पालो गरी कारणसहित भन्न लगाउने<br>• घरको पारिवारिक सम्बन्ध र आर्थिक अवस्था बलियो बनाउन विद्यार्थीको दैनिक जीवन कस्तो हुनुपर्छ भनेर प्रत्येक विद्यार्थीलाई सोध्ने र प्राप्त उत्तरलाई एकीकृत गरी छलफल गराउने र निष्कर्ष बताउने<br>• सबै विद्यार्थीलाई उनीहरूले गरेको कुनै सानोतिनो गल्ती पालो गरी | १. निम्नलिखित प्रश्न सोधी प्राप्त उत्तरका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईं भविष्यमा कस्तो बन्न चाहनुहुन्छ, दुईओटा कारण लेख्नुहोस् ।<br>(ख) तपाईं के काम गरेर आफ्नो समाजलाई राम्रो बनाउन चाहनुहुन्छ, पाँच वाक्यमा लेख्नुहोस् ।<br>(ग) तपाईंको पढाइमा लाग्ने खर्च कसले कसरी जुटाउनु हुन्छ ?<br>(घ) तपाईंलाई तल दिइएकामध्ये कुन ठिक लाग्छ ? एक अनुच्छेद लेख्नुहोस् :<br>(अ) गल्ती गरिरहनु (आ) गल्ती नदोऱ्याउनु (इ) गल्ती नै नगर्नु ।<br>(ङ) आचरण सुधार्न गर्नुपर्ने कुनै चारओटा उपायहरू लेख्नुहोस् । | २१ |

<table>
<tr><td></td><td></td><td></td><td>भन्न लगाई  त्यसबाट भएको हानि नोक्सानी बताउन लगाई आचारण सुधार्न प्रेरित गर्ने साथै अरूले गर्ने सानातिना गल्तीमा क्षमा दिने बानी विकास गर्न अभिप्रेरित गर्ने</td><td></td><td></td></tr>
<tr><td></td><td>२.२ असल बानी व्यवहार<br>• समयको व्यवस्थापन<br>• मूल्यमान्यताको पालना<br>• राम्रो बोलीवचन र व्यवहार<br>• काममा ध्यानपूर्वक संलग्नता<br>• सामूहिकताको भावना<br>• प्रौढ र ज्येष्ठ सदस्यको सम्मान तथा सानालाई सहयोग<br>• समान व्यवहार र सम्मान<br>• राम्रो कामको प्रशंसा<br>• काममा तयारी र नियमितता<br>• सामग्रीको  व्यवस्थापन ( व्यक्तिगत र घरायसी सामग्रीको  उचित व्यवस्थापन)</td><td>• प्रयोग सिप<br>• सिकाइ सिप<br>• निर्णय तथा समस्या समाधान  सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग र समानुभूति सिप<br>• जिम्मेवारी तथा प्रतिबद्धता</td><td>• विद्यार्थीहरूलाई समयको महत्त्वबारे जोडी जोडीमा छलफल गरी भन्न लगाउने<br>• आफूले चिनेका मानिसमध्ये सबैभन्दा राम्रो बोलीबचन कसको लाग्छ ? भन्न लगाउने र राम्रो बोलीबचनको अनुकरण गर्न लगाउने<br>• कक्षा क्रियाकलापमा विद्यार्थीको सक्रियता र नियमित सहभागिताको अवस्था  अवलोकन गरी ती क्रियाकलापहरूमा सक्रियता र नियमित सहभागिताका लागि अभिप्रेरित हुने क्रियाकलाप गराउने<br>• परिवारका जेष्ठ सदस्यसँग पर्ने आफ्नो नाता र सम्मानजनक शब्द भन्न लगाउने<br>• परिवारका जेष्ठ सदस्यलाई गर्ने सहयोग र सम्मान सम्बन्धमा भूमिका अभिनय गर्न लगाउने र सम्मानका लागि उत्प्रेरित गर्ने<br>• आफूभन्दा सानालाई सहयोग र माया गर्ने सम्बन्धमा विद्यार्थीले गर्ने गरेका कामलाई पालैपालो भन्न लगाउने । उनीहरूका राम्रा काम र व्यवहारलाई अभिप्रेरित गर्न विद्यार्थीलाई कक्षामा नै स्यावासी</td><td>१.  विद्यार्थीहरूले  समयको  महत्त्व  बुझे नबुझेको अवलोकन र अनुभूतिको आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>२. बोलीवचनमा संयम, शिष्टता र सिलसिला भए नभएको पत्ता लगाउनुहोस् ।<br>३.कार्यक्रममा देखाएको उत्साह र सक्रियताका आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>४. परिवारका साना सदस्यलाई सहयोग गर्ने गरेको नगरेको बारे सोध्ने र उत्तरका आधारमा मूल्यमान्यता गर्नुहोस् ।<br>५. असल बानी व्यहोरासम्बन्धी अवलोकन गरी सो कुरा रुजुसूची बनाई मूल्याङ्कन गर्नुहोस् ।<br>६. विद्यार्थीले असल बानीव्यवहार घरमा पालन गर्ने नगरेको सम्बन्धमा अभिभावकलाई मूल्याङ्कन फाराम भर्न लगाई सोका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br><table><tr><td>असल बानी व्यवहार</td><td>सधैँ पालन गर्ने गरेको</td><td>कहिले काहीँ पालन गर्ने नगरेको</td><td>कहिल्यै पालना गर्ने नगरेको</td></tr><tr><td>समयको पालना</td><td></td><td></td><td></td></tr><tr><td>राम्रो बोलीवचन</td><td></td><td></td><td></td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>दिने, सबैलाई ताली बजाउन लगाउने वा त्यस्तै हौसला बढाउने खालका क्रियाकलाप गराउने<br>● अरूले गरेको कस्तो काम मनपर्छ, सबैलाई पालैपालो भन्न लगाउने र काम गर्दा तयारीका साथ गर्ने र नियमित रूपमा गर्ने कुरालाई कथा, उदाहरण दिई प्रस्ट पार्ने</td>
<td>
<table>
<tr><td>सम्मान र सहयोग</td><td></td><td></td><td></td></tr>
<tr><td>काममा तयारी</td><td></td><td></td><td></td></tr>
<tr><td>काममा नियमितता</td><td></td><td></td><td></td></tr>
<tr><td>सामग्रीको हिफाजत र जतन</td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td></td>
<td>२.३ समुदायका भाषा, वेशभूषा, रहनसहन र चाडपर्व :<br>● समुदायमा प्रचलित भाषाहरूको सम्मान,<br>● स्थानीय वेशभूषा र रहनसहनको पहिचान र सम्मान<br>● स्थानीय चाडपर्वमा सहभागिता र सहयोग</td>
<td>– प्रयोग सिप<br>– सिकाइ सिप<br>– निर्णय तथा समस्या समाधान सिप<br>– सञ्चार सिप<br>– सहकार्य सिप<br>– सहयोग र समानुभूति सिप<br>– जिम्मेवारी तथा प्रतिबद्धता<br>सक्रियतापूर्वक सुन्न</td>
<td>● विद्यार्थीलाई आफ्नो घर र छिमेकमा बोल्ने भाषाको नाम भन्न लगाउने र यी सबै भाषाहरू हाम्रा पहिचान र गौरव हुन् भन्दै यिनीहरूको सम्मान गर्न र संरक्षणमा लाग्न अभिप्रेरित गर्ने<br>● स्थानीय स्तरमा प्रयोग हुने मौलिक एवम् परम्परागत वेषभूषाको पहिचान गरी तिनीहरूको सूची तयार पार्न लगाउने र तिनीहरूलाई विशेष पर्व र संस्कारका समयमा प्रयोग गर्न जोड दिई सम्मान गर्न लगाउने<br>● स्थानीय परिकार, कला र सिपको पहिचान र महत्त्व सम्बन्धमा समूह समूहमा छलफल गरी तिनको सम्मान र उपयोग गर्न प्रेरित गर्ने<br>● समुदायमा मनाइने चाडपर्वको नाम, गरिने क्रियाकलाप सम्बन्धमा चार्ट</td>
<td>१. मूल्याङ्कनका लागि निम्नलिखित प्रक्रिया अपनाउनुहोस् :<br>(क) समुदायमा बोलिने भाषाको संरक्षणका लागि दुई उपाय भन्न लगाउनुहोस् ।<br>(ख) स्थानीयस्तरमा प्रयोग हुने मौलिक एवम् परम्परागत पोसाकको महत्त्व सम्बन्धमा एक अनुच्छेदमा लेख्नुहोस् ।<br>(ग) स्थानीय पर्व र उत्सवहरूमा सहभागी हुने गरेको वा नगरेको बारे सोधेर सहभागी नभएको भए कारण र सहभागी भएको भए त्यसमा आफूले गरेको सहयोगबारे भन्न लगाई उत्तरका आधारमा सामाजिकीकरणको स्तर पहिचान गर्नुहोस् ।<br>(घ) विद्यार्थीले तयार पारेको एल्बमलाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>- साजसज्जा<br>- सङ्कलित तस्बिर वा फोटा र</td>
<td></td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वा तालिका तयार पार्न लगाई तिनीहरूको महत्त्वका सम्बन्धमा छलफल गराउने<br>● स्थानीय चाडपर्व, वेषभूषा झल्कने चित्र, फोटा आदि सङ्कलन गरी एल्बम तयार पार्न लगाउने | विषयवस्तुको सम्बन्ध<br>- प्रस्तुतीकरण | |
| | **२.४ आफ्नो जन्मस्थान**<br>● परिचय<br>● महत्त्व<br>● अपनत्व | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप | ● विद्यार्थीलाई आफ्नो देशको सबैभन्दा बढी माया लाग्ने ठाउँको नाम पालो गरी भन्न लगाउने<br>● विद्यार्थी जन्मेको ठाउँको परिचय र मुख्य विशेषता र महत्त्व बताउन लगाउने<br>● जन्म स्थानप्रति गौरव एवम् सम्मान गर्न सकिने उपाय सम्बन्धमा छलफल गराउने | १. निम्नलिखित प्रश्न सोधी प्राप्त उत्तरका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) आफ्नो जन्मस्थान राम्रो लाग्नुका तीन कारण लेख्नुहोस् ।<br>(ख) जन्मस्थानप्रति गर्व गर्ने कुनै दुई उपायहरू लेख्नुहोस् । | |
| **३. नागरिक चेतना, कर्तव्य र अधिकार** | **३.१ व्यक्तिगत र पारिवारिक सुरक्षा**<br>● परिचय र आवश्यकता<br>● सुरक्षाका उपायहरू (एक्लै जथाभावी नहिँड्ने, अपरिचित व्यक्तिसँग बढी घुलमिल नहुने, आगोजन्य पदार्थहरूबाट टाढै रहने, जथाभावी रूपमा हातहतियारहरू नचलाउने, अपरिचित व्यक्ति आउँदा बुझेरमात्र घरको ढोका खोल्ने, आफू कतै जाँदा | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● समालोचनात्मक सोचाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● रचनात्मक सोच सिप<br>● व्यक्तिगत लक्ष्य निर्धारण र | ● व्यक्तिगत र पारिवारिक सुरक्षाको परिचय दिई यसको आवश्यकता तथा महत्त्व सम्बन्धमा विभिन्न घटना वा सन्दर्भसँग सम्बन्धित गरी छलफल गराउने<br>● विभिन्न सञ्चार माध्यममा आएका सुरक्षासँग सम्बन्धित घटनाहरू आदानप्रदान गर्न लगाउने<br>● विद्यार्थीहरूलाई कथा, चित्र, गीत, डकुमेन्ट्रीमार्फत विभिन्न उदाहरणहरू दिँदै व्यक्तिगत र पारिवारिक सुरक्षाका उपायहरू अपनाउन प्रेरित | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) व्यक्तिगत र पारिवारिक सुरक्षा भनेको के हो ?<br>(ख) हाम्रो दैनिक जीवनमा व्यक्तिगत र पारिवारिक सुरक्षाको महत्त्व किन हुन्छ ? उल्लेख गर्नुहोस् । | १८ |

<table>
<tr>
<td></td>
<td>राम्रोसँग झ्याल ढोका बन्द गरेर मात्र जाने, आफू कतै जाँदा छिमेकीलाई जानकारी गराएर मात्र जाने, आपत्कालीन अवस्थामा प्रहरीलाई खबर गर्ने आदि ।)</td>
<td>कार्यमा अग्रसरता<br>• इमान्दारी स्वअनुशासन<br>• सक्रियतापूर्वक सुन्ने<br>• सहयोग र सहानुभूति</td>
<td>गर्ने<br>• सम्भव भएमा नजिकै रहेका सुरक्षा निकायका प्रतिनिधिलाई आमन्त्रण गरी व्यक्तिगत र पारिवारिक सुरक्षासम्बन्धी छलफल र अन्तरक्रिया गराउने</td>
<td></td>
<td></td>
</tr>
<tr>
<td></td>
<td>३.२ अधिकार र कर्तव्य<br>• घरपरिवार, छरछिमेक, समुदाय विद्यालयलगायतका स्थानमा बालबालिकाको अधिकार<br>• आफ्नो अधिकारप्रतिको सचेतता र उपयोग<br>• बालबालिकाले आफ्नो कर्तव्य पहिचान तथा कर्तव्य पूरा गर्ने तरिका<br>• बाल सहभागिता<br>- विद्यालयमा बालक्लब गठन गरी त्यसमा सहभागिता, कक्षा मनिटर छान्ने आदि<br>(घरपरिवार तथा समुदायमा बालबालिकाको सहभागिता<br>(बाल विकास - खेल्ने, पढ्ने, विभिन्न कार्यक्रमहरूमा र तालिममा भाग लिने ।</td>
<td>• प्रयोग सिप<br>• सिकाइ सिप<br>• समालोचनात्मक सोचाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• रचनात्मक सोच सिप<br>• व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता</td>
<td>• बालबालिकाको अधिकारअन्तर्गत पर्ने अधिकारहरू दिएर चित्र तथा पोस्टरहरू प्रदर्शन गरी प्रश्नोत्तर र छलफलमार्फत स्पष्ट पार्ने<br>• बालबालिका विद्यालय गइरहेको, खेलिरहेको, खोप लगाइरहेको, आमाबाबुसँग कुरा गरिरहेको चित्र प्रस्तुत गरी कुन कुन कार्य आफूले गर्न पाएको र कुन कार्य बढी मन पर्छ भनी छलफल गर्न लगाउने<br>• यसबाट खान पाउने, खेल्न पाउने, पढ्न पाउने, मनोरञ्जन गर्न पाउने आदि बालबालिकाका आफ्ना अधिकारबारे स्पष्ट पार्ने<br>• बालक्लब, कक्षा मनिटर, समूह नेता सर्वसम्मतिबाट वा बहुमतीय प्रक्रियाबाट छनोट गर्ने अभ्यास गराउने</td>
<td>१. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) बालबालिकाले पाउने अधिकारहरूमध्ये तपाईँहरूले के के अधिकार उपयोग गर्नुभएको छ ?<br>(ख) बालबालिकाको अधिकारअन्तर्गत पर्ने अधिकारहरूको छोटकरीमा व्याख्या गर्नुहोस् ।<br>(ग) बालबालिकाको अधिकारसँग सम्बन्धित समूह कार्य, नेता छनोटमा विद्यार्थीहरूको सहभागिताको अवस्था र अन्य गतिविधिसँग सम्बन्धित रही मूल्याङ्कन गर्नुहोस् ।
<table>
<tr><th>क्रियाकलाप</th><th>उत्तम</th><th>मध्यम</th><th>निम्न</th></tr>
<tr><td>सहभागिता</td><td></td><td></td><td></td></tr>
<tr><td>सक्रियता</td><td></td><td></td><td></td></tr>
<tr><td>अनुशासन</td><td></td><td></td><td></td></tr>
<tr><td>नेतृत्व</td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | (घ) आफ्नो अधिकार प्रति कसरी सचेत हुन सकिन्छ ? एक अनुच्छेदमा लेख्नुहोस् । | |
| | **३.३ आफ्नो समुदायमा भएका सार्वजनिक सम्पदाहरू**<br>• प्राकृतिक सम्पदाहरू, जस्तै : जलसम्पदा, वनसम्पदा, खनिज सम्पदा र माटो आदिको पहिचान उपयोग र संरक्षण<br>• सांस्कृतिक सम्पदाहरू, जस्तै : मन्दिर, गुम्बा/विहार, मस्जिद, चर्च, ऐतिहासिक दरबारहरू, विभिन्न जातजातिसँग सम्बन्धित गीत, नाच र बाजाहरू आदिको खोजी, उपयोग र संरक्षण | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• समालोचनात्मक सोचाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• रचनात्मक सोच सिप<br>• व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता | • समुदायमा भएका सार्वजनिक सम्पदाहरू (प्राकृतिक र सांकृतिक) को सूची बनाउन लगाउने<br>• त्यस्ता सम्पदाहरूमा स्थलगत भ्रमण गराई तिनीहरूले देखेका कुराहरू टिपोट गर्न लगाउने<br>• स्थानीय समुदायमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाको पहिचान गर्न लगाई तथा त्यसका मुख्य मुख्य विशेषताको पहिचान गर्न लगाई कक्षामा छलफल गर्ने<br>• त्यस्ता सम्पदाहरूको संरक्षण कार्यमा सरिक हुने उपायहरूको सूची तयार पार्न लगाउने<br>• सार्वजनिक सम्पदाहरूको चित्र तथा पोस्टरहरू सङ्कलन गरी प्रदर्शन गर्न लगाउने<br>• स्थानीय गीत, नाच र बाजाको महत्त्व बताउने र कक्षामा अभ्यास गराउने | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) सार्वजनिक सम्पदा भनेको के हो ?<br>(ख) तपाईंको समुदायमा भएका सम्पदाहरूको सूची बनाउनुहोस् र तिनीहरूको अवस्था उल्लेख गर्नुहोस् ।<br>(ग) स्थानीय समुदायमा रहेका आफूले अवलोकन गरेका कुनै एक धार्मिक तथा सांस्कृतिक सम्पदाका बारेमा लेख्न लगाउनुहोस् ।<br>(घ) स्थानीय गीत, नाच र बाजाको अभ्यासमा भएका गतिविधिमा आधारित भई मूल्याङ्कन गर्नुहोस् । | |
| | **३.४ स्थानीय समुदायका मानिससँग समान व्यवहार, सम्मान र सहभागिता**<br>• आफ्नो समुदायमा भएका विभिन्न जातजाति, धर्मावलम्बी, भाषिक समुदाय, लैङ्गिक विविधता, अपाङ्गता भएका | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• समालोचनात्मक सोचाइ सिप<br>• निर्णय तथा | • सम्भव भएमा फूलबारी वा विविधता झल्कने स्थलको अवलोकन गराई सामाजिक विविधताको अवधारणा स्पष्ट पार्ने<br>• सामाजिक विविधता सम्बन्धमा विभिन्न उदाहरण, सन्दर्भ, कथा | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईंले समुदायका सबै मानिसहरूसँग कस्तो व्यवहार गर्नुहुन्छ, उल्लेख गर्नुहोस् ?<br>(ख) समान व्यवहारबाट कसरी सामाजिक एकतामा मदत पुग्दछ, लेख्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यक्ति, विभिन्न क्षेत्र र पेसाका मानिसहरू | समस्या समाधान सिप<br>● रचनात्मक सोच सिप<br>● व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता | आदिमार्फत मेलमिलाप, अन्तरनिर्भरता, सहयोग, सहकार्यलाई प्रोत्साहन गर्न अभिप्रेरित गर्ने खालका क्रियाकलाप गराउने<br>● सामाजिक एकता कायममा समान व्यवहारको महत्त्व झल्कने चित्र तथा पोस्टरहरू प्रदर्शन गराउने । | | |
| | **३.५ स्थानीय स्तरका सेवा प्रदायक निकायहरू**<br>● स्थानीय स्तरमा कार्यरत विभिन्न सेवा प्रदायक निकायहरूको पहिचान र सेवा<br>● वडा कार्यालय : स्थानीय विकास निर्माण र आधारभूत प्रशासनिक सेवा<br>● प्रहरी चौकी : जनताको सेवा सुरक्षामा सहयोग<br>● बैङ्क : रकम बचत तथा ऋण सुविधा प्रदान<br>● स्वास्थ्य चौकी : आधारभूत स्वास्थ्य सेवा उपलब्ध<br>● सामाजिक सङ्घसंस्था : समाजको हक, हित र भलाइका लागि काम | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● समालोचनात्मक सोचाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● रचनात्मक सोच सिप<br>● व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता | ● स्थानीय स्तरमा कार्यरत सेवा प्रदायक निकायहरूको पहिचान गरी सूची तयार गर्न लगाउने<br>● विद्यार्थीहरूलाई स्थानीय सेवा प्रदायक निकायहरूमा स्थलगत भ्रमण गराई तिनीहरूले सम्पादन गर्ने कार्यहरू जानकारी लिन लगाई कक्षामा प्रस्तुत गर्न गराउने<br>● त्यस्ता निकायहरूबाट प्रतिनिधिहरूलाई आमन्त्रण गरी त्यहाँबाट सम्पादन हुने कार्यहरूको सम्बन्धमा छलफल गराउने | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईंहरूको स्थानीय स्तरमा कार्यरत सेवाप्रदायक निकायहरू के के छन् ?<br>(ख) त्यस्ता निकायहरूबाट तपाईंहरूले के कस्ता सेवा तथा सुविधाहरू लिँदै आउनुभएको छ, उल्लेख गर्नुहोस् । | |
| ४. सामाजिक समस्या र | **४.१ असल समाज** | ● प्रयोग सिप | ● विभिन्न असल समाज झल्कने भिडियो, चित्र आदि देखाउँदै कुन | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् : | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| समाधान | • परिचय र आवश्यकता | • सिकाइ सिप<br>• रचनात्मक सोच सिप<br>• समालोचनात्मक सोचाइ सिप | चित्र मन पर्छ र कुन चित्र मन पर्दैन ? चित्र मन पर्नाका र नपर्नाका कारणहरू के के हुन् भनी प्रश्न गर्ने र मन पर्ने चित्र तथा असल समाजको सम्वन्ध जोड्दै सभ्य समाजको अवधारणा स्पष्ट पारिदिने<br>• असल समाजको परिचय र आवश्यकता उल्लेख भएको चार्ट प्रदर्शन र छलफल गर्ने र असल समाजको परिचय तथा आवश्यकता स्पष्ट पारिदिने | क) कस्तो समाजलाई असल समाज भनिन्छ ?<br>ख) असल समाजको आवश्यकता किन पर्दछ | |
| | **४.२ सामाजिक विकृति तथा समस्या**<br>• परिचय र पहिचान<br>• मादक पदार्थ र यसका बेफाइदा<br>• कुलतबाट टाढा रहने बानीको विकास<br>• चोरी तथा डकैतीबाट बचावट र सजकता | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• समालोचनात्मक सोचाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• रचनात्मक सोच सिप<br>• व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता | • चित्र, चार्ट, भिडियो आदिमार्फत सामाजिक विकृति तथा समस्याको सामान्य परिचय दिने र विभिन्न सामाजिक विकृति तथा समस्याको पहिचान गर्न लगाउने<br>• मादक पदार्थ सेवनसँग सम्बन्धित चित्र, भिडियो, कथा आदि प्रस्तुत गरी मादक पदार्थको सेवनबाट हुने हानि नोक्सानीको सूची बनाउन लगाउने<br>• मादक पदार्थ प्रयोगविरुद्ध गरिने विभिन्न नाराहरू लेखिएको पोस्टर, पर्चा आदि बनाउन लगाई प्रदर्शन गर्न लगाउने<br>• मादक पदार्थको हानी नोक्सानी एवम् कुलतबाट टाढा रहने सन्दर्भ झल्कने गीत, कविता र कथाको प्रस्तुति र त्यस्तै सन्देसमूलक गीत, कविता र कथा तयार गर्न लगाउने<br>• समाजमा विभिन्न प्रकारको चोरी | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) सामाजिक समस्या तथा विकृतिहरूको सूची तयार गर्नुहोस् ।<br>(ख) मादक पदार्थ सेवनबाट हुने कुनै तीनओटा हानिहरू लेख्नुहोस् ।<br>(ग) कुलतबाट टाढा रहने कुनै दुईओटा उपायहरू उल्लेख गर्नहोस् ।<br>(घ) चोरी तथा डकैतीबाट बच्न के के कुरामा सजगता अपनाउनुपर्छ ?<br>(ङ) सुरक्षा निकाय (प्रहरी, सैनिक आदि) का कार्यहरू के के हुन् ?<br>(च) विद्यार्थीहरू नराम्रो कार्य (चोरी) मा संलग्न भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तथा डकैती कार्यहरूबाट बच्न अपनाउनुपर्ने उपायका बारेमा प्रश्नोत्तर तथा छलफल गराउने<br>● समाजमा त्यस्ता घटनाहरूबाट घटेका ठाउँमा विद्यार्थीहरूलाई लगी अवलोकन गराउने<br>● चोरी डकैती भएमा तुरुन्त गर्नुपर्ने कार्यहरूको सूची बनाई छलफल गराउने | | |
| | **४.३ सामाजिक कुरीति**<br>● सामाजिक कुरीतिहरू, जस्तै : जुवा तास खेल्ने कार्य, बालश्रम, अन्धविश्वास, घरेलु हिंसा ( बालबालिकामाथि हुने विभेद, महिला हिंसा र ज्येष्ठ नागरिकप्रति गरिने विभेद) पहिचान र हटाउने उपायहरू<br>- चेतना जागरण<br>- समानतामूलक व्यवहार<br>- कर्तव्यको पालना | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● समालोचनात्मक सोचाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● रचनात्मक सोच सिप<br>● व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता | ● स्थानीय समाजमा रहेका कुरीतिहरूको छलफल गराई सूची बनाउन लगाउने<br>● सामाजिक कुरीति तथा भेदभावयुक्त संस्कार विरुद्धको चित्र, पम्पलेट, पर्चा आदि बनाएर प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई पनि बनाई प्रस्तुत गर्न लगाउने<br>● विभिन्न कुरीति एवम् सामाजिक समस्या हटाउने उपायहरू समूहगत रूपमा प्रस्तुत गर्न लगाई निष्कर्ष प्रस्तुत गर्ने<br>● सामाजिक विकृति हटाउन विभिन्न कार्यहरूमा संलग्न गराउने, जस्तै : र्‍याली, सडक नाटक आदि । | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईंको समाजमा के कस्ता सामाजिक कुरीतिहरू रहेका छन् ? तिनीहरूको सूची तयार पार्नुहोस् ।<br>(ख) सामाजिक कुरीति हटाउने कुनै चार उपायहरू लेख्नुहोस् ।<br>२. विद्यार्थीले तयार पारेका पम्प्लेट, पोस्टर , चित्र आदिको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् । | |
| | **४.४ स्थानीयस्तरमा भएका सङ्घसंस्थाहरू**<br>● स्थानीय सामाजिक सङ्घसंस्थाहरू : (स्थानीय | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● निर्णय तथा समस्या | ● स्थानीयस्तरमा रहेका संस्थाहरूको नाम र तिनीहरूले गर्ने कामको सूची बनाई प्रदर्शन गर्ने र छलफलको माध्यमबाट सूचीमा थपघट गर्ने | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) स्थानीयस्तरमा रहेका कुनै एक सङ्घसंस्थाहरूको नाम र तिनीहरूले सामाजिक समस्या समाधानका लागि गरेका | |

| | | | | | |
|---|---|---|---|---|---|
| | युवाक्लब, गुठी, महिला समूह, प्रहरी, विद्यालय, | समाधान सिप<br>● व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता | ● यी विभिन्न निकायले स्थानीय सामाजिक समस्या समाधानका खेलेको भूमिका सम्बन्धित सङ्घसंस्थाका व्यक्तिहरूलाई सोधपुछ गर्न लगाई तालिकामा प्रस्तुत गर्न लगाउने | कामको सूची बनाउनुहोस् । | |
| ५.५ हाम्रो विगत | **५.१ आफ्नो परिवार र छिमेकीको विगत**<br>● परिवारका सदस्यहरूको नाता तथा कम्तीमा तीन पुस्ताको नाम<br>● आफ्नो परिवारको विगत र अहिलेको बसोबास<br>● आफ्नो परिवारको विगत र अहिलेको पेसा<br>● छिमेकीको विगत र अहिलेको बसोबास | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● समालोचनात्मक सोचाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● रचनात्मक सोच सिप<br>● व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता<br>● सञ्चार सिप | ● आफ्नो परिवारमा को को सदस्यहरू हुनुहुन्छ कक्षामा छलफल गराई शैक्षणिक पाटीमा टिपोट गर्दै जाने<br>● विद्यार्थीले भनेका नाताका आधारमा सदस्यहरूको परिचय र नाता स्पष्ट पारिदिने<br>● परिवारका सदस्यहरूको नातालाई जेष्ठताको आधारमा चार्ट बनाई प्रस्तुत गर्न लगाउने<br>● विद्यार्थीको परिवारको विगत र हालको बसोबास एवम् पेसा सम्बन्धमा सोधपुछ गरी प्रस्तुत गर्न लगाउने<br>● छिमेकीको विगत र अहिलेको बसोबास र पेसा सम्बन्धमा छलफल गराउने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) आफ्नो परिवारका सबैभन्दा जेठोदेखि कान्छो सदस्यको नाम र नाता लेख्नुहोस् ।<br>(ख) परिवारका सदस्यहरूको लिङ्गका आधारमा नाताको सूची तयार गनुहोस् ।<br>(ग) तपाईंको परिवारका सदस्यहरूको पुर्ख्यौली थलोको नाम, जिल्ला र प्रदेशको नाम लेख्नुहोस्<br>(घ) कम्तीमा दुई जना छिमेकीको पुर्ख्यौली थलोको नाम लेख्नुहोस् । | १८ |
| | **५.२ आफ्नो गाउँ ठाउँको नाम र उत्पत्ति**<br>● परिचय<br>● महत्त्व<br>● उत्पत्तिको खोजी | ● सिकाइ सिप<br>● समालोचनात्मक सोचाइ सिप<br>● रचनात्मक सोच सिप<br>● व्यक्तिगत लक्ष्य | • विद्यार्थीहरूलाई आफ्नो गाउँ ठाउँको नाम पालैपालो भन्न लगाउने<br>• आफ्नो गाउँठाउँको महत्त्व सम्बन्धमा शिक्षक र विद्यार्थीबिच छलफल र अन्तर्क्रिया गर्ने<br>• आफ्नो गाउँठाउँको बस्ती विकास सम्बन्धमा समाजका जानकार | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईं बसेको गाउँ ठाउँको नाम लेखी उक्त ठाउँको महत्त्वसमेत उल्लेख गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | निर्धारण र कार्यमा अग्रसरता<br>● सञ्चार सिप | व्यक्तिलाई सोधेर वा प्रचलित किंवदन्ती सङ्कलन गर्न लगाई खोजी गर्न लगाउने | | |
| | **५.३ आफ्नो समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्ति**<br>● परिचय<br>● योगदान<br>● समुदायमा पुगेको सहयोग | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● समालोचनात्मक सोचाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● रचनात्मक सोच सिप<br>● व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता | ● कथा, कविता र पोस्टरका माध्यमबाट राष्ट्रियस्तरका व्यक्तित्वहरूसँग जोड्दै समुदायमा योगदान दिने व्यक्तिहरूको नाम भन्न लगाउने<br>● उनीहरूले गरेको योगदानहरूको सम्बन्धमा छलफल गराउने<br>● त्यसबाट समुदायलाई पुगेको फाइदाका बारेमा खोजी गर्न लगाई कक्षामा प्रतुत गर्न लगाउने<br>● त्यस्ता व्यक्ति आमन्त्रण गरी उनले खेलेको भूमिका सम्बन्धमा छलफल गराउने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) आफ्नो समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरूको नाम लेख्नुहोस् ।<br>(ख) समुदायको विकासमा अग्रणी व्यक्तिले खेलेको भूमिका लेख्नुहोस् ।<br>२. विद्यार्थीहरूले स्रोतव्यक्तिसँग गरेको छलफलको अवलोकन गरी अभिलेख राख्नुहोस् । | |
| | **५.४ आफ्नो पुर्खाको योगदानको पहिचान र सम्मान** | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● रचनात्मक सोच सिप | ● आफ्ना पुर्खाहरू कुन ठाउँबाट हाल बसोबास गरेको ठाउँमा आएका हुन ? अभिभावकसँग सोधखोज गर्न लगाउने<br>● शिक्षकले आफ्नो पुर्खा सम्बन्धमा सङ्क्षेपमा बताई विद्यार्थीलाई पनि आफ्नो पुर्खाका योगदानको पहिचान गरी सम्मान गर्न लगाउने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईंको पुर्खाका कुनै दुईओटा योगदानहरू उल्लेख गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. हाम्रो आर्थिक क्रियाकलाप | **६.१ आफ्नो समुदायमा गरिने कामको परिचय र सम्मान**<br>• आफ्नो समुदाय/गाउँटोलका मानिसहरूले गर्ने सबै प्रकारका कामहरू (खेती, व्यापार, उद्योग, घरभित्रको काम, जुत्ता बनाउने, कपडा सिलाउने, माटाको काम, चोयाको काम, मूर्ति बनाउने, नेपाली कागत बनाउने आदि) | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• समालाचनात्मक सोचाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• रचनात्मक सोच सिप<br>• व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता | • विद्यार्थीहरूलाई पालैसँग आफ्ना परिवारका सदस्यले गर्ने काम भन्न लगाउने<br>• आफू बसोबास गरेको गापा/नपाका मानिसहरूले गर्ने कामको सूची बनाउन लगाउने<br>• सबै कामको आ आफ्नो क्षेत्रमा भएको महत्त्व छलफल गराई निष्कर्ष प्रस्तुत गर्ने<br>• समुदायमा गरिने सबै कामको महत्त्व रहेकाले यी सबै कामको सम्मान गर्नुपर्ने सन्दर्भलाई विभिन्न उदाहरणसहित स्पष्ट पार्ने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>- कामलाई परिभाषित गर्नुहोस् ।<br>- तपाईंको समुदायमा गरिने कुनै पाँचओटा कामको सूची तयार पार्नुहोस् ।<br>- समुदायमा गरिने सबै कामलाई किन सम्मान गर्नुपर्दछ ? | १८ |
| | **६.२ आ॒नो क्षेत्रमा उत्पादित वस्तुहरू :**<br>• आÇनो क्षेत्रमा उत्पादित/निर्मित वस्तुहरूको महत्त्व र उपयोग (कपडा, खाद्यपदार्थ, टोपी, झोला, राडी, पाखी, जुत्ता, स्विटर, गलैँचा, मैनबत्ती, सिसाकलम, | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• समालोचनात्मक सोचाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• रचनात्मक सोच सिप<br>• व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा | • आफ्ना क्षेत्रमा उत्पादित वस्तुहरूको सूची तयार पार्न लगाउने<br>• आफ्नो क्षेत्रमा उत्पादित वस्तुहरूको नमुना सङ्कलन गरेर ल्याउन लगाउने र उक्त वस्तुहरूको उपयोग गर्न प्रेरित गर्ने<br>• आफ्नो क्षेत्रमा उत्पादित वस्तुहरूको उपयोगको महत्त्व सम्बन्धमा जोडी जोडीमा छलफल गर्न लगाउने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) आफ्नो क्षेत्रमा उत्पादित वस्तुहरूको कुनै दुईओटा महत्त्व उल्लेख गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अग्रसरता | | | |
| | **६.३ समुदायका आर्थिक क्रियाकलापहरू खोजी र अवलोकन**<br>• समुदायका आर्थिक क्रियाकलाप (डोका तथा डाला बुन्ने, इँटा र टायल बनाउने, स्विटर, मोजा तथा पन्जा बुन्ने, पुतली, झोला बनाउने, फलफूल खेती, च्याउ खेती, तरकारी खेती, कुखुरापालन, मौरीपालन, गाई भैँसी पालन, बाखापालन, सुँगुर/बँगुर पालन, व्यापार व्यवसाय, घरेलु उद्योग आदि) | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• समालोचनात्मक सोचाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• रचनात्मक सोच सिप<br>• व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता | • समुदायका आर्थिक क्रियाकलाप झल्काउने चित्रहरू प्रदर्शन, उदाहरण र अनुभव आदानप्रदानसहित छलफल गराउने<br>• विद्यालयनजिक रहेका आर्थिक क्रियाकलाप सञ्चालन भएका क्षेत्रहरूमा अध्ययन भ्रमण गराई मुख्य मुख्य कुराहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>• विद्यार्थीहरूलाई घरपरिवार र छिमेकमा भएका आर्थिक क्रियाकलापमा सहभागिताका लागि अभिप्रेरित गर्ने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईंको समुदायमा भएका आर्थिक क्रियाकलापहरूको सूची तयार पार्नुहोस् ।<br>२. समुदायमा सञ्चालित आर्थिक क्रियाकलापहरूको अवलोकनमा सहभागी भएनभएको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् । | |
| | **६.४ वस्तुहरूको प्रयोगमा मितव्ययिता**<br>• आवश्यकताअनुसार प्रयोग गर्ने<br>• वस्तुहरू फारु गर्ने<br>• बचत गर्ने<br>• जतन गर्ने | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• समालोचनात्मक सोचाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• रचनात्मक सोच सिप<br>• व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा | • घर, विद्यालय तथा समुदायमा प्रयोगका लागि राखिएका सामग्रीहरूको मितव्ययी रूपमा प्रयोग गरी तिनीहरूको जतन गर्ने तरिकाहरू छलफल गर्ने र अभ्यास गराउने<br>• विद्यार्थीहरूलाई कक्षाकोठा र विद्यालयमा रहेका समान जतन र मितव्ययी प्रयोग गर्न नियम बनाउने र जिम्मेवारी दिने र जिम्मेवारी पालन गरे नगरेको शिक्षकले अवलोकन गर्ने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) मितव्ययी हुनुका कुनै दुईओटा फाइदाहरू लेख्नुहोस् ।<br>२. विद्यालयमा प्रयोग गरिने सामग्रीहरू मितव्ययी रूपमा प्रयोग गरी जतन गरे नगरेको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अग्रसरता | | | |
| | **६.५ स्थानीय हाटबजार तथा मेला पर्वमा हुने आर्थिक क्रियाकलाप र महत्त्व** | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• समालोचनात्मक सोचाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• रचनात्मक सोच सिप | • विभिन्न हाट लागेका वा बजारका चित्रहरू प्रदर्शन गरी ती हाटबजारमा के के क्रियाकलापहरू हुन्छन्, भन्न लगाउने<br>• हाटबजारको महत्त्व झल्कने चार्ट प्रस्तुत गरी छलफल गराउने<br>• हाटबजार हुने गतिविधिलाई भूमिका अभिनय गर्न लगाई निष्कर्ष प्रस्तुत गर्ने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाइँको समुदायमा रहेको हाटबजारमा के के क्रियाकलापहरू हुन्छन् ?<br>(ख) हाटबजारको महत्त्व उल्लेख गर्नुहोस् ।<br>२. भूमिका अभिनयको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् । | |
| ७. हाम्रो पृथ्वी | **७.१ हाम्रो पृथ्वी र यसका परिवार**<br>• पृथ्वीको परिचय<br>• सूर्य, चन्द्र र ताराको परिचय | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• समालोचनात्मक सोचाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• रचनात्मक सोच सिप | • पृथ्वीको आकार, एक ग्रहका रूपमा पृथ्वी रहेको, सबैको साझा घरका रूपमा पृथ्वी रहेको आदि बताउँदै उदाहरणसहित पृथ्वीको परिचय दिने<br>• विद्यार्थीहरूलाई पृथ्वीको परिवारअन्तर्गत के के पर्दछन् भनी प्रश्न गर्ने र उनीहरूले भनेका जवाफमा आधारित रही सूर्य, चन्द्र र ताराको सामान्य परिचय दिने<br>• पृथ्वी, सूर्य, चन्द्र र ताराको उपयोगितामा रही भूमिका अभिनय गर्न लगाउने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) पृथ्वीको परिचय एक अनुच्छेदमा लेख्नुहोस् ।<br>(ख) सूर्यको महत्त्व कस्तो छ ? | १५ |
| | **७.२ पृथ्वी र हाम्रा आवश्यकताहरू**<br>(खानेकुरा, बस्ने वास, आवश्यकता पूरा गर्ने विभिन्न वस्तु र साधनको उत्पादन, हावा, पानी, माटो, चट्टान, खनिज आदिको उपयोग) | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• समालोचनात्मक सोचाइ सिप | • विद्यार्थीहरूलाई हाम्रा आवश्यकता के के हुन प्रश्न गर्ने ? तिनको सूची तयार पार्न लगाउने<br>• उनीहरूबाट आएका उत्तरलाई जोड्दै हाम्रा दैनिक आवश्यकता पूर्तिमा | १. निम्नलिखित प्रश्नका आधारमा मूल्यमान्यता गर्नुहोस् :<br>(क) खानेकुराको आवश्यकता पृथ्वीले कसरी पूरा गर्दछ ?<br>(ख) माटो र हाम्रो दैनिक जीवनबिचको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● निर्णय तथा समस्या समाधान सिप<br>● रचनात्मक सोच सिप | पृथ्वीको महत्त्व बताउने<br>● खानेकुरा र बस्ने बासको आवश्यकता पृथ्वीले कसरी पूरा गर्छ ? समूह समूहमा छलफल गराउने<br>● हावा, पानी, माटो, चट्टान आदिको दैनिक आवश्यकता पूर्तिमा के भूमिका रहन्छ भनी जोडी जोडीमा छलफल गर्न लगाई भन्न लगाउने | सम्बन्ध उल्लेख गर्नुहोस् । | |
| | **७.३ आफू बसेको स्थानीय तहको परिचय**<br>● आफू बसेको स्थानीय तहको भौगोलिक परिचय<br>● भौगोलिक विशेषताहरू :<br>- भौतिक स्वरूप : हिमाल, पहाड, तराई र उपत्यका अथवा लेक र बेँसी<br>- हावापानी : ठन्डा, न्यानो र गर्मी<br>- नदीनाला : प्रमुख नदी र ताल<br>- माटोः बलौटे, मिहिन, मिश्रित र तलैया<br>- वनस्पति : घाँस तथा बुट्यान, कोणधारी, पात झर्ने, सधैँ हरियो हुने<br>● आफू बसेको स्थानीय तहको जनसाङ्ख्यिक विशेषता :<br>– कुल जनसङ्ख्या | ● सिकाइ सिप<br>● रचनात्मक सिप<br>● समालोचनात्मक सिप<br>● प्रयोग सिप | ● जिल्लाको स्थानीय तह उल्लिखित नक्सा देखाउँदै आफ्नो गाउँ वा नगरपालिकाको, अवस्थिति, सिमाना एवम् क्षेत्रफल खोज्न लगाउने<br>● सम्बन्धित वडा वा स्थानीय तहको कार्यालय र आसपासको क्षेत्रको स्थलगत अवलोकन भ्रमण गराई भूबनावट आदि सम्बन्धमा कक्षामा छलफल गराउने<br>● आफू रहेको स्थानीय तहको भौगोलिक बनावटसँग त्यहाँको हावापानी र वनस्पतिबिचको अन्तरसम्बन्ध छलफल गराई तिनीहरूका प्रकार छुट्याइदिने ।<br>● आफू रहेको स्थानीय तहको प्रमुख नदीनाला, तालतलैयाको सूची तयार गर्न लगाउने<br>● विद्यार्थीलाई विभिन्न माटाको नमुना देखाई माटाको रङ र प्रकार पहिचान गर्न लगाउने<br>● विभिन्न प्रकारका माटामा उत्पादन | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईं रहेको स्थानीय तहको नाम लेख्नुहोस् ।<br>(ख) तपाईं रहेको स्थानीय तह हिमाल, पहाड, तराई, उपत्यकामध्ये कहाँ पर्दछ ?<br>(ग) तपाईं रहेको स्थानीय तहमा कस्तो हावापानी पाइन्छ ?<br>(घ) तपाईं रहेको स्थानीय तहमा पाइने वनस्पतिहरूको सूची तयार गर्नहोस् ।<br>(ङ) तपाईं रहेको स्थानीय तहमा बसोवास गर्ने मानिसहरूले कस्तो लुगा लगाउँछन् ?<br>२. स्थानीय तहमा बसोबास गर्ने मानिसहरूका खानाका परिकारहरूको फोटो, चित्र वा पम्लेट सङ्कलन गरेको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | – लैङ्गिक बनावट : महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक<br>● आफू बसेको स्थानीय तहको सामाजिक जनजीवनको परिचय<br>– सामाजिक रहनसहन<br>– लवाइखुवाइ | | हुने बालीनाली, बोटबिरुवा आदि सम्बन्धमा चार्ट देखाउँदै स्पष्ट पार्ने<br>● विद्यार्थी रहेको स्थानीय तहको महिला, पुरूष, लङ्गैिक अल्पसङ्ख्यक र कुल जनसङ्ख्याको अवस्था प्रस्तुत गरी विद्यार्थीहरूलाई स्तम्भ रेखाचित्रमा देखाई स्पष्ट पार्ने<br>● आफू रहेको स्थानीय तहको भूबनावट, हावापानी र वनस्पतिसँग त्यहाँको सामाजिक जनजीवनको सम्बन्धलाई पेसा, पहिरन आदि झल्कने फोटो, चित्र वा भिडियो प्रदर्शन गरी स्पष्ट पारिदिने<br>● आफू रहेको स्थानीय तहको मुख्य सामाजिक रहनसहन र लवाइखुवाइको विषयमा परियोजना कार्य गराई कक्षामा छलफल गराउने | | |
| | **७.४ नक्साको सामान्य परिचय ( सिमाना, दिशा, प्रमुख सङ्केतहरू)**<br>● आफू रहेको स्थानीय तहको नक्सामा सिमाना, दिशा, नदी र बाटोको सङ्केत छुट्याउने कार्य | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● समालोचनात्मक सोचाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● रचनात्मक सोच सिप<br>● व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा | ● शिक्षकले शैक्षणिक पाटी आफ्नो जिल्ला वा स्थानीय तहको नक्सा कोरेर देखाउने र त्यसलाई वास्तविक नक्सासँग तुलना गर्दै नक्साको सामान्य अवधारणा स्पष्ट पारिदिने<br>● भित्ते नक्सा (Wall map), एटलास र सेतोपाटीमा कोरिएको नक्सा देखाउँदै (Sketch map) नक्सा सानो र ठुलो हुने अवस्था र नक्साका प्रकार बताइदिने<br>● नक्साको अध्ययन गरी नदी, सडक, दुरी, दिशा आदि सम्बन्धमा दुई दुईओटा बुँदा टिपोट गर्न लगाई | १. निम्नलिखत प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) नेपालको नक्सामा आफू रहेको स्थानीय तह देखाउनुहोस् ।<br>(ख) नक्सा सानो र ठुलो हुने अवस्था बताउनुहोस् ।<br>(ग) आफू बसेको स्थानीय निकायको नक्सा बनाई दिशा देखाउनुहोस् ।<br>(घ) नक्साका आवश्यक अङ्गहरूको सूची तयार गर्नुहोस् ।<br>(ङ) भित्ते नक्सा र एटलसबिच फरक छुट्याउनुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अग्रसरता | नक्साका आवश्यक अङ्गहरू पहिचान गर्न लगाउने<br>● गाउँ/नगरपालिकाको पार्श्वचित्र देखाउँदै त्यस्तै आकार र आकृत्तिको नक्सा कोर्ने अभ्यास गराउने<br>● उक्त नक्सामा नदी, सडक, बाटो, विद्यालय, वन आदि विभिन्न सङ्केत प्रयोग गरी देखाउन लगाउने | | |
| | **७.५ हाम्रो गाउँ/टोल र विद्यालय**<br>● भौगोलिक अवस्थिति<br>● अवस्थितिको नक्सा (स्केच) | ● सिकाइ सिप<br>● रचनात्मक सिप<br>● समालोचनात मक सिप<br>● प्रयोग सिप | ● आफ्नो गाउँ टोलको भौगोलिक अवस्थितिको खोजी गर्न लगाउने<br>● आफ्नो गाउँ टोलको भौगोलिक अवस्थितिको नक्साको स्केच गर्न लगाई मुख्य बस्ती, बाटो, सडक, नदी, पहाड आदि देखाउन लगाउने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) आफ्नो गाउँ वा टोलको सामान्य भौगोलिक परिचय दिनुहोस् ।<br>२. विद्यार्थीले तयार पारेको नक्सालाई अवलोकन गरी मूल्यमान्यता गर्नुहोस् । | |

कक्षा ५

| विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | मुख्य सिकाइ कार्यकलाप | सम्भावित मूल्यमान्यता प्रक्रिया | काघ |
|---|---|---|---|---|---|
| १. हामी र हाम्रो समुदाय | **१.१ समुदाय र सामुदायिक कार्य**<br>● समुदायको सामान्य परिचय र महत्त्व<br>● आफू बसेको समुदायप्रति अपनत्वको भावना<br>● आफ्नो समुदायमा सञ्चालित कार्यहरू, जस्तै : बाटोघाटो, स्वास्थ्य चौकी, सामुदायिक भवन, विद्यालय भवन, धार्मिक स्थल आदिको निर्माण, खानेपानीसम्बन्धी काम, वृक्षरोपण कार्यक्रम आदि ।<br>● सामुदायिक कार्यहरूको महत्त्व | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | ● चित्र, पोस्टर, कक्षाको उदाहरण दिदै समुदायको अवधारणा स्पष्ट पार्ने<br>● समुदायमा सञ्चालित सामुदायिक कार्यहरूका बारेमा छलफल र प्रश्नोत्तर गराउने<br>● सामुदायिक कार्यहरूको सूची बनाउन लगाउने<br>● सामुदायिक कार्यको महत्त्व झल्कने चार्ट वा चित्र प्रदर्शन गरी महत्त्व बोध गराउने<br>● विभिन्न किसिमका सामुदायिक क्रियाकलापहरूको चित्र प्रदर्शन गर्न लगाउने | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) समुदाय भनेको के हो ?<br>(ख) सामुदायिक क्रियाकलाप भनेर कस्तो क्रियाकलापलाई भनिन्छ ?<br>(ग) तपाईंको समुदायमा सञ्चालित सामुदायिक क्रियाकलापहरूको सूची बनाउनुहोस् । | १५ |
| | **१.२ विभिन्न सामुदायिक काममा सहयोग**<br>● सार्वजनिक स्थलहरूको सरसफाइ - विद्यालय, बाटोघाटो,<br>● चौतारो, पाटीपौवा | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप | ● विद्यार्थीहरूलाई आफू सहभागी भएको कुनै सामुदायिक कार्य भन्न लगाई त्यसमा सहभागी हुँदाको अनुभव भन्न लगाउने<br>● विद्यार्थीहरूलाई समुदायमा | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईं आफू सहभागी हुनुभएको कुनै सामुदायिक क्रियाकलापका बारेमा पाँच वाक्यमा लेख्नुहोस् ।<br>(ख) समाजको विकासमा सामुदायिक कार्यको महत्त्वको छोटकरीमा लेख्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आदिको निर्माण तथा मर्मतमा सहयोग<br>● वृक्षरोपण तथा वातावरणीय संरक्षणका कार्यक्रममा सहभागिता<br>● समुदायमा सञ्चालित विभिन्न किसिमका सामाजिक तथा सांस्कृतिक कार्य एवम् पर्वहरूमा सहभागिता, जस्तै : विवाह, व्रतबन्ध, छेवर, घेवा, पूजा, जात्रा, मेला । | ● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | सञ्चालित सामुदायिक क्रियाकलापहरूमा भाग लिन रोचक घटना, कथा, श्रव्यदृश्य सामग्रीमार्फत प्रेरित गर्ने<br>● त्यस्ता सामुदायिक क्रियाकलापहरूमा विद्यालयका बालक्लव, जुनियर रेडक्रस, स्काउट आदिमार्फत सहभागिता गराउने | २. सामुदायिक क्रियाकलापमा सहभागी हुँदाको अनुभव लेख्न लगाउनुहोस् ।<br>३. विद्यार्थीको सामुदायिक कार्यमा सहभागिता, सक्रियता, नेतृत्व आदि पक्षलाई समेटी मूल्याङ्कन गर्नुहोस् । | |
| | **१.३ समाज र सामाजिक सम्बन्ध**<br>● समाजको परिचय र महत्त्व<br>● समाजको विकासमा सामाजिक सम्बन्धको आवश्यकता<br>● असल सामाजिक सम्बन्ध विकासका लागि आवश्यक उपायहरूको अभ्यास, जस्तै : सहयोग, मेलमिलाप, समभ्रदारी, सहकार्य आदि । | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | ● विभिन्न चित्र, उदाहरण, चार्ट आदिमार्फत समाजको अवधारणा स्पष्ट पार्ने<br>● चित्र तथा पोस्टर, उदाहरण, स्थानीय सन्दर्भ र परिवेश आदि प्रस्तुत गरी समाजको विकासका लागि सामाजिक सम्बन्धको आवश्यकता तथा महत्त्व सम्बन्धमा छलफल गराउने<br>● कक्षालाई विभिन्न समूहमा विभाजन गरी स्थानीय समाजमा असल सामाजिक सम्बन्ध विकासका लागि भएका गतिविधिहरूको छलफल गराई प्रस्तुत गर्न | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) समाजको परिचय दिनुहोस् ।<br>(ख) समाजको विकासका लागि किन सामाजिक सम्बन्धको आवश्यकता पर्दछ, लेख्नुहोस् ।<br>(ग) असल सामाजिक सम्बन्ध विकासका उपायहरूको सूची बनाउनुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लगाउने<br>● शिक्षकले थप उदाहरण सन्दर्भ जोड्दै थप स्पष्ट पारिदिने | | |
| | **१.४ समुदायमा प्रचलित विभिन्न पेसाहरू र ती पेसाका मुख्य कार्यहरू**<br>- पहिचान<br>- महत्त्व<br>- मुख्य कार्यहरू | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | ● समुदायमा प्रचलित विभिन्न पेसाहरू पालैपालो भन्न लगाउने<br>● समुदायमा प्रचलित विभिन्न पेसाहरूको सूची तयार पार्न लगाउने<br>● समुदायमा प्रचलित विभिन्न पेसाहरूको महत्त्व समूह समूहमा छलफल गर्न लगाउने<br>● समुदाय प्रचलित विभिन्न पेसाका मुख्य कार्यहरू सम्बन्धमा तालिका वा चार्ट प्रदर्शन र छलफल गर्न लगाउने | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाइँको समुदायमा प्रचलित विभिन्न पेसाहरूको सूची तयार पार्नुहोस् ।<br>(ख) कृषि पेसासँग सम्बन्धित मुख्य कार्यहरू के के हुन् ? | |
| २. हाम्रो मानव मूल्यमान्यता | **२.१ हाम्रा परम्परागत सामाजिक प्रचलनहरू**<br>● सामूहिक काम र सहभागिता<br>● समुदायका विवादको समाधानका प्रचलित स्थानीय अभ्यास<br>● सामूहिक चाडपर्वहरूमा सहभागिता | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी | ● सबैको हित हुने विषयमा एक्लै वा समूहमा कसरी निर्णय गर्नु उपयुक्त हुन्छ भन्ने विषयमा मस्तिष्क मन्थन गराउने<br>● विद्यार्थीको घरपरिवार वा छरछिमेकमा कुनै विवाद छन् कि, पालो गरी भन्न लगाई त्यस्ता विवाद स्थानीय तहमा नै समाधान गर्ने उपायहरू बताउने<br>● समुदायमा सामूहिक रूपमा | १. निम्नलिखित प्रश्न सोधी दिएका उत्तरका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाइँको समाजमा भएका राम्रा चलन कुन कुन हुन् ?<br>(ख) तपाइँको टोलछिमेकमा उठेको विवाद कसले समाधान गर्छ ?<br>२. तपाइँको घरपरिवार र समाजले आयोजना गर्ने चाडपर्व छुट्टाछुट्टै तालिकामा देखाउनुहोस् ।<br>३. तपाइँको समाजमा सबैले मानेको मानिसको परिचय र विशेषता उल्लेख गर्नुहोस् । | २१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | • समाजका असल काम गर्ने मध्येबाट नेतृत्व चयन | तथा प्रतिबद्धता<br>• सक्रियतापूर्वक सुन्ने | आयोजना गरिने चाडपर्वबारे छलफल गराई त्यसको नेतृत्व गर्ने व्यक्तिको विषयमा भन्न लगाउने<br>• विद्यार्थीहरूलाई सामूहिक काम र सामूहिक चाडपर्वमा सहभागी हुँदाको आफ्नो अनुभव सुनाउन लगाउने | | |
| | **२.२ स्थानीय भाषा, वेषभूषा, रहनसहन, मेलापर्व र जात्राहरू**<br>• परिचय र महत्त्व<br>• सहयोग र सहभागिता | • सिकाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग र सहानुभूति सिप<br>• जिम्मेवारी तथा प्रतिबद्धता<br>• सक्रियतापूर्वक सुन्ने | • विद्यार्थीहरूलाई आफूले जानेको मातृभाषा बोल्न उत्प्रेरित गर्ने र सबैले बोलेका मातृभाषालाई सम्मान गर्न लगाउने<br>• विद्यार्थीको बसोबास भएको ठाउँका वेषभूषाका विशेषता भन्न लगाउने<br>• समुदायका चाडपर्व, जात्रा र उत्सवहरूको तालिका बनाउन लगाई मनाउने तरिका बारे छलफल गराउने<br>• स्थानीय तहमा एक वर्षमा आयोजना गरिने मुख्य मेलापर्व र जात्रा सम्बन्धमा छलफल गराई कुनै विद्यार्थी त्यसमा सहभागी भएको भए सहभागी हुँदाको अनुभव आदानप्रदान गराउने | १. निम्नलिखित प्रश्न सोधी प्राप्त उत्तरका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) विद्यालयमा पठनपाठन हुनेबाहेक आफूले जानेको भाषाको परिचय दिनुहोस् ।<br>(ख) तपाईंले स्थानीय तहमा बनेका कुन कुन पोसाक प्रयोग गर्नुभएको छ ?<br>(ग) तपाईं सबैभन्दा पछिल्लो पटक सहभागी भएको मेलापर्व कुन हो र यो कहाँ आयोजना गरिएको थियो ? | |
| | **२.३ आफ्नो समुदायका प्रेरणादायी व्यक्तित्व पहिचान र योगदान** | • सिकाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप | • विद्यार्थीलाई पढ्न लेख्न र विद्यालय भर्ना हुन प्रेरित गर्ने व्यक्तिबारे पालैपालो भन्न लगाउने | १. मूल्याङ्कनका लागि निम्नलिखित प्रक्रिया अपनाउनुहोस् :<br>(क) विद्यार्थीलाई प्रेरणा दिने व्यक्तिबारे भन्न लगाई प्रेरणा लिने क्षमताको मापन गर्नुहोस् । | |

<table>
<tr>
<td></td>
<td></td>
<td>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने</td>
<td>● विभिन्न क्षेत्रमा लाग्न चाहने विद्यार्थीहरूलाई ती क्षेत्रमा लाग्न चाहेको कारण भन्न लगाउने<br>● विभिन्न क्षेत्रमा योगदान दिई सफल हुनुभएका व्यक्तित्वहरूको चित्र /फोटो प्रदर्शन गरी छलफल गराउने<br>● आफ्नो समुदायका विभिन्न प्रेरणादायि व्यक्तित्वहरूको फोटो, जीवनी आदि सङ्कलन गर्न लगाई वायोग्राफी तयार पार्न लगाउने</td>
<td>(ख) विद्यार्थीलाई मन परेको प्रतिष्ठित प्रेरक व्यक्तिबारे एक अनुच्छेद लेख्न लगाउनुहोस् ।<br>२. विद्यार्थीले तयार पारेको बायोग्राफीलाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>- विषयवस्तुको सम्प्रेषण<br>- फोटो<br>- साजसज्जा<br>- प्रस्तुति</td>
<td></td>
</tr>
<tr>
<td></td>
<td>२.४ अनुशासन तथा असल आचरण<br>● मेलमिलाप, शान्ति, संयम र धैर्य (परिवारका सदस्य, समुदाय, विद्यालय र साथीहरूका बिचमा)<br>● समानुभूति<br>● मान्यजन तथा प्रतिष्ठित व्यक्तिको सम्मान र आज्ञा पालन<br>● फुर्सदको समयमा रुचिअनुसारको क्रियाकलापमा सहभागिता (चित्रकला, साहित्य,</td>
<td>● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने</td>
<td>● कक्षालाई विभिन्न समूहमा विभाजन गरी मेलमिलाप, शान्ति, संयम र धैर्य कायम गर्ने उपायहरूमा छलफल गर्न लगाउने र व्यवहारमा पनि यी कुराहरू गर्न उत्प्रेरित गर्ने<br>● असल मानिसले गरेका समानुभूति झल्कने काम र व्यवहारका कथा सुनाउने र उनीहरूलाई पनि त्यस्तै व्यवहार गर्न उत्प्रेरित गर्ने<br>● समानुभूतिसँग सम्बन्धित रही भूमिका अभिनय गर्न लगाउने<br>● मान्यजनको आज्ञापालना गर्दा हुने फाइदाहरू बताउने</td>
<td>१. मूल्याङ्कनका लागि निम्नलिखित प्रक्रिया अपनाउनुहोस् :<br>(क) निम्न आधारमा आत्ममूल्याङ्कन गराउनुहोस् :
<table>
<tr><th>क्रियाकलाप</th><th>गर्छु</th><th>गर्दिन</th></tr>
<tr><td>साथीसँग मेलमिलाप</td><td></td><td></td></tr>
<tr><td>काम गर्दा आत्तिने</td><td></td><td></td></tr>
<tr><td>अरूको दुःखलाई आफ्नै दुख जस्तै ठान्ने</td><td></td><td></td></tr>
<tr><td>फुर्सदमा सिर्जनात्मक काम</td><td></td><td></td></tr>
</table></td>
<td></td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | सङ्गीत, खेलकुद, बालक्लबमा सहभागिता, राष्ट्रिय महत्त्वका स्थलको अवलोकन र भ्रमण आदि )<br>● घरपरिवारको काममा सहभागिता<br>(खेतीपाती, पशुपालन, सजावट, सरसफाइ, पारिवारिक भेटघाट आदि)<br>● अशक्तलाई सहयोग (वृद्धवृद्धा, रोगी, अनाथ, अपाङ्गता भएका व्यक्ति, विपद्ग्रस्त<br>• स्काउटमा सहभागिता | | ● फुर्सदको समयको सदुपयोगका लागि चित्रकला, साहित्य, सङ्गीत, खेलकुद, बालक्लबका गतिविधिमा संलग्नता, राष्ट्रिय महत्त्वका स्थलको अवलोकन र भ्रमण आदि गर्न अभिप्रेरित गर्ने<br>● लामो बिदाका समयमा गर्ने कामहरूको योजना बनाउन लगाउने<br>● परिवारका सदस्यले गर्ने विभिन्न कामबारे छलफल गराउने र विद्यार्थीले त्यसमा पुऱ्याएको सहयोग भन्न लगाउने<br>● समुदायमा अरूको सहयोग चाहिने मानिस भए नभएको विषयमा भन्न लगाउने र त्यस्ता व्यक्तिहरूलाई सहयोग गर्न उत्प्रेरित गर्ने<br>● स्काउटमा सहभागिताले पनि अनुशासित हुन र असल आचरण निर्माण गर्न मदत गर्ने सन्दर्भ छलफलबाट स्पष्ट पारिदिने र आवश्यकतानुसार उमेरअनुसारका स्काउटका गतिविधिहरूमा सहभागी गराउने | (ख) असल आचरणको अवलम्बन भए नभएको सम्बन्धमा अभिभावकबाट मूल्याङ्कनसमेत गराउन सकिन्छ । | |
| **३. नागरिक चेतना कर्तव्य** | **३.१ हाम्रा सम्पदाहरूको संरक्षण तथा संवर्धनका** | ● सिकाइ सिप<br>● निर्णय तथा | ● स्थानीय स्तरबाट प्राकृतिक र सांस्कृतिक सम्पदाहरू | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| **र अधिकार** | **लागि भएका स्थानीय प्रयासहरू**<br>● वृक्षरोपण कार्यक्रम, सामुदायिक वन विकास, सम्पदा संरक्षण (समितिको गठन, प्रचारप्रसार)<br>● पर्यटकीय क्षेत्रहरूको पहिचान र संरक्षण<br>● विभिन्न स्थानीय आयोजना, साँस्कृतिक सम्पदाहरूको संरक्षण र उत्थान | समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | संरक्षणका लागि भएका प्रयासहरू खोजी गरी सूची बनाउन लगाई प्रस्तुत गर्न लगाउने<br>● अवलोकन भ्रमण वा सम्बन्धित व्यक्तिसँग सोधपुछ गरी स्थानीय स्तरमा रहेका विभिन्न पर्यटकीय सम्पदाहरूको पहिचान गरी त्यसको वर्तमान अवस्था र सम्भावना पहिचान गर्न लगाउने<br>● विभिन्न स्थानीय आयोजना वा सांस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमण गराई त्यहाँ भएका संरक्षणका गतिविधि समेटेर प्रतिवेदन प्रस्तुत गर्न लगाउने | (क) राष्ट्रिय सम्पदाहरूको संरक्षण तथा संवर्धनका लागि भएका स्थानीय प्रयासहरूको सूची बनाउनुहोस् ।<br>(ख) तपाइँले अवलोकन गर्नुभएको कुनै एउटा सम्पदाका बारेमा लेख्नुहोस् ।<br>२. स्थानीय पर्यटन क्षेत्रहरूको पहिचान र सम्भावना विषयमा एक पृष्ठमा निबन्ध लेख्नुहोस् । | |
| | **३.२ परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक नियमहरूको पालना, संरक्षण र संवर्धन**<br>● परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक नियमहरूको पालना र प्रचारप्रसार, जस्तै : गुठी, ढिकुर, पर्म, ऐँचोपैँचो । | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक | ● विद्यार्थीहरूलाई उनीहरूको समाजमा चलिआएका राम्रा सामाजिक नियमहरू भन्न लगाई शैक्षणिक पाटीमा टिप्दै जाने र त्यसका बारेमा छलफल गराउने<br>● गुठी, ढिकुर, पर्म, ऐँचोपैचोको परम्परागत अभ्यासको सामान्य जानकारी दिई यसका राम्रा पक्षहरू चार्ट, उहाहरणसहित स्पष्ट पार्ने<br>● विद्यार्थीहरूलाई आफ्नो | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाइँको समुदायमा सञ्चालित राम्रा सामाजिक नियमहरूको सूची बनाउनुहोस् ।<br>(ख) आफ्नो समुदायमा सञ्चालित राम्रा सामाजिक नियमहरूमा आधारित भई कुनै एक नियमको व्याख्या गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सुन्न | समुदायमा भएका कुनै परम्परागत राम्रा पक्षहरूको सम्बन्धमा अभिभावकासँग सोधपुछ गरी कक्षामा प्रस्तुत गर्न लगाउने | | |
| | **३.३ विवाद र मेलमिलाप**<br>● विवादका कारण र समाधान<br>● शान्तिपूर्ण वातावरण निर्माणमा सहभागिता<br>● सामूहिक एकता र मेलमिलापको भावनाको विकास, जस्तै : साथी साथीहरूबिचमा आइपर्ने विवादको समस्या समाधान गरी मेलमिलाप | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | ● शिक्षकले कक्षामा कृत्रिम विवादको अवस्था सिर्जना गरी उक्त विवाद समाधान गर्दै विवादको अवधारणा, कारण र समाधान सम्बन्धमा स्पष्ट पार्ने<br>● विद्यार्थीहरूलाई साथीहरू बिचमा विवाद हुँदा आइपर्ने समस्याहरू के के हुन् भनी सोध्ने, शैक्षणिक पाटीमा टिप्दै जाने र छलफल गराउने<br>● साथीहरू बिचमा झगडा भएको वा विवाद परेको अवस्थामा विवाद मिलाउने उपायहरूको सम्बन्धमा भूमिका अभिनय गराउने | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईंको दुई साथीहरूका बिचमा झगडा भएमा के गर्नुहुन्छ ?<br>२. कक्षाकोठामा विवादरहित वातावरण बनाउनका लागि विद्यार्थीको सक्रिय सहभागिता रहेको वा नरहेको अवलोकनबाट पनि मूल्याङ्कन गर्न सकिन्छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कायम | | | | |
| | **३.४ सडक सुरक्षा र ट्राफिक नियम**<br>● स्थान विशेष सडक सुरक्षा र सावधानी<br>● सडक सुरक्षाका लागि नियमको पालना, जस्तै : ट्राफिक सङ्केतअनुसार बाटो काट्ने, जेब्राक्रसिङबाट बाटो काट्ने, सडकमा जथाभावी फोहर नफ्याँक्ने, बाटो हिँड्दा सडकपेटीको प्रयोग गर्ने<br>● ट्राफिक नियम, ट्राफिक लाइट र ट्राफिक सङ्केतहरूको जानकारी, पालना र प्रचारप्रसार | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | ● ट्राफिक नियम, ट्राफिक सङ्केत र ट्राफिक लाइटहरूको चित्र तथा पोस्टरहरू प्रदर्शन गरी छलफल गराउने<br>● विभिन्न ट्राफिक सङ्केत जनाउने चित्रहरू बनाई कक्षामा प्रदर्शन गर्न लगाउने<br>● सडक सुरक्षाका लागि नागरिकले पालना गर्नुपर्ने कर्तव्यहरूको भूमिका अभिनय गराउने<br>● सडक दुर्घटनासँग सम्बन्धित चित्र, पोस्टर र समाचार सङ्कलन गरी विद्यालयको बुलेटिन बोर्डमा टाँस्न लगाउने<br>● सम्भव भए ट्राफिक प्रहरी वा यस सम्बन्धमा जानकार व्यक्तिलाई कक्षामा आमन्त्रण गरी छलफल गराउने | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) ट्राफिक नियम भनेको के हो ?<br>(ख) तपाइँले ट्राफिक नियमको पालना कसरी गर्नुभएको छ ?<br>(ग) ट्राफिक लाइटको चित्र बनाई त्यसमा भएको रातो बत्ती, हरियो बत्ती र पहेँलो बत्तीले के के जनाउँछ, लेख्नुहोस् । | |
| | **३.५ व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायहरू**<br>● व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायहरू, जस्तै : | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार | ● तपाइँको समुदायमा चोरी डकैतीको घटना भएमा, आगलागी भएमा वा आकस्मिक बिरामी भएमा कसलाई बोलाउने गरिएको छ ? जस्ता प्रश्न गरी विद्यार्थीबाट आएका उत्तरलाई समेटी व्यक्तिगत | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायहरूको सूची बनाउनुहोस् ।<br>(ख) तपाइँको समुदायमा चोरी डकैतीको घटना भएमा कसलाई खबर गर्नुहुन्छ ?<br>(ग) तपाइँको समुदायमा आगलागीको | |

<table>
<tr>
<td></td>
<td>प्रहरी चौकी,<br>वारुणयन्त्र सेवा,<br>एम्बेलेन्स सेवा,<br>रेडक्रस संस्था<br>● आकस्मिक सुरक्षा सतर्कता सेवाहरू ( सिसिटिभी, साइरन, सुरक्षा एप्स</td>
<td>सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियता पूर्वक सुन्ने</td>
<td>र पारिवारिक सुरक्षा सम्बन्धमा छलफल गर्ने<br>● व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायहरूको सूची बनाउन लगाउने<br>● यस्ता निकायहरूको कार्य झल्कने चित्र तथा पोस्टरहरू प्रदर्शन गरी यिनीहरूले गर्ने कार्य स्पष्ट पार्ने<br>● शङ्कास्पद व्यक्ति, वस्तु वा घटना देखेमा त्यसको जानकारी परिवारका सदस्य वा सम्बन्धित निकायलाई दिन अभिप्रेरित गर्ने</td>
<td>घटना भएमा कुन निकायमा खबर गर्नुहुन्छ ?<br>२. तलका घटनाहरू घट्दा तपाईंले खबर गर्नुभएको सम्बन्धित निकायमा ठिक चिह्न लगाउनुहोस् :
<table>
<tr><td>घटना</td><td>सम्पर्क गरेको</td><td>सम्पर्क नगरेको</td></tr>
<tr><td>चोरी हुँदा</td><td></td><td></td></tr>
<tr><td>आगलागी हुँदा</td><td></td><td></td></tr>
<tr><td>आकस्मिक बिरामी हुँदा</td><td></td><td></td></tr>
<tr><td>शङ्कास्पद वस्तु फेला पर्दा</td><td></td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४. सामाजिक समस्या र समाधान</td>
<td>४.१ असल समाज निर्माणका आधारहरू<br>● शिक्षा र चेतना<br>● रोजगारी<br>● सामाजिक सद्भाव र मेलमिलाप<br>● सामाजिक न्याय,<br>● सुशासन</td>
<td>● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप</td>
<td>● असल समाज कस्तो समाजलाई भनिन्छ ? यस्तो समाज निर्माण गर्न के कुरा बढी महत्त्वपूर्ण हुन्छ ? आदि प्रश्न सोधी विद्यार्थीका असल समाजसँग सम्बन्धित आधारभूत पक्षमा चर्चा गर्ने<br>● असल समाज निर्माणका आधारहरूको सूची प्रस्तुति र छलफल गर्ने<br>● विद्यार्थीहरूलाई पाँच समूहमा विभाजन गरी हरेक समूहलाई एक एकओटा</td>
<td>१. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) असल समाज निर्माणका कुनै दुइओटा आधारहरू लेख्नुहोस् ।<br>(ख) सुशासन असल समाज निर्माणको आधार कसरी बन्न सक्छ, लेख्नुहोस् ।</td>
<td>१५</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | • जिम्मेवारी तथा प्रतिबद्धता<br>• सक्रियतापूर्वक सुन्ने | आधार पर्ने गरी समूहगत प्रस्तुतीकरण गर्न लगाउने<br>• विद्यार्थीहरूलाई जोडी जोडीमा सिकेका कुराहरू प्रत्याह्वान (Recall) गर्न लगाउने, जस्तै : विद्यार्थीलाई अलिक खुला ठाउँमा लगी गीत वा तालीको तालमा नाच्न वा हिड्न लगाउने । गीत वा ताली बज्न रोकिँदा विद्यार्थीलाई रोकिन भन्ने र नजिक रहेको साथीसँग जोडी बन्न लगाउने र जोडीलाई यस अगाडि पढिएका विषयवस्तुमा आधारित रही १ वा २ मिनेट समय दिई सो समयभित्र शिक्षकले दिएको कुनै एक विषयवस्तुमा पालैपालो भन्न लगाउने । फेरि गीत वा तालिलाई निरन्तरता दिने र अघिकै क्रियाकलाप जस्तै गरी अघि बढ्ने । ४ वा ५ ओटा यस्तै गरी क्रियाकलाप गर्न सकिन्छ । | | |
| | ४.२ **सामाजिक समस्याका रूपमा मादक पदार्थ र लागुपदार्थ सेवनबाट हुने असरहरू र सचेतना**<br>- शारिरीक असर<br>- मानसिक असर<br>- सामाजिक असर | • सिकाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• सञ्चार | • मादक तथा लागुपदार्थको सेवनबाट व्यक्ति र समाजलाई हुने हानि, नोक्सानीको सूची बनाई प्रदर्शन गर्न लगाउने<br>• विद्यार्थीहरूलाई मादक तथा लागुपदार्थ सेवन जस्ता | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) लागुपदार्थको सेवन किन गर्नुहुँदैन ? कारण दिनुहोस् ।<br>(ख) मादक पदार्थ सेवनबाट हुने कुनै दुई असरहरू उल्लेख गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | कुलतबाट टाढा रहन अपनाउनुपर्ने सावधानीको सम्बन्धमा छलफल गराउने<br>● मादक पदार्थ/लागुपदार्थ सेवनका असर र रोकथामका उपायहरू समेटेर गीत, कविता, कथा आदि तयार पारी प्रस्तुत गर्न लगाउने | | |
| | **४.३ सामाजिक समस्याका रूपमा चोरी तथा डकैती र त्यसबाट बचावट**<br>- भाँडाकुँडा, लुगाकपडा, रेडियो, टिभी, गरगहना, रुपियाँ चोरीबाट बचावट<br>- चोरीडकैतीप्रति सजगता र चोरी भएमा नजिकको सुरक्षा निकायमा खबर | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | ● समाजमा विभिन्न प्रकारको चोरी तथा डकैती कार्यहरूबाट बच्न अपनाउनुपर्ने उपायका बारेमा प्रश्नोत्तर तथा छलफल गराउने<br>● समाजमा त्यस्ता घटनाहरूबाट घटेका ठाउँमा विद्यार्थीहरूलाई लगि अवलोकन गराउने<br>● चोरी डकैती भएमा तुरुन्त गर्नुपर्ने कार्यहरूको सूची बनाई छलफल गराउने<br>● विद्यालय नजिकमा रहेका सुरक्षा निकायहरूमा भ्रमण गराई तिनीहरूले गर्ने कार्यका बारेमा जानकारी दिलाउने | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) चोरी तथा डकैतीबाट बच्न के के कुरामा सजगता अपनाउनुपर्छ ?<br>(ख) सुरक्षा निकाय (प्रहरी, सैनिक आदि) को कार्यहरू के के हुन् ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **४.४ अनुशासन पालना र कर्तव्य पूरा गर्नुपर्ने आवश्यकता** | • सिकाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग र सहानुभूति सिप<br>• जिम्मेवारी तथा प्रतिबद्धता<br>• सक्रियतापूर्वक सुन्ने | • अनुशासन पालना नगर्दा हुने हानी झल्कने चित्र, चार्ट र फोटा प्रदर्शन र छलफल गर्ने<br>• अनुशासनको पालना गर्न अभिप्रेरित गर्ने गरी कथा, उदाहरणहरू प्रस्तुत गर्ने | १. निम्नलिखित प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>(क) अनुशासनको पालना नगर्दा हुने हानिहरूको सूची तयार पार्नुहोस् । | |
| | **४.५ सामाजिक समस्या र विकृति हटाउन सहयोग गर्ने सामाजिक सङ्घसंस्थाहरू** | • सिकाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग र | • विभिन्न सामाजिक सङ्घसंस्थाहरूको सूची तयार पार्न लगाउने<br>• सामाजिक सङ्घसंस्थाका प्रतिनिधिलाई आमन्त्रण गरी नमुना कक्षा लिन लगाउने | - सामाजिक सङ्घसंस्थाहरूको सूची तयार पार्नुहोस् ।<br>- तपाईंको समुदायमा भएको कुनै सामाजिक सङ्घसंस्थाले सामाजिक समस्या र विकृति हटाउन खेलेका कुनै दुईओटा योगदान उल्लेख गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सहानुभुति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्न | | | |
| ५. हाम्रो विगत | आफू बसेको ठाउँको नाम | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | ● विद्यार्थीहरूलाई आफ्नो नाम रहनुको कारण र त्यसको अर्थ सम्बन्धमा छलफल गराउने<br>● आफू बसेको ठाउँको नामसम्बन्धी प्रचलित किम्बदन्ती खोजी गरी प्रस्तुत गर्न लगाउने | निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>● नामको उत्पत्तिको प्रचलित कुनै एक किंवदन्ती लेख्नुहोस् । | १८ |
| | ● आफू बसेको समुदायको विगत<br>● आफू बसेको समुदायको विगतको वर्तमानसँग तुलना | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान | ● आफू बसेको ठाउँको विगत सम्बन्धमा पालैपालो बताउन लगाउने<br>● आफू बसेको ठाउँको विगतसँग वर्तमान | ● आफू बसेको ठाउँका विगत सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।<br>● तपाईं बसेको ठाउँको विगत र वर्तमानका कुनै दुई भिन्नता | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | अवस्थाको सडक, विद्युत्, शिक्षा, स्वास्थ तथा सञ्चारसँग तुलना गर्न लगाउने | उल्लेख गर्नुहोस् । | |
| | हामो समुदायमा भएका ऐतिहासिक वस्तुहरू ( मन्दिर, पाटी, पौवा, पोखरी)<br>● पहिचान<br>● खोजी तथा संरक्षण | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापू | ● आफू बसेको स्थानका विभिन्न वस्तुहरूका बारेमा बताउन लगाउने<br>● आफू बसेको स्थानका विभिन्न ऐतिहासिक वस्तुहरूको संरक्षण गर्ने उपायहरूको सूची तयार गर्न लगाउने | ● आफू बसेको स्थानका विभिन्न ऐतिहासिक वस्तुहरूको सूची तयार गर्नुहोस् ।<br>● आफू बसेको स्थानका ऐतिहासिक वस्तुहरूको संरक्षण गर्ने उपायहरू लेख्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | र्वक सुन्ने | | | |
| ६. हाम्रा आर्थिक क्रियाकलाप | **६.१ काम/श्रमको सम्मान र सहयोग**<br>• आफ्नो प्रदेशका मानिसका पेसाहरू : ( खेतीपाती, मजदुरी, डोको, डालो बुन्ने, राडीपाखी बुन्ने, जडीबुटी<br>• जम्मा गर्ने, लुगा सिलाउने, फलामको काम गर्ने,<br>• घर बनाउने, व्यापार गर्ने, नोकरी गर्ने, सेवा प्रदान गर्ने आदि ) | सिकाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग र सहानुभूति सिप<br>• जिम्मेवारी तथा प्रतिबद्धता<br>• सक्रियतापूर्वक सुन्ने | • आफ्नो प्रदेशका मानिसका विभिन्न प्रकारका कामसँग सम्बन्धित चित्रहरूको सहयोगले कामको महत्त्व स्पष्ट पार्ने<br>• विद्यालय नजिकै स्थलगत भ्रमण गराई विभिन्न मानिसहरूले गर्ने काम अवलोकन र उनीहरूसँग अन्तर्क्रिया गराउने<br>• गीत, चार्ट, चित्र आदि प्रस्तुत गरी श्रमको सम्मान गर्न अभिप्रेरित गर्ने | • विद्यार्थीहरूले सबै राम्रा कामहरूको सम्मान गरे नगरेको अवलोकन गर्नुहोस् ।<br>• विभिन्न पेसाहरूको सूची बनाउन लगाउनुहोस् । | १८ |
| | **६.२ आफ्नो स्थानीय तहभित्रका आर्थिक क्रियाकलापको परिचय दिन** | • सिकाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप | • विद्यार्थीहरूलाई आफ्ना गाउँघरमा के कस्ता आर्थिक क्रियाकलापहरू गरिन्छन्, भन्न लगाउने<br>• आफ्नो स्थानीय तहमा हुने आर्थिक क्रियाकलापहरूको तालिका बनाई प्रस्तुत गर्न लगाउने | १. निम्नलिखत प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईंको स्थानीय तहमा हुने आर्थिक क्रियाकलापको सूची तयार पार्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | | | |
| | **६.३ स्थानीय वस्तुहरूको उत्पादन, सङ्कलन र बिक्री वितरणमा समुदायको भूमिका**<br>- उत्पादनमा भूमिका<br>- सङ्कनमा भूमिका<br>- बिक्री वितरणमा भूमिका | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | ● स्थानीय स्तरमा वस्तु उत्पादनमा समूहको सक्रियता, सामूहिक खेती र उत्पादन सम्बन्धसँग सम्बन्धित गरी समूहमा छलफल गराउने र निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>● कक्षालाई तीन समूहमा विभाजन गरी एउटा समूहलाई स्थानीय वस्तुको उत्पादनमा समुदायको भूमिका, अर्को समूहलाई स्थानीय वस्तुको सङ्कलनमा समुदायको भूमिका र तेस्रो समूहलाई स्थानीय वस्तुहरूको बिक्री वितरणमा समुदायको भूमिका सम्बन्धमा छलफल गर्न लगाई समूहको निष्कर्ष प्रस्तुत गर्न लगाउने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) स्थानीय वस्तुको उत्पादनमा समुदायको कुनै एक भूमिका लेख्नुहोस् ।<br>(ख) स्थानीय वस्तुको सङ्कलनमा समुदायले कसरी भूमिका खेल्न सक्छ, लेख्नुहोस् । | |
| | **६.४ स्वदेशमा उत्पादित तथा निर्मित वस्तुहरू र तिनको उपयोग**<br>**लुगाकपडा, खेलौना, भाँडाकुँडा, खाद्यवस्तु, आदि दैनिक प्रयोगमा आउने सामग्रीहरू** | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार | ● विद्यार्थीहरूले प्रयोग गरेका सामग्रीहरू कहाँ बनेका हुन् भन्न लगाउने ।<br>● सम्भव भए सम्म स्वदेशमा उत्पादित दैनिक प्रयोगमा आउने सामग्रीहरू प्रत्यक्ष रूपमा अवलोकन गर्न | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) दैनिक प्रयोगमा आउने स्वदेशमा निर्मित सामग्रीहरूको सूची बनाउनुहोस् ।<br>२. विद्यार्थीहरूले स्वदेशमा उत्पादित सामग्रीहरू प्रयोग गर्ने गरेका छन्, छैनन् अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सिप<br>● सहकार्य सिप<br>● सहयोग र समानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | लगाएर वा चित्रहरूको माध्यमबाट चिनाउने<br>● स्वदेशमा उत्पादन हुने सामग्रीहरूको सूची तयार गर्न लगाउने<br>● स्वदेशमा उत्पादित सामग्री प्रयोग गर्दा हुने फाइदाका बारेमा छलफल गराई सूची तयार गर्न लगाउने | | |
| | **६.५ देशमा भइरहेका आर्थिक क्रियाकलापहरू :**<br>तराई क्षेत्र - कृषि, उद्योग, व्यापार आदि<br>पहाडी क्षेत्र - कृषि, फलफूल, व्यापार आदि<br>हिमाली क्षेत्र- पशुपालन, पर्यटन जडीबुटी आदि | ● सिकाइ सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सञ्चार सिप<br>● सहकार्य सिप<br>● सहयोग र सहानुभूति सिप<br>● जिम्मेवारी तथा प्रतिबद्धता<br>● सक्रियतापूर्वक सुन्ने | ● चित्र, कथा, उदाहरण, भिडियो प्रदर्शन आदिका माध्यमबाट हाम्रो देशका आर्थिक क्रियाकलाप (कृषि, उद्योग, व्यापार र पर्यटन) को परिचय दिने<br>● विद्यार्थीहरू रहेका प्रदेशका आर्थिक क्रियाकलापहरूको सूची बनाउन लगाउने<br>● आर्थिक क्रियाकलापहरूबाट हुने फाइदाहरूको सम्बन्धमा छलफल गराउने<br>● आफ्नो प्रदेशमा सञ्चालित आर्थिक क्रियाकलापहरू ( कृषि, उद्योग, व्यापार र पर्यटन) का क्षेत्र अवलोकन गर्न लगाउने र सोका आधारमा समूहगत प्रतिवेदन प्रस्तुत गर्न लगाउने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाईंको प्रदेशमा सञ्चालित आयआर्जनसँग सम्बन्धित कामहरूको सूची बनाउनुहोस् ।<br>(ख) कृषि कार्यबाट के के फाइदा हुन्छ ?<br>(ग) औद्योगिक कार्यबाट हुने फाइदाहरू के के हुन् ?<br>(घ) व्यापारबाटबाट हुने फाइदाहरू के के हुन् ?<br>(ङ) पर्यटन व्यवसायबाट के के फाइदा हुन्छ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. हाम्रो पृथ्वी | **सौर्यमण्डल, ग्रह र उपग्रह**<br>● परिचय<br>● सङ्ख्या<br>● विशेषता | ● सिकाइ सिप<br>● रचनात्मक सिप<br>● समालोचनात मक सिप<br>● प्रयोग सिप | ● सौर्यमण्डल, ग्रह, उपग्रहका बारेमा विद्यार्थीका धारणाहरू सङ्कलन गर्ने<br>● पृथ्वीको उत्पत्तिको सामान्य जानकारी चित्र वा भिडियोमार्फत प्रस्तुत गर्ने<br>● भिडियो चित्र आदिमार्फत सौर्य मण्डल, ग्रह र उपग्रहको परिचय प्रस्तुत गर्ने | १. निम्नलिखत प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) ग्रहहरू कतिओटा छन् ?<br>(ख) पृथ्वीको उपग्रह कतिओटा छ ? | १५ |
| | **७.४ पृथ्वीको उत्पत्ति र बनोट**<br>● पृथ्वीको उत्पत्तिसम्बन्धी सामान्य जानकारी<br>● पृथ्वीको बनोटको परिचय | ● सिकाइ सिप<br>● रचनात्मक सिप<br>● समालोचनात मक सिप<br>● प्रयोग सिप | ● प्रचलित कथा सुनाउँदै एउटा शक्तिशाली ताराको आकर्षणबाट सूर्य टुक्रिएर पृथ्वीसहित आठ ग्रहहरू उत्पत्ति भएको सन्दर्भ स्पष्ट पारिदिने<br>● सौर्यमण्डलको चित्र वा भिडियो देखाउँदै पृथ्वी र सौर्यमण्डलबिचको सम्बन्ध स्पष्ट पारिदिने<br>● ग्लोबको सहायताबाट पृथ्वीको बनोटका सम्बन्धमा धारणा बताउन लगाउने<br>● पृथ्वीको आन्तरिक बनावट ( स्थल मण्डल, मध्यमण्डल र केन्द्र मण्डल) लाई सचित्र वर्णन गर्ने | १. निम्नलिखत प्रश्नका आधारमा मूल्यमान्यता गर्नुहोस् :<br>(क)पृथ्वीको उत्पत्ति कसरी भयो ?<br>(ख) पृथ्वीको बनोट कस्तो छ, सचित्र देखाउनुहोस् ।<br>(ग) पृथ्वीको आन्तरिक बनोटका तहहरूको नाम लेख्नुहोस् । | |
| | **७.५ नेपालको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवनको** | ● सिकाइ सिप<br>● रचनात्मक सिप | ● एसियाको नक्सामा नेपालको अवस्थिति पहिचान गर्न लगाई सिमाना र क्षेत्रफल स्पष्ट पारिदिने | १. निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) तपाइँ बसेको ठाउँ हिमाल, पहाड, तराईमध्ये कहाँ पर्छ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **विशेषता**<br>• नेपालको प्राकृतिक स्वरूप विभाजन<br>– हिमाली प्रदेश<br>– पहाड प्रदेश<br>– तराई प्रदेश<br>• नेपालको हावापानी विभाजन<br>– ठन्डा हावापानी,<br>– न्यानो हावापानी<br>– गर्मी हावापानी<br>• नदीनाला<br>– प्रमुख नदी<br>– मुख्य तालतलैया<br>• माटो<br>– बलौटे र पत्थरिलो माटो<br>– पाँगो माटो<br>– तलैया माटो<br>– रातो फुस्रो माटो<br>– हिमाली माटो<br>• वनस्पति<br>– उष्ण | • समालोचनात मक सिप<br>• प्रयोग सिप | • नेपालको प्राकृतिक विभाजनको नक्सा प्रदर्शन गर्दै हिमाल, पहाड र तराई प्रदेशका विशेषतामाथि छलफल गर्ने ।<br>• नेपालको भौगालिक बनावट र हावापानीका प्रकारबिचको सम्बन्धमा नक्सा प्रदर्शन गरी छलफल गराउने<br>• नेपालका प्रमुख नदीनाला, तालतलैयाको सूची तयार गर्न लगाउने<br>• नेपालमा पाइने माटो र वनस्पतिको प्रकार उल्लेख भएको चित्र वा चार्ट प्रदर्शन गरी तिनीहरूको विशेषता स्पष्ट पारिदिने<br>• स्तम्भरेखा चित्रमार्फत नेपालको जाति, धर्म र भाषाको आधारमा रहेका जनसङ्ख्यिकीको अवस्था स्पष्ट पारिदिने<br>• नेपालको भूबनावट, हावापानी र वनस्पतिसँग त्यहाँको सामाजिक जनजीवनको सम्बन्धलाई पेसा, पहिरन आदि झल्कने फोटो, चित्र वा भिडियो क्लिप्स प्रदर्शन गरी स्पष्ट पारिदिने<br>• विद्यार्थी रहेको प्रदेशको मुख्य सामाजिक रहनसहन र लवाइखुवाइका विषयमा | (ख) धरातलीय स्वरूपका आधारमा नेपाललाई कति भागमा विभाजन गरिएको छ ?<br>(ग) नेपालमा पाइने हावापानीको प्रकारहरू लेख्नुहोस् ।<br>(घ) नेपालमा कति प्रकारका वनस्पति पाइन्छन् ?<br>(ङ) नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरूले बोल्ने भाषाको सूची तयार गर्नुहोस् ।<br>च) नेपालको तराई प्रदेशमा बसोवास गर्ने मानिसहरूको मुख्य लवाइखुवाइ के के हुन् ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सदावहार<br>– पतझर<br>– कोणधारी<br>– लेकाली<br>– टुन्ड्रा<br>● जनसाङ्ख्यिक अवस्था<br>– जनसङ्ख्यिक बनावट : जाति, भाषा, धर्म र पेसा<br>● सामाजिक जनजीवन<br>वेषभूषा, रहनसहन | | परियोजना कार्य गराई कक्षामा छलफल गरी प्रस्तुत गर्न लगाउने<br>● आफ्नो घर र समुदायमा बसोबास गर्ने जातजाति, बोलिने भाषा, मानिने धार्मिक आस्था र उनीहरूले अपनाएका पेसाहरूका बारेमा प्रश्नोत्तर र छलफल गर्ने, मुख्य बुँदाहरू शैक्षणिक पाटी टिपोट गर्ने र त्यसका आधारमा नेपालको सामाजिक जनजीवन स्पष्ट पारिदिने<br>● विद्यार्थी रहेको क्षेत्रमा बसोवास गर्ने समुदायको मुख्य मुख्य लवाइखुवाइका बारेमा सोधखोज गर्न लगाई त्यसलाई प्रदेशको सन्दर्भमा जोडिदिने | | |
| | **७.६ नक्सा अध्ययन**<br>● **आफू बसेको प्रदेशको नक्सा**<br>(सिमाना, दिशा र प्रमुख सङ्केतहरू)<br>● **नेपालको नक्सा**<br>- नेपालको नक्सा हेर्ने र पढ्ने अभ्यास<br>(सिमाना, नदी, ताल, प्रदेश, सडक) | ● सिकाइ सिप<br>● रचनात्मक सिप<br>● प्रयोग सिप<br>● समालोचनात मक सिप | ● आफ् बसेको प्रदेशको नक्सा निर्माण गर्न लगाई त्यसमा प्रमुख सङ्केतहरू भर्न लगाउने<br>● नेपालको नक्साको अवलोकन गर्न लगाई कुन भौगोलिक तथ्य कहाँ पर्छ, भन्न लगाउने<br>● नेपालको नक्सा पढ्ने अभ्यास गर्न लगाई यहाँका सिमाना, नदी ताल र प्रदेश र सडकहरू पहिचान गर्न लगाउने | १. प्रदेशको नक्सा निर्माण गर्न लगाई विभिन्न तथ्यहरू भन्न लगाई मूल्याङ्कन गर्नुहोस् ।<br>२. नेपालको नक्सा हेरी यी तथ्यहरू देखाउनुहोस् :<br>सगरमाथा, फेवाताल, काठमाडौँ, सप्तकोसी, चिया उत्पादन हुने ठाउँहरू | |

## ५. परियोजना/प्रयोगात्मक कार्यका

सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयको कक्षा ४ र ५ प्रत्येकका लागि परियोजना/प्रयोगात्मक कार्यका लागि विषयक्षेत्रअनुसार निम्नअनुसार कार्यघण्टाको समय छुट्याइएको छ :

| क्र.स. | विषय क्षेत्र | परियोजना/प्रयोगात्मक कार्यका कार्यण्टा |
|---|---|---|
| | हामी र हाम्रो समाज | ५ |
| | हाम्रा मानव मूल्यमान्यता | ७ |
| | सामाजिक समस्या र समाधान | ६ |
| | नागरिक चेतना | ५ |
| | हाम्रो विगत | ६ |
| | हाम्रो आर्थिक क्रियाकलाप | ६ |
| | हाम्रो पृथ्वी | ५ |
| जम्मा | | ४० |

### सम्भाव्य परियोजना/प्रयोगात्मक कार्यका उदाहरणहरू

### कक्षा ४

१. विभिन्न पेसा तथा व्यवसायमा प्रयोग हुने सामग्रीहरूको सूची बनाई तिनीहरूको सुरक्षा गर्ने उपायहरू युगल समूहमा छलफल गरी चार्ट वा तालिका निर्माण र प्रस्तुतीकरण गर्ने ।

२. समुदायका विभिन्न चाडपर्वको सूची बनाई कुनै दुईओटा चाड पर्व कहिले कहिले र के कसरी मनाइन्छ भन्ने विषयमा समुदायका व्यक्तिसँग कुराकानी गरी प्रतिवेदन तयार गर्नुहोस् ।

३. स्थानीय स्तरका कुनै दुईओटा सेवा प्रदायक निकायहरूले गरेका काम सम्बन्धमा समूहमा अवलोकन भ्रमण गरी निम्नलिखित ढाँचामा प्रतिवेदन तयार र प्रस्तुतीकरण गर्ने :

प्रतिवेदनको ढाँचा

(क) परियोजना कार्यको शीर्षक

(ख) परियोजना कार्यको छोटो परिचय

(ग) विवरण सङ्कलनको तरिका

(घ) सेवा प्रदायक निकायले प्रदान गरेका मुख्य सेवाहरू

(ङ) निष्कर्ष

४. मादक पदार्थ प्रयोग विरुद्ध गरिने विभिन्न नाराहरू लेखिएको पोस्टर, पर्चा आदि बनाई प्रदर्शन गर्ने ।

५. आफ्ना पुर्खाहरूको पहिचान र सम्मानका लागि अभिभावकलाई सोध्ने प्रश्नावली तयार गरी सोका आधारमा अभिभावकको प्रतिक्रियासमेत लिई कक्षामा प्रस्तुत गर्ने ।

६. स्थानीय हाटबजार र समुदायमा पाइने वा उत्पादन हुने सामग्रीहरूको सूची तयार गरी प्रस्तुत गर्नुहोस् ।

७. आफू रहेको स्थानीय तहको नक्सा निर्माण गरी सो नक्सामा सिमाना, दिशा, नदी र बाटोको सङ्केत छुट्याउने ।

### कक्षा ५

१. आफ्नो समुदायमा प्रचलित पेसाहरू अवलोकन, अन्तवार्ता र छलफलबाट पहिचान गर्न र समूहगत रूपमा एउटा एउटा पेसाअन्तर्गत गरिने मुख्य कार्यहरूको विवरण तालिका निर्माण गरी कक्षामा प्रस्तुत गर्ने ।

२. आफ्नो समुदायमा रहेका प्रेरणादायी व्यक्ति र उनीहरूको योगदान पहिचान गरी त्यस्ता व्यक्तिको योगदानबाट आफूले प्राप्त गरेको प्रेरणा र लाभ समेटेर एउटा अनुच्छेद लेख्न ।

३. आफ्नो समुदायमा भएका प्राकृतिक र सांस्कृतिक सम्पदाहरू पहिचान गरी तिनको संरक्षण र संवर्धनका लागि भएका प्रयास र गर्नुपर्ने प्रयास समेटेर तालिकामा प्रस्तुत गरी प्रतिवेदन तयार गर्ने ।

| क्र.सं | प्राकृतिक र सांस्कृतिक सम्पदा | संरक्षण र संवर्धनका लागि गरिएका प्रयासहरू | संरक्षण र संवर्धनका लागि गर्नुपर्ने थप प्रयासहरू |
|---|---|---|---|
| | | | |
| | | | |

४. असल समाज निर्माणका आधारहरू पहिचान गर्न लगाई ती आधारहरू आफ्नो समुदायमा विद्यमान छन छैनन्, तिनको विवरणसहित प्रतिवेदन तयार गर्ने ।

५. आफ्नो समुदायमा भएका ऐतिहासिक वस्तुहरूको खोजी गरी तिनको संरक्षण र संवर्धन गर्नका लागि अपनाउनुपर्ने उपायहरू तालिकामा प्रस्तुत गर्ने ।

| क्र.सं | ऐतिहासिक वस्तुहरू | संरक्षण र संवर्धनका लागि अपनाउनुपर्ने उपायहरू |
|---|---|---|
| | | |
| | | |

६. नेपालका प्रमुख आर्थिक क्रियाकलापहरू पहिचान गरी समूहगत रूपमा हरेक आर्थिक क्रियाकलापका बारेमा वर्णन गर्ने ।

७. निम्नानुसारका नक्सा रेखाङ्कनको अभ्यास गर्ने ।

(क) आफू रहेको प्रदेशको नक्साको रेखाङ्कन गरी आफ्नो जिल्ला र स्थानीय तह देखाउनुहोस् ।

## ६. सिकाइ सहजीकरण प्रक्रिया

सामाजिक अध्ययन विषयले विद्यार्थीहरूलाई सामुदायिक भावनाले ओतप्रोत भएको, राष्ट्र र राष्ट्रियताप्रति समर्पित, मानवीय मूल्यमान्यताप्रति सचेत र समाज परिवर्तनका लागि भूमिका खेल्ने असल नागरिक तयार गर्ने उद्देश्य राखेको छ । यस विषयको पाठ्यक्रम सामाजिक जीवनसँग सम्बन्धित विभिन्न क्षेत्रहरूलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा सहजीकरण गराई विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनुपर्छ । विद्यार्थीहरूमा सैद्धान्तिक र व्यावहारिक दुवै पक्षको विकास गराई सकारात्मक व्यवहारको जगेर्ना गर्नु यस विषयको मुख्य ध्येय हो ।

विद्यार्थीहरूमा समालोचनात्मक तथा सकारात्मक सोचको विकास, प्रतिभा प्रष्फुटन, सिर्जनात्मक सिपको विकास र विविध प्रकारका सामाजिक सिपको विकास गरी व्यवहारमा सुधार गर्दै समाजको नेतृत्व गर्न सक्ने क्षमताको विकास गराउने जस्ता मूलभूत उद्देश्यहरू यस विषयले राखेको छ । सामाजिक अध्ययनका विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लाग कक्षाभित्र वा बाहिर, विद्यालय, परिवार, टोल, विभिन्न समूह, समुदायलगायत स्थानीय सरकारसँग सम्बन्धित क्रियाकलापहरू गराउनुपर्ने छ । विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहन गरी विद्यार्थीहरूलाई आआफ्ना समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गर्नुपर्ने छ । यस विषयले विद्यार्थीहरूमा कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भ चित्र, तालिका, तस्विर, नक्सा जस्ता सिर्जनशील विधाहरूमार्फत आवश्यक ज्ञान, सिप र अभिवृत्ति विकास गराउँदै सिर्जनशीलताको विकास गराउने लक्ष्य राखेको छ ।

यी सिपहरूको विकासका लागि सबै विद्यार्थीहरूलाई एकै खालको सहजीकरणले सम्भव नहुन पनि सक्छ । त्यसैले उनीहरूलाई बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यहरूको विकास गर्न क्रियाकलापमा विविधता ल्याउनुपर्छ । यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ । विद्यार्थीहरूलाई "गर र सिक" भन्ने धारणाको अभिवृद्धि गराउनु सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । किशोरकिशोरी आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले सामाजिक अध्ययन विषयमा सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थीकेन्द्रित शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ, जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य इत्यादि ।

## ७. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै सिसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्यमान्यताको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुन: परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

**निर्माणात्मक मूल्यमान्यताका साधनहरू र प्रयोग**

| क्र.स. | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स/श्रेणी मापन | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्यमान्यता गर्नका लागि रुब्रिक्स/श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ । |
| २ | व्यवहार अवलोकन फारम | सामाजिक अध्ययनका प्रक्रियागत सिपहरूको मूल्यमान्यता, पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने सिप तथा तिनको प्रयोग र व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ । |
| ३ | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तरका, प्रदर्शित व्यवहारकुशल सिपहरू पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्नु पर्ने छ । |
| ४ | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षा |
| ५ | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसअन्तर्गत पर्दछन् । यसको नतिजा अभिलेखीत गर्नुपर्ने भएमा शिक्षकको अभिलेखमा उल्लेख गर्नुपर्ने छ । |

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

**आन्तरिक मूल्याङ्कन**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेख गर्नुपर्छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेख गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. नं. | मूल्यमान्यताका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० |
| ३ | प्रयोगात्मक/परियोजना | १६ |
| ४ | त्रैमासिक परीक्षाहरू | १० |

उल्लिखित मूल्यमान्यता तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी सहभागिताको स्तर, प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिको स्तर तथा प्रयोगात्मक/परियोजना कार्यको कार्यसम्पादन स्तरलाई निम्नअनुसार मापन गर्नुपर्दछ :

| क्र.स. | रेटिङ / आधार | उपलब्धिस्तरको सामान्य व्याख्या | | | | | स्तर |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट (Advanced) | उच्च (Proficient) | राम्रो (Above basic) | सामान्य (Basic) | कमजोर (Below basic) | |
| | | ५ | ४ | ३ | २ | १ | |
| १. | सहभागिता | कक्षामा सधैं उपस्थित भएको र पूरा समय सिकाइमा सक्रिय सहभागी भएको | कक्षामा अधिकांश दिन उपस्थित भएको र सिकाइमा धेरैजसो सक्रिय सहभागी भएको | कक्षामा औसत दिन उपस्थित भएको र सिकाइमा धेरैजसो सक्रिय सहभागी भएको | कक्षामा औसत भन्दा कम दिन उपस्थित भएको र सिकाइमा सामान्य सहभागी भएको | कक्षामा थोरै दिन उपस्थित भएको र सिकाइमा सामान्य रूपमा सहभागी भएको | |
| २. | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | विषयवस्तुसम्बन्धी ज्ञान, सिपको विश्लेषणसहित दैनिक जीवनमा तिनको सिर्जनात्मक प्रयोग गरी व्यवहार आर्जन गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान, सिपमा पूर्णतासहित सामान्य विश्लेषण गर्ने र दैनिक जीवनमा प्रयोग गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान, सिपलाई दैनिक जीवनमा सामान्य रूपमा प्रयोग गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान तथा अवधारणागत रूपमा स्पष्ट भएमा | विषयवस्तुसम्बन्धी सामान्य जानकारी भएको तर अवधारणागत रूपमा स्पष्ट नभएमा | |
| ३. | प्रयोगात्मक/ परियोजना कार्य | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकै समयमा कार्य सम्पन्न गरेको, समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरेको तर तथ्याङ्क व्यवस्थित नगरेको र समूहमा आफ्नो जिम्मेवारी धेरैजसो पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य गर्न केही कठिनाइ भएको, तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने कुराहरू व्यवस्थित रूपमा समावेश गर्न शिक्षकको आंशिक सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी कहिलेकाहीँ मात्र पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य सम्पन्न गर्न र समावेश गर्नुपर्ने सबै कुरा समावेश गर्न कठिनाइ भएको, कार्य सम्पन्न गर्नका लागि शिक्षकको पूर्ण सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी पूरा नगरेको | |

**मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि नमुना मापनका आधार**

मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि पाँचओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेका सूचक सङ्ख्याअनुसार नै अङ्क प्रदान गर्ने गरी मापन गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्दा माथि ७.१ मा उल्लिखित निर्माणात्मक मूल्याङ्कनका साधनहरू प्रयोग गर्नुपर्ने छ ।

प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीहरूको कार्य सम्पादन तथा सिकाइस्तरअनुसार शिक्षकले विद्यार्थीहरूलाई थप सहयोग गर्नका लागि देहायका कार्य गर्नुपर्ने छ :

| विद्यार्थी कार्यसम्पादन तथा सिकाइ स्तरअनुसार विद्यार्थीलाई थप सहयोगका लागि गर्नुपर्ने कार्य | | | | |
|---|---|---|---|---|
| उत्कृष्ट (Advanced) | उच्च (Proficient) | राम्रो (Above basic) | सामान्य (Basic) | कमजोर (Below basic) |
| ५ | ४ | ३ | २ | १ |
| सहयोगात्मक सिकाइका लागि साथीहरूलाई सिकाउन मदत गर्ने एवम् स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिने | स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिन | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले आंशिक रूपमा सहयोग गर्ने तथा साथी समूहमा छलफल गर्न लगाउने | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्ण रूपमा सहयोग गर्ने | अन्य विधि तथा सामग्री प्रयोग गरी थप क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्ण रूपमा सहयोग गर्ने |

उल्लिखित मापनका आधारमा विषयवस्तुको क्षेत्रअनुसारको सहभागिताको स्तर र मुख्य सिकाइ, विद्यार्थीको सिकाइस्तरको अङ्कलाई देहायबमोजिम तालिकीकरण गर्नुपर्दछ :

| क्र.सं. | विषयवस्तुको क्षेत्र | कक्षा ४, ५ | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सहभागिताको स्तर | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्त | | |
| | | | सिकाइ उपलब्धि सङ्ख्या | उपलब्धि स्तर (प्राप्ताङ्क $= \frac{\text{मुख्य सिकाइ उपलब्धिमा प्राप्त जम्मा अङ्क}}{\text{५} \times \text{मुख्य सिकाइ उपलब्धि सङ्ख्या}}$ | |
| १ | हामी र हाम्रो समाज | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | हाम्रो मानव मूल्यमान्यता | | | | |
| ३ | सामाजिक समस्या र समाधान | | | | |
| ४ | नागरिक चेतना | | | | |
| ५ | हाम्रो विगत | | | | |
| ६ | हाम्रो आर्थिक क्रियाकलाप | | | | |
| ७ | हाम्रो पृथ्वी | | | | |
| औसत उपलब्धि स्तर | | | | | |

**प्रयोगात्मक/परियोजना कार्यको मूल्याङ्कन**

यस पाठ्यक्रमको खण्ड ५ मा उल्लिखित प्रयोगात्मक तथा परियोजना कार्यको कार्यसम्पादन स्तर मूल्याङ्कन गरी दिइएको तालिकामा उपलब्धिस्तरको अङ्क भर्नुपर्दछ।

| क्र.स. | विषयवस्तुको क्षेत्र | कक्षा ४ | | कक्षा ५ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्य | उपलब्धि स्तर $\left(\frac{\text{परियोजना कार्यमा प्राप्त जम्मा अङ्क}}{\text{५} \times \text{परियोजना कार्य सङ्ख्या}} \times \text{भार}\right)$ | कार्य | उपलब्धि स्तर $\left(\frac{\text{परियोजना कार्यमा प्राप्त जम्मा अङ्क}}{\text{५} \times \text{परियोजना कार्य सङ्ख्या}} \times \text{भार}\right)$ | |
| १ | हामी र हाम्रो समाज | | | | | |
| २ | हाम्रो मानव मूल्यमान्यता | | | | | |
| ३ | सामाजिक समस्या र | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समाधान | | | | | |
| ४ | नागरिक चेतना | | | | | |
| ५ | हाम्रो विगत | | | | | |
| ६ | हाम्रो आर्थिक क्रियाकलाप | | | | | |
| ७ | हाम्रो पृथ्वी | | | | | |
| औसत उपलब्धि स्तर | | | | | | |

**त्रैमासिक परीक्षाहरूको प्राप्ताङ्क**

| क्र.स. | त्रैमासिक परीक्षा | प्राप्ताङ्क | भार | भारअनुसारको प्राप्ताङ्क (प्राप्ताङ्क/पूर्णाङ्क × भार) | कैफियत |
|---|---|---|---|---|---|
| १ | पहिलो | | ५ | | |
| २ | दोस्रो | | ५ | | |
| | जम्मा | | १० | | |

**अन्तिम परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तया गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

**विद्यार्थीको समग्र सिकाइस्तर (Overall Grading)**

| **सि. नं.** | मूल्याङ्कनको स्वरूप | **भार** | **प्राप्ताङ्क** |
|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कन | ५० | |
| २ | अन्तिम परीक्षा | ५० | |
| जम्मा | | १०० | |

उल्लिखित समग्र उपलब्धि प्रतिशतलाई निम्नअनुसारको अक्षरात्मक स्तरमा विद्यार्थीको समग्र उपलब्धिको प्रतिवेदन तयार गर्नुपर्छ ।

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| २० भन्दा कम | E | ज्यादै कमजोर (Far below from basic) |
| २० देखि ४० भन्दा कम | D | कमजोर (Below basic) |
| ४० देखि ६० भन्दा कम | C | सामान्य (Basic) |
| ६० देखि ७५ भन्दा कम | B | राम्रो (Above basic) |
| ७५ देखि ९० भन्दा कम | A | उच्च (Proficient) |
| ९० देखि माथि | A* | उत्कृष्ट (Advanced) |

# स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला

## १. परिचय

बालबालिकाहरूमा स्वस्थकर बानीव्यवहार र शारीरिक क्रियाकलापद्वारा स्वस्थ शरीरको विकास गरी अन्तर्निहित प्रतिभाहरूको प्रस्फुटन गर्न स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाको जरुरत पर्दछ । बालबालिकाहरूको शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक तथा नैतिक पक्षहरूको विकास गरी स्वस्थ, अनुशासित र सिर्जनशील नागरिक तयार गर्ने उद्देश्यले यस पाठ्यक्रमलाई एकीकृत स्वरूपमा विकास गरिएको छ ।

स्वस्थ जीवनयापन गर्न पाउने सबैको नैसर्गिक अधिकारलाई संविधानद्वारा मौलिक हकको रूपमा स्थापित गरिएको छ । बालबालिकाहरू स्वस्थ हुनका लागि व्यक्तिगत स्वच्छता, वातावरणीय सरसफाइ र पोषणका आवश्यकतासँगै स्वास्थ्य सेवाहरूमा सहज पहुँच सुनिश्चित भई आवश्यकताअनुसार उपयोग गर्न पाउनुपर्दछ । स्वास्थ्यका यी विविध पक्षहरूलाई व्यक्तिको स्वास्थ्यसम्बन्धी ज्ञान, अभिवृत्ति र व्यवहारले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । स्वास्थ्य शिक्षाले व्यक्तिमा स्वास्थ्यसम्बन्धी ज्ञान, अभिवृत्ति र सिपको विकास गरी स्वस्थकर व्यवहार विकासमा मदत गर्दछ । शारीरिक शिक्षाले शारीरिक क्रियाकलाप तथा खेलकुदको माध्यमबाट स्वस्थ र तन्दुरुस्त शरीर बनाउन मदत गर्दछ । यसले बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा नैतिक पक्षको समेत विकास गर्दछ । शारीरिक शिक्षाले बालबालिकाहरूलाई शारीरिक क्रियाकलाप तथा व्यायाम र कसरतको माध्यमबाट चौतर्फी विकास गरी स्वस्थ, तन्दुरुस्त र सक्रिय रहन सिकाउँछ ।

बालबालिकाहरूलाई आफ्नो अनुभूति, अनुभव, सिर्जनालाई स्वतन्त्र र मौलिक रूपले अभिव्यक्त गर्न सक्ने बनाउनु सिर्जनात्मक कलाको  मूल उद्देश्य रहेको छ । सिर्जनात्मक कलाअन्तर्गत दृश्यकला (चित्रकला तथा हस्तकला) र सङ्गीत कला समावेश गरिएको छ । बालबालिकाहरूको बौद्धिक विकास तथा उनीहरूमा सिर्जनशीलता, अन्वेषण तथा रचनात्मक प्रवृत्तिको विकास गराउनका लागि दृश्यकला महत्त्वपूर्ण छ । विद्यार्थीहरूमा अन्तर्निहित कलासम्बन्धी ज्ञानले माथिल्लो तहको सिकाइलाई समेत सघाउनुका साथै उनीहरूको व्यावहारिक जीवनमा पनि यसले ठुलो मदत पुऱ्याउँछ । चित्रकलाप्रतिको रुचि र सिपले बालबालिकालाई सिर्जनशील बनाउन सघाउँछ । गायन, वादन र नृत्यको सामूहिक नाम सङ्गीत हो । बालबालिकाहरूलाई सानै उमेरदेखि आफ्नो कला र संस्कृतिप्रति अभिरुचि जगाई त्यसलाई संवर्धन गर्ने किसिमको र उनीहरूको स्तरबमोजिमको सङ्गीत दिनु अति आवश्यक छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले मार्गदशन गरेबमोजिम यो पाठ्यक्रम एकीकृत रूपमा तयार पारिएको हो । सक्षमतामा आधारित यस पाठ्यक्रमको स्वास्थ्य शिक्षाअन्तर्गत व्यक्तिगत आरोग्य र सरसफाइ, वातावरणीय सरसफाइ, खाना र पोषण, रोगको रोकथाम, दुर्घटनाबाट सुरक्षा र प्राथमिक उपचार जस्ता विषय क्षेत्रहरू समावेश गरिएको छ । शारीरिक शिक्षाअन्तर्गत शारीरिक कसरत, कवाज र शारीरिक व्यायाम, साधारण तथा रमाइला स्थानीय खेलहरू, भकुन्डो खेलहरू, पल्टनबाजी तथा सन्तुलन कार्य र योग जस्ता विषय क्षेत्रहरू समावेश गरिएको छ । सिर्जनात्मक कलाअन्तर्गत रेखाचित्र, रङ, छपाइ कार्य, माटाको काम, निर्माण, गायन, वादन, नृत्य र अभिनय समावेश गरिएका छन् । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला व्यावहारिक तथा प्रयोगात्मक विषय भएकाले सैद्धान्तिक पक्षलाई भन्दा प्रयोगात्मक क्रियाकलापहरूलाई बढी जोड दिई एकीकृत रूपमा सहजीकरण गर्ने गरी यो पाठ्यक्रम विकास गरिएको छ ।

## २.तहगत सक्षमता

कक्षा ४ र ५ को स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषय अध्ययनपश्चात् विद्यार्थीहरूले निम्नलिखित सक्षमता हासिल गर्ने छन् :

१. व्यक्तिगत आरोग्यता र सरसफाइका उपायहरू अवलम्बन

२. वातावरणीय सरसफाइप्रति सचेतता र संलग्नता

३. स्वस्थकर र सन्तुलित खानाको महत्त्व बोध तथा प्रयोग

४. सर्ने र नसर्ने रोगहरूको रोकथामप्रति सजगता

५. दुर्घटनाहरूबाट सुरक्षा सचेतता र प्राथमिक उपचार सिपको प्रयोग

६. धूमपान र मद्यपानका असरहरूप्रति सचेतता र बच्ने उपाय अवलम्बन

७. शारीरिक क्रियाकलापका आधारभूत सिपहरू प्रदर्शन
८. स्वस्थ्य जीवनशैली प्रवर्धनमा शारीरिक कसरत, व्यायाम, कवाज र योग अभ्यास
९. विविध खेलहरूका आधारभूत सिपहरूको प्रदर्शन र अभ्यास
१०. पल्टनबाजी र शारीरिक सन्तुलनका सिपहरूको अभ्यास
११. चित्रकलाको विकासमा आधारभूत सिपको प्रयोग
१२. हस्तकलाको आधारभूत सिपहरूको प्रयोग, छपाइ तथा निर्माण कार्य प्रदर्शन
१३. स्वतन्त्र रूपले लय मिलाई एकल तथा समूहमा गीतको प्रस्तुति
१४. विभिन्न बाजाहरूको पहिचान र तालमा बजाउने अभ्यास
१५. एकल, युगल तथा समूहमा नृत्य र अभिनय प्रदर्शन

३. कक्षागत सिकाइ उपलब्धि

| क्र.स. | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १ | व्यक्तिगत स्वच्छता | • शरीरको हेरचाह र सरसफाइको आवश्यकता बताउन<br>• कपाल, अनुहार, हातगोडा र नङको सरसफाइ गर्न<br>• हात धुने तरिका प्रदर्शन गर्न<br>• उपयुक्त समय र तरिका मिलाई दाँत माझ्न<br>• महिनावारीको परिचय दिन | • ज्ञानेन्द्रिय र मुखको सुरक्षा र सरसफाइ गर्न<br>• सफा पहिरन लगाउन र सफा पहिरनको महत्त्व बताउन<br>• आराम, निन्द्रा र व्यायामको महत्त्व बताउन र सन्तुलन गर्न<br>• महिनावारी हुँदा अपनाउनुपर्ने सुरक्षित व्यवहारहरू अपनाउन<br>• महिनावारीमा परिवार र साथीहरूको भूमिका बताउन |
| २ | वातावरणीय सरसफाइ | • स्वच्छ वातावरणको विशेषता बताउन<br>• घर र वरपरको वातावरण सफा राख्न<br>• सुरक्षित पिउने पानीका स्रोतहरू पहिचान गर्न र सुरक्षित र शुद्ध पानी पिउने बानी विकास गर्न<br>• फोहोरमैलालाई वर्गीकरण गर्न<br>• चर्पीको आवश्यकता बताउन<br>• फोहोरमैलाको उचित विसर्जन नहुँदा देखापर्ने समस्याहरू बताउन | • वातावरणीय सरसफाइका महत्त्व व्याख्या गर्न<br>• विद्यालय र वरपरको वातावरण सरसफाइमा सहभागी हुन<br>• पिउने पानीको शुद्धीकरणको आवश्यकता बताउन र पिउने पानीको शुद्धीकरण गर्न<br>• वातावरणीय प्रदूषणले स्वास्थ्यमा पार्ने प्रभाव बताउन र बच्ने उपायहरू अवलम्बन गर्न<br>• फोहोरमैला व्यवस्थापन गर्ने विधिहरूको अवलम्बन गर्न |
| ३ | खाना र पोषण | • खानाको परिचय र स्रोतहरू बताउन<br>• खानाका आधारभूत प्रकारहरू पहिचान र वर्गीकरण गर्न<br>• सन्तुलित खानाको परिचय दिन<br>• स्वस्थकर खानाको छनोट र प्रयोग गर्न<br>• अस्वस्थकर खानाको पहिचान गर्न र यसका असरहरूबाट बच्न | • पोषण र पोषक तत्त्वको परिचय दिन<br>• पोषक तत्त्वको संरक्षण गर्ने तरिकाहरू छलफल गर्न<br>• सन्तुलित खानाको छनोट र उपयोग गर्न स्थानीय स्तरमा उत्पादन हुने खानेकुराको प्रयोग गर्न<br>• अल्पपोषक खानेकुरा पहिचान गर्न र यसले स्वास्थ्यमा पार्ने असरहरू बताउन |
| ४ | रोग | • सर्ने र नसर्ने रोगहरूको पहिचान गर्न | • प्रत्यक्ष सर्म्पकबाट सर्ने रोगको परिचय दिन र रोकथामका उपाय |

| | | | |
|---|---|---|---|
| | | • सर्ने रोगका माध्यम र नसर्ने रोगका जोखिम तत्त्व बताउन<br>• खाना र पानीबाट सर्ने रोगको परिचय दिन र रोकथामका उपाय अवलम्बन गर्न<br>• हावाबाट सर्ने रोगको परिचय दिई रोकथामका उपाय अवलम्बन गर्न<br>• नसर्ने रोगको रोकथामप्रति सचेत रहन | अपनाउन<br>• किराबाट सर्ने रोगको परिचय दिन र रोकथामका उपाय अपनाउन<br>• जनावरको टोकाइबाट सर्ने रोगको परिचय दिन र रोकथामका उपाय अपनाउन<br>• नसर्ने रोगको परिचय दिन र रोकथामका उपाय अपनाउन |
| ५ | सुरक्षा र प्राथमिक उपचार | • सुरक्षा र प्राथमिक उपचारको परिचय दिन<br>• घर, विद्यालय र खेल मैदानमा हुने दुर्घटनाबाट बच्ने उपायहरू अपनाउन<br>• घाउचोटको प्राथमिक उपचार गर्न र सुरक्षाका उपाय अपनाउन<br>• करेन्ट लाग्नुको प्राथमिक उपचार गर्न र सुरक्षाका उपाय अपनाउन | • सडक दुर्घटना निम्त्याउने सम्भावित खतराबाट सुरक्षित हुने उपाय अपनाउन<br>• पोलाइको प्राथमिक उपचार गर्न र सुरक्षाका उपाय अपनाउन<br>• कुकुरको टोकाइको प्राथमिक उपचार गर्न र सुरक्षाका उपाय अपनाउन<br>• प्राथमिक उपचार बाकसको परिचय र आवश्यकता बताउन |
| ६ | दुर्व्यसन | • धूमपानको परिचय दिन र धूमपानको कारण पहिचान गर्न<br>• धूमपानले परिवार र समुदायमा पार्ने असर खोजी गर्न<br>• धूमपानबाट बच्ने उपाय बताउन | • मद्यपानको परिचय दिन र मद्यपान गर्ने कारण पहिचान गर्न<br>• मद्यपानले परिवार र समुदायमा पार्ने असर उल्लेख गर्न<br>• मद्यपानबाट बच्ने उपाय छलफल गर्न |
| ७ | शारीरिक कसरत | • ७५ मि. सम्मको दुरीमा दौडिन<br>• विभिन्न तरिकाले उफ्रन र टेक्न<br>• बललाई तोकिएको लक्ष्यमा फाल्न<br>• कुनै बार वा डन्डीमा झुन्डिन, मच्चिन र झर्न<br>• जिउ तन्काउने कसरतहरू गर्न | • १०० मि. सम्मको दुरीमा दौडन<br>• छल्ने र भाग्ने कार्य गर्न<br>• सामान्य उचाइमा डोरी नाग्न र तोकिएको दुरीमा फड्कन<br>• बारमा झुन्डिएर विभिन्न तरिकाले झुन्डिने र झर्ने कार्य गर्न<br>• कुनै वस्तुमा चढ्ने र झर्ने कार्य गर्न |
| ८ | कवाज र शारीरिक व्यायाम | • फर्कने कार्यहरू, दायाँ नजरका कार्यहरू गर्न<br>• पी.टी. तालिका नं. १ देखि ७ सम्मका कसरतहरू लय, गन्ती वा तालमा प्रदर्शन गर्न | • गोडाचाल, अड, छिटो हिँड कार्य गर्न<br>• समूहमा एकरूपता मिलाई कसरत गर्न<br>• पी.टी. तालिका नं. ८ देखि १३ सम्मका कसरत गीत तथा तालमा प्रदर्शन गर्न |

| | | | |
|---|---|---|---|
| ९ | साधारण र स्थानीय खेल | • कुनै सामान वा बल लिई खेलिने खेलहरू खेल्न<br>• निर्देशनविना नै आफैं खेलिने रमाइला स्थानीय खेलहरू खेल्न | • साधारण र स्थानीय खेलको परिचय दिन<br>• सिमाना बनाई खेलिने खेल र लखेटाइ खेलहरू खेल्न<br>• निर्देशनविना नै स्थानीय खेलहरू आफैले खेल्न र खेलाउन |
| १० | बल खेलहरू | • बल गोडाले पास गर्न, रोक्न र पासिङ कार्य गर्न<br>• बास्केटबल पासिङ र क्याचिङ गर्न<br>• साधारण नियमसहितको बल खेलहरू खेल्न | • हात र गोडाले समूहमा खेलिने बल खेलहरू खेल्न (फुटबल, बास्केटबल र डजबल) |
| ११ | जिम्नास्टिक (पल्टनबाजी र सन्तुलनकार्य) | • स्वतन्त्र रूपले बिस्तारै अगाडि पछाडि पल्टने कार्य गर्न<br>• हात, टाउको र पेटले भुइँमा टेकी शरीरलाई सन्तुलन गर्ने कार्य गर्न | • विभिन्न तरिकाले पल्टने कार्य (काँधले टेकेर) गर्न<br>• विभिन्न आकार बनाई शरीरलाई सन्तुलनमा राख्ने कार्य गर्ने |
| १२ | योग | • बज्रासन र मर्कटासनको परिचय दिन र अभ्यास गर्न | • ताडासन र त्रिकोणासन परिचय दिन र अभ्यास गर्न |
| १३ | रेखाचित्र र रङ | • चित्रकलामा प्रयोग हुने सामग्रीको नाम बताउन<br>• सिधा, बाङ्गाटिङ्गा, जिग ज्याग, क्रस, डट रेखा कोर्न<br>• विभिन्न ज्यामितीय आकारका वस्तुको चित्र कोर्न र त्यसमा छाया दिन<br>• रेखा चित्र बनाउन र प्रदर्शन गर्न<br>• रेखामा हुने गुणहरूको परिचय दिन र यसको अभ्यास गर्न<br>• कल्पनामा आधारित चित्र बनाउन<br>• आफूले देखेका र कल्पना गरेका विषयमा चित्र बनाई उपयुक्त रङ भर्न | • विभिन्न किसिमका आकृतिहरूको रेखाङ्कन (outline sketch) गर्न<br>• व्यक्तिगत रूपमा आफूले अनुभव गरेका र कल्पनामा आधारित चित्रको अभ्यास गर्न<br>• विभिन्न किसिमका पुनरावृत्ति भएका र नभएका बुट्टाको अभ्यास गर्न<br>• रेखाङ्कन गरिएका स्केच (sketch) मा रङको प्रयोग गरी त्यसमा भएको वयन (Texture) र टोनको अभ्यास गर्न<br>• विभिन्न प्रकारका वस्तुको अवलोकन गरी चित्र बनाउन र उपयुक्त रङ भर्न<br>• कुनै विषयवस्तुमाथि सामूहिक रूपमा म्युरल चित्र (Mural art) बनाउन |
| १४ | छपाइ र माटाको काम | • विभिन्न किसिमका आकृतिलाई छपाई गर्न<br>• आकृतिविहिन (non- represental) प्रिन्टहरू निकाल्न र त्यसको प्रयोग गर्न | • काठमा भएका विभिन्न रेसा, वयन (texture) को पहिचान गर्न<br>• काठमा भएका विभिन्न रेसाहरूको छपाइ गर्न<br>• एउटा आकृति छपाइपश्चात् त्यसमाथि उचित तरिकाले छपाइ |

| | | | |
|---|---|---|---|
| | | • पिन्च र क्वायल विधिबाट माटाको भाँडा बनाउन<br>• माटाको पाता वा स्ल्याबमा फरक फरक बुट्टा वा टेक्स्चरहरू बनाउन<br>• माटाको वस्तुमा रङको प्रयोग गर्न | (over laping) गर्न<br>• काठका सानासाना ब्लक बनाई त्यसबाट आकृति छपाइ गर्न<br>• माटाका additive र substractive विधिबाट आकृतिहरू बनाउन |
| १५ | निर्माण कार्य | • तारका टुक्राहरू बङ्ग्याएर विभिन्न साधारण आकृतिहरू निर्माण गर्न<br>• कागजको बट्टालाई काटछाट गरेर अर्थपूर्ण रूपमा परिवर्तन गर्न<br>• कागजलाई काटेर वा च्यातेर कुनै वस्तुको नमुना निर्माण गर्न<br>• खेर फालिने वस्तुहरू सङ्कलन गरी तार, सिन्का, कागज, माटो, गुद, टेप इत्यादि प्रयोग गरी जोडेर निर्माण गर्न | • कोलाजका लागि उपयुक्त कागज छनोट गर्न र उपयुक्त तरिकाले काट्न/च्यात्न<br>• विभिन्न किसिमका कागजलाई काटेर/च्यातेर टाँसी आफूलाई मन पर्ने वस्तु निर्माण गर्न<br>• खेर गएका वस्तुहरूको प्रयोगबाट कोलाज निर्माण गर्न<br>• कागजको पट्टीबाट वस्तु निर्माण गर्न<br>• दुई फरक फरक रङका पट्टीबाट बुनाइ कार्य गर्न<br>• लचकदार वस्तुबाट बुनाइ कार्य गर्न |
| १६ | गायन | • राष्ट्रिय गान समूहमा गाउन<br>• कक्षागत गीत लय मिलाई समूहमा र एक्लाएक्लै गाउन<br>• पाठ्यपुस्तकमा समावेश भएका बालगीतहरू, स्थानीय र प्रचलित कुनै मातृभाषाका गीत गाउन (समूहमा र एक्लाएक्लै)<br>• गीतका शब्दहरू भाका मिलाएर गाउन<br>• हार्मोनियमबाट निस्कने स्वरहरूको स्वर अभ्यास गर्न (आरोह र अवरोह) | • राष्ट्रिय गान समूह र एक्लाएक्लै लय मिलाई गाउन<br>• कक्षागत गीत लय मिलाई समूहमा र एक्लाएक्लै गाउन<br>• पाठ्यपुस्तकमा समावेश भएका बालगीतहरू, स्थानीय प्रचलित कुनै दुई मातृभाषा गीतलाई भाका मिलाई गाउन (समूहमा र एक्लाएक्लै)<br>• गीतका शब्दहरू भाका मिलाएर गाउन<br>• हार्मोनियमबाट निस्कने स्वरहरूको स्वर अभ्यास गर्न |
| १७ | ताल र वादन | • लयमा गन्ती गरी ताली बजाउन<br>• कहरवा र झ्याउरे तालमा मादल बजाउन<br>• स्थानीय बाजाहरूको पहिचान गर्न<br>कुनै एक स्थानीय बाजाको तालमा अभ्यास गर्न | • गन्ती गरी लयमा ताली बजाउन<br>• कहरवा, झ्याउरे र ख्याली तालमा बजाउन<br>• स्थानीय बाजाहरूको पहिचान गर्न<br>• कुनै दुई स्थानीय ताल वादन अभ्यास गर्न |
| १८ | नृत्य र अभिनय | • कुनै एक बालगीतमा ताल, हात र खुट्टा चाल्दै नृत्य गर्न | • कुनै दुई बालगीतमा ताल, हात र खुट्टा चाल्दै नृत्य गर्न |

| | | | |
|---|---|---|---|
| | | • कक्षागत गीतमा हाउभाउसहित ताल मिलाई नृत्य गर्न<br>• कुनै एक स्थानीय गीतमा हाउभाउसहित ताल मिलाई नृत्य गर्न<br>• आफूले सिकेका गीतहरूलाई ताल र भाव मिलाई समूहमा नृत्य गर्न<br>• पाठ्यपुस्तकमा समावेश भएका कथावस्तुहरूलाई अभिनय तथा संवादसहित प्रस्तुत गर्न | • कक्षागत गीतमा हाउभाउसहित ताल मिलाई नृत्य गर्न<br>• कुनै दुई स्थानीय गीतमा हाउभाउसहित ताल मिलाई नृत्य गर्न<br>• आफूले सिकेका गीतहरूलाई ताल र भाव मिलाई समूहमा नृत्य गर्न<br>• पाठ्यपुस्तकमा समावेश भएका तथा अन्य कथावस्तुहरूलाई अभिनय तथा संवादसहित प्रस्तुत गर्न<br>• मुद्राको परिचय दिन र स्थानीय लोकनृत्यका मुद्राहरूको पहिचान गर्न |

## ४. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण

**कक्षा ४**

| क्र.स | विषयवस्तुको क्षेत्र, एकाइ | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य.घन्टा |
|---|---|---|---|---|---|---|
| १ | व्यक्तिगत स्वच्छता | • शरीरको हेरचाह र सरसफाइको आवश्यकता<br>• कपाल, अनुहार हातगोडा र नङको सरसफाइ<br>• हात धुने तरिका<br>• दाँत माभ्ने समय र तरिका<br>• महिनावारीको परिचय<br>• | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• सोचाइ सिप<br>• स्वव्यवस्थापन सिप | • कक्षाका केही विद्यार्थीहरूलाई नमुनाको रूपमा अगाडि बोलाई उनीहरूले शरीरको हेरचाह र सरसफाइ कसरी गरेका छन् सुनाउन लगाउने<br>• शरीर स्वस्थ राख्न विभिन्न अङ्गको नियमित हेरचाह र सरसफाइको आवश्यकता सम्बन्धमा शिक्षकले कथा/गीत/भूमिका निर्वाह विधिबाट छलफल, प्रश्नोत्तर गरी प्रस्ट पार्ने<br>• विद्यार्थीहरूलाई प्रार्थना समयमा वा कक्षाकोठा भित्र पङ्क्तिमा राखी पालैपालो कपाल, अनुहार, हात गोडा र नङको सरसफाइ अवलोकन गर्ने<br>• शिक्षकले विद्यार्थीहरूलाई धारामा लगि साबुन र पानीको प्रयोग गरी हात धुने तरिका प्रदर्शन गर्दै विद्यार्थीहरूलाई पालैपालो अभ्यास | • सबै विद्यार्थीको शरीरका विभिन्न अङ्गको सरसफाइको अवस्थाको अवलोकन<br>• मौखिक प्रश्न (जस्तैः शरीर सफा नराखे के हुन्छ ?, शरीर सफा किन राख्ने ?, केश, नङ कसरी सफा राख्न सकिन्छ ?)<br>• विद्यार्थीको हात धुने र दाँत माभ्ने तरिका अवलोकन<br>• महिनावारीको परिचय दिन लगाउने<br>• महिनावारी प्रकियामा घर र समाजमा हुने गरेका अनुभव बताउने | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गराउने<br>• विद्यार्थीहरूलाई घरबाट ब्रस ल्याउन लगाई शिक्षकले उपयुक्त तरिकाले दांत माझ्ने तरिका प्रदर्शन गर्दै विद्यार्थीहरूलाई पनि गर्न लगाउने<br>• खाना खाइसकेपछि दिनको दुई पटक दाँत माझ्न अभिप्रेरित गर्ने र दाँत र मुखको सरसफाइ नगरेमा हुने असरहरू चित्र, उदाहरण आदि मार्फत स्पष्ट पारदिने<br>• दाँतलाई स्वस्थ र बलियो राख्न नियमित मुख तथा दाँतको परीक्षण गर्न उत्प्रेरित गर्ने<br>• महिनावारीको परिचय बताइदिने र पूर्व तयारी बारे जानकारी दिने | | |
| २ | वातावरणीय सरसफाइ | • स्वच्छ वातावरणको विशेषता<br>• घर र वरपरको वातावरण सफा राख्ने उपायहरू<br>• सुरक्षित पिउने पानीका स्रोतहरू<br>• सुरक्षित र शुद्ध पानी पिउने बानीको विकास<br>• फोहोरमैलाको वर्गीकरण : कुहिने र नकुहिने फोहोरमैला<br>• चर्पीको आवश्यकता र उपयोगिता<br>• फोहोरमैलाको | • प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप<br>• रचनात्मक सोच सिप<br>• स्वव्यवस्थापन सिप | • स्वच्छ वातावरण कस्तो हुनुपर्छ भनी प्रश्न गर्ने, प्राप्त उत्तरलाई टिपोट गर्दै यसका विशेषताहरू छलफल गर्ने<br>• बालबालिकाले घर र वरपरको वातावरण सफा राख्न के कस्ता उपायहरू अवलम्बन गर्ने गरेका छन्, अनुभव आदानप्रदान गराउने<br>• विद्यार्थीलाई सुरक्षित पिउने पानी कहाँबाट ल्याउछन् भनी प्रश्न गर्ने र सुरक्षित र शुद्ध पिउने पानीका स्रोतहरू के के हुन् ससाना समूहमा छलफल गराउने<br>• सुरक्षित र शुद्ध पानी पिउने बानी सम्बन्धित भिडियो वा अडियो सामग्री देखाई बानी विकास गर्न प्रेरित गर्ने<br>• विभिन्न ठोस फोहोरमैलाका उदाहरण दिई त्यसका प्रकार सोध्ने र कुहिने र नकुहिनेमा सूची बनाउन लगाउने | • स्वच्छ वातावरणको विषेशता बताउने<br>• घर र वरपरको वातावरण सफा राखेको र नराखेको अवलोकन तथा मौखिक प्रश्न गर्ने<br>• सुरक्षित पिउने पानीका स्रोतहरू पहिचान गर्न र सुरक्षित र शुद्ध पानी पिउने बानी विकास भएनभएको अवलोन तथा मौखिक प्रश्न गर्ने<br>• कुहिने र नकुहिने फोहोरमैला चिन्ने<br>• चर्पीको आवश्यकता पर्नुका कारण बताउने<br>• फोहोरमैलाको उचित विर्सजन नहुँदा देखा पर्ने समस्याहरू | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उचित विर्सजन नहुँदा देखा पर्ने समस्याहरू | | • विद्यालय र कक्षाकोठामा फोहोरको वर्गीकरणअनुसार विर्सजन गर्न लगाउने<br>• घरमा चर्पी किन आवश्यक छ भनी प्रश्न गर्ने र रोग नियन्त्रण र वातावरण सरसफाइमा यसको उपयोगिताको कथा वा गीत सामग्री प्रस्तुत गरी छलफल गर्ने<br>• फोहोरमैलाको उचित विर्सजन नहुँदा गाउँघरमा कस्ता समस्या देखा पर्ने गरेका छन्, अवलोकन भ्रमण गरी प्रतिवेदन पेस गर्न लगाउने | शीर्षकमा राय व्यक्त गर्ने | |
| ३ | खाना र पोषण | • खानाको परिचय<br>• खानाका स्रोतहरू : वनस्पति स्रोत ( अन्न, दाल, गेडागुडी, तरकारी फलफूल), जनावर स्रोत (अन्डा, माछा, मासु दुध, दही, घिउ, पनिर, चिज)<br>• खानाको आधारभूत वर्गीकरण (शक्ति दिने, शरीर निर्माण गर्ने, शरीर रक्षा गर्ने)<br>• सन्तुलित खानाको परिचय र प्रयोग<br>• स्वस्थकर खानाको छनोट र प्रयोग<br>• अस्वस्थकर खानाको परिचय, असर तथा | • प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप रचनात्मक सोच सिप<br>• स्वव्यवस्थापन सिप | • खाना र पोषण भनेको के हो भनी प्रश्न गर्ने, प्राप्त उत्तरलाई टिपोट गर्दै यसको परिचय दिने<br>• विभिन्न प्रकारका खानाको नाम सोधी टिपोट गर्न लगाउने र शक्ति दिने, शरीर वृद्धि गर्ने र शरीर रक्षा गर्ने खाना छुट्याउन लगाउने शक्ति दिने, शरीर वृद्धि गर्ने र शरीर रक्षा गर्ने विभिन्न प्रकारका खानाको चित्र भएको चार्ट, श्रव्यदृश्य सामग्री आदि प्रस्तुत गरी छलफल र उदाहरणसहित व्याख्या गर्ने<br>• सन्तुलित खानाको परिचय दिई खानाका विभिन्न प्रकारबाट सन्तुलित खाना बनाउने तरिका बताउने<br>• विद्यार्थीले के कस्ता खाना वा खाजा खाने गर्छन् भनी प्रश्न गर्ने र स्वस्थकर खाना र अस्वस्थकर खानाबिच भिन्नता छलफल गरी अस्वस्थकर खानाको बेफाइदा बताउने र स्वस्थकर खाना खाने बानीको विकास गर्न कथा बनाएर सुनाउने र स्वस्थ खाना खान प्रेरित गर्ने<br>• खाना र पोषणसम्बन्धी हाजिरी जवाफ तथा | • मौखिक प्रश्न (जस्तैः खाना भनेको के हो ?, आलु, भात, रोटी कस्तो खाना हो ? आज बिहानको खानामा के के खानेकुरा खानुभयो ? चाउचाउ, दालमोठ, चिप्स, चकलेट कस्तो खाना हो ?<br>• व्यवहार अवलोकन गर्ने<br>• स्वस्थकर र अल्पपोषक खानाबिच भिन्नता बताउने<br>• विद्यार्थीहरूको एक महिनाभित्रको स्वस्थकर सन्तुलित र अस्वस्थकर खानपिन व्यवहारको दैनिक डायरी अभिलेख जाँच गर्ने | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बच्ने उपाय | | प्रश्नोत्तर तयार गरी हाजिरीजवाफ प्रतियोगितामार्फत ज्ञान अभवृद्धि गर्ने | | |
| ४ | रोग | • सर्ने र नसर्ने रोगहरूको पहिचान<br>• रोगको वर्गीकरण : सर्ने र नसर्ने<br>• सर्ने रोगको माध्यम ( हावा, पानी, माटो, लुगाफाटो र किरा)<br>• नसर्ने रोगको जोखिम तत्त्व (अस्वस्थकर खानपिन, अस्वस्थकर जीवनशैली, योग व्यायाम र कसरतको कमी)<br>• खाना र पानीबाट सर्ने रोगको परिचय र रोकथाम<br>• हावाबाट सर्ने रोगको परिचय रोकथाम<br>• नसर्ने रोगको रोकथाम (दम र बाथ) | • प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• स्वव्यवस्थापन सिप | • विद्यार्थीलाई रोग भनेको के हो भनी सोध्ने र पूर्वज्ञान मापन गर्ने र विगतमा कुनै रोग लागेको थियो भने अनुभव आदानप्रदान गराउने र रोगको अवधारणा बताउने<br>• रोगलाई सर्ने र नसर्ने प्रकारमा वर्गीकरण गर्न र उदाहरणसहित टिपोट गर्न समूह कार्य दिने र निचोडमा पुग्न थप सहयोग गर्ने र सर्ने रोगको माध्यम र नसर्ने रोगको जोखिम तत्त्व छलफल गराउने<br>• खाना र पानीबाट सर्ने रोगहरूको परिचय दिने र रोग सर्ने तरिका र त्यसको रोकथामका उपायहरू वर्णन गर्ने । रोकथामका उपायहरू अवलम्बन गर्न प्रेरित गर्ने<br>• हावाबाट सर्ने विभिन्न रोगहरूको नाम र सर्ने तरिकाको उदाहरण दिँदै तिनको रोकथामका उपायहरू वर्णन गर्ने । रोकथामका उपायहरू अवलम्बन गर्न प्रेरित गर्ने<br>• नसर्ने रोगहरूको नामको सूची बनाउन लगाउने र रोकथाम गर्ने तरिकाहरूको सोच, जोडीमा साटासाट गर र छलफल गर विधिबाट रोकथामका उपायहरूको निचोडमा पुग्न र अवलम्बन गर्न प्रेरित गर्ने | • मौखिक प्रश्न (जस्तैः रोग के हो ? तिमीलाई कुन रोग लागेको थियो ? पखाला कस्तो रोग हो ?).<br>• सरुवा रोगहरू लाग्नबाट बच्न हामीले के के गर्न सक्छौं ?<br>• नसर्ने रोगको नाम र जोखिम तत्त्व लेख्ने<br>• नसर्ने रोगको रोकथाम गर्ने तरिकाहरूको तालिका बनाउने | ८ |
| ५ | सुरक्षा र प्राथमिक उपचार | • सुरक्षा र प्राथमिक उपचारको परिचय<br>• घर विद्यालय र खेल मैदानमा हुने दुर्घटनाबाट बच्ने | • प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• स्वव्यवस्थापन | • विद्यार्थीलाई कुनै दुर्घटना भए नभएको र चोटपटक लागेनलागेको सोध्ने, के कसरी दुर्घटना भएको थियो भन्ने प्रश्न गर्दै दुर्घटना र चोटपटकको परिचय दिने<br>• दुर्घटनाबाट बच्ने उपायहरू वर्णन गर्दै ती | • मौखिक प्रश्न (जस्तै : तिमीलाई कुनै दुर्घटना र चोटपटक लागेको छ ? कसरी ?)<br>• सहपाठी मूल्याङ्कन स्व मूल्याङ्कन गर्ने । | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उपायहरू<br>• घाउचोटको प्राथमिक उपचार र सुरक्षा<br>• करेन्ट लाग्नुको प्राथमिक उपचार र सुरक्षा | सिप | उपायहरू अपनाउन प्रेरित गर्ने ।<br>• घाउचोटको परिचय दिँदै त्यसको प्राथमिक उपचार गर्न र सुरक्षा अपनाउन प्रेरित गर्ने<br>• करेन्ट लाग्नुको परिचय दिँदै त्यसको प्राथमिक उपचार गर्ने तरिका बताउने र सुरक्षा अपनाउन प्रेरित गर्ने | • घाउचोट र करेन्ट लाग्नुको कारण बताउने,<br>• प्राथमिक उपचारको तरिका प्रदर्शन गर्ने | |
| ६ | दुर्व्यसन | • धूमपानको परिचय<br>• धूमपान गर्ने कारणहरू<br>• धूमपानले परिवार र समुदायमा पार्ने असरहरू<br>• धूमपानबाट बच्ने उपायहरू<br>(नाइँ भन्ने सिप, असल सङ्गत, दृढ सङ्कल्प, अनुकरणीय व्यवहार नक्कल र अन्य उपायहरू) | • प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप<br>• समालोचनात्मक सिप<br>• सोच सिप<br>• स्वव्यवस्थापन सिप | • धूमपानको परिचय लेखिएको चार्ट देखाई परिचय बताउने  धूमपान गर्ने कारणहरूको सूची तयार पार्न लगाई  छलफल गराउने<br>• विद्यार्थीलाई धूमपानका असरहरू देखाइएका चित्रहरू प्रदर्शन गरी ती असरहरू विश्लेषण गर्न लगाउने<br>• धूमपानबाट बच्ने उपायहरू के के हुन सक्छन् भनी प्रश्न गर्ने, विद्यार्थीलाई छलफल गर्न लगाउने, र नाइँ भन्ने सिपको व्याख्या गर्ने र अभ्यास गराउने | • मौखिक प्रश्न (जस्तैः धूमपान र मद्यपान  भनेको के हो? धूमपानका असरहरू के के हुन्छन् ?)<br>• साथीबाट मूल्याङ्कन र अभिभावक मूल्याङ्कन<br>• धूमपानबाट बच्ने उपायहरू लेखिएको ब्यानर पोस्टर बनाउने<br>• धूमपानका असरहरू र धूमपानबाट बच्ने उपायहरू शीर्षकमा समूहमा निबन्ध लेख्ने | ४ |
| ७ | शारीरिक कसरत | • ७५ मि. सम्मको दौड<br>• लङजम्प<br>• कैँची तरिकाको हाइजम्प<br>• जोडीमा खेल्ने स्किपिङ<br>• दिशा बदली गर्ने हप | प्रयोग सिप, सिकाइ सिप, समय व्यवस्थापन सिप, क्रियात्मक सिप, आत्मबल सिप, सामूहिक कार्य सिप, सहयोग सिप | • सबै क्रियाकलापहरूमा उपलब्ध ठाउँ वा स्थानअनुसार अर्धगोलाकार घेरामा जिउ तताउने क्रियाकलापहरू गराउने<br>• साधारण दौडका कार्यकलापहरू शिक्षकले प्रदर्शन गरी अभ्यासमा सरिक गराउने<br>• सहभागी सङ्ख्याअनुसारको समूह बनाई फाइलमा राखेर पालैपालो लङजम्प, कैँची उफ्राइ, दिशा बदल्ने तथा स्किपिङ कार्यको अभ्यास गराउने | • खेलसम्बन्धी प्रश्नोत्तर गरेर<br>• क्रियाकलापको अवलोकन गरेर<br>• प्रत्येक क्रियाकलापहरूमा आवश्यक पृष्ठपोषण दिँदै दोहोऱ्याउन लगाएर र निरन्तर प्रगति अभिलेख राखेर<br>• विद्यार्थीहरूको खेल कर्तृत्वका अवलोकन गरी अभिलेख राखेर | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | दौड<br>• दुई हातले बल फाल्ने खेल<br>• तोकिएको ठाउँमा बलले निशाना लगाउने खेल<br>• झुल्ने र तन्किने कार्य<br>• तान्ने र लच्किने कार्य<br>• झुन्डिने, चढ्ने र झर्ने कार्य | | • विभिन्न किसिमका उफ्राइहरू, दिशा बदल्ने तथा स्किपिङको अवलोकन गर्दै सुधारका लागि मौका दिने<br>• तोकिएको ठाउँमा बलले निसाना लगाउनका लागि दुई हातले बल फाल्दै एकले अर्कालाई फ्याँक्ने र समाउने खेल खेलाउने<br>• निसाना लगाउने र फाल्ने तरिका समूह विभाजन गरी पालैपालो अभ्यास गराउने<br>• तेर्सो बारमा झुन्डिने, झुल्ने, तथा ठाडो बारमा चढ्ने र झर्ने अभ्यास गराउने र यस्ता समयमा दुर्घटना हुन सक्ने सजग गराउने<br>• शिक्षकले प्रदर्शन गराउने र पालैपालो अभ्यास गर्न लगाउने | | |
| ८ | कवाज र शारीरिक व्यायाम | • दायाँ फर्क, बायाँ फर्क र पूरा फर्क<br>• छिटो हिँड र अड<br>• दायाँ नजर र सिधा नजर<br>• समूहमा सामेल<br>• शारीरिक व्यायाम (१ देखि ७ सम्म ) | सिकाइ सिप, प्रयोग सिप, आत्मबल विकास सिप, सहयोग,समय व्यवस्थापन सिप<br>स्वअनुशासन सिप | • जिउ तताउने कार्यहरू (जस्तैः साधारण जगिङ, बाङ्गोटिङ्गो दौड) गराउने<br>• कवाजका सबै कार्यहरू गर्ने तरिका बताउने र प्रदर्शन गरेर देखाउने<br>• समूहलाई पङ्क्ति वा ताँतीमा मिलाई दायाँ फर्क, बायाँ फर्क र पूरा फर्क कार्यहरूको अभ्यास गराउने<br>• छिटो हिँड र अडको र दायाँ नजरको कार्य गर्न लगाउने र आवश्यक परेमा प्रदर्शन गरी देखाउने<br>• समूहमा सामेल हुने, पङ्क्ति वा ताँतीमा मिलेर बसेपछि फर्कने कार्यहरूको आदेशपछि मात्र शिक्षकले नमुना व्यायाम १ देखि ७ सम्म प्रदर्शन गरेर देखाउने<br>• शारीरिक व्यायाम (१ देखि ७ सम्म ) सम्म क्रमशः गराउने र अन्तमा कुनै एक मनोरञ्जनात्मक खेल खेलाउने | • खेल कर्तृत्वको अभिलेख<br>• आवश्यक भएका अभ्यास तथा प्रक्रियामा पृष्ठपोषण दिँदै दोहोऱ्याउने<br>• अभ्यास र अभिलेख<br>• सामूहिक प्रस्तुति गर्न लगाएर<br>• स्वमूल्याङ्कन र सहपाठी मूल्याङकन गरेर | ४ |
| ९ | साधारण र स्थानीय | • ठाउँ विशेषमा | सिकाइ सिप, प्रयोग सिप, आत्मबल | • कुनै सामान वा बल लिई खेलिने साधारण | • खेल कर्तृत्वको अवलोकन र | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खेलहरू | खेलिने साधारण खेलहरू (कुनै दुईओटा)<br>• स्थानीय खेलहरू(कुनै दुईओटा) | विकास सिप, सहयोग,समय व्यवस्थापन सिप<br>स्वअनुशासन सिप | खेलहरूको नियमहरू बताउने<br>• खेल प्रदर्शन गरेर अभ्यास गर्न लगाउने<br>• निर्देशनविना नै आफैं खेलिने रमाइला स्थानीय खेलहरू खेल्ने नियम बताई सामग्रीहरू पनि उपलब्ध गराउने<br>• स्थानीय खेलहरू प्रदर्शन गरी अभ्यास गराउने | अभिलेख<br>• आवश्यक भएका अभ्यास तथा प्रक्रियामा पृष्ठपोषणसहित दोहोऱ्याउने<br>• अभ्यास र अभिलेख<br>• सामूहिक प्रस्तुति गर्ने<br>• स्वमूल्याङ्कन र सहपाठी मूल्याङ्कन गरेर | |
| १० | बल खेलहरू | • बल (फुटबल) रोक्ने र पास गर्ने<br>• बास्केटबल पासिङ, क्याचिङ<br>• रिले बल | क्रियात्मक सिप, सिकाइ सिप, प्रयोग सिप, समय व्यवस्थापन सिप, | • विद्यार्थीहरूको समूह बनाई फुटबल रोक्न र पास गर्ने तरिका बताउँदै प्रदर्शन गरी देखाउने र अभ्यास गराउने<br>• विद्यार्थीहरूको समूह बनाई बास्केटबल पासिङ, क्याचिङ गर्ने तरिका बताउदै प्रदर्शन गरी देखाउने र अभ्यास गराउने<br>• रिले बल खेल्ने तरिका प्रदर्शन गरी देखाउने र अभ्यास गराउने | • अवलोकनको आधारमा सिपको अभिलेख<br>• अभ्यास र अभिलेख<br>• एकल र सामूहिक प्रस्तुति गन<br>• स्वमूल्याङ्कन र सहपाठी मूल्याङ्कन | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | जिम्नास्टिक्स<br>(क) पल्टनबाजी<br>(ख) सन्तुलन कार्य | • अगाडि बिस्तारै पल्टनबाजी<br>• पछाडि बिस्तारै पल्टनबाजी<br>• दुवै हातले भुइँ टेकी गोडामाथि राखी शरीर सन्तुलन<br>• टाउकोले भुइँ टेकी गोडामाथि राखी शरीर सन्तुलन<br>• पेटले मात्र भुइँ छोई दुवै हात र गोडा सिधा तन्काई शरीर सन्तुलन | सन्तुलन सिप, क्रियात्मक सिप, सिकाइ सिप, प्रयोग सिप, समय व्यवस्थापन सिप,<br>सन्तुलन सिप, क्रियात्मक सिप, सिकाइ सिप, प्रयोग सिप, समय व्यवस्थापन सिप | • विद्यार्थीहरूलाई फाइलमा राख्दै पल्टनबाजीका सजिला विभिन्न अभ्यासहरू गराउने<br>• पल्टनबाजी शिक्षक वा सक्षम विद्यार्थीले प्रदर्शन गरेर देखाउने<br>• पालैपालो नरम भुइँमा (फोम वा डसना) कम्तीमा तीन पल्ट जति फ्रन्ट र ब्याक रोल गराउँदै अभ्यास गराउने<br>• विद्यार्थीहरूलाई फाइलमा राख्दै सन्तुलनका सजिला विभिन्न अभ्यासहरू गराउने<br>• शिक्षकले प्रदर्शन गरेर देखाउने र सोहीबमोजिम गर्न लगाउने<br>• साथीहरूको सहयोगमा (नरम) भुइँमा टाउकाले टेकेर उभिने, भुइँमा हातले टेकेर उभिने र पेटले भुइँमा टेकाई सन्तुलनको अभ्यास गराउने | • अवलोकनको आधारमा सिपको अभिलेख<br>• अभ्यास प्रक्रियामा पृष्ठपोषण दिँदै दोहोऱ्याउने<br>• अभ्यास र अभिलेख<br>• एकल र सामूहिक प्रस्तुति गर्ने<br>• स्वमूल्याङ्कन र सहपाठि मूल्याङ्कन गरेर | ४ |
| १२ | योग | • बज्रासनको परिचय र अभ्यास<br>• मर्कटासनको परिचय र अभ्यास | क्रियात्मक सिप, सिकाइ सिप, प्रयोग सिप, सहयोग सिप,<br>स्वअनुसाशन सिप | • विद्यार्थीहरूलाई अर्धगोलाकारमा राख्दै शिक्षक वा टोली नेताले योग अभ्यास प्रदर्शन गरेर देखाउने<br>• योगका मर्कटासन र बज्रासनका परिचय दिने अभ्यासहरू गराउने | • एकल र सामूहिक प्रस्तुति गर्ने<br>• अवलोकनको आधारमा सिपको अभिलेख<br>• स्वमूल्याङ्कन र सहपाठी मूल्याङ्कन | ६ |
| १३ | रेखाचित्र र रङ | • पेन्सिल, चारकोल, क्रेयन, रेखा<br>• आकार प्रकार (Shape) ज्यामितीय आकार<br>• साधारण रेखाचित्र ( Simple sketch/line drawing) | • सिकाइ सिप<br>• रचनात्मक सोच सिप<br>• प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप | • पेन्सिल चारकोल, क्रेयन जस्ता सामग्रीहरूबाट बनेका चित्रहरूको सङ्कलन गर्ने र प्रदर्शन गरी तिनको परिचय दिने<br>• चित्र बनाउन चाहिने सामग्रीहरू प्रदर्शन गरी अवलोकन गर्न लगाउने र ती सामग्रीहरूको प्रयोगसम्बन्धी सामान्य जानकारी गराउने<br>• सिधा, बाङ्गाटिङ्गा, कर्भ, घुमाउरो रेखाहरू देखाई ती रेखाबाट बनेका विभिन्न वस्तुहरू, बुट्टाको | • चित्रकलामा प्रयोग गरिने सामग्रीहरू उल्लेख गर्ने<br>• ज्यामितीय आकारका वस्तुको चित्र कोर्ने<br>• रेखाका गुणहरू बताउने<br>• कल्पनामा आधारित चित्र बनाउने चित्रकला विकास गर्दा आवश्यक पर्ने | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • कल्पनामा आधारित चित्र<br>• पेन्सिल रङ, पोस्टर रङ र पानी रङ<br>• अनुभवमा आधारित चित्र निर्माण<br>• कल्पनामा आधारित चित्र निर्माण | | अवलोकन गराउने र रेखाको अभ्यास गराउने<br>• गोलाकार, बेलनाकार, आयताकार, अन्डाकार वस्तुहरूलाई अवलोकन गर्न लगाउने र ती वस्तुको चित्र र छाया कोर्न लगाउने<br>• समूहसमूहमा छुट्याई एउटै वस्तुलाई छुट्टाछुट्टै कोणबाट वस्तुको अवलोकन गराई वस्तु कोर्ने अभ्यास गराउने<br>• विभिन्न वस्तुहरू अवलोकन गरी रेखा चित्र outline drawing बनाउन लगाउने<br>• चित्रकलाका लागि आवश्यक पर्ने विभिन्न रङहरूको प्रदर्शन गरी रङको परिचय दिने<br>• आफ्ना कल्पनालाई सिर्जनात्मक रूपमा चित्रमा उतार्न सकिन्छ भन्ने कुरामा उत्प्रेरित गर्ने<br>• विद्यार्थीले देखेका र कल्पनामा आधारित चित्र बनाउन लगाउने र उपयुक्त रङ भर्न लगाई प्रदर्शन गर्न लगाउने | • रङ चिन्ने<br>• चित्र बनाई उपयुक्त रङ भर्ने<br>• विद्यार्थीले देखेका र कल्पनामा आधारित चित्र बनाउने | |
| १४ | छपाइ कार्य र माटाको काम | • साधारण आकृतिको छपाइ (सिक्का, काठका बोक्रा, फेब्रिक)<br>• आकृतिविहिन आकृतिहरू छपाइ<br>• छपाइका तरिकाहरू : स्किजिङ (Squeezing), पिन्चिङ (Pinching), पुलिङ (Pulling), पातको छपाइ (leaf printing)<br>• थिचेर माटाको भाडा | • सिकाइ सिप<br>• रचनात्मक सोच सिप<br>• प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप | • छपाइका लागि चाहिने आवश्यक सामग्री (जस्तै सिक्का, टाँक, सिसिको बिर्को, पात जस्ता सामग्री) सङ्कलन गरी विद्यार्थीको समूहमा वितरण गर्ने र छपाई गर्न लगाउने<br>• छपाइ गरेका सामग्रीहरू प्रदर्शन गर्न लगाउने<br>• पिठो वा माटालाई राम्ररी मुछ्न लगाई तयार पारिएको माटो वा पिठोलाई सम्म पारी त्यस माथि डट्पेन, सिन्का वा पैसा आदिले बुट्टा कोरी त्यस माथि रङ राखी छापा निकाल्न लगाउने<br>• विभिन्न वस्तुहरू (जस्तै : आलु, मुला, फर्सी आदि) सङ्कलन गर्न लगाउने र त्यसमा बुट्टा काटी रङ्गाई छपाइ कार्य गर्न लगाउने<br>• आकृति र आकृतिविहिन प्रिन्टहरू निकाल्ने तरिका प्रदर्शन गर्ने र त्यसको प्रयोग बुट्टाको रूपमा प्रयोग | • छपाइ गर्ने तरिकाहरू उल्लेख गर्ने<br>• खेर गएका वस्तुहरूबाट विभिन्न वस्तुको निर्माण गर्ने<br>• वस्तुहरूलाई एक आपसमा अर्थपूर्ण तरिकाले जोड्ने लगाएर<br>• माटाबाट विभिन्न वस्तुहरू बनाउने | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | निर्माण (a pinch pot)<br>• क्वायल विधि बाट भाडा निर्माण (coil built pot)<br>• माटाको विभिन्न आकृति निर्माण | | गर्न सकिन्छ भन्ने कुरा प्रदर्शन गरी देखाउने<br>• कक्षाकोठा बाहिरबाट बिरुवाका विभिन्न पातहरू सङ्कलन गर्न लगाउने र ती पातहरू माथि रङ राखी सोको आकृति वा संयोजन गरी कागजमा छपाइ कार्य गर्न लगाउने<br>• माटालाई थिच्चै (pinch) भाडाहरू बनाउने विधिबारे चित्र वा भिडियोहरू देखाउने र अभ्यास गर्न लगाउने<br>• मुछिएको माटो लिन लगाई माटालाई क्वायल बनाउन लगाउने र क्वायल बनाइसकेपछि विभिन्न आकृतिका भाँडाहरू बनाउन अभ्यास गराउने<br>• माटाका विभिन्न आकृतिमा बुट्टा अभ्यास गराउने<br>• माटाबाट निर्माण भएका विभिन्न वस्तुहरू (जस्तै : पहिले राम्ररी सुकाइसकेपछि मात्र रङको प्रयोग गर्न लगाउने | | |
| १५ | निमार्ण कार्य | • लचकदार वस्तुबाट आकृति निर्माण<br>• कागज वा कागजको बट्टालाई विभिन्न ठाउँमा काटेर, प्वाल पारेर, थिचेर आकृति निर्माण<br>• नयाँ आकृतिमा आवश्यक बुट्टाहरू टँसाइ<br>• बाक्लो कागज काटेर स्टेप्लर, टेप र गुँदको प्रयोगद्वारा जोडाइ र आकृति निर्माण<br>• सङ्कलित वस्तुहरूलाई | • सिकाइ सिप<br>• रचनात्मक सोच सिप<br>• प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप | • विभिन्न खेर गएका लचकदार वस्तु (जस्तैः लचकदार तारका टुक्राहरूलाई बङ्ग्याएर) बाट सरल रेखीय आकृतिका वस्तुहरू निर्माण गर्न लगाउने (जस्तै : मान्छे, फूल, रुख आदि) आकृतिलाई माटाको डल्लो या कुनै नरम वस्तुमा गाडेर उभ्याउने कार्य गर्न लगाउने<br>• कागजबाट कुनै वस्तुको नमुना निर्माण गर्ने तरिका प्रदर्शन गर्ने र कागजलाई काटेर वा च्यातेर मन पर्ने वस्तुको नमुना निर्माण गर्न लगाउने<br>• कागजका विभिन्न बट्टाहरू तथा अन्य आकृतिहरू प्रदर्शन गरी तिनीहरूलाई काटछाँट गरी नयाँ आकृति बनाउने तरिका प्रदर्शन गर्ने र विद्यार्थीलाई अभ्यास गर्न लगाउने<br>• कुनै वस्तुको आकृति बनाई त्यसमा उपयुक्त वस्तु टाँस्ने विधिमा छलफल गराउने र विद्यार्थीहरूलाई | • खेर गएका वस्तुहरू बाट विभिन्न वस्तुको निर्माण गर्ने<br>• कागजबाट कुनै वस्तुको नमुना निर्माण गर्ने<br>• वस्तुहरूलाई एक आपसमा अर्थपूर्ण तरिकाले जोड्ने | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विभिन्न सामग्रीहरू प्रयोग गरी त्रिआयामिक वस्तुको निर्माण | | टाँस्ने अभ्यास गराउने<br>• शिक्षकले प्रदर्शन गर्न ल्याएका विभिन्न कलाकृतिमध्ये छानेर आफ्नै तरिकाले त्यस्तै आकृति बनाउन लगाउने | | |
| १६ | गायन | • राष्ट्रिय गान<br>• कक्षागत गीत<br>• बालगीत<br>• स्थानीय गीत/मातृभाषाका गीत (कुनै एक)<br>• स्वर अभ्यास :<br>आरोह : सा रे ग म प ध नि सां<br>अवरोध : सां नि ध प म ग रे सा<br>आरोह : सासा रेरे गग मम पप धध निनि सांसां | • सिकाइ सिप,<br>• प्रयोग सिप,<br>• आत्मबल,<br>• समय व्यवस्थापन<br>• स्वतन्त्र सिकाइ<br>• सञ्चार र सहयोग सिप<br>• सक्रियतापूर्वक सुन्ने<br>• सांस्कृतिक सिप<br>• विविधताको सम्मान र अन्तरसांस्कृतिक | • साधारण लय (गति) मा ४।४, ६।६ र ८।८ गन्ती गर्दै ताली पिट्ने अभ्यास गराउने<br>• मोबाइल वा अन्य उपकरणबाट राष्ट्रिय गान सुनाउने र सोहीअनुसार पुरै कक्षा र समूह समूहमा गाउन लगाउने<br>• मोबाइलबाट कक्षागत गीत सुनाउने र कक्षागत गीतलाई लय मिलाई पहिलो चरणमा पुरै कक्षामा, दोस्रो चरणमा समूह समूह र अन्तमा एक्लाएक्लै गाउने र आवश्यक पृष्ठपोषण दिने<br>• पाठ्यपुस्तकमा भएका बालगीतहरूलाई लयमा गाउन अभिप्रेरित गर्ने र उपयुक्त लयमा भाका मिलाई गाउने<br>• विद्यार्थीहरूलाई उपयुक्त लयमा समूह र एक्लाएक्लै गाउने अभ्यास गराउने<br>• कुनै एक स्थानीय गीत ताली पिट्दै सस्वर शिक्षकले | • समूहमा राष्ट्रिय गाउने<br>• समूह तथा एक्लाएक्लै कक्षागत गीत, बालगीत र स्थानीय गीत गाउने<br>• समूहमा, एक्लाएक्लै कक्षागत, बालगीत, स्थानीय गीत गाउने<br>• स्वरहरूको स्वर अभ्यास गर्ने | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अवरोह : सांसां निनि धध पप मम गग रेरे सासा<br>आरोह : सारे, रेग, गम, मप, पध, धनि, निसां<br>अवरोह : सांनि, निध, धप, पम, मग, गरे, रेसा<br>आरोह : सारेग रेगम गमप मपध पधनि धनिसां<br>अवरोह : सांनिध निधप धपम पमग मगरे गरेसा | कुभ्काइ सिप | गाउने र विद्यार्थीहरूलाई सुन्न लगाउने र सोहीअनुसार विद्यार्थीहरूलाई समूह र एक्लाएक्लै गाउन लगाउने<br>• हार्मोनियमबाट निस्कने स्वरहरूको (तपसिलका) जानकारी गराउने र स्वर अभ्यास गराउने (सुरुमा शिक्षकले मात्र त्यसपछि पुरै कक्षामा, त्यसपति समूह समूह र अन्तमा एक्लाएक्लै)<br>आरोह : सा रे ग म प ध नि सां<br>अवरोध : सां नि ध प म ग रे सा<br>आरोह : सासा रेरे गग मम पप धध निनि सांसां<br>अवरोह : सांसां निनि धध पप मम गग रेरे सासा<br>आरोह : सारे, रेग, गम, मप, पध, धनि, निसां<br>अवरोह : सांनि, निध, धप, पम, मग, गरे, रेसा<br>आरोह : सारेग रेगम गमप मपध पधनि धनिसां<br>अवरोह : सांनिध निधप धपम पमग मगरे गरेसा | | |
| १७ | ताल र वादन | • लयमा गन्ती र ताली<br>• कहरवा र झ्याउरे तालमा बजाउने अभ्यास<br>• स्थानीय बाजाहरूको पहिचान र कुनै एक बाजाको तालमा अभ्यास | सिकाइ सिप,<br>प्रयोग सिप,<br>आत्मबल<br>समय व्यवस्थान<br>स्वतन्त्र सिकाइ, सञ्चार<br>सहकार्य र सहयोग सिप<br>सक्रियतापूर्वक सुन्ने | • साधारण लय (मध्य) मा शिक्षकले ताली बजाउने र विद्यार्थीहरूलाई सोही गतिमा ताली बजाउन लगाउने<br>• समूह र एक्लाएक्लै ६।६ र ८।८ गन्तीमा ताली बजाउने अभ्यास गराउने<br>• झ्याउरे तालको बोल र मात्रा जानकारी गराउने र उक्त तालको बोल बोलेर सुनाई अभ्यास गराउने<br>• झ्याउरे ताल बजाउनका लागि गन्तीमा ताली बजाउने अभ्यास गराउने<br>• झ्याउरे तालको बोल (धि न ति ना धि ना) र मात्राअनुसार मादल बजाउने तरिका प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई पनि बजाउने अभ्यास गराउने | • समूह तथा एक्लाएक्लै ताली बजाउे<br>• झ्याउरे र कहरवा ताल बजाउने<br>• बोल सुनाउने<br>• स्थानीय बाजा बजाउने | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सांस्कृतिक सिप<br>विविधताको सम्मान र अन्तरसांस्कृतिक कुभ्काइ सिप ( राष्ट्रिय एकता) | • कहरवा तालको बोल (धा गे न ति न क धि ना) बोलेर सुनाइ अभ्यास गराउने<br>• तबला वा ढोलकबाट कहरवा तालमा र मादलबाट ख्याली तालमा बजाउने तरिका प्रदर्शन गर्ने र सोहीअनुसार विद्यार्थीहरूलाई बजाउने अभ्यास गराउने<br>• स्थानीय रूपमा बजाउने बाजाहरूको सूची तयार पार्न लगाउने/पार्न लगाउने र तीमध्ये कुनै एक स्थानीय बाजा बजाउने तरिका प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई अभ्यास गराउने | | |
| १८ | नृत्य र अभिनय | • बालगीतमा ताल, हात र खुट्टा चाल्दै नृत्य (कुनै एक बालगीत)<br>• कक्षागत गीत तथा स्थानीय गीत (कुनै एक स्थानीय गीत) मा हाउभाउसहित ताल मिलाई नृत्य<br>• कथा वस्तुहरूलाई अभिनय र संवादसहित प्रस्तुति | • सिकाइ सिप,<br>• प्रयोग सिप,<br>• आत्मबल,<br>• समय व्यवस्थापन<br>• स्वतन्त्र सिकाइ<br>• सञ्चार र सहयोग सिप<br>• सक्रियतापूर्वक सुन्ने<br>• सांस्कृतिक सिप<br>• विविधताको सम्मान र अन्तरसांस्कृतिक कुभ्काइ सिप | • शिक्षकले ६।६ र ८।८ गन्तीमा तालीसहित हात र खुट्टा ताल मिलाई अभ्यास गर्ने तरिका प्रदर्शन गर्ने र समूहमा अभ्यास गर्न लगाउने<br>• कक्षागत गीतको भावअनुसार विद्यार्थीहरूलाई नृत्य गर्ने तरिका प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई समूहमा अभ्यास गराउने<br>• कुनै एक स्थानीय गीत पहिचान गर्न लगाउने र सोही गीतमा हाउभाउसहित ताल मिलाई नृत्य गर्ने अभ्यास गराउने<br>• विद्यार्थीहरूलाई आफूले सिकेका बालगीतलाई समूहमा मिलाई हात र खुट्टा चाल्दै नृत्य गर्न लगाउने र आवश्यक पृष्ठपोषण दिने<br>• कुनै कथावस्तुमा आधारित भई एउटा अभिनय प्रस्तुत गर्ने<br>• सामूहिक रूपले विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा भएका  र अन्य कथावस्तुहरूलाई (समूह र एक्लाएक्लै) अनिभयद्वारा प्रस्तुत गर्न लगाउने | • बालगीतमा नृत्य गर्ने<br>• कक्षागत गीतमा ताल मिलाई हाउभाउसहित नृत्य गर्ने<br>• समूह र एक्लाएक्लै अभिनय गर्ने | ६ |
| | | | | | जम्मा | ९६ |

कक्षा ५

| क्र.स | विषयवस्तुको क्षेत्र, एकाइ | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | का.घ |
|---|---|---|---|---|---|---|
| १ | व्यक्तिगत स्वच्छता | • ज्ञानेन्द्रियको सुरक्षा र सरसफाइ<br>• सफा पहिरन पहिरनको महत्त्व<br>• आराम, निन्द्रा र व्यायामको महत्त्व र सन्तुलन<br>• महिनावारी हुँदा अपनाउनुपर्ने सुरक्षित व्यवहारहरू<br>• महिनावारीमा परिवार र साथीहरूको भूमिका | • प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप<br>• स्व व्यवस्थापन सिप | • विद्यार्थीलाई आँखा, नाक, कान, छाला, जिब्रो र मुखको सरक्षा र सरसफाइ कसरी गरिन्छ भनी प्रश्न गर्ने र सही तरिकाले सरसफाइ गर्ने तरिका प्रदर्शन गरी सधैं सफा राख्न प्रेरित गर्ने<br>• सफा पहिरनको महत्त्व सोच्न र जोडिमा छलफल गर्न लगाउने<br>• स्वस्थयकर जीवनमा लागि आराम, निन्द्रा र व्यायामको महत्त्व शिर्षकमा भूमिका अभिनय गराउने<br>• महिनावारी हुँदा अपनाउनुपर्ने सुरक्षित व्यवहारहरू सम्बन्धित कथा, घटना सुनाउन लगाउने र आत्म प्रतिविम्वन गराउने<br>• महिनावारी भएको बेला परिवार र साथीहरूले खेल्नुपर्ने भूमिका के के हुन सक्छन सोधेर ल्याउन र छलफल गर्न लगाउने | • सबै विद्यार्थीको आँखा, नाक, कान, छाला, जिब्रो र मुखको सरसफाइको अवस्थाको अवलोकन<br>• सफा पहिरन लगाएको अवलोकन<br>• स्वस्थ जीवनका लागि सफा पहिरन, आराम, निन्द्रा र व्यायामको महत्त्व बताउने<br>• महिनावारी हुँदा अपनाउनुपर्ने सुरक्षित व्यवहारहरू बताउने<br>• महिनावारीमा परिवार र साथीहरूको भूमिका अभिनय गर्ने | ४ |
| २ | वातावरणीय सरसफाइ | • वातावरणीय सरसफाइका महत्त्व<br>• विद्यालय र वरपरको वातावरण<br>• पिउने पानीको शुद्धीकरणको आवश्यकता र पिउने पानीको शुद्धीकरण<br>• वातावरणीय प्रदूषणले | • प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप<br>• रचनात्मक सोच सिप<br>• स्व व्यवस्थापन | • वातावरणीय सरसफाइका महत्त्व झल्काउने तस्बिर, चित्रकथा र उदाहरणमार्फत् छलफल गर्ने<br>• विद्यालय र वरपरको वातावरण सरसफाइको साप्ताहिक अभियान गर्न र सहभागी हुने खालका कार्यक्रम गर्न उत्प्रेरित गर्ने<br>• पिउने पानीको शुद्धीकरणको आवश्यकता लेखिएका चार्ट देखाई छलफल गराउने<br>• पिउने पानीको शुद्धीकरणका उपायहरू झल्किने | • वातावरणीय सरसफाइका महत्त्व झल्किने पोस्टर बनाउने<br>• वातावरण सरसफाइमा सहभागिताको अवलोकन<br>• पिउने पानीको शुद्धीकरणका तरिकाको चित्र कोर्ने<br>• वातावरणीय प्रदूषणबाट बच्ने उपायहरू शीर्षकमा प्रतिवेदन | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्वास्थ्यमा पार्ने प्रभाव र बच्ने उपायहरू<br>• फोहोरमैला व्यवस्थापन गर्ने विधिहरू | सिप | फोटोहरू प्रस्तुत गरी गर्ने तरिका छलफल गर्न लगाउने<br>• समूह बनाई विद्यार्थीका घर गाउँ र स्कुल वरपर वायु प्रदूषणको अवस्था अध्ययन गर्न लगाउने र त्यसका कारण र प्रदूषण कम गर्न अवलम्बन गर्न सकिने उपायहरू सम्बन्धमा छलफल गरी प्रस्तुतीकरण गर्न लगाउने ।<br>• फोहोरमैला व्यवस्थापन गर्न कम उत्पादन, पुनः प्रयोग र पुनःचक्रण विधिहरूको परिचय र प्रयोग झल्किने तस्बिर, भिडियो प्रदर्शन गराई यिनीहरूको प्रयोग गर्ने तरिका छलफल गराउने | लेख्ने<br>• .फोहोरमैला व्यवस्थापन गर्ने विधिहरूको नारा, पोस्टर बनाउने | |
| ३ | खाना र पोषण | • पोषण र पोषक तत्त्वको परिचय<br>• खानाको पोषक तत्त्वको संरक्षण गर्ने तरिकाहरू छलफल गर्न<br>• सन्तुलित खानाको छनोट र उपयोग<br>• अल्पपोषक खानेकुराको परिचय र यसले स्वास्थ्यमा पार्ने असर | • प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप<br>• स्व व्यवस्थापन सिप | • पोषण तत्त्वको परिचय दिई यसका प्रकारको वर्गीकरण गर्ने र विभिन्न चित्रमार्फत खानाका स्रोतहरू बारे स्पष्ट पार्ने<br>• सन्तुलित खानाको परिचय दिई यसको महत्त्वका बारेमा छलफल गराई विद्यार्थीहरूबाट आएका कुराहरूलाई प्रस्तुत गर्न लगाउने<br>• सन्तुलित खानाको छनोट र प्रयोग गर्न सिकाउने<br>• खानामा भएको पोषक तत्त्व संरक्षण गर्ने तरिकाहरूका विषयमा छलफल गराउने<br>• अल्पपोषक खानेकुराका असरहरूलाई कथाकथन, गीत एवम् भिडियोद्वारा छलफल गराउने | • मौखिक प्रश्न (जस्तैः पोषण तत्त्व भनेको के हो ?, आलु, भात, रोटीबाट कस्तो पोषण प्राप्त हुन्छ ?, खाना पकाउँदा पोषक तत्त्व संरक्षण कसरी गर्न सकिन्छ, चाउचाउ, दालमोठ, चिप्स, चकलेट कस्ता खालका खानेकुरा हुन् ? अल्पपोषक सट्टामा कस्ता कस्ता खानेकुरा खानुपर्छ ?)<br>• अल्पपोषक खानेकुराको असरहरू बारे प्रश्नोत्तर | ६ |
| ४ | रोग | • प्रत्यक्ष सर्म्पकबाट सर्ने रोगको परिचय र रोकथामका उपाय<br>• किराबाट सर्ने रोगको परिचय र रोकथामका उपाय | • स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप<br>• स्व व्यवस्थापन सिप | • स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल र क्लिनिकलाई स्वास्थ्य सेवा दिने संस्था हुन् भनी यिनीहरूको परिचय दिने<br>• किराबाट सर्ने रोगको परिचय दिने र रोकथामका उपायहरू बताई सुरक्षित हुन प्रेरित गर्ने ।<br>• जनावरको टोकाइबाट सर्ने रोगको परिचय दिने र | • मौखिक प्रश्न ( जस्तै : हामी बिरामी पर्दा कहाँ जान्छौँ ? किराबाट सर्ने रोगहरू केके हुन् ?)<br>• किराबाट सर्ने रोगको रोकथामका उपाय बताउने | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • जनावरको टोकाइबाट सर्ने रोगको परिचय र रोकथामका उपाय<br>• नसर्ने रोगको परिचय र रोकथामका उपाय | | रोकथामका उपायहरू बताई सुरक्षित हुन प्रेरित गर्ने<br>• एलर्जी, दम र बालबालिकामा लाग्ने मुटु रोगको परिचय दिई यस्ता नसर्ने रोगको रोकथामका उपायहरू बताई सुरक्षित हुन प्रेरित गर्ने | • जनावरको टोकाइबाट सर्ने रोगको रोकथामका उपाय लेख्ने<br>• नसर्ने रोगको रोकथामका उपाय छलफल गर्ने | |
| ५ | सुरक्षा र प्राथमिक उपचार | • सडक दुर्घटना निम्त्याउने सम्भावित खतराबाट सुरक्षित हुने उपाय<br>• पोलाइको प्राथमिक उपचार र सुरक्षाका उपायहरू<br>• कुकुरको टोकाइको प्राथमिक उपचार र सुरक्षाका उपायहरू<br>• प्राथमिक उपचार बाकसको परिचय र आवश्यकता | • प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप<br>• स्व व्यवस्थापन सिप | • विद्यालयमा हुनसक्ने दुर्घटनाबाट सुरक्षित रहने तरिकाहरू वर्णन गरी सुरक्षित रहन प्रेरित गर्ने<br>• सडक दुर्घटनाका समाचार, पोस्टर, पम्प्लेट, फोटो आदि प्रस्तुत गरेर छलफल गरी सुरक्षित रहने तरिकाहरू वर्णन गर्ने र सुरक्षित रहन प्रेरित गर्ने<br>• पोलाइको प्राथमिक उपचार गर्ने तरिका वर्णन गरी सुरक्षाका उपायहरू अपनाउन प्रेरित गर्ने<br>• कुकुरको टोकाइको प्राथमिक उपचार गर्ने तरिका वर्णन गरी सुरक्षाका उपायहरू अपनाउन प्रेरित गर्ने<br>• प्राथमिक उपचार बाकसको परिचय बताई यसको आवश्यकतामा छलफल गराउने | • मौखिक प्रश्न (जस्तैः तपाईं विद्यालयमा कुनै दुर्घटनामा पर्नुभएको छ ? छ भने कसरी ? अब त्यस्तो नहोस् भनेर के कस्तो सुरक्षा अपनाउनुपर्छ ?<br>• सडक दुर्घटनाबाट सुरक्षित रहने तरिका प्रदर्शन र अवलोकन<br>• पोलाइको र कुकुरको टोकाइको प्राथमिक उपचारका उपायहरू प्रदर्शन र छलफल<br>• प्राथमिक उपचार बाकसको आवश्यकताको सूची तयार पार्ने | ४ |
| ६ | दुर्व्यसन | • मद्यपानको परिचय र कारण<br>• मद्यपानले परिवार र समुदायमा पार्ने असर<br>• मद्यपानबाट बच्ने उपाय | • प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप<br>• समालोचनात्मक सोचाइ सिप<br>• स्वव्यवस्थापन | • मद्यपानको परिचय बताई मद्यपान गर्ने कारणहरू वर्णन र छलफल गराउने<br>• विद्यार्थीलाई मद्यपानका असर देखाइएका चित्र भिडियो प्रदर्शन गरी ती असर विश्लेषण गर्न लगाउने<br>• मद्यपानबाट बच्ने उपायहरू केके हुन सक्छन् भनी प्रश्न गर्ने, विद्यार्थीलाई छलफल गर्न लगाउने, र इन्कार गर्ने सिपको अपनाउन प्रेरित गर्ने | • मद्यपानको परिचय भन्न लगाएर<br>• मद्यपान गर्ने कारणहरूको सूची तयार पार्न लगाएर<br>• मद्यपानले परिवार र समुदायमा पार्ने असर खोजेर ल्याउने<br>• मद्यपानबाट बच्ने उपाय | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सिप | | बताउने | |
| ७ | शारीरिक कसरत | • समूहमा विभिन्न साधारण दौड र ताल दौडमा क्राउच स्टार्ट<br>• ७५-१०० मि. सम्मको दौड, उभिएर सुरु गर्ने दौड<br>• साधारण हाइजम्प , लङजम्प<br>• हप दौड<br>• क्रस स्किपिङ तथा घुमाएको लामो डोरीमा समूह स्किपिङ<br>• बार, डोरीमा झुन्डिने र झर्ने कार्य<br>• पोल, डोरीमा चढ्ने र झर्ने कार्य | • क्रियात्मक सिप,<br>• सिकाइ सिप,<br>• प्रयोग सिप,<br>• आत्मबल सिप,<br>• समय व्यवस्थापन सिप,<br>• सहकार्य सिप,<br>• सहयोग सिप | • जिउ तताउने क्रियाकलापहरू (जिउ तताउनका लागि आफू खुशी सिधा दौडाउने वा कुनै एउटा रमाइलो स्वतन्त्र दौडेर खेल्ने खेल) गराउँदै प्रदर्शनको माध्ययम बाट साधारण दौड, ताल दौड र क्राउच स्टार्ट प्रदर्शन गरेर देखाउने<br>• सहभागी सङ्ख्याअनुसारको समूह बनाई फाइलमा राख्दै पालैपालो ७५-१०० मि. सम्मको दौडको अभ्यास गराउने<br>• लङजम्प, हाइजम्प र हप दौड कार्यको शिक्षकले प्रदर्शन गरी अभ्यास गराउने<br>• त्यस्तै डोरीमा क्रस स्किपिङ तथा घुमाएको लामो डोरीमा स्किपिङ खेलको अभ्यास गराउने<br>• शिक्षक आफैँ वा टोली नेताले तेस्रोबार वा डोरीमा झुन्डिने र झर्ने कार्य तथा भट्रिकलबार वा डोरीमा चढ्ने र झर्ने कार्य प्रदर्शन गराउने र पालैपालो अभ्यास गर्न लगाउने | • अवलोकनको आधारमा सिपको अभिलेख अभ्यास प्रक्रियामा पृष्ठपोषण दिँदै दोहोऱ्याउने<br>• अभ्यास र अभिलेख<br>• एकल र सामूहिक प्रस्तुति<br>• क्रियाकलाप गर्दा सजग हुनुपर्ने प्रश्नोत्तर<br>• स्वमूल्याङ्कन र सहपाठी मूल्याङ्कन | ५ |
| ८ | कवाज र शारीरिक व्यायाम | • गोडाचाल, टोली अड, टोली छिटो हिँड<br>• टोली छिटो हिँड र टोली अड<br>• शारीरिक व्यायाम तालिका ८ देखि १३ सम्मका कसरतहरू लय, गन्ती वा | • क्रियात्मक सिप,<br>• सिकाइ सिप,<br>• प्रयोग सिप,<br>• समय व्यवस्थापन सिप,<br>• सहकार्य सिप, | • गोडाचाल, अड, छिटो हिँड कवाज गर्ने तरिका वा प्रक्रिया बताउने र प्रदर्शन गरेर देखाउने ।<br>• समूहलाई पङ्क्ति वा ताँतीमा मिलाई छिटो हिँड, अडको अभ्यास गर्न लगाउने<br>• समूहमा सामेल हुने र ताँती वा पङ्क्तिमा मिलेर बसेपछि शिक्षकले नमुना व्यायाम ८ देखि १३ सम्म प्रदर्शन गरेर देखाउने वा एउटा राम्रो प्रदर्शन गर्न सक्ने टोलीको छनोट गरी नमुना प्रदर्शन गराउने | • खेल सिपको प्रस्तुति<br>• एकल र सामूहिक प्रस्तुति गर्ने<br>• क्रियाकलाप गर्दा सजग हुनुपर्ने प्रश्नोत्तर<br>• स्वमूल्याङ्कन र सहपाठी मूल्याङ्कन | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तालमा प्रदर्शन<br>• गीत तथा तालमा कसरत | • सामूहिक कार्य सिप,<br>• अनुशासन सिप, | • गीत वा तालमा ६ देखि १३ नं. सम्म पी.टी. बारम्बार अभ्यास गराउने | | |
| ९ | साधारण र स्थानीय खेलहरू | • साधारण खेलको परिचय<br>• साधारण खेलहरू (कुनै तीनओटा)<br>• स्थानीय खेलको सामान्य परिचय<br>• विभिन्न प्रकारका स्थानीय खेलहरू सङ्कलन तथा खेलाइ<br>• स्थानीय परिवेशअनुसार खेलाउन सकिने खेलहरू (कुनै तीनओटा) | • क्रियात्मक सिप,<br>• सिकाइ सिप,<br>• प्रयोग सिप,<br>• आत्मबल सिप,<br>• समय व्यवस्थापन सिप | • साधारण खेलको परिचयसहित सामान्य नियमहरू बताउने<br>• सिमाना बनाई खेलिने खेल र लखेटाइ खेलहरूको प्रदर्शन गरी अभ्यास गर्न लगाउने<br>• रमाइला स्थानीय खेलको खेलअनुसारका सामग्रीहरू उपलब्ध गराई नियमहरू बताउने<br>• स्थानीय खेलहरू निर्देशनविना नै आफैले खेल्ने र खेलाउने खेलहरूको प्रदर्शन गरी अभ्यास गराउने | • अभ्यास प्रक्रियामा पृष्ठपोषण दिँदै दोहोऱ्याउने<br>• अभ्यास र अभिलेख<br>• एकल र सामूहिक प्रस्तुति गर्ने<br>• स्वमूल्याङ्कन र सहपाठी मूल्याङ्कन<br>• खेलका साधारण नियमहरू बताउने | ५ |
| १० | बल खेलहरू | • (फुटबल) गोडाले बल ड्रिबल<br>-गोडाको भित्री भागबाट हनाइ<br>-गोडाको बाहिरी भागबाट हनाइ<br>• हातद्वारा बास्केट बल ड्रिबल र पासिङ,<br>• डजबल पासिङ, क्याचिङ र डजिङ | • क्रियात्मक सिप,<br>• प्रयोग सिप,<br>• समय व्यवस्थापन सिप,<br>• सामूहिक कार्य गर्ने सिप,<br>• अनुशासन सिप | • सहभागी विद्यार्थीहरूको समूह बनाई बल उपलब्ध गराउने<br>• (फुटबल) पासिङ, ड्रिब्लिङ र किकिङसम्बन्धी तरिका बताउँदै प्रदर्शन गरी देखाउने र अभ्यास गर्न लगाउने<br>• बास्केटबल ड्रिबल, हातले बल पासिङ र क्याचिङ समूहमा बल खेलको अभ्यास गराउने<br>• प्रत्येक समूहमा निर्देशनअनुसार तोकिएका बल खेलहरू फुटबल, बास्केटबल र डजबलको आधारभूत सिपहरू प्रर्दशन र स साना समूहमा अभ्यास गर्न | • अभ्यास प्रक्रियामा पृष्ठपोषण दिँदै दोहोऱ्याउने<br>• अभ्यास कार्यको अभिलेख<br>• एकल र सामूहिक प्रस्तुति गर्न<br>• स्वमूल्याङ्कन र सहपाठी मूल्याङ्कन<br>• खेलका नियमहरू बताउने | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • समूहमा फुटबल, बास्केटबल र डजबल खेल | | लगाउने<br>• अभ्यास प्रक्रियामा पृष्ठपोषण दिँदै दोहोऱ्याउन लगाउने | | |
| ११ | जिम्नास्टिक्स<br>क)पल्टनबाजी(ख)सन्तुलन कार्य | • अगाडि पल्टने, पछाडि पल्टने<br>• छेउबाट मुढाझैँ पल्टने र काँधले टेकेर पल्टने कार्यहरू<br>• शरीरलाई विभिन्न आकारमा सन्तुलन गराउने जस्तै : सारस उभाइ,<br>• गुच्चा र चम्चा दौड, टाउकामा पुस्तक राखी दौडने | • सहनशीलता सिप,<br>• सन्तुलन सिप,<br>• क्रियात्मक सिप,<br>• सिकाइ सिप,<br>• प्रयोग सिप,<br>• आत्मबल सिप,<br>• समय व्यवस्थापन सिप | • विद्यार्थीहरूलाई फाइलमा राख्दै पल्टनाजीका सजिला विभिन्न अभ्यासहरू गराउने<br>• शिक्षकले पल्टनबाजीका अभ्यास प्रदर्शन गरेर देखाउने<br>• पालैपालो फोम वा डसनामा कम्तीमा तीन पल्ट जति फ्रन्ट र ब्याक रोल तथा साइडरोल गराउँदै अभ्यास गराउने<br>• विद्यार्थीहरूलाई फाइलमा राख्दै पालैपालो गरी सन्तुलनका सारस उभ्याई अभ्यास गराउने<br>• शिक्षक वा टोली नेता विद्यार्थीहरूको सहयोगबाट प्रदर्शन गरेर देखाउने<br>• साथीहरूको सहयोगमा गुच्च र चम्चा दौड, टाउकोमा पुस्तक राखी दौडने जस्ता सन्तुलनका विभिन्न अभ्यासहरू गर्न लगाउने | • खेलका नियमहरू बताउने<br>• स्वमल्याङ्कन र सहपाठी मूल्याङ्कन<br>• अभ्यास र अभिलेख<br>• एकल र सामूहिक प्रस्तुति गर्ने | ४ |
| १२ | योग | • ताडासनको परिचय र अभ्यास<br>• त्रिकोणासनको परिचय र अभ्यास | • क्रियात्मक सिप,<br>• स्वव्यवस्थापन सिप,<br>• सहयोग सिप, सिप,<br>• स्वअनुशासन सिप | • विद्यार्थीहरूलाई अर्धगोलाकार वा पङ्क्तिमा राख्दै ताडासन र त्रिकोणासन योगका अभ्यासहरू गराउने<br>• शिक्षक वा टोली नेताले प्रदर्शन गरेर देखाउने र विद्यार्थीहरूलाई समूहमा अभ्यास गराउने<br>• दैनिक जीवनमा योग गर्नका लागि हौसला दिने | • पालै पालो ताडासन र त्रिकोणासन अभ्यास<br>• खेलका नियमहरू बताउने<br>• एकल र सामूहिक प्रस्तुति गर्ने | ६ |
| १३. | रेखाचित्र र रङ | • रेखा (Lines)<br>• आकार (Shape) | • सिकाइ सिप<br>• रचनात्मक सोच सिप | • विभिन्न प्रकारका आकृति भएका वस्तुहरू सङ्कलन गरी त्यसका त्यसका वाहिरी रेखा, वयन, आकारबारे परिचय दिने । सम्भव भएका यससम्बन्धी जानकारी | • विभिन्न प्रकारका आकृतिहरूको रेखाङ्कन गर्ने<br>• रेखाचित्र बनाउँदा वयन, | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • वयन (Texture)<br>• बुट्टा (Patern)<br>• टोन(Tone)<br>• व्यक्तिगत र कल्पनामा आधारित चित्र<br>• ढाँचा र स्वरूप ( Pattern & design)<br>• पुनरावृत्ति भएका र नभएका बुट्टा ( repetation & non repetation)<br>• बयन (texture), टोन (tone) सम्बन्धी रङको प्रयोग<br>• अवलोकन गरिएका चित्रमा पेन्ट र रङ | • प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>सहकार्य सिप | दिनका लागि मल्टिमिडियाको प्रयोग गरी अवधारणा प्रस्ट पार्ने<br>• बोर्ड वा कपीमा विभिन्न किसिमका रेखा, आकार, आकृतिको अभ्यास गराउने<br>• कक्षाकोठाभित्र तथा बाहिरका विभिन्न प्रकारका वस्तुहरूको अवलोकन गराउने र तीमध्ये आफूलाई मन पर्ने वस्तुको चित्र बनाउन लगाउने<br>• बुट्टाहरू अवलोकन गरी पुनरावृत्ति भएका र पुनरावृत्ति नभएका आकारबारे छलफल गरी अभ्यास गराउने<br>• विभिन्न प्रकारका सामग्रीहरू प्रदर्शन गरी त्यसको बयन (Texture: चिल्लो, खस्रो जस्ता) बारे जानकारी गराउने<br>• विभिन्न वस्तुहरू को अवलोकनपश्चात् विद्यार्थीलाई आफूलाई मनपर्ने वस्तु, दृश्यको चित्र बनाउन लगाई उपयुक्त मिल्दो रङ भर्न लगाउने<br>• बनाइएका चित्रहरूमध्ये उपयुक्त चित्रहरू संयोजन गरी चित्र बनाउन लगाउने र अन्तमा भित्ता वा कपडामा सामूहिक रूपमा कार्य गर्न लगाउने | आकार, बुट्टा बनाउने<br>• पुनरावृत्ति भएका र नभएका बुट्टा छुट्याउने<br>• रेखाङ्कन गरिएका स्केचमा प्रयोग भएका वयन, आकार, बुट्टा पहिचान गर्ने<br>• अवलोकन गरिएका वस्तुको चित्र निर्माण गर्ने | |
| १४. | छपाइ कार्य र माटाको काम | • काठबाट छपाइ ( wood print)<br>• खप्टयाएर छपाइ ( Over lapping printing)<br>• स्टेन्सिल (Stencil)<br>• माटाबाट थप्दै जाने ( additive) विधिबाट आकृति निर्माण<br>• माटो झिक्ने वा निकाल्ने विधि ( | • सिकाइ सिप<br>• रचनात्मक सोच सिप<br>• प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप | • काठ वा अन्य वस्तुहरू सङ्कलन गरी अवलोकन ( रेसा, बयन) र छलफल गर्ने र काठमा भएका रेसाहरूको माध्यमबाट छपाइ गर्न लगाउने<br>• छपाइ गरिसकेपछि त्यसमाथि पुन छपाइ गरी विभिन्न आकृति निर्माण गर्न सकिन्छ भन्ने कुरा विभिन्न कार्ड विवाह, भिजिटिङ, जन्मदिन कार्ड जस्ता कार्डको अवलोकन गराई अभ्यास गराउने<br>• स्टेन्सिल विधिबाट छपाइ गर्नका लागि आवश्यक सामग्रीहरू जस्तै बाक्लो कागज, कैँची वा चक्कु, रङलाई समूह समूहमा वितरण गर्ने र स्टेन्सिल विधिबाट छपाइ गर्ने तरिका नमुना प्रदर्शन गरी | • काठमा भएका विभिन्न रेसा, बयनको पहिचान गर्ने<br>• खप्ट्याउने तरिकाबाट छपाइ गर्ने<br>• स्टेन्सिलको परिचय दिन लगाएर<br>• स्टेन्सिल विधिबाट छपाइ गर्ने तरिका बताउन लगाएर<br>• स्टेनसिल काट्न लगाएर<br>• स्टेन्सिल विधिबाट | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | Substrative /relief method) बाट वस्तु निर्माण | | छलफल गराउने<br>• बाक्लो कागजमा विद्यार्थीहरूलाई मन पर्ने आकृति वा बुट्टा बनाउन लगाउने र कैँची वा चक्कुले काटेर स्टेन्सिल बनाई उक्त स्टेन्सिलबाट छपाइ कार्य गर्न लगाउने<br>• थप्ने विधि र झिक्ने विधिबाट माटाको विभिन्न वस्तुहरू निर्माण गरेको कुरा भिडियो वा चित्रबाट अवलोकन गराउने र यी विधिहरूको परिचय दिने<br>• आफूलाई आवश्यक नभएको माटालाई चक्कु वा बाँसको कप्टेरोका सहयोगबाट विस्तारै हटाउने र वस्तुमा बुट्टा वा आकृति बनाउन लगाउने<br>• राम्ररी मुछिएको माटालाई सम्म पार्ने र आफूलाई मने वस्तुको आकृति कोर्न लगाई आवश्यक पर्ने माटो थप्ने र अनावश्यक माटालाई झिकेर माटाबाट कुनै वस्तुको मोडेल तयार गर्न लगाउने | शुभकामना कार्ड बनाउन लगाएर<br>• थप्ने र हटाउने वा झिक्ने विधिबाट माटाको मोडेल बनाएको अवलोकन गरेर<br>• माटाबाट बनेको आकृतिको बनोट अवलोकन गरेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५. | निर्माण कार्य | • कागजलाई काटेर वा पट्याएर वस्तुको नमुना निर्माण<br>• कोलाज विधिबाट वस्तु निर्माण<br>• दुई फरक फरक रङका बाक्लो किसिमका कागजको पट्टी काटी साधारण चोया बुन्ने किसिमले तलमाथि गरी बुनाइ गर्ने कार्य<br>• स्थानीय क्षेत्रमा पाइने लचकदार वस्तुहरू ( नरिवलका पात, घाँस, उखुको पत्ता, धागो, प्लास्टिक) बाट बुनाइ | • सिकाइ सिप<br>• रचनात्मक सोच सिप<br>• प्रयोग सिप<br>• स्वतन्त्र सिकाइ सिप<br>• सहकार्य सिप | • कागजलाई काटेर वा पट्याएर कुनै वस्तुको नमुना निर्माण गर्ने विधि प्रदर्शन गरी विद्यार्थीहरूलाई मन पर्ने वस्तु जस्तै : फूल, डुङ्गा, चरा आदि बनाउन लगाउने<br>• विद्यार्थीहरूलाई आफूलाई मन परेको आकृति वा विषयवस्तु सम्झेर कागज च्यातेर/काटेर सादा वा एकै रङ्गको रङ्गीन कागजमा सो आकृति टाँस्न लगाउने<br>• कोलाज चित्रका लागि उपयुक्त वस्तुहरूको सूची तयार गर्न लगाउने र खोज्न लगाउने<br>• सङ्कलन गरिएका वस्तुहरूबाट कागजमा कोलाज चित्र तयार गर्न लगाउने<br>• चोयाबाट निर्माण भएका वस्तुहरू (जस्तै : नाङ्लो, डालो, घुम आदि) को अवलोकन गराई बुनाइ कार्य गर्न प्रेरित गर्ने<br>• दुई फरकफरक रङका बाक्लो कागजका पट्टी काट्न लगाई त्यसबाट बुनाइ कार्य गर्न लगाउने<br>• स्थानीय क्षेत्रमा उपलब्ध वस्तुहरू (जस्तै : नरिवलका पात, घाँस, उखुको पात, पराल आदि) सङ्कलन गर्न लगाउने र सोही कच्चा पदार्थबाट नयाँ वस्तुको निर्माण गर्न लगाउने<br>• बुनाइ क्रियाकलापमा आवश्यक पर्ने वस्तुहरू जस्तै : कैँची, चक्कु, बाक्लो रङ्गीन कागज, पेन्सिल, स्केल आदिको व्यवस्था गर्ने<br>• सङ्कलित गरिएका वस्तुहरूबाट विभिन्न प्रकारका बुनाइ कार्य गराउने | • कोलाज विधिबाट वस्तुको आकृति निर्माण गर्ने<br>• ओरीगामी वा किरीगामीबाट कुनै वस्तुको नमुना निर्माण गर्ने<br>• स्थानीय खेर गएका वस्तुबाट बुनाइ गर्ने | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | गायन | • राष्ट्रिय गान<br>• कक्षागत गीत<br>• बालगीत<br>• स्थानीय गीत (कुनै दुईओटा)<br>• स्वर अभ्यास :<br>आरोह र अवरोह दुवैमा अभ्यास :<br>आरोह : सारेगमपधनिसां<br>अवरोह : सांनिधपमगरेसा<br>आरोह : सारेगम, रेगमप, गमपध, मपधनि, पधनिसां<br>अवरोह : सांनिधप, निधपम, धपमग, पमगरे, मगरेसा<br>आरोह : साग, रेम, गप, मध, पनि धसां<br>अवरोह : सांध, निप, धम, पग, मरे गसा<br>आरोह : साम, रेप, गध, मनि पसां<br>अवरोह : सांप, निम, धग, परे मसा<br>• केही प्रचलित चाडपर्वसँग सम्बन्धित गीतहरूको धुनमा अभ्यास (दसैँ, तीज, भैलो, होली : औँला र | • सिकाइ सिप<br>• प्रयोग सिप<br>• आत्मबल<br>• समय व्यवस्थापन<br>• स्वतन्त्र सिकाइ<br>• सञ्चार<br>• सहयोग<br>• सक्रियतापूर्वक सुन्ने<br>• सांस्कृतिक सिप<br>• विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ सिप | • साधारण लय (गति) मा ४।४, ६।६ र ८।८ गन्ती गर्दै ताली पिट्ने अभ्यास गराउने<br>• मोबाइल वा अन्य विद्युतीय उपकरणबाट राष्ट्रिय गान सुनाउने र सोहीअनुसार पुरै कक्षा र समूह समूहमा गाउन लगाउने<br>• मोबाइल वा अन्य विद्युतीय उपकरणबाट कक्षागत गीत सुनाउने र कक्षागत गीतलाई लय मिलाई पहिलो चरणमा संयुक्त रूपमा, दोस्रो चरणमा समूह समूह र अन्तमा एक्लाएक्लै गाउन लगाउने र आवश्यक पृष्ठपोषण दिने<br>• पाठ्यपुस्तकमा भएका बालगीतहरूलाई लयमा गाउन अभिप्रेरित गर्ने र उपयुक्त लयमा भाका मिलाइ गाउने<br>• विद्यार्थीहरूलाई उपयुक्त लयमा समूह र एक्लाएक्लै गाउन लगाउने<br>• कुनै दुई स्थानीय गीत ताली पिट्दै सस्वर शिक्षकले गाउने र विद्यार्थीहरूलाई सुन्न लगाउने र सोहीअनुसार विद्यार्थीहरूलाई समूह र एक्लाएक्लै गाउन लगाउने<br>• हार्मोनियमबाट निस्कने स्वरहरूको (आरोह : सारेगमपधनिसां र अवरोह : सांनिधपमगरेसा) स्वर अभ्यास गराउने (सुरुमा शिक्षकले मात्र त्यसपछि संयुक्त र अन्तमा समूह समूहमा)<br>• दुई दुई स्वरहरूको आरोह र अवरोह अभ्यास गराउने ( जस्तै : आरोह : सासा, रेरे...... र अवरोह : सांसां, निनि...। एवम् क्रमले तीन तीन, चार चार स्वहरूको पुनरावृत्ति गराउने ।<br>• तीन तीन, चारचार स्वरहरूको आरोह र अवरोहमा अभ्यास गराउने ।(जस्तो : आरोह : सारेग, रेगम, गमप.... र अवरोह : सांनिध, निधप.. ) आरोह : सारेगम, रेगमप, ..... र अवरोह : सांनिधप, निधपम.. आदि )<br>• एक स्वर छोडी स्वर अभ्यास गराउने । जस्तो : आरोह : साग, रेम, गप, मध,पनि, धसां, अवरोह : सांध, निप,धम, पग, मरे, गसा<br>• दुई दुई स्वर छोडी स्वर अभ्यास गराउने । जस्तै : आरोह | • समूहमा राष्ट्रिय गाउने<br>• समूह तथा एक्लाएक्लै कक्षागत गीत, बालगीत र स्थानीय गीत गाउने<br>• गीतका शब्दहरू भाका मिलाई गाउने<br>• हार्मोनियमबाट निस्कने स्वरहरूको अभ्यास गर्ने | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | धुनमा अभ्यास) | | : साम, रेप, गध, मनि, पसां र अवरोह : सांप, निम, धग, परे, मसा<br>• केही प्रचलित चाडपर्वसँग सम्बन्धित गीतहरू (दसैं, तीज, होली, देउसी, भैलो) मा धुनमा अभ्यास गराउने | | |
| १७ | ताल र वादन | • लयमा गन्ती र ताली<br>• कहरवा, ख्याली र झ्याउरे तालमा बजाउने अभ्यास<br>• स्थानीय बाजाहरूको पहिचान र कुनै दुई स्थानीय ताल वादन अभ्यास | • सिकाइ सिप<br>• प्रयोग सिप<br>• आत्मबल,<br>• समय व्यवस्थापन<br>• स्वतन्त्र सिकाइ<br>• सञ्चार<br>• सहयोग<br>• सक्रियतापूर्वक सुन्ने<br>• सांस्कृतिक सिप<br>विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ सिप | • साधारण लय (मध्य) मा शिक्षकले ताली बजाउने र विद्यार्थीहरूलाई सोही गतिमा ताली बजाउन लगाउने<br>• समूह र एक्लाएक्लै ६।६ र ८।८ गन्तीमा ताली बजाउने अभ्यास गराउने<br>• झ्याउरे, कहरवा र ख्याली तालमा आधारित गीतहरूको उदाहरण प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई तालको पहिचान गर्न लगाउने<br>• झ्याउरे (घि न ति ना घि ना) कहरवा (धा गे न ति न क धि ना) र ख्याली तालको बोल (फत् फत् नक झ्याम, घीन घीन तक ताम अथवा धिंऽनति नकधिंना) र मात्राको जानकारी गराउने र उक्त तालको बोल बोलेर सुनाई अभ्यास गराउने<br>• तबला वा ढोलकबाट कहरवा र मादलबाट झ्याउरे र ख्याली तालमा बजाउने तरिका प्रदर्शन गर्ने र सोहीअनुसार विद्यार्थीहरूलाई बजाउने अभ्यास गराउने<br>• स्थानीय रूपमा बजाउने बाजाहरूको सूची तयार पार्न लगाउने/पार्न लगाउने र तीमध्ये कुनै दुई स्थानीय बाजा बजाउने तरिका प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई अभ्यास गराउने | • समूह तथा एक्लाएक्लै ताली बजाउने<br>• झ्याउरे, कहरवा, ख्याली र असारे ताल बजाउने<br>• ताल बाजाको बोल सुनाउने | ४ |
| १८ | नृत्य र अभिनय | • बालगीत : ताल, हात र खुट्टा चाल्दै नृत्य (कुनै दुई बालगीत)<br>• एकल, युगल र समूहमा नृत्य<br>• कक्षागत गीत तथा | • सिकाइ सिप<br>• प्रयोग सिप<br>• आत्मबल,<br>• समय व्यवस्थापन<br>• स्वतन्त्र सिकाइ | • समूहमा ६।६ र ८।८ गन्तीमा ताली बजाउने अभ्यास गराउने<br>• शिक्षकले ६।६ र ८।८ गन्तीमा तालीसहित हात र खुट्टा ताल मिलाई अभ्यास गर्ने तरिका प्रदर्शन गर्ने र समूहमा अभ्यास गर्न लगाउने<br>• कक्षागत गीतको भावअनुसार विद्यार्थीहरूलाई नृत्य गर्ने तरिका प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई समूहमा | • बालगीतमा नृत्य गर्ने<br>• कक्षागत गीतमा ताल मिलाई हाउभाउसहित नृत्य गर्ने<br>• नृत्य तथा अभिनय गर्ने<br>• समूह र एक्लाएक्लै | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थानीय गीतमा हाउभाउसहित ताल मिलाई नृत्य<br>• अभिनयात्मक प्रस्तुति<br>• स्थानीय लोकनृत्यका मुद्राहरूको पहिचान | • सञ्चार<br>• सहयोग<br>• सक्रियतापूर्वक सुन्ने<br>• सांस्कृतिक सिप<br>• विविधताको सम्मान र अन्तरसांस्कृतिक कुभाइ सिप | अभ्यास गराउने<br>• कुनै एक स्थानीय गीत पहिचान गर्न लगाउने र सोही गीतमा हाउभाउसहित ताल मिलाई नृत्य गर्ने अभ्यास गराउने<br>• विद्यार्थीहरूलाई आफूले सिकेका बालगीतलाई समूहमा मिलाई हात र खुट्टा चाल्दै नृत्य गर्न लगाउने र आवश्यक पृष्ठपोषण दिने<br>• कुनै कथावस्तुमा आधारित भई एउटा अभिनय प्रस्तुत गर्ने ।<br>• सामूहिक रूपले विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा भएका कथावस्तुहरूलाई (समूह र एक्लाएक्लै) अनिभयद्वारा प्रस्तुत गर्न लगाउने | अभिनय गर्ने<br>• सामूहिक तथा एकल नृत्य प्रस्तुति | |
| | | | | | जम्मा | ९६ |

## ५. प्रयोगात्मक/परियोजना कार्यका लागि सम्भावित क्रियाकलापहरू

**कक्षा ४**

१. कक्षाका सबै विद्यार्थीहरू आवश्यक समूहमा विभाजन भई एकअर्काको नङ, दाँत, पोसाक तथा अन्य सम्पूर्ण सरसफाइको अवस्था अवलोकन गर्नुहोस् र दिइएको तालिकामा प्रस्तुत भर्न लगाउनुहोस् ।

| समूह ... | सरसफाइको अवस्था | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | दाँत | नङ | पोसाक | कपाल | हातगोडा तथा शरीर | |
| | | | | | | |

२. शरीरका विभिन्न भागहरूको सरसफाइमा प्रयोग गरिने सामग्रीहरूको प्रयोग गरी विभिन्न भागहरूको सफाइ प्रदर्शन गर्नुहोस् ।

३. घर तथा विद्यालय वरपर रहेका फोहोरहरूको नमुना सङ्कलन गर्नुहोस् र त्यस्ता फोहोरहरूलाई कुहिने र नकुहिने आधारमा वर्गीकरण गरी उचित व्यवस्थापन गर्नुहोस् ।

४. शौचालयमा आवश्यक पर्ने सामग्रीहरूको सूची तयार गरी आफ्नो विद्यालयको शौचालयमा त्यस्ता सामग्रीहरू रहे नरहेको अवलोकन गरी रेजा फाराम भर्नुहोस् ।

**रुजुसूचीको नमुना**

| आवश्यक सामग्रीहरू | भएको | नभएको |
|---|---|---|
| • पानी<br>• बाल्टिन<br>• ब्रस<br>• मग<br>• हार्पिक/फिनेल<br>• साबुन<br>• डस्टबिन/प्याड बिन<br>• ढोकामा चुकुल<br>• टावेल<br>• ऐना<br>• अन्य | | |

५. शिक्षकको सहयोगमा पाँच पाँच जनाको समूह बनाई शक्ति दिने, शरीर वृद्धि गर्ने र शरीर रक्षा गर्ने खानाको चित्र बनाउनुहोस् र कक्षामा टाँस्नुहोस् ।

६. तपाईंले एक महिनासम्म खाने खाजा र खानामा प्रयोग गरेका खाद्यपदार्थहरू स्वस्थकर वा अल्पपोषक कस्ता प्रकृतिका छन् । दैनिक अभिलेख राखी शिक्षकलाई देखाउनुहोस् ।

७. रोग लाग्नबाट बच्न तपाईं आफ्नो व्यवहारमा कस्तो परिवर्तन ल्याउनुहुन्छ । उल्लेख गरी शिक्षकको सहयोगमा प्रतिवेदन तयार गर्नुहोस् ।

प्रतिवेदनको ढाँचा

१. शीर्षक :

२. उद्देश्य :

३. हालको व्यवहार (पाँचओटा) : परिवर्तन गरिएका व्यवहार (पाँचओटा) :

४. निष्कर्ष :

८. तपाईंको विद्यालय तथा समुदायमा गत एक महिनामा देखा परेका सरुवा रोगहरूको नाम लेखी त्यस्ता रोगहरू सर्ने माध्यम र रोकथामका उपायहरू को चार्ट तयार पार्नुहोस् ।

९. तपाईंको परिवार तथा छिमेकमा कसैलाई नसर्ने प्रकृतिको रोग लागेको हुन सक्छ । आफ्नो अभिभावकहरूसँग सोधेर/छलफल गरी लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. तल उल्लेख गरिएका दुर्घटना तथा चोटपटकहरूबाट बच्न तपाईं कस्तो उपायहरू अपनाउनुहुन्छ ?

| दुर्घटनाका प्रकार | सुरक्षाका उपायहरू |
|---|---|
| १ सडक प्रयोग गर्दा हुने दुर्घटना | |
| २ खेल मैदानमा हुने दुर्घटना | |
| ३ करेन्ट लागेर हुने दुर्घटना | |
| ४ भऱ्याङ तथा कक्षाकोठामा हुने दुर्घटना | |

११. तपाईंको विद्यालयमा रहेको प्राथमिक उपचार बाकस शिक्षकको सहयोगमा अवलोकन गर्नुहोस् र त्यस बाकसमा भएका सामग्रीहरूको नाम लेखी प्रयोग गर्ने तरिकाको चार्ट तयार गर्नुहोस् ।

१२. घाउचोटपटकको प्राथमिक उपचार गर्न आवश्यक पर्ने सामग्रीहरूको सूची तयार गरी प्रत्येकको कामको चार्ट तयार गर्नुहोस् ।

१३. विद्यालय धूमपान निषेधित क्षेत्र हो । उक्त कुरा जानकारी गराउन धूमपान निषेधको साङ्केतिक चित्र बनाई विद्यालय बाहिर सबैले देख्ने ठाउँमा टाँस गर्नुहोस् ।

१४. धूमपानको कुलतबाट बच्न नाइँ भन्ने सिपको विकास गर्न तथा धूमपानका असरहरूका बारेमा जानकारी गराउन विद्यार्थीहरूको समूह बनाई अभिनय अभिनय गर्नुहोस् ।

१५. आफ्नो गाउँ टोलका मानिसहरूले स्वस्थ रहन गर्नुपर्ने शारीरिक क्रियाकलापहरू टिपोट गरी कक्षा कोठामा साथीहरूलाई सुनाउनुहोस् ।

१६. झुन्डिने, चढ्ने र झर्ने स्थिर अवस्थाका सिपहरू लाई नियमहरूको पालना गरी प्रदर्शन गर्नुहोस् ।

१७. तपाईंको समुदायमा खेलिने विभिन्न साधारण तथा स्थानीय खेलहरू को सूची बनाई त्यसका नियम तथा खेल्ने तरिकाहरू भित्ते चार्टमा लेखी अभ्यास गर्नुहोस् ।

१८.फुटबल र बास्केट बल खेल्नको लागि आवश्यक सामग्री तयार गरी आधारभूत सिपहरू प्रदर्शन गर्नुहोस् ।

१९. सामान्य जिम्नास्टिक (पल्टनबाजी र सन्तुलन) प्रदर्शन गर्नुहोस् ।

२०. बज्रासन र मर्कटासन योग गर्ने तरिकालाई प्रदर्शन गर्नुहोस् ।

२१. ज्यामितीय आकारहरूको प्रयोग आफूलाई मनपर्ने कुनै ५ओटा वस्तुको चित्र बनाई उपयुक्त रङ भर्नुहोस् र प्रयोगात्मक पुस्तिकामा अभिलेखीकरण गर्नुहोस् ।

२२. कागजलाई पट्याएर वा काटेर आफूलाई मन पर्ने कुनै दुईओटा वस्तुको नमुना निर्माण गर्नुहोस् ।

२३. आलु, फर्सी, मुला आदिमा कुनै वस्तुको आकृति कोरी रङ छर्कनुहोस् र छपाइ गर्नुहोस् । वा पात, सिक्कामा रङ छर्केर छपाइ गर्नुहोस् र प्रयोगात्मक पुस्तिकामा अभिलेखीकरण गर्नुहोस् ।

२४. खेर फालिएका वस्तुहरू (तारका टुक्रा, काजग, सिन्का, माटो, कागजको बट्टा) को प्रयोग गरी मन पर्ने वस्तुको नमुना तयार पार्नुहोस् ।

२५. लयमा कक्षागत, राष्ट्रिय गान, स्थानीय लोकगीतहरूको अभ्यास गर्नुहोस् । यी क्रियाकलापबाट भएका सिकाइहरू प्रतिविम्बन गर्नुहोस् ।

२६. कुनै एक ताल बाजा र एक सुर बाजा (हार्मोनियम) बजाउने अभ्यास गर्नुहोस् र सिकाइलाई प्रतिविम्बन गर्नुहोस् ।

२७. गायन र वादनको आधारमा नृत्यका सिपहरूको प्रयोग गरी लोकनृत्य गर्नुहोस् । लोकनृत्य गर्न आवश्यक पर्ने सिपहरू को सूची तयार पार्नुहोस् ।

**कक्षा ५**

१. कक्षाका सबै विद्यार्थीहरूलाई आवश्यक समूहमा विभाजन गरी साथीसाथीबिच एक अर्काको आँखा, नाक, कान, छाला, जिब्रो/मुखको सरसफाइको अवस्था अवलोकन गरी दिइएको तालिकामा श्रेणी विभाजन गर्नुहोस् ।

| शरीरका अङ्गहरू | सरसफाइको अवस्था | | |
|---|---|---|---|
| | न्यून (कहिलेकाहीँ मात्र) १ | मध्यम (धेरै जसो) २ | उत्तम (नियमित) ३ |
| नाक | | | |
| कान | | | |
| आँखा | | | |
| छाला | | | |
| जिब्रो/मुख | | | |

२. शिक्षकको सहयोग लिई आराम, निद्रा र व्यायाम गर्ने सिपहरू तथा क्रियाकलापहरू प्रदर्शन गर्नुहोस् ।

३. प्रत्येक विद्यार्थीले आआफ्नो घरमा प्रयोग गर्ने पानी कसरी शुद्धीकरण गरिएको छ । शुद्धीकरण गर्ने प्रक्रियालाई चित्रसहित प्रस्तुत गर्नुहोस् र पानी शुद्धीकरण गर्ने अन्य विधिहरू शिक्षकको सहयोग लिई थप टिपोट गर्नुहोस् ।

४. तपाईंको समुदायमा उत्पादन भएका फोहोरहरूलाई कसरी पुनः प्रयोग गर्न सकिन्छ ? एक एकओटा नमुना कक्षामा प्रस्तुत गनुहोस् । जस्तै : कोक/फेन्टाका बोतलहरू काटेर फूल रोप्ने, सजावटका सामग्रीहरू बनाउने । कागज तथा कुटका बट्टा तथा बाकसहरूलाई पेन्सिल बक्स, डस्टबिन जस्ता सामग्रीहरू

५. विद्यार्थीहरूको उपयुक्त समूह बनाई शक्ति दिने, शरीर वृद्धि गर्ने र शरीर रक्षा गर्ने खानाहरूको चित्र बनाई शिक्षकलाई देखाउनुहोस् ।

६. खानामा भएका पोषण तत्त्वहरू संरक्षण गर्ने तरिका कार्डबोर्डमा लेखी कक्षामा टाँस्नुहोस् ।

७. तपाईंले बिहानको खानामा के के खानेकुराहरू खानुभयो नाम लेखी कुन खानामा के पोषक तत्त्व पाइन्छ, चार्ट बनाई प्रस्तुत गर्नुहोस् ।

८. शिक्षकको सहयोगमा तपाईंको विद्यालय वा समुदायको नजिकमा रहेको कुनै एक स्वास्थ्य संस्थाको अवलोकन गरी त्यसले गर्ने कार्यहरूका सम्बन्धमा तलका विषयवस्तुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

स्वास्थ्य संस्थाको नाम :

उद्देश्य :
स्थापना :

स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाहरू

१.

२.

३.

निष्कर्ष :

९. अभिभावकको सहयोग लिई किराको टोकाइबाट लाग्ने कुनै तीनओटा रोगहरूको नाम लेखी कुनै एक रोगको लक्षण तथा त्यसबाट बच्ने उपायहरू लेखेर शिक्षकलाई देखाउनुहोस् ।

तल उल्लेख गरिएका दुर्घटनाहरू भएमा तपाईं कस्ता प्राथमिक उपचार गर्नुहुन्छ ? लेख्नुहोस् ।

| दुर्घटनाका प्रकार | प्राथमिक उपचार |
|---|---|
| १ सडक दुर्घटना | |
| २ आगाले पोल्नु | |
| ३ कुकुरले टोक्नु | |

१०. ट्राफिक लाइटको चित्र बनाई प्रत्येक सङ्केत लाइटको अर्थ लेख्नुहोस् ।

११. शिक्षकको सहयोग लिई कुनै पाँचओटा ट्राफिक सङ्केत चिह्नहरूको चित्र बनाई अर्थ लेख्नुहोस् ।

१२. मानौँ तपाईंको एक साथी मद्यपानको कुलतमा लागेको छ । उसलाई त्यस्तो कुलतबाट छुटाउन कुनै तीनओटा उपायहरू लेखी शिक्षकलाई देखाउनुहोस् ।

१३. तपाईंको छिमेकमा मद्यपानका कारण कस्ता समस्याहरू देखा परेका छन् ? ती समस्याहरूको सूची बनाई समाधानका उपायहरूलाई चार्टद्वारा देखाउनुहोस् ।

१४. ७५ मिटरको दौड प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

१५. हाईजम्प र लङजम्प गर्नको लागि आवश्यक पर्ने सामग्रीसहित खेल मैदान तयार गरी अभ्यास गर्नुहोस् ।

१६. गोडाचाल, अड र छिटो हिँड जस्ता कार्यहरू गर्दा ध्यानदिनुपर्ने कुराहरूको सूची तयार गरी कवाज प्रदर्शन गर्नुहोस् ।

१७. तपाईंको समुदायमा खेलिने विभिन्न रमाइला तथा स्थानीय खेलहरूमध्ये कुनै तीनओटा खेलका नियम तथा खेल्ने तरिकाहरू खोजी गरी एकआपसमा खेल्नुहोस् ।

१८. बास्केट बल र डच बल खेल्नको लागि आवश्यक सामग्री तयार गरी आधारभूत सिपहरू प्रदर्शन गर्नुहोस् ।

१९. सामान्य जिम्नास्टिक (पल्टनबाजी र सन्तुलन) प्रदर्शन गर्नुहोस् ।

२०. ताडासन र त्रिकोणासनको अभ्यास गर्नुहोस् र ती आसनहरू अभ्यास गर्दा अपनाउनुपर्ने उपायहरू भित्ते चार्टमा टिपोट गरी कक्षा कोठामा टाँस्नुहोस् ।

२१. विद्यालय तथा घर वरपर देखिएका वस्तुहरूमध्ये कुनै पाँचओटा वस्तुको चित्रकोरी उपयुक्त रङ भर्नुहोस् ।

२२. कागजलाई पट्याएर वा काटेर आफूलाई मन पर्ने कुनै तीनओटा वस्तुको नमुना निर्माण गर्नुहोस् ।

२३. स्टेन्सिल विधिबाट वस्तुको छपाइ गरी कक्षामा प्रस्तुत गर्नुहोस् र अभिलेखीकरण पुस्तिकामा राख्नुहोस् ।

२४. माटाबाट विभिन्न वस्तुको नमुना बनाउने विधिहरू प्रयोग गरी कुनै तीनओटा नमुना तयार गर्नुहोस ।

२५. वरपर पाइने खेर गएका वस्तुको प्रयोग गरी कुनै पाँचओटा वस्तुको नमुना निर्माण गर्नुहोस् ।

२६. लयमा कक्षागत, राष्ट्रिय गान, स्थानीय लोकगीतहरूको अभ्यास गर्नुहोस् । यी क्रियाकलापबाट भएका सिकाइ प्रतिविम्बन गर्नुहोस् ।

२७. कुनै एक ताल बाजा र एक सुर बाजा (हार्मोनियम) बजाउने अभ्यास गर्नुहोस् र सिकाइलाई प्रतिविम्बन गर्नुहोस् ।

२८. गायन र वादनको आधारमा नृत्यका सिपहरू को प्रयोग गरी लोकनृत्य गर्नुहोस् । लोकनृत्य गर्न आवश्यक पर्ने सिपहरू को सूची तयार पार्नुहोस् ।

## ६. सिकाइ सहजीकरण प्रक्रिया र विधि

पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि पूरा गराउन अपनाउन सकिने विधि र तरिकाहरू सिकाइ सहजीकरणमा पर्दछन् । सिकाइ सहजीकरण गर्दा सामग्रीको रूपमा वास्तविक ठोस वस्तुहरू, श्रव्य सामग्रीहरू, दृश्य सामग्रीहरू र श्रव्यदृश्य सामग्रीहरूको प्रयोग गरी विद्यार्थी केन्द्रित विधि र तरिकाहरू अपनाउनुपर्ने हुन्छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाका सिकाइ उपलब्धिहरूलाई हासिल गर्नका लागि निम्नलिखित विधि तथा प्रक्रियालाई ध्यान दिई सिकाइ सहजीकरण क्रियाकलाप तय गर्नुपर्दछ ।

- स्वास्थ्य, शारीरिक र सिर्जनात्मक कला व्यावहारिक विषय भएकाले शिक्षकले पथ प्रदर्शक, सहजकर्ता र उत्प्रेरक भूमिका अवलम्बन गर्नुपर्छ । यो विषय सहजीकरण गर्दा बालबालिकामा भएको अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्नका लागि उपयुक्त वातावरण बनाई एकआपसमा अन्तरक्रिया, सहकार्य र सहयोगात्मक सिकाइ विधि अवलम्बन गर्नुपर्छ ।

- बालबालिकालाई समूह छलफल, सहभागिता र प्रश्नोत्तर जस्ता सिकाइ विधिलगायत अन्य नवीनतम विधि र रणनीतिको प्रयोग गरी विद्यार्थीलाई 'गरेर सिक्ने' अवसरहरू प्रदान गर्नुपर्दछ ।

- कुनै पनि विषयवस्तुमा अवधारणा विकास गर्दा वा विषयवस्तु सुरु गर्दा कुनै वस्तुको चित्र, उदाहरण, विद्यार्थीका अनुभव, घटना इत्यादिबाट सुरु गर्नुपर्दछ । सिकाइ क्रियाकलापमा सहभागी भई विषयवस्तु सिकाइका क्रममा व्यवहारकुशल सिपहरू विकास हुँदै जाने गरी सिकाइ विधि, प्रक्रिया र क्रियाकलापहरू छनोट तथा संयोजन गर्नुपर्छ ।

- शिक्षकले सम्भव भएसम्म स्थानीय तहमा उपलब्ध हुने कम मूल्य र मूल्य नपर्ने ठोस सामग्रीहरू, विद्यार्थी र शिक्षकनिर्मित सामग्रीहरू, समुदायबाट सङ्कलित सामग्रीहरू तथा समुदाय उपलब्ध स्रोतव्यक्तिहरूको माध्यमबाट सिकाइ सहजीकरण गर्नुपर्छ ।

- कुनै पाठ तथा एकाइ शिक्षणपश्चात् प्राप्त गर्नुपर्ने उपलब्धिमा आधारित भई विद्यार्थीको परीक्षण गर्ने र परीक्षणको नजिताका आधारमा सिकाइमा कमजोर देखिएका विद्यार्थीलाई सुधारात्मक सिकाइ क्रियाकलापमा सहभागी गराई उनीहरूकै गतिमा सिकाइ गर्ने र सुधार गर्ने अवसर प्रदान गर्नुपर्दछ । प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमशः माथिल्लो स्तरमा जान सक्ने बनाउन सहयोग गर्नुपर्छ ।

- स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला सहजीकरण गर्न तपसिलका विधि, रणनीति, तरिकाहरू अवलम्बन गर्न सकिने छ । छनोट गरिएका विधि, रणनीति, तरिकाहरू , प्रक्रिया तथा क्रियाकलापहरूमा सबै विद्यार्थीलाई सक्रिय बनाउने, सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ ।

- सिकाइ सहजीकरणका लागि प्रदर्शन, परियोजना कार्य, छलफल, समस्या समाधान, स्थलगत भ्रमण, सर्वेक्षण, भूमिका निर्वाह/ अभिनय, खेल विधि, प्रयोगात्मक, कथाकथन, सहभागितात्मक, प्रश्नोत्तर, व्याख्यान विधि विधिमध्ये आवश्यकता र उपयुक्तताका आधारमा एक वा एकभन्दा बढी विधि प्रयोग गर्न सकिन्छ । सिकाइ सहजीकरणका क्रममा सोच्ने, जोडी बनाउने र अनुभव आदानप्रदान गर्ने, मस्तिष्क मन्थन गर्ने, जिग्स, ग्राफिटी, राउन्ड टेबल, ग्यालरी हिडाइ जस्ता क्रियाकलापहरू उपयोगी हुन्छन् ।

## ७. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका

तरिका  प्रयोग गर्न सकिन्छ । यसका लागि रुजुसूची श्रेणी मापन लगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ ।

### ७.१ निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग

| क्र.स. | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स/श्रेणी मापन | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स/श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ । |
| २ | व्यवहार अवलोकन फारम | गणितका प्रक्रियागत सिपहरूको मूल्याङ्कन, पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने सिप तथा तिनको प्रयोग र व्यवहारकुशल सिपको मापन गर्न रुजुसुची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ । |
| ३ | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तरका, प्रदर्शित व्यवहारकुशल सिपहरू पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्नुपर्ने छ । |
| ४ | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षालाई कक्षा परीक्षाका रूपमा लिइएको छ । |
| ५ | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसअन्तर्गत पर्दछन् । यसको नतिजा अभिलेखीत गर्नुपर्ने भएमा शिक्षकको अभिलेखमा उल्लेख गर्नुपर्ने छ । |

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

### ७.२ आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. नं. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० |
| ३ | प्रयोगात्मक/परियोजना | १६ |
| ४ | त्रैमासिक परीक्षाहरू | १० |
| | जम्मा | ५० |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी सहभागिताको स्तर, प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिको स्तर तथा प्रयोगात्मक/परियोजना कार्यको कार्यसम्पादन स्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ :

| क्र.स. | रेटिङ / आधार | उपलब्धिस्तरको सामान्य व्याख्या | | | | | स्तर |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट (Advanced) | उच्च (Proficient) | राम्रो (Above basic) | सामान्य (Basic) | कमजोर (Below basic) | |
| | | ५ | ४ | ३ | २ | १ | |
| १. | सहभागिता | कक्षामा सधैँ उपस्थित भएको र पूरा समय सिकाइमा सक्रिय सहभागी भएको | कक्षामा अधिकांश दिन उपस्थित भएको र सिकाइमा धेरै जसो सक्रिय सहभागी भएको | कक्षामा औसत दिन उपस्थित भएको र सिकाइमा धेरै जसो सक्रिय सहभागी भएको | कक्षामा औसत भन्दा कम दिन उपस्थित भएको र सिकाइमा सामान्य सहभागी भएको | कक्षामा थोरै दिन उपस्थित भएको र सिकाइमा सामान्य रूपमा सहभागी भएको | |
| २. | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | गणितीय सोचका साथ विषयवस्तुसम्बन्धी ज्ञान, सिपलाई दैनिक जीवनका समस्या समाधानमा प्रयोग गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान, सिपलाई विश्लेषणसहित दिइएका समस्या समाधानमा प्रयोग गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान, सिपलाई दिइएका समस्या समाधानमा प्रयोग गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान तथा अवधारणागत रूपमा स्पष्ट भएमा | विषयवस्तुसम्बन्धी सामान्य जानकारी भएको तर अवधारणागत रूपमा स्पष्ट नभएमा | |
| ३. | प्रयोगात्मक/ परियोजना कार्य | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकै समयमा कार्य सम्पन्न गरेको, समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरेको तर तथ्याङ्क व्यवस्थित नगरेको र समूहमा आफ्नो जिम्मेवारी धेरैजसो पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य गर्न केही कठिनाई भएको, तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने कुराहरू व्यवस्थित रूपमा समावेश गर्न शिक्षकको आंशिक सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी कहिलेकाँही मात्र पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य सम्पन्न गर्न र समावेश गर्नुपर्ने सबै कुरा समावेश गर्न कठिनाइ भएको, कार्य सम्पन्न गर्नका लागि शिक्षकको पूर्ण सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी पूरा नगरेको | |

**(क) मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि नमुना मापनका आधार**

मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि पाँचओटा सूचक निर्धारण गरिएको हुनाले पुरा गरेका सूचक सङ्ख्याअनुसार नै अङ्क प्रदान गर्ने गरी रेटिङ गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्दा माथि ७.१ मा उल्लिखित निर्माणात्मक मूल्याङ्कनका साधनहरू प्रयोग गर्नुपर्ने छ ।

प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीहरूको कार्य सम्पादन तथा सिकाइस्तरअनुसार शिक्षकले विद्यार्थीहरूलाई थप सहयोग गर्नका लागि देहायका कार्य गर्नुपर्ने छ :

| **विद्यार्थी कार्यसम्पादन तथा सिकाइ स्तरअनुसार विद्यार्थीलाई थप सहयोगका लागि गर्नुपर्ने कार्य** | | | | |
|---|---|---|---|---|
| **उत्कृष्ट (Advanced)** | **उच्च (Proficient)** | **राम्रो (Above basic)** | **सामान्य (Basic)** | **कमजोर (Below basic)** |
| ५ | ४ | ३ | २ | १ |
| सहयोगात्मक सिकाइका लागि साथीहरूलाई सिकाउन मदत गर्ने एवम् स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिने | स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिन | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले आंशिक रूपमा सहयोग गर्ने तथा साथी समूहमा छलफल गर्न लगाउने | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्णरूपमा सहयोग गर्ने | अन्य विधि तथा सामग्री प्रयोग गरी थप क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्णरूपमा सहयोग गर्ने |

माथि उल्लिखित रेटिङका आधारमा विषयवस्तुको क्षेत्रअनुसारको उपलब्धिको अङ्कलाई देहायबमोजिम तालिकीकरण गर्नुपर्दछ :

| **क्र. सं.** | **विषयवस्तुको क्षेत्र** | **कक्षा ४/५** | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | **सिकाइ उपलब्धि सङ्ख्या** | **उपलब्धि स्तर** (प्राप्ताङ्क = $\frac{\text{मुख्य सिकाइ उपलब्धिमा प्राप्त जम्मा अङ्क}}{५ \times \text{मुख्य सिकाइ उपलब्धि सङ्ख्या}} \times \text{भार}$ ) | | **सिकाइ उपलब्धि सङ्ख्या** | |
| | | | **सहभागिता** | **मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर** | | |
| १ | व्यक्तिगत स्वच्छता | | | | | |
| २ | वातावरणीय सरसफाइ | | | | | |
| ३ | खाना र पोषण | | | | | |
| ४ | रोग | | | | | |
| ५ | सुरक्षा र प्राथमिक | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उपचार | | | | | |
| ६ | दुर्व्यसन | | | | | |
| ७ | शारीरिक कसरत | | | | | |
| ८ | कवाज र शारीरिक व्यायाम | | | | | |
| ९ | साधारण र स्थानीय खेल | | | | | |
| १० | बल खेलहरू | | | | | |
| ११ | सामान्य जिम्नास्टिक | | | | | |
| १२ | योग | | | | | |
| १३ | रेखाचित्र र रङ | | | | | |
| १४ | छपाइ र माटाको काम | | | | | |
| १५ | निर्माण कार्य | | | | | |
| १६ | गायन | | | | | |
| १७ | ताल र वादन | | | | | |
| १८ | नृत्य र अभिनय | | | | | |
| औसत उपलब्धि स्तर | | | | | | |

**(ख) प्रयोगात्मक/परियोजना कार्यको मूल्याङ्कन**

यस पाठ्यक्रमको खण्ड ५ मा उल्लिखित प्रयोगात्मक तथा परियोजना कार्यको कार्यसम्पादन स्तर मूल्याङ्कन गरी दिइएको तालिकामा उपलब्धिस्तरको अङ्क भर्नुपर्दछ ।

| क्र. स. | विषयवस्तुको क्षेत्र | कक्षा ४ | | कक्षा ५ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्य | उपलब्धि स्तर $\left(\frac{\text{परियोजना कार्यमा प्राप्त जम्मा अङ्क}}{\text{५} \times \text{परियोजना कार्य सङ्ख्या}} \times \text{भार}\right)$ | कार्य | उपलब्धि स्तर $\left(\frac{\text{परियोजना कार्यमा प्राप्त जम्मा अङ्क}}{\text{५} \times \text{परियोजना कार्य सङ्ख्या}} \times \text{भार}\right)$ | |
| १ | व्यक्तिगत स्वच्छता | | | | | |
| २ | वातावरणीय सरसफाइ | | | | | |
| ३ | खाना र पोषण | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | रोग | | | | | |
| ५ | सुरक्षा र प्राथमिक उपचार | | | | | |
| ६ | दुर्व्यसन | | | | | |
| ७ | शारीरिक कसरत | | | | | |
| ८ | कवाज र शारीरिक व्यायाम | | | | | |
| ९ | साधारण र स्थानीय खेल | | | | | |
| १० | बल खेलहरू | | | | | |
| ११ | सामान्य जिम्नास्टिक | | | | | |
| १२ | योग | | | | | |
| १३ | रेखाचित्र र रङ | | | | | |
| १४ | छपाइ र माटाको काम | | | | | |
| १५ | निर्माण कार्य | | | | | |
| १६ | गायन | | | | | |
| १७ | ताल र वादन | | | | | |
| १८ | नृत्य र अभिनय | | | | | |
| औसत उपलब्धि स्तर | | | | | | |

**(ग) त्रैमासिक परीक्षाहरूको प्राप्ताङ्क**

| क्र.स. | त्रैमासिक परीक्षा | प्राप्ताङ्क | भार | भारअनुसारको प्राप्ताङ्क (प्राप्ताङ्क/पूर्णाङ्क × भार) | कैफियत |
|---|---|---|---|---|---|
| १ | पहिलो | | ५ | | |
| २ | दोस्रो | | ५ | | |
| | जम्मा | | १० | | |

**७.३ अन्तिम परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको


मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तया गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

### ७.४ विद्यार्थीको समग्र सिकाइस्तर ( Student's Overall Performence)

| सि. नं. | मूल्याङ्कनको स्वरूप | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कन | ५० | |
| २ | अन्तिम परीक्षा | ५० | |
| जम्मा | | १०० | |

उल्लिखित समग्र उपलब्धि प्रतिशतलाई निम्नअनुसारको अक्षरात्मक स्तरमा विद्यार्थीको समग्र उपलब्धिको प्रतिवेदन तयार गर्नुपर्छ :

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| २० भन्दा कम | E | ज्यादै कमजोर (Far below basic) |
| २० देखि ४० भन्दा कम | D | कमजोर (Below basic) |
| ४० देखि ६० भन्दा कम | C | सामान्य (Basic) |
| ६० देखि ७५ भन्दा कम | B | राम्रो (Above basic) |
| ७५ देखि ९० भन्दा कम | A | उच्च (Proficient) |
| ९० देखि माथि | A* | उत्कृष्ट (Advanced) |










**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**पाठ्यक्रम विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**